महालेखापरीक्षकको
अन्ठाउन्नौं वार्षिक प्रतिवेदन
२०७८
सारांश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
अन्ठाउन्नौं वार्षिक प्रतिवेदन
२०७८

सारांश



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दुरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

प्राक्कथन



नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र पूर्ण स्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ । यस वर्षको नियमित र सोभन्दा अघिका लेखापरीक्षण गर्न बाँकीसमेत यस वर्ष ५ हजार ४६२ निकायको आर्थिक कारोबारको लेखापरीक्षण गरी लेखापरीक्षण नतिजा, निष्कर्ष र सुझाव समावेश गरी ५८ औं वार्षिक प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको लागि जोखिममा आधारित लेखापरीक्षण विधि प्रयोग गरी स्थलगत तथा दुर लेखापरीक्षण पद्धतिको अवलम्वन, अन्तराष्ट्रिय प्रचलन, सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तराष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित लेखापरीक्षण मानदण्ड लेखापरीक्षण र असल अभ्यास समेतको अनुसरण गरिएको छ।

यस वर्ष सङ्घीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेतको रु ५३ खर्ब २७ अर्ब ९१ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । सोमध्ये ३ हजार ७९ हजार सङ्घीय सरकारी निकाय र कार्यालयको रु १५ खर्ब ५५ अर्ब ८१ करोडको लेखापरीक्षणबाट रु.४४ अर्ब ३९ करोड (२.८६प्रतिशत) र प्रदेश निकाय र कार्यलय १ हजार १९ को रु.२ खर्ब ३७ अर्ब ४१ करोडको लेखापरीक्षणबाट रु.६अर्ब ५० करोड (२.७४ प्रतिशत), ५८४ समिति तथा अन्य सस्थाको रु.१ खर्ब ६३ अर्ब ५७ करोड लेखापरीक्षणबाट रु.१२ अर्ब ६६ करोड (७.७४ प्रतिशत) र ६९९ स्थानीय तह (बक्यौता ५ समेत), को रु.८ खर्ब १५ अर्ब ९९ करोडको लेखापरीक्षणबाट रु.४० अर्ब ८३ करोड (५.०० प्रतिशत) बेरुजू देखिएको छ । सोको अतिरिक्त सार्वजनिक संस्था ८१ को रु.२५ खर्ब ५५ अर्ब १३ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । संगठित संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराए बमोजिम रु.११ खर्ब २० अर्ब ७९ करोडको लेखापरीक्षण भएको छ।

गत वर्षसम्मको बाँकी बेरुजू रु.४ खर्ब १८ अर्ब ३२ करोडमा फर्स्यौंट तथा समायोजन गरिएको अङ्क रु. रु.१ खर्ब ३ अर्ब ८५ करोड घटाई यो वर्ष थप भएको रु.१ खर्ब ४ अर्ब ३८ करोडसमेत रु.४ खर्ब १८ अर्ब ८५ करोड बाँकी रहेको छ । लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रु.६ अर्ब १७ करोड असुल भएको छ। अद्यावधिक कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम गत वर्षसम्म रु.६ खर्ब ६४ अर्ब ४४ करोड रहेकोमा यस वर्ष रु. ११ अर्ब ९७ करोड (१.८१ प्रतिशत) थप भई रु.६ खर्ब ७६ अर्ब ४१ करोड पुगेको छ। यस बर्ष म्याद ननाघेको पेश्कीलाई लगती बेरुजू कायम गरिएको छैन सो बाट बेरुजू अंक्क र प्रतिशत घटेको छ ।

लेखापरीक्षणको क्रममा वित्तीय प्रशासन (बजेट तर्जुमा र कार्यान्वयन), आर्थिक अनुशासन (आन्तरिक लेखापरीक्षण, आन्तरिक नियन्त्रण, वेरुजु फर्स्यौंट र प्रतिवेदन कार्यान्वयन), कोरोना महामारीमा सार्वजनिक खर्च कटौती र उपयोग, मितव्ययिता एवं कार्यदक्षता प्रवर्द्धन, भष्ट्राचार न्यूनीकरण, विकास निर्माण र खरिद प्रक्रियामा मितव्ययिता र पारदर्शिता, सेवा प्रवाह, वित्तीय सङ्घीयता व्यवस्थापन, सार्वजनिक संस्थानको कुशल सञ्चालन, सूचना प्रविधिको प्रयोग, सामाजिक सुरक्षा र संरक्षण, सार्वजनिक स्रोत साधनको संरक्षण र उपयोग, संसदीय समिति तथा सरोकारवालासँगको सम्बन्ध, प्रदेश तथा स्थानीय तहको वित्तीय व्यवस्थापन जस्ता विषयहरूमा देखिएका व्यहोरालाई स्वतन्त्रतापूर्वक विश्लेषण गरी सुझाउ समेत प्रस्तुत गरिएको छ ।

कोरोना महामारीको अवस्थामा मुलुकको आर्थिक कारोबार सञ्चालनमा जिम्मेवारी र जवाफदेहितापूर्वक सबै निकायले कार्य सम्पादन गरे तापनि यस प्रतिवेदनमा उजागर गरिएका विषयले अझै पनि सुधार र सम्भावनाका अवसर देखिएका छन् । निष्ठा र इमान्दारीतापूर्वक मुलुकी प्रशासन सञ्चालनमा अझै थप काम गरी समृद्ध नेपाल सुखी नेपालीको अभियानलाई साकार पार्दै जनताको जीवनस्तरमा परिवर्तनको अनुभूति दिलाउन आवश्यक छ ।

लेखापरीक्षणका क्रममा सम्माननीय राष्ट्रपतिज्यू, उपराष्ट्रपतिज्यू, प्रधानमन्त्रीज्यू सङ्घीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका अध्यक्षज्यूबाट प्राप्त मार्गदर्शन एवं सङ्घीय संसद, प्रदेश सभा संवैधानिक निकाय, सबै तहका सरकार, सार्वजनिक संस्था, लेखापरीक्षण सल्लाहकार समिति, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिकलगायतबाट प्राप्त सुझावप्रति आभार व्यक्त गर्दछु ।यसैगरी योजना तर्जुमा र कार्यान्वयन लगायतका कार्यमा अहोरात्र खटिई लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
१	पृष्ठभूमि	१
२	लेखापरीक्षण, बेरुजू र सम्परीक्षण	४
३	महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता	७
४	सङ्घीय सरकारी कार्यालय	८
४.१	बजेट र राजस्व कार्यान्वयन स्थिति	८
	• आर्थिक परिसूचक एवं आय-व्यय	८
४.२	नियमितताको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा	१२
	• बजेट कार्यान्वयन	१२
	• सार्वजनिक हिसाबको यथार्थता	१५
	• कानूनको परिपालना	१७
	• अनुदान वितरण र परिचालन	१८
	• सुविधा र मापदण्ड	२१
	• लेखापरीक्षण र जवाफदेहिता	२२
	• नीतिगत तथा कानुनी सुधार	२४
	• राजस्व निर्धारण र असुली	२५
	• अन्य प्राप्ति र दाखिला	३६
	• सार्वजनिक खरिद व्यवस्थापन	३९
४.३	मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताबाट देखिएका प्रमुख व्यहोरा	४४
	• बढी व्ययभार र दायित्व	४४
	• कोष परिचालन	४६
	• स्रोत साधन प्राप्ति, संरक्षण एवं उपयोग	४८
	• कार्य सम्पादन स्थिति	५०
	• राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजना	५२
	• कोभिड-१९ को असर र खर्च	५८
	• कार्यक्रम र उपलब्धि	६३
	• संस्थान सञ्चालन	६६
	• पुनर्निर्माण तथा पुनर्स्थापना	६७
	• कार्यक्रम सञ्चालन र प्राथमिकता	६९
	• स्वास्थ्य सेवा प्रवाह	७०
	• शैक्षिक नतिजा र सम्बन्धन	७१
४.४	औचित्यको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा	७१
	• कार्यक्रम स्वीकृति र कार्यान्वयन	७२
	• सहुलियत र लगानी	७५
	• निणर्य र जवाफदेहीपना	७६
५	प्रदेश सरकारी कार्यालय	७६
६	स्थानीय तह	८२
७	भविष्यमा गर्नुपर्ने सुधार	९१

२. पृष्ठभूमि

१. **कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २४१ मा महालेखापरीक्षकले सङ्घीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको समेत विचार गरी लेखापरीक्षण गर्ने र धारा २९४ बमोजिम संवैधानिक निकायले वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरू र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण सम्बन्धमा उल्लेख गरेको छ । संविधान र लेखापरीक्षण ऐनद्वारा प्रदत्त कानुनी आधार अनुरुप वार्षिक लेखापरीक्षण योजना स्वीकृत गरी लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति तथा उपयोगका सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा परीक्षण गरी देहायका विषयहरूमा सुनिश्चित भई उचित निष्कर्ष र सुझाव प्रदान गर्नु एवं वित्तीय प्रतिवेदनउपर उचित आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छः

वित्तीय लेखापरीक्षण

- तोकिएको ढाँचामा वित्तीय विवरण तयार भई कारोबारको हिसाब सही तथा यथार्थपरक रहेको,
- नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्ति समेतको हानि-नोक्सानी र दुरुपयोग हुन नपाउने गरी सम्पत्तिको अभिलेख, उपयोग र संरक्षणको पर्याप्त व्यवस्था मिलाएको र सोको अनुसरण गरेको,
- आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी रहेको ।

परिपालनाको लेखापरीक्षण

- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही निर्दिष्ट प्रयोजनमा खर्च गरेको,
- आर्थिक कारोबार गर्दा ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण राखेको,
- कानुनसम्मत तवरले राजस्वलगायत समस्त आम्दानी असुली र दाखिला गरेको,
- प्रचलित कानुनले व्यवस्था गरेअनुरुप अनुगमन भएको ।

कार्यमूलक एवं विशेष लेखापरीक्षण

- खर्च गर्दा मितव्ययी व्यवस्था अवलम्बन गरेको,
- कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति हासिल गरेको,
- कार्यालयको कार्य प्रकृतिअनुसार सेवा प्रवाह स्तर उपयुक्त र प्रभावकारी रहेको,
- लक्ष्य प्रगति तथा लागत खर्चको अभिलेख राख्ने व्यवस्था पर्याप्त र भरपर्दो रहेको,
- लागतको तुलनामा प्रतिफल मनासिब रहेको,
- संगठन व्यवस्थापन उपयुक्त रहेको र कार्यमा दोहोरो नभएको,
- निर्धारित समयमा कार्यक्रम आयोजना सम्पन्न भई प्रतिफल प्राप्त भएको,
- वातावरण संरक्षण एवं व्यवस्थापनमा समुचित ध्यान पुऱ्याएको,
- दिगो विकास लक्ष्य प्राप्ती तर्फ प्रगति हासिल गरेको,
- कोभिड-१९ रोकथाम, नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी तवरले सञ्चालन गरेको,

- सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग एवं सूचना प्रणालीको व्यवस्थापन, सुरक्षा व्यवस्था प्रभावकारी रहेको,

३. **क्षेत्र** - यो वर्ष संवैधानिक अङ्ग, सबै सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण र विश्वविद्यालयसमेत कानूनले लेखापरीक्षण गर्नुपर्ने गरी तोकेका निकायको २०७६।७७ मा पेस भएसम्म बक्यौतासमेतको आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । स्वीकृत वार्षिक लेखापरीक्षण योजनाअनुसार वित्तीय लेखापरीक्षणको साथै कार्यमूलक, वातावरणीय, दिगो विकास, सूचना प्रविधि एवं कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचार सम्बन्धमा विशेष लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा सेवा प्रवाहलगायत अन्य आवश्यक विषयवस्तु मूल्याङ्कन गर्दा लेखापरीक्षण अवधिसम्मको तथ्याङ्क सूचनासमेत प्रयोग गरिएको छ ।

४. **लेखापरीक्षण आधार** - लेखापरीक्षणको क्रममा प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि, नर्म्स, सम्झौता, निर्णय, निर्देशनलाई आधारको रुपमा लिइएको छ । लेखापरीक्षणमा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

महालेखापरीक्षकको कार्य योजना	नेपाल सरकारी लेखारीक्षण मानदण्ड
आयोजना लेखा प्रमाणीकरण मार्गदर्शन	सार्वजनिक खरिद लेखापरीक्षण मार्गदर्शन
कार्यमूलक लेखापरीक्षण मार्गदर्शन	प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन
सार्वजनिक संस्थान लेखापरीक्षण मार्गदर्शन	राजस्व लेखापरीक्षण मार्गदर्शन
लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र	स्थानीय तहको लेखापरीक्षण मार्गदर्शन
गुणस्तर आश्वस्तता निर्देशिका	लेखापरीक्षकको आचारसंहिता
वित्तीय लेखापरीक्षण निर्देशिका	सहभागितात्मक लेखापरीक्षण कार्यविधि
कार्यमूलक लेखापरीक्षण मार्गदर्शन	प्रकोप व्यवस्थापन लेखापरीक्षण मार्गदर्शन
सहभागितात्मक लेखापरीक्षण मार्गदर्शन	वातावरणीय लेखापरीक्षण मार्गदर्शन

उपरोक्त मापदण्ड निर्देशिकाहरू बहुदाता कोषको सहयोगमा पुनरावलोकन गर्ने एवं सूचना प्रविधिमा आधारित बनाउने कार्य भइरहेको छ ।

५. **पद्धति** - लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित लेखापरीक्षणका आधारभूत सिद्धान्त, लेखापरीक्षण मार्गदर्शन र असल अभ्यासको अनुसरण गरिएको छ । लेखापरीक्षण योजनाअनुसार जोखिम मूल्याङ्कन गरी निकायहरूलाई उच्च, मध्यम, न्यून जोखिममा वर्गीकरण गरिएको छ । न्यून जोखिम भएका निकायलाई आन्तरिक लेखापरीक्षण, एकल खाता कोषबाट प्राप्त विवरणको आधारमा दुर लेखापरीक्षण विधि अवलम्बन गरी लेखापरीक्षण सम्पन्न गरिएको छ ।मध्यम जोखिमयुक्त निकायको कारोबार छनौट गरी परीक्षण गरिएको छ । उच्च जोखिम युक्त कार्यालयको विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण सम्पन्न गरिएको छ। कार्यमूलक तथा विशेष लेखापरीक्षण प्रतिवेदनमा नतिजामूलक, समस्यामूलक तथा प्रणालीमूलक पद्धति मध्ये कुनै एक वा आवश्यकता अनुसार दुई वा सबै पद्धतिको अनुसरण गरिएको छ ।



६. **गुणस्तर नियन्त्रण एवं पुनरावलोकन** - कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाको लागि अन्तर्राष्ट्रिय रुपमा विकास गरिएको गुणस्तर व्यवस्थापन संरचना अवलम्बन गरेको छ । जसअनुसार लेखापरीक्षणको स्वतन्त्रता प्रवर्द्धन गर्ने, सक्षम र क्षमतावान कर्मचारीको व्यवस्था गरी निरन्तररुपमा पेशागत ज्ञान सीप अभिवृद्धि गर्ने, लेखापरीक्षण मानदण्ड एवं मार्गदर्शन तयार गर्ने, वार्षिक योजनाको तर्जुमा गरी लेखापरीक्षण कार्यान्वयन र प्रतिवेदन गर्ने व्यवस्था गर्नुपर्दछ । लेखापरीक्षणको प्रत्येक

चरणमा उच्च पदाधिकारीबाट सुपरिवेक्षण गर्ने, आचारसंहिताको परिपालना र आन्तरिक नियन्त्रणका गतिविधिको अनुगमन गर्ने गरिएको छ । लेखापरीक्षणको क्रममा प्रारम्भिक प्रतिवेदन जारी हुनुपूर्व सम्बन्धित सुपरिवेक्षकबाट अनिवार्य गुणस्तर नियन्त्रणको व्यवस्था गरिएको छ । यसवर्ष सबै लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनहरू इमेलमार्फत सम्बन्धित सुपरिवेक्षकलाई पठाई पुनरावलोकन भएपश्चातमात्र सम्प्रेषण गर्ने नीति अवलम्बन गरिएको छ । गुणस्तर आश्वस्तता निर्देशिका बमोजिम ६२ लेखापरीक्षणको गुणस्तर आश्वस्तता निर्देशनालयबाट प्रतिवेदन जारी हुनु पूर्वको गुणस्तर पुनरावलोकन गरिएको छ । यसैगरी ६९ लेखापरीक्षणको प्रतिवेदन जारी भइसकेपश्चात् छनौटको आधारमा गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ ।

यसवर्ष सर्वोच्च लेखापरीक्षण संस्थाको कार्यसम्पादन मापन सूचकको आधारमा मित्रराष्ट्र थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट नेपालको महालेखापरीक्षकको कार्यसम्पादन प्रक्रियालाई मूल्याङ्कन गर्ने कार्य भइरहेको छ । सो क्रममा भर्चुअल माध्यमबाट छलफल, सूचना आदानप्रदान समेत गरिएको छ ।

७. **लेखापरीक्षणको प्रभाव -** लेखापरीक्षणको माध्यमबाट आर्थिक कारोबार, विकास-निर्माण र सेवा प्रवाहको सिलसिलामा भएका कमी कमजोरी र सार्वजनिक नीतिको कार्यान्वयन पक्षलाई नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणबाट मूल्याङ्कन गरी सजग गराउँदछ । फलस्वरुप राज्यको स्रोत साधनको अपव्यय, दुरुपयोग, हानि नोक्सानि, चुहावट रोकथाम एवं स्रोत साधनको उपयोगबाट उच्चतम प्रतिफल प्राप्त गर्न सहयोग पुगेको छ । कार्यालयले औँल्याएका विषयहरूको सम्बोधनबाट सरकारी रकम असुल भई सञ्चित कोषमा जम्मा भएको तथा ऐन, नियम, नीति, संगठनात्मक सुधारको कारणबाट समेत राज्यलाई थप राजस्व प्राप्त भएको छ । राजस्व छुट एवं फिर्ता दिने व्यवस्थाको पुनरावलोकन पश्चात् राजस्व सङ्कलनमा वृद्धि हुने अवस्था सिर्जना भएको छ । सार्वजनिक खर्चमा मितव्ययिता, कार्यदक्षता र जनतालाई प्रवाह हुने सेवामा प्रभावकारिता आएको छ। तसर्थ आर्थिक अनुशासन कायम गर्न लेखापरीक्षणको योगदान रहेको छ ।

घटी राजस्व असुल गरेको, कोषमा मौज्दात निष्क्रिय राखेको, बढी भुक्तानी गरेको र प्रचलित कानुनको पालना नगरी खर्च गरेको व्यहोरा असुलउपर गर्न लेखापरीक्षणले औँल्याएपश्चात् असुल भई राज्यकोषमा २०७४।७५ मा रु.९ अर्ब ७० करोड ४ लाख, २०७५।७६ मा रु.७ अर्ब ४७ करोड ८० लाख र २०७६।७७ मा रु.६ अर्ब १६ करोड ६७ लाख असुल भएको छ। यससम्बन्धी व्यहोरा देहायमा उल्लेख छः

रु.लाखमा

आर्थिक वर्ष	असुल उपर गर्नुपर्ने बेरुजू	असुल भएको रकम
छपन्नौं प्रतिवेदन २०७५	३२०३५२	९७००४
सन्ताउन्नौं प्रतिवेदन २०७७	२३०४५७	७४७८०
अन्ठाउन्नौं प्रतिवेदन २०७८	२६४०३३	६१६६७

३. लेखापरीक्षण, बेरुजू र सम्परीक्षण

१. **लेखापरीक्षण** - कार्यालयबाट यो वर्ष ५ हजार ४६२ निकायको रु.५३ खर्ब २७ अर्ब ९१ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण सम्पन्न गरिएका निकाय र विषयगत अवस्था निम्नानुसार छः

(रु.करोडमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम	बेरुजू	बेरुजू प्रतिशत
(क) वित्तीय तथा पालनाको लेखापरीक्षण	५४६२	५३२७९१	१०४३८	-
१. सङ्घीय मन्त्रालय तथा निकाय	३०७९	१५५५८१	४४३९	२.८५
२. प्रदेश मन्त्रालय तथा निकाय	१०१९	२३७४१	६५०	२.७४
३. स्थानीय तह (बक्यौता ५ समेत)	६९९	८१५९९	४०८३	५.००
४. समिति र अन्य संस्था	५८४	१६३५७	१२६६	७.७४
५. संगठित संस्था	८१	२५५५१३	-*	-
(ख) कार्यमूलक, सूचना प्रविधि र विशेष लेखापरीक्षण १५		-	-	-
जम्मा	**५४६२**	**५३२७९१**	**१०४३८**	-

द्रष्टव्यः * *संगठित संस्थाहरूको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।*

१.१ यो वर्ष ३ हजार ७९ सङ्घीय सरकारी निकायको विनियोजन र राजस्व र धरौटी र अन्यतर्फ रु.१५ खर्ब ५५ अर्ब ८१ करोड, सात प्रदेश सरकारी कार्यालयतर्फ १ हजार १९ निकायको रु.२ खर्ब ३७ अर्ब ४१ करोड र महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २६२ र गाउँपालिका ४२० समेत ६९९ (५ को बक्यौता समेत) स्थानीय तहको रु ८ खर्ब १५ अर्ब ९९ करोडको लेखापरीक्षण गरिएको छ ।

१.२ यो वर्ष ५८४ समिति र अन्य संस्था(प्रदेश समेत) को रु.१ खर्ब ६३ अर्ब ५७ करोड, संगठित संस्थातर्फ ८१ इकाईको रु.२५ खर्ब ५५ अर्ब १३ करोडको लेखापरीक्षण गरिएको छ ।

१.३ यो वर्ष ३३ संस्थाको (३६ आर्थिक वर्षको) रु.११ खर्ब २० अर्ब ७९ करोडको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्न परामर्श दिइएको छ ।

१.४ यो वर्ष ११ विषयको कार्यमूलक, २ विषयको सूचना प्रविधि, १ विषयको वातावरणीय र कोभिड १९ को रोकथाम, नियन्त्रण र व्यवस्थापन विषयको विशेष लेखापरीक्षण सम्पन्न गरिएको छ ।

१.५ सङ्घीय सरकारी कार्यालयतर्फ गत वर्षसम्म २ हजार ९३१ इकाईको रु.३ अर्ब ६८ करोड २८ लाख लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष कुनै पनि निकायले लेखापरीक्षण गराएका छैनन् । यो वर्ष रु.१२ अर्ब ५ करोड ९६ लाख थप भई रु.१५ अर्ब ७४ करोड २४ लाख बाँकी रहेको छ। प्रदेश मन्त्रालय तथा निकाय तर्फ गत वर्षको रु.१ अर्ब ५ करोड ८५ लाख बक्यौता मध्ये रु.१ अर्ब ४ करोड ४ लाख लेखापरीक्षण भै यो बर्षको थप रु.२ अर्ब ४३ करोड ३० लाख समेत बाँकी रु.२ अर्ब ४५ करोड ११ लाख लेखापरीक्षण बक्यौता छ । स्थानीय तह तर्फ गत वर्षसम्म १६ निकायको आर्थिक वर्षको लेखापरीक्षण बक्यौता रहेकोमा ५ को लेखापरीक्षण भई यो वर्ष थप ५९ समेत ७० को लेखापरीक्षण बाँकी रहेको छ।

२. **बेरुजू** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको व्यहोरालाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

बेरुजूलाई असुल गर्नुपर्ने, अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको, शोधभर्ना नलिएको र पेस्की बाँकीमा वर्गीकरण गरिएको छ । पेस्की अन्तर्गत कर्मचारी पेस्की,

मोबिलाइजेसन पेस्की, प्रतीतपत्र पेस्की र संस्थागत पेस्कीमा वर्गीकरण रहेको छ । यो वर्ष सङ्घीय र प्रदेश, सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट देहायअनुसार रु.१ खर्ब ४ अर्ब ३९ करोड बेरुजू औँल्याइएको छ । बेरुजू वर्गीकरण अङ्क निम्नानुसार रहेको छः

(रु. लाखमा)

वर्गीकरण	सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति र अन्य संस्था	जम्मा	कुल बेरुजूको प्रतिशत
१. असुल गर्नुपर्ने	२०२९२१	६३६४	५४७४९	७४६१	२७१४९५	२६.०१
२. नियमित गर्नुपर्ने	१८२७०२	४८३२५	२८१७९९	१०९८०८	६२२६३४	५९.६५
• अनियमित भएको	५६७९९	२१०५६	१०७५१८	६००२९	२४५४०२	२३.५१
• प्रमाण कागजात पेस नभएको	१२५८४७	२७२६९	१७१६६५	४९७७३	३७४५५४	३५.८८
• जिम्मेवारी नसारेको	३९	०	२४४९	०	२४८८	०.२४
• शोधभर्ना नलिएको	१७	०	१६७	६	१९०	०.०२
३. पेस्की	५८२९७	१०३०८	७१७९९	९३०९	१४९७१४	१४.३४
• कर्मचारी पेस्की	३४२	९३३	२९२९६	६८६	३१२५८	२.९९
• मोबिलाइजेसन पेस्की	१२८०९	०	०	०	१२८०९	१.२३
• प्रतीतपत्र पेस्की	०	०	०	०	०	०
• अन्य पेस्की	४५१४६	९३७५	४२५०३	८६२३	१०५६४७	१०.१२
जम्मा बेरुजू	४४३९२०	६४९९७	४०८३४७	१२६५७८	१०४३८४२	१००

द्रष्टव्यः संगठित संस्थाहरूको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।

३. **अद्यावधिक बेरुजू** - सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजू रु.४ खर्ब १८ अर्ब ८५ करोड रहेको छ । गत वर्ष भन्दा बेरुजू ०.१३ प्रतिशतले बढेको छ ।

(रु.लाखमा)

क्र. सं.	विवरण	गत वर्षसम्म	यस वर्ष थप र घट	अद्यावधिक बेरुजू		
				पेस्की	अन्य	जम्मा
१	सङ्घीय सरकारी कार्यालय	२७३५७९१	-४१०४२०	७४८८९२	१५७६४७९	२३२५३७१
२	प्रदेश सरकारी कार्यालय	८३९२६	४०८६४	३५५७७	८९२१३	१२४७९०
३	स्थानीय तह	६९८१०९	३३२२६८	१२३३४२	९०७०३५	१०३०३७७
४	अन्य संस्था र समिति (प्रदेश समेत)	६६५३४७	४२६२०	०	७०७९६७	७०७९६७
	जम्मा	४१८३१७३	५३३२	९०७८११	३२८०६९४	४१८८५०५

४. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.२ खर्ब ५७ अर्ब ५६ करोड १ लाख रहेको छ । उक्त रकम गतवर्ष भन्दा ४.६५ प्रतिशत बढेको छ ।

(रु.लाखमा)

क्र.सं.	विवरण	गतवर्षसम्म	थप/घट	अद्यावधिक
१	लेखापरीक्षण बक्यौता	४७४१२	१३४५२३	१८१९३५
२	राजस्व बक्यौता	१९७८४११	१७७२७६	२१५५६८७
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	१४९१६८	-५९०३२	९०१३६
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	२६५६८९	-१३८३४६	१२७३४३
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५००	०	२०५००
	जम्मा	२४६११८०	११४४२१	२५७५६०१

*लेखापरीक्षण बक्यौता रु.१८ अर्ब १९ करोड मध्ये रु.१४ अर्ब ४९ करोड कोभिड-१९ का कारण र बाँकी रकम श्रेस्ता **पेस** नगरेकोले बक्यौता रहेको छ ।*

उक्त रकममा अद्यावधिक बेरुजू रु.४ खर्व १८ अर्ब ८५ करोड थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.६ खर्व ७६ अर्ब ४१ करोड पुगेको छ । गतवर्ष यस्तो रकम रु.६ खर्ब ६४ अर्ब ४४ करोड रहेको थियो । गत वर्षको तुलनामा कारबाही गरी टुगो लगाउनुपर्ने रकम १.८१ प्रतिशतले बढको छ ।

५. **तुलनात्मक बेरुजू स्थिति** - सङ्घीय सरकारी निकायतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.करोडमा)

प्रतिवेदन	अन्ठाउन्नौं, २०७८			सन्ताउन्नौं, २०७७			छपन्नौं, २०७५		
	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत
सङ्घीय सरकारी कार्यालय	१५५५८१	४४३९	२.८५	१७५६०४	७१०६	४.०५	२००८८४	१०६३४	५.२९
प्रदेश सरकारी कार्यालय	२३७४१	६५०	२.७४	१८९२५	८२०	४.३३	२६२	१९	७.२५
स्थानीय तह	८१५९९	४०८३	५.००	७४०६५	३८१३	५.१५	५७१५१	२४१४	४.२२
अन्य संस्था र समिति (प्रदेश समेत)	१६३५७	१२६६	७.७४	१३०६३	१५६१	११.९५	२५३७२	१०३८	४.०९

लेखापरीक्षण अङ्कको तुलनामा सङ्घीय कार्यालय तर्फ बेरुजू गत वर्ष ४.०५ प्रतिशत रहेकोमा यो वर्ष २.८६ प्रतिशत, प्रदेश सरकारी कार्यालय तर्फ गत वर्ष ४.३३ प्रतिशत रहेकोमा यो वर्ष २.७४ प्रतिशत, स्थानीय तहतर्फ गत वर्ष ५.१५ प्रतिशत रहेकोमा यो वर्ष ५ प्रतिशत र अन्य संस्था र समितितर्फ गत वर्ष ११.९५ प्रतिशत रहेकोमा यो वर्ष ७.७४ प्रतिशत रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले म्याद बाँकी रहेको मोविलाइजेशन पेस्कीलाई बेरुजूमा समावेश नगर्ने भनी उल्लेख गरेकोले त्यस्तो मोविलाइजेशन पेस्की समावेश नगरेको कारणले बेरुजू घट्न गएको छ ।

६. **बेरुजू फर्स्यौंट** - यो वर्ष बेरुजू फर्स्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रु.लाखमा)

निकाय विवरण	सङ्घीय सरकारी कार्यालय	संगठित संस्था, समित, अन्य संस्था (प्रदेश समेत)	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	जम्मा
विगतको बेरुजू	२७३५७९१	६६५३४७	८३९२६	६९८१०९	४१८३१७३
समायोजनाबाट थप (घट)	१०	०	०	-९४२	-९३२
फर्स्यौंट तथा सम्परीक्षण	८५४३५०	८३९५९	२४१३३	७५१३७	१०३७५७९
बाँकी	१८८१४५२	५८१३८८	५९७९३	६२२०३०	३१४४६६२
चालु वर्षको लेखापरीक्षण बेरुजू	४४३९२०	१२६५७९	६४९९७	४०८३४७	१०४३८४३
अद्यावधिक बाँकी बेरुजू	२३२५३७१	७०७९६७	१२४७९०	१०३०३७७	४१८८५०५

यो वर्ष फर्स्यौंट तथा सम्परीक्षण भएको सङ्घीय सरकारी कार्यालयको रु.८५ अर्ब ४३ करोड ५० लाखमध्ये भौतिक पूर्वाधार तथा यातायात रक्षा, शहरी विकास, स्वास्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतको कुल बेरुजू रु.९६ अर्ब ६१ करोड ६९ लाख रहेको छ । उक्त बेरुजू सम्परीक्षणको २८.१० प्रतिशत हिस्सा अर्थात् रु.२७ अर्ब १५ करोड ३ लाख मोबिलाइजेसन पेस्की रहेको छ । त्यस्तो पेस्की निर्माण कार्यको रनिङ बिल भुक्तानी गर्दा कट्टा भई स्वतः फर्स्यौंट हुने र सोबाहेकका अन्य बेरुजू असुल फर्स्यौंट गर्न सम्बन्धित निकायहरूले पर्याप्त ध्यान दिएको देखिएन।

मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयानुसार २०५९।६० सम्मको बेरुजू लगत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरण भएकोमध्ये सरकारी कार्यालयतर्फ लगत कट्टा भएको रू.१० करोड ८५ लाखमध्ये नियमित तथा मिनाहा भै रू.१० करोड ५६ लाख र असुल भै रू.२९ लाख र समिति तथा संस्थातर्फ रू.३ करोड ६ लाखसमेत रू.१३ करोड ९१ लाख फर्स्यौंट भएको जानकारी प्राप्त भएको छ ।

३. महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता

बजेट र योजना कार्यान्वयन

- डिजाइन/लागत यथार्थपरक नभएको, प्रतिस्पर्धा बेगर खरिद गरेको,
- पूर्वतयारी बेगरका आयोजनाहरु बजेटमा समावेश गरेको,
- आयोजनाको प्राथमिकीकरण गरी आयोजना बैङ्क बनाउने कार्य प्रभावकारी नभएको,
- बजेटमा समावेश नगरी वैदेशिक सहायता प्राप्त गरेको, सहायताको न्यून उपयोग भएको,
- आयोजनाहरु समयमै सपन्न नभई अधुरो रहने एवं समय र लागतमा वृद्धि हुने गरेको,
- सोधभर्ना लिनुपर्ने रकममा वृद्धि भएको, वर्षान्तमा अधिक खर्च गरेको,
- चालु खर्चको अनुपात बढीरहेको, पुँजीगत खर्च अपेक्षित रुपमा नभएको,
- राष्ट्रिय अनुदान नीति नभएको एवं अनुदान उपयोगको अनुगमन कमजोर रहेको
- निर्माण क्षमताको विश्लेषण नभएको,
- परामर्शदाताप्रतिको अधिक निर्भरताले आयोजनाको दिगो सञ्चालनमा असर परेको,
- उपभोक्ता समितिबाट जटिल तथा प्राविधिक काम गराएको,
- खरिदका नवीनतम विधिको प्रयोग नगरेको ।

राजस्व प्रशासन

- कराधार संरक्षण एवं दायरा विस्तारमा पर्याप्त ध्यान नपुगेको,
- कर परिपालना कमजोर रहेको, करदाताले यथार्थ कारोबार नदेखाएको,
- उद्योगहरुको उत्पादनको जर्ति सम्बन्धी भरपर्दो मापदण्ड निर्धारण नभएको,
- विवरण पेस नगर्ने करदाता र मूल्य अभिवृद्धि कर केडिट रकम उच्च रहेको,
- फरक भन्सार दरबन्दी प्रयोगले महसुल कम उठने गरेको,
- भन्सार तथा बजारमा न्यून बीजकीकरणको समस्या यथावत रहेको,
- राजस्व बक्यौतामा निरन्तर वृद्धि एवं बक्यौता हिसाब अभिलेख व्यवस्थित नभएको,
- कर प्रशासनको अनुगमन र कर परीक्षणको गुणस्तर कमजोर रहेको,
- विद्युतीय कारोबारलाई करको दायरामा ल्याएको ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

- सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक तथा व्यवस्थित नरहेको,
- सरकारी सम्पत्ति अतिक्रमणलाई नियन्त्रण गर्न नसकेको,
- सम्पत्तिको उपयोग गरी प्रतिफल प्राप्त गर्न नसकेको,
- ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पत्तिको संरक्षण गर्न नसकेको,
- सम्पत्ति उपयोगमा दिने प्रक्रियालाई प्रतिस्पर्धात्मक तथा पारदर्शी नबनाएको,
- सबै सम्पत्तिको लेखाङ्कन नभएको ।

संस्थान सञ्चालन तथा व्यवस्थापन

- सञ्चालक र कर्मचारीमा व्यावसायिकताको कमीले न्युन प्रतिफल,
- सम्पत्ति, सेयर तथा ऋण लगानीको हिसाब यथार्थपरक नरहेको,
- समय र लागतको विश्लेषण नगरी सेवाको मूल्य निर्धारण नगरेको,
- सम्पत्ति व्यवस्थापनमा समस्या रहेको, अनुत्पादक खर्च नियन्त्रण नभएको,
- निजीकृत संस्थाहरु सम्झौताअनुरुप सञ्चालन हुन नसकेको,
- बोझिलो दरबन्दी रहेको, प्रभावकारी अनुगमन व्यवस्था नरहेको ।

लेखाङ्कन, प्रतिवेदन र आन्तरिक नियन्त्रण

- नेपाल वित्तीय प्रतिवेदनमान पुर्णरुपमा कार्यान्वयन नभएको,
- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको,
- कार्यसम्पादन सम्झौताको कार्यान्वयन तथा अनुगमन प्रभावकारी नभएको,
- तीन तहका सरकार बीच वित्तीय हस्तान्तरणबाट आम्दानी र खर्चमा हुनसक्ने दोहोरोपना हटाउने व्यवस्थाको अभाव रहेको,
- कम्प्युटरमा आधारित लेखाप्रणाली पूर्णरुपमा लागू भइन सकेको,
- उद्देश्यअनुरुप कोष सञ्चालन नभई ठूलो रकम निष्कृयरुपमा मौज्दातमा रहेको,
- वित्तीय जवाफदेहिता मूल्यांकन गर्ने मापदण्ड नरहेको,
- जिम्मेवारीको पदमा रहेका पदाधिकारीको आचार संहिता नबनाएको ।

लेखापरीक्षण र नियमन

- आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको,
- कतिपय सार्वजनिक संस्थान र स्थानीय तहले लेखापरीक्षण नगराएकोले वित्तीय जवाफदेहिता कमजोर रहेको,
- नियामक निकायको भूमिका प्रभावकारी नभएको,
- नियामक निकायको निर्देशनको पालना नभएको,
- अन्तिम लेखापरीक्षणलाई सूचना प्रविधिसँग आवद्ध गर्न बाँकी रहेको,
- लेखापरीक्षण र बेरुजू फर्स्यौट नगराउने पदाधिकारीलाइ कारबाही नहुँदा जिम्मेवारी र जवाफदेहिता कमजोर हुन पुगेको,
- अनुगमन र नियमन गर्ने संस्थाहरु धेरै र समन्वयको अभाव रहेको ।

वित्तीय संघीयता कार्यान्वयन

- बजेट संघीय अनुदानमा निर्भर रहेको, अनुत्पादक तथा वितरणमुखी कार्यक्रम सञ्चालन,
- सञ्चित कोषको हिसाब तयार नगरेको, अवण्डा बजेट राखी खर्च गरेको,
- स्थानीयले प्रदेशमा चौमासिक आय-व्ययको प्रतिवेदन पेस नगरेको,
- लेखापरीक्षण बेरुजू फर्स्यौटमा स्वार्थ बाझिने व्यवहार रहेको,
- प्रशासनिक खर्च अत्यधिक रहेको, कार्यक्रममा दोहोरोपना रहेको,
- सुविधा सम्बन्धी मापदण्ड नहुँदा पदाधिकारी लगायत कर्मचारी सुविधा केन्द्रित भएको,
- दिगो विकास लक्ष्यको आन्तरिकीकरण नभएको र आवधिक योजना मध्यकालिन खर्च संरचना अनुरुप कार्यक्रम तर्जुमा नगरेको,
- संघीय कानूनसंग प्रदेश कानूनको सामाञ्जस्यता नभएको,
- अनुदानलाई बढावा दिएको तर अनुगमन कमजोर रहेको,
- साझा अधिकार अन्तर्गत संकलित राजस्व परिचालनमा प्राथमिकता नदिएको,
- स्थानीय तहमा योजना तर्जुमा प्रक्रिया व्यवस्थित नभएको ।

सार्वजनिक सेवा प्रवाह

- दरबन्दी अनुसार पदपूर्ति नभएको, मध्यस्थमार्फत सेवा लिनु परेको,
- सेवा प्रवाहमा सूचना प्रविधिको प्रभावकारी उपयोग नभएको,
- उपकरण र जनशक्तिको कमीले स्वास्थ्य सेवा प्रवाहमा असर परेको,
- लाभान्वित वर्गको पहिचान प्रणाली प्रभावकारी नभएको,
- सेवाको नियमन, अनुगमन सन्तोषजनक नभएको,
- सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउन नसकेको,
- प्रदूषणबाट जनस्वास्थ्यमा असर परेको,
- सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन र अनुगमन प्रभावकारी नभएको,
- सेवा लागत र गुणस्तर मूल्याङ्कन हुने नगरेको,
- तीनै तहका सरकारबीच सेवा प्रवाहमा समन्वय र एकरुपता नआएको ।

४. सङ्घीय सरकारी कार्यालय

सङ्घीय सरकारी कार्यालयतर्फको लेखापरीक्षणमा देखिएका व्यहोरा देहाय अनुसार छन्:

४.१ बजेट र राजस्व कार्यान्वयन स्थिति

• आर्थिक परिसूचक एवं आय-व्यय

१. **समग्र आर्थिक अवस्था -** मुलुकको विद्यमान आर्थिक परिसूचकहरूअन्तर्गत आर्थिक वृद्धिदर, उपभोग, लगानी र बचत, राजस्व, निजी क्षेत्रको पुँजी तथा सरकारी खर्चको अवस्था, वैदेशिक सहायता परिचालन, मुद्रास्फीति, आयात निर्यात लगायत कुल गार्हस्थ्य उत्पादनमा भएको परिवर्तन जस्ता पक्षहरूको विश्लेषणबाट देखिएका व्यहोराहरू निम्नानुसार छन्:

(प्रतिशतमा)

विषय	लक्ष्य (पन्ध्रौं योजना अनुसार)		प्रगति		
	२०८०।८१	२०७६।७७	२०७४।७५	२०७५।७६	२०७६।७७
आर्थिक वृद्धिदर	१०.३	८.५	७.४	६.४	-२.१
उपभोक्ता मुद्रास्फीति दर	६.०	६.०	४.२०	४.६	६.२
कुल राजस्व/गार्हस्थ्य उत्पादन	३०	२६.०	२१.०३	२१.५०	२०.२८
कुल सरकारी खर्च/गार्हस्थ्य उत्पादन	४३.३	४२.१	३१.४६	२८.७८	२७.८७
चालु खर्च/गार्हस्थ्य उत्पादन	१७.९	२२.६	२०.१७	१८.५७	२०.०३
पुँजीगत खर्च/गार्हस्थ्य उत्पादन	१८.६	१५.३	७.८३	६.२६	४.८३
वैदेशिक अनुदान/गार्हस्थ्य उत्पादन	३	१.६०	१.०	०.८	०.५
वैदेशिक ऋण/गार्हस्थ्य उत्पादन	५.७	-	२.९	२.४	४.२
आन्तरिक ऋण/गार्हस्थ्य उत्पादन	४.३	-	४.२	२.५	५.०
व्यापार घाटा/गार्हस्थ्य उत्पादन	३५.३	-	३३.७	३४.२	२८.१
निर्यात /गार्हस्थ्य उत्पादन	१५.९	-	२.४	२.५	२.५
आयात/गार्हस्थ्य उत्पादन	५१	-	३६.०	३६.८	३०.६
बजेट घाटा/गार्हस्थ्य उत्पादन	१०	१०.६	८.९४	८.८	८.१२

स्रोत- पन्ध्रौं योजना र आर्थिक सर्वेक्षण २०७७।७८

उपर्युक्त तथ्याङ्क विश्लेषण गर्दा पन्ध्रौं योजनामा औसत १०.३ प्रतिशत तथा २०७६।७७ मा आर्थिक वृद्धिदर ८.५ प्रतिशत हुने लक्ष्य रहेकोमा २.१२ प्रतिशत ऋणात्मक रहेको छ। पन्ध्रौं योजना र यस वर्ष उपभोक्ता मुद्रास्फीति ६ प्रतिशतमा सिमित गर्ने लक्ष्य रहेकोमा यसवर्षको उपभोक्ता मुद्रास्फीति ६.२ प्रतिशत रहेको छ। पन्ध्रौं योजना र यस वर्ष पुँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको क्रमसः १८.६ प्रतिशत र १५.३ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा यस वर्ष ४.८३ प्रतिशत मात्र रहेको छ। वैदेशिक अनुदानको उपयोग अपेक्षित रुपमा परिचालन हुन नसकेको कारण कुल गार्हस्थ्य उत्पादनको यसवर्ष १.६ प्रतिशत रहनुपर्नेमा ०.५ प्रतिशत मात्र रहेको देखिन्छ। योजनाको अवधि ५ वर्ष रहेकोमा पहिलो वर्षको प्रगति सन्तोषजनक देखिँदैन। कोभिड-१९ को महामारीबाट सिर्जित समस्याका कारण समग्र अर्थतन्त्रमा पारेको प्रभावलाई मध्यनजर राख्दै आयात नियन्त्रण, निर्यात प्रवर्द्धन, सरकारी खर्च व्यवस्थापन, वैदेशिक सहायता परिचालन, उपभोग, बचत तथा लगानी विस्तार गर्न सरकारी तथा निजी क्षेत्र समेतबाट समन्वयात्मक रुपमा प्रयास हुनु जरुरी छ ।

२. **आय व्यय स्थिति -** नेपाल सरकारको विगत चार वर्षको आय व्ययको स्थिति देहायअनुसार छः

(रु.करोडमा)

विवरण	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७	
				अनुमान	यथार्थ
कुल राजस्व	६,१५,४७	७,८२,३९	८,४२,७४	१११२०३	८४१३१
कर राजस्व	५,५३,८०	६,५९,४९	७,३७,२७	१००९१६	६१३३९
गैर कर राजस्व	५५,३१	६७,२३	१,०२,४०	१०२८७	१३९६७
साँवा फिर्ता	२,९४	५५,६७	३,०७	०	१७८
अन्य	३,४२	०	०	०	०
वैदेशिक अनुदान	४०,८२	३९,३२	२२,९०	५७९९	२३२१
वैदेशिक ऋण	५९,०२	८९,६०	१,२४,३७	२९८८३	११६४८
आन्तरिक ऋण	८७,५३	१४,४७	९६,३८	१९५००	१९४९०
कुल आय	८,०२,८४	९,२५,७८	१०,८६,३९	१६६३८६	१०८९४५
चालु खर्च	५,१८,६२	६,९६,९२	७,१६,४२	९५७१०	७८४१४
पुँजीगत खर्च	२,०८,७५	२,७०,७१	२,४१,५६	४०८००	१८९०८
वित्तीय खर्च	१,०९,८८	१,१७,०५	१,५२,४८	१६७८५	११७९०
कुल व्यय	८,३७,२५	१०,८४,६८	११,१०,४६	१५३२९६	१०९११३
बचत (न्यून)	(३४,४१)	(१,५८,९०)	-२४,०७	(३६२९३)	(३१३०६)

यसवर्ष कुल खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय खर्चको अनुपात क्रमशः ७२, १७ र ११ प्रतिशत रहेको छ । सरकारी खर्चको ठूलो हिस्सा चालु खर्चले ओगटेको छ । आर्थिक वर्ष २०७२।७३ को तुलनामा २०७५।७६ मा राजस्व २३ प्रतिशत बढेको र चालु खर्च ५१ प्रतिशत वृद्धि भएको छ । आर्थिक वर्ष २०७३।७४ मा राजस्व असुलीले चालु खर्च र वित्तीय व्यवस्था खर्चलाई धानेको अवस्था थियो ।चालु खर्च राजस्व असुलीको ८४ प्रतिशतमात्र रहेको थियो । तर २०७६।७७ मा चालु खर्च राजस्व असुलीको १०४ प्रतिशत रहेको छ ।राजस्व असुलीले चालु र वित्तीय खर्च धान्न नसकेको अवस्था छ । जुन खर्च व्यवस्थापनकै दृष्टिले संवेदनशील विषय हो ।

३. **सरकारी खर्च र राजस्व** - महालेखा नियन्त्रक कार्यालयको विवरण अनुसार सरकारी राजस्व र खर्चको विगत वर्षको स्थिति निम्नानुसार छः

(रु.करोडमा)

आर्थिक वर्ष	विनियोजन बजेट			पुँजीगतखर्च			राजस्व		
	अनुमान	यथार्थ	प्रतिशत	अनुमान	यथार्थ	प्रतिशत	अनुमान	यथार्थ	प्रतिशत
२०७२।७३	८१९४७	६०१०१	७३.३४	२०८८८	१२३२५	५९.००	५०१९६	४९८९२	९९.३९
२०७३।७४	१०४८९२	८३७२५	७९.८२	३११९४	२०८७५	६६.९२	५७५८९	६१५४७	१०६.८७
२०७४।७५	१२७९००	१०८४६८	८४.८१	३३५१८	२७०७१	८०.७७	७४५०५	७८२३९	१०५.०१
२०७५।७६	१३१५१६	११२०४६	८४.४४	३१४००	२४१५६	७६.९३	९४५५६	८४२७४	८९.१३
२०७६।७७	१५३२९६	१०९११३	७१.१८	४०८००	१८९०८	४६.३४	१११२०३	८४१३१	७५.६६

सरकारले अघिल्ला पाँच वर्ष अनुमानकै हाराहारी वा सोभन्दा बढी राजस्व असुली गरेकोमा यो वर्ष अनुमानको तुलनामा ७५.६६ प्रतिशत मात्र असुल भएको देखिन्छ । सो अवधिमा व्ययतर्फ अनुमानको तुलनामा ७१.१८ प्रतिशत खर्च भएको छ । तथापि पुँजीगत खर्च अनुमानको तुलनामा ४६.३४ प्रतिशत भएको छ । यसबाट सरकारी स्रोत साधनको उपयोग क्षमता कम रहेकोले बजेट खर्च र राजस्व असुलीमा दक्षता बढाउनुपर्ने देखिन्छ ।समष्टिगत रुपमा माथि उल्लेख भएअनुसार खर्च गरेको देखिए तापनि शीर्षकगत रुपमा हेर्दा विगत ३ वर्षको अवधिमा देहायअनुसार खर्च भएको देखिन्छः

(रु.लाखमा)

विवरण	२०७४।७५			२०७५।७६			२०७६।७७		
	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत
चालु खर्च	८,०३,५३,१४	६,९६,९१,९६	८६.७३	८,४५,४४,७५	७,१६,४१,७८	८४.७३	९,५७,१०,१४	७,८४,१४,८९	८१.९२
पुँजीगत खर्च	३,३५,१७,६०	२,७०,७१,३७	८०.७६	३,१३,९९,८२	२,४१,५६,२३	७६.९३	४,०८,००,५९	१,८९,०८,४७	४६.३४
वित्तीय व्यवस्था	१,४०,२८,७४	१,१९,६४,६६	८५.२८	१,५५,७१,६०	१,५२,४७,,७०	९७.९१	१,६७,८५,९८	१,१७,९०,१७	७०.२४
जम्मा	**१२,७८,९९,४८**	**१०,८७,२७,९९**	**८५.०१**	**१३,१५,१६,१७**	**११,१०,४५,७१**	**८४.४३**	**१५,३२,९६,७१**	**१०,९१,१३,५३**	**७१.१८**

सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने, चालु खर्चमा नियन्त्रण र पुँजीगत खर्चमा वृद्धि गर्ने नीति सरकारले लिए तापनि पुँजीगत खर्च प्रतिशत घट्दो क्रममा रहेको देखिन्छ । कुल खर्चको तुलनामा पुँजीगत खर्च २०७४।७५ मा २४.८९ प्रतिशत, २०७५।७६ मा २१.७५ प्रतिशत र २०७६।७७ मा १७.३३ प्रतिशत रहेको छ। अनिवार्य दायित्वमा खर्च बढ्दै जानु, स्थानीय तहलाई हस्तान्तरण गरिने वित्तीय अनुदानमा पुँजीगत प्रवृत्तिको खर्चसमेत समावेश हुनेमा चालु खर्चमा लेखाङ्कन गरिनु र ऋणको ब्याज भुक्तानी बढ्दै जानु जस्ता कारण रहेको छ। त्यस्तै सम्बन्धित वर्षको खर्च संरचना हेर्दा समेत चालु खर्चको अंश वृद्धि हुँदै गएको देखिन्छ। विकास निर्माण एवं सेवा प्रवाहमा ध्यान दिई पुँजीगत खर्चको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

४. **राजस्व अनुमान र असुली -** महालेखा नियन्त्रक कार्यालयको केन्द्रीय आर्थिक विवरणअनुसार विगत ३ वर्षको राजस्व असुली देहायअनुसार रहेको छः

(रु.लाखमा)

विवरण	२०७४।७५			२०७५।७६			२०७६।७७		
	लक्ष्य	असुल	असुल प्रतिशत	लक्ष्य	असुल	असुल प्रतिशत	लक्ष्य	असुल	असुल प्रतिशत
आयकर	१६७१९.७५	१५९८७८६	९५.६२	२०९६८५३	१९४४२०४	९२.७२	२८०३५१०	२१९६८९५	७८.३६
मूल्य अभिवृद्धि कर	२१५९६८७	२०६८००९	९५.७५	२५०८८२६	२४१६६८०	९६.३३	३१५००८३	२२४०७०५	७१.१३
अन्तःशुल्क	१०२८८१३	१०२५७९०	९९.७०	१२४८८८८	१२१८५४१	९७.५७	१६९९८२१	१००६२२६	५९.२०
भन्सार महसुल	१३७३२७१	१३७७८४७	१००.३३	१५१५९४१	१४३३१९८	८७.११	२१३२००४	१३७९९०३	६४.७२
अन्य कर	१०६६८०९	१२५१७६३	११७.३३	१२२९५१५	१३८४११५	१२८.०२	१३३४९१५	१५८९३९५	११९.०६
जम्मा	**७३००५५५**	**७३२२१९५**	**१००.३०**	**८६०००२३**	**८३९६७३८**	**९७.८६**	**१११२०३३३**	**८४१३१२४**	**७५.६६**

उपर्युक्तानुसार २०७६।७७ मा राजस्व असुली लक्ष्य रु.११ खर्ब १२ अर्ब ३ करोड ३३ लाख रहेकोमा रु.८ खर्ब ४१ अर्ब ३१ करोड २४ लाख (गत वर्षको तुलनामा ०.२ प्रतिशतले बढी र लक्ष्यको तुलनामा ७५.६६ प्रतिशत) राजस्व असुल भएको देखिन्छ । उक्त असुली मध्ये नेपाल दूरसंचार प्राधिकरण, बुढीगण्डकी जलविद्युत आयोजना लगायतबाट बचत रकम सञ्चित कोषमा दाखिला गरेको रु.२८ अर्ब ३० करोड ४९ लाख समेत समावेश छ। जुन कुल राजस्वको ३.३६ प्रतिशत रहेको छ। यो वर्ष मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार महसुल गत वर्षभन्दा न्यून असुल भएको छ ।

५. **दिगो विकास लक्ष्य -** विश्वका १९३ राष्ट्रहरूका राष्ट्र तथा सरकार प्रमुख सहभागी सन् २०१५ सेप्टेम्बरको संयुक्त राष्ट्र संघको महासभाले सन् २०३० सम्म दिगो विकास लक्ष्यका १७ प्रमुख लक्ष्यहरू हासिल गर्ने दिगो विकासको एजेन्डा २०३० लाई अनुमोदन गरेको छ । नेपाल पनि सो एजेण्डाको अनुमोदनकर्ता रहेको छ । आर्थिक सामाजिक र वातावरणीय आयाम समेटिएका दिगो विकास लक्ष्यका विश्वव्यापी १६९ परिमाणात्मक गन्तव्य र २३४ सूचक रहेका छन्। सोमा नेपालले आफ्नो परिवेश अनुसार विश्वव्यापी लक्ष्य १४ बाहेक १६ वटा प्रमुख लक्ष्यहरूका १५९ गन्तव्यका लागि २४५ अतिरिक्त सूचक थप गरी ४७९ सूचक तय गरेको छ। दिगो विकास लक्ष्यहरू हासिल गर्ने १५ वर्षे अवधि मध्ये अब ९ वर्ष बाँकी रहेको छ । एक तिहाई समय व्यतीत भइसकेको अवस्थामा लक्ष्यहरूको कार्यान्वयन अवस्था मुल्याङ्कन गर्दा देखिएका प्रमुख व्यहोरा देहाय बमोजिम छन्:

५.१. दिगो विकास लक्ष्य हासिल गर्न नेपालले वार्षिक रु.२० खर्ब २५ अर्ब लगानी गर्नुपर्ने अनुमान छ। विद्यमान स्रोत परिचालन र प्रमुख दिगो विकास लक्ष्यका क्षेत्रहरूमा गरिनुपर्ने आवश्यक लगानीको तुलनामा स्रोतको विद्यमान विनियोजनको प्रवृत्तिलाई दृष्टिगत गर्दा दिगो विकास लक्ष्यका क्षेत्रहरूमा कुल वार्षिक औसत रु.५ खर्ब ८५ अर्ब अपुग हुने देखिएको र सोमध्ये सार्वजनिक र निजी क्षेत्रहरूमा दिगो विकास लक्ष्यका लागि वित्त व्यवस्थाको अन्तराल क्रमशः रु.२ खर्ब १८ अर्ब र रु.३ खर्ब ६७

अर्ब हुने अनुमान गरेको देखिन्छ। अर्थ मन्त्रालय समग्र वित्त नीति तर्जुमा गर्न जिम्मेवार हुने भएकाले व्यापक लागत सहभागिता जुटाउने सम्बन्धमा वित्तीय स्रोत वृद्धिका लागि राजस्वका दायरा विस्तार गरी थप राजस्व सङ्कलन गर्ने, वैदेशिक सहायताको उच्चतम परिचालन गर्नेतर्फ अग्रसर हुनुपर्दछ । साथै सहकारी र निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्न थप प्रयास गर्नुपर्दछ ।

५.२. दिगो विकासका लक्ष्यहरूका कार्यान्वयनको लागि नेपालले सयुक्त राष्ट्रसंघमा पेस गरेको स्वैच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन, २०२० तथा दिगो विकासका लक्ष्य प्रगति मूल्याङ्कन प्रतिवेदन २०१९ वमोजिम नेपालको दिगो विकास लक्ष्यहरूमा तथ्याङ्क उपलब्ध भएका २१८ सूचकमध्ये अधिकांश सूचकमा निर्धारण गरिएको लक्ष्यभन्दा न्यून प्रगति भएको देखिन्छ ।

५.३. कुल जनसंख्या मध्ये सन् २०१९ सम्ममा दैनिक अमेरिकी डलर १.२५ भन्दा कम आर्जन गर्ने जनसंख्या १७ प्रतिशतमा सीमित राख्ने लक्ष्य लिएकोमा सोको उपलब्धि मापन नभएको, प्रतिदिन अमेरिकी डलर १.९० आर्जन गर्ने जनसंख्या २८.५ प्रतिशतमा झार्ने लक्ष्य लिएकोमा १५ प्रतिशत, सामाजिक सुरक्षा खर्च १२.१ प्रतिशत हुने लक्ष्य भएकोमा ११.७ प्रतिशत, विश्व खाद्य सुरक्षा सूचकाङ्कमा ५७ अङ्क लक्ष्य रहेकोमा ४६ अङ्क मात्र प्राप्त गरेको देखिन्छ। मातृ मृत्युदर प्रतिलाख १२५ मा झार्ने लक्ष्य रहेकोमा २३९ रहेको, कक्षा ५ को गणित, नेपाली र अंग्रेजी विषयको सिकाई दर क्रमशः ५५, ६६ र ५७ प्रतिशत हासिल गर्ने लक्ष्यको ३५, ३४ र ४१ प्रतिशत मात्र हासिल भएको साथै प्रति विद्यार्थी सार्वजनिक खर्च रु.१९ हजार पुऱ्याउने लक्ष्य रहेकोमा रु.१२ हजार रहेको देखिन्छ ।

५.४. नवीकरणीय ऊर्जामा जलविद्युतको जडित क्षमता २ हजार ३०१ मेगावाट पुऱ्याउने लक्ष्यमा १ हजार २५० मेगावाट पुगेको, ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको हिस्सा २२.१ पुऱ्याउने लक्ष्य रहेकोमा ५ प्रतिशत पुगेको, ३० मिनेटमा बजारको पँहुच रहने घरधुरी ५७ प्रतिशत रहने लक्ष्य रहेकोमा ४४.७ प्रतिशत मात्र रहेको, दैवी प्रकोपमा परी मृत्यु हुने संख्या (प्रति एक लाख) ३३१ मा झार्ने लक्ष्य लिएकोमा ९६८ प्रति लाख रहेको, कमतौल हुने ५ वर्ष मुनिका बच्चा २० प्रतिशतमा झार्ने भनिएकोमा २४.३ प्रतिशत रहेको, कृषियोग्य भूमिमा सिँचाइ सुविधा ४० प्रतिशत पुऱ्याउने लक्ष्य मध्ये ३३ प्रतिशत मात्र हासिल गरेको, ९० प्रतिशतलाई राष्ट्रिय खोप कार्यक्रममा सहभागिता गराउने लक्ष्य लिएकोमा ४२.६ प्रतिशत मात्र रहेको, स्वास्थ्य सेवाको पँहुच ९५ प्रतिशत जनसंख्यामा पुऱ्याउने लक्ष्य लिएकोमा ७५ प्रतिशत मात्र पुगेको, कुल गार्हस्थ्य उत्पादनको तुलनामा स्वास्थ्य खर्च ५.६० पुऱ्याउने लक्ष्य रहेकोमा १.९० प्रतिशत मात्र रहेको साथै महिला तथा बालबालिका बेचबिखन प्रतिवर्ष ७२५ जनामा झार्ने लक्ष्य लिएकोमा ९४६ जना प्रतिवर्ष रहेको देखिएकाले निर्धारण गरेको लक्ष्य हासिल भएको छैन। उल्लिखित सूचकहरूमा तोकिएको प्रगति हासिल गर्नका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरूमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न संस्थागत संरचना, लक्ष्य केन्द्रित बजेट र स्रोत व्यवस्थापन गर्नुपर्दछ ।

६. **आयात निर्यात स्थिति -** व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले उपलब्ध गराएको विवरणअनुसार नेपालको विगत ३ वर्षको आयात निर्यातको अवस्था देहायबमोजिम छः

(रु.अर्बमा)

आर्थिक वर्ष	निर्यात रु.	आयात रु.	कुल व्यापार रु.	व्यापार घाटा रु.	अनुपात
२०७४/७५	८१.३३	१२४५.१९	१३६२.५२	११६३.९६	१:१५.३
२०७५/७६	९७.११	१४१८.५६	१५१५.९७	१३२१.४५	१:१४.६
२०७६/७७	९७.७१	११९६.८०	१२९४.५१	१०९९.०९	१:१२.२

गत वर्ष रु.९७ अर्ब ११ करोड मूल्यका विभिन्न वस्तुहरू निर्यात गरेकोमा यो वर्ष रु.९७ अर्ब ७१ करोडको निर्यात गरेको छ । निर्यात गरेका प्रमुख वस्तुहरूमा पाम तेल, भटमास तेल, कटन

धागो, उनि गलैंचा, जुटका समानहरू, तयारी पोषाक तथा अलैंची जस्ता वस्तुहरू रहेका छन। स्वदेशी उत्पादन तर्फका कटन धागो, उनी गलैंचा, जुटका सामानहरू, तयारी पोषाक, अलैची, चिया, उनी तथा पश्मिना सल, तामा तथा तामाका सामानहरूको निर्यात उल्लेख्य रुपमा घटेको छ। निर्यात वृद्धि भएका सामग्रीहरूमा पनि आयातित कच्चापदार्थ रहेको अवस्था छ। उच्च मूल्य तथा कम आयतन भएका वस्तु उत्पादन र निर्यात प्रर्वद्धनमा प्रभावकारिता ल्याउनु पर्दछ ।

• ४.२ नियमितताको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

स्रोत साधनको व्यवस्थापन तथा उपयोगमा प्रचलित ऐन नियम, निर्देशिका विपरीत आर्थिक कारोबार गरेको व्यहोराहरू नियमितताको पक्षबाट बिश्लेषण गरिएको छ । यस सम्वन्धी व्यहोरा निम्न छन

• बजेट कार्यान्वयन

७. **वैदेशिक सहायता** - यो वर्ष वैदेशिक अनुदान रु.५७ अर्ब ९९ करोड र वैदेशिक ऋण रु.२ खर्ब ९८ अर्ब ८३ करोडसमेत रु.३ खर्ब ५६ अर्ब ८२ करोड प्राप्त हुने अनुमान रहेकोमा अनुदान रु.२३ अर्ब २२ करोड (४०.०४ प्रतिशत) र ऋण रु.१ खर्ब १८ अर्ब ९६ करोड (३९.८१ प्रतिशत) समेत रु.१ खर्ब ४२ अर्ब १८ करोड (३९.८४ प्रतिशत) प्राप्त भएको छ ।

७.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा उपलब्ध सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । ऋण प्राप्ति र उपयोग २०७२।७३ मा रु.४३ अर्ब ७७ करोड प्राप्त भएकोमा रु.३३ अर्ब २२ करोड, २०७३।७४ मा रु.५८ अर्ब १ करोड प्राप्त भएकोमा रु.३४ अर्ब २८ करोड, २०७४।७५ मा रु.९३ अर्ब ४५ करोड प्राप्त भएकोमा रु.८९ अर्ब ६९ करोड, २०७५।७६ मा रु.९४ अर्ब ४० करोड प्राप्त भएकोमा रु.१ खर्ब २४ अर्ब ३७ करोड र २०७६।७७ मा रु.१ खर्ब ६२ अर्ब ६० करोड प्राप्त भएकोमा रु.१ खर्ब १६ अर्ब ४८ करोड उपयोग भएको देखिन्छ। यसरी वैदेशिक ऋणको पूर्ण उपयोग गरिनुपर्दछ।

७.२. यो वर्ष ३२ विकास साझेदारबाट अनुदान र १९ विकास साझेदारबाट ऋण प्राप्त हुने अनुमान रहेको मध्ये यूएनडीपी, चीन र जापान केआरटू गरी ३ दाताबाट रु.४ अर्ब ७८ करोड ८ लाख प्राप्त नभएको, ६ दाताबाट रु.८ अर्ब २२ करोड ८ लाख प्राप्त गर्ने अनुमान गरेकोमा रु.४५ करोड ३५ लाख (५.५१ प्रतिशत) प्राप्त भएको, एआईआईबी र साउदी कोषबाट रु.५ अर्ब ५ करोड ३० लाख ऋण प्राप्त गर्ने अनुमान गरेकोमा रु.३६ करोड ९४ लाख (७.३१ प्रतिशत) प्राप्त भएको देखिन्छ। दातासँग समन्वय गरी सम्झौता भएको अनुदान तथा ऋण प्राप्ति गर्न थप प्रयास गर्नुपर्दछ ।

७.३. महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ०.८० प्रतिशत, अर्थ मन्त्रालयले ९.०४ प्रतिशत, राष्ट्रिय पूनर्निर्माण प्राधिकरणले ९.५४ प्रतिशत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले १०.६१ प्रतिशत, प्रदेश सरकारका निकायले २३.६६ प्रतिशत मात्र अनुदान उपयोग गरेका छन् ।

७.४. यो वर्ष ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ७.३३ प्रतिशत, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले २२.११ प्रतिशत, गृह मन्त्रालयले २४.८० प्रतिशत, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २६.७९ प्रतिशत र खानेपानी मन्त्रालयले ३२.२३ प्रतिशत ऋण उपयोग गरेका छन् ।

७.५. यसवर्ष नेपाल सरकारले एसियाली विकास बैङ्क, विश्व बैङ्क, तथा आईएमएफसँग २०७७ जेष्ठ र आषाढमा ४ ऋण सम्झौता गरी रु.७८ अर्ब २४ करोड ७८ लाख ऋण प्राप्त गरेको छ। उक्त रकम सञ्चित कोषमा जम्मा नगरी बेग्लै ऋण खातामा राखेको र खर्च भए बमोजिम सञ्चित कोषमा जम्मा गरी ऋण परिचालन गर्ने गरेको देखियो । सो रकममध्ये रु.२२ अर्ब ४२ करोड ४९ लाख खर्च भई रु.५५

अर्ब ८२ करोड २९ लाख मौज्दात रहेको छ। सो रकम प्राप्त हुनासाथै ऋण कायम गरेकोमा उपयोगको आधारमा मात्र सञ्चित कोषमा दाखिला गर्ने व्यवस्थाले नेपाल सरकारलाई प्राप्त भएका सबै ऋण सञ्चित कोषमा जम्मा हुनुपर्ने नेपालको संविधानको धारा ११६ को संवैधानिक व्यवस्थाको पालना भएको देखिएन। यसरी वर्षान्तमा पूर्ण उपयोग नहुने गरी ऋण प्राप्त गरेबाट उक्त ऋणमा सेवाशुल्क एवम् ब्याजबापत मासिक करिब रु.४ करोड ६५ लाख अनावश्यक रुपले ब्ययभार परेको अवस्था छ। नेपाल सरकारलाई प्राप्त हुने सबै रकम सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाउनुपर्दछ ।

७.६. अर्थ मन्त्रालयबाट प्रकाशित विकास सहायता प्रतिवेदन अनुसार २०७६।७७ मा अमेरिकी डलर १ हजार ४००.२१ मिलियन ऋण, ३७४.४९ मिलियन अनुदान र २२८.१ मिलियन प्राविधिक सहायता समेत अमेरिकी डलर २ हजार २.८ मिलियन प्राप्त भएको देखिन्छ। प्राप्त रकममध्ये अमेरिकी डलर ३२९.८ मिलियन (कुल प्राप्त रकमको १६.४६ प्रतिशत) गैरबजेटरी प्रणालीबाट खर्च भएको छ। यसका अतिरिक्त अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट खर्च भएको अमेरिकी डलर १३१.९८ मिलियनसमेत गैरबजेटरी प्रणालीबाट खर्च भएको छ । समग्रमा प्राप्त विकास सहायता रकमको ५३ प्रतिशतमात्र सङ्घीय सञ्चित कोषमार्फत् परिचालन भएको छ भने ४७ प्रतिशत सहायता सरकारी कोष बाहिरबाट परिचालन भएको अवस्था छ ।

८. **प्राविधिक सहायता -** बजेट वक्तव्यसाथ व्यवस्थापिका संसदमा पेस गरेको प्राविधिक तथा अन्य सहायता सम्बन्धी विवरणमा १८ मन्त्रालय/निकायअन्तर्गत १३१ सम्झौतामा रु.२१ अर्ब २६ करोड ८६ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय जवाफदेहिता ऐन, २०७६ को दफा २९(१) अनुसार वैदेशिकसहायतासम्बन्धी विवरण केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरणमा समावेश गर्नुपर्नेमा नगरेकोले सरकारको समग्र आयव्ययको चित्रण हुन सकेको छैन । सार्वजनिक लेखा समितिबाट प्राविधिक सहायताको लेखापरीक्षण गराउन निर्देशन दिएकोमा ती सहायताको आर्थिक विवरण एवं स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन ।

९. **अन्य सहायता -** सम्पदा पुनः निर्माणको लागि भारत सरकारबाट रू.५ अर्ब, चीन सरकारबाट युआन ९५ मिलियन, जापान सरकारबाट रू.३३ करोड, श्रीलंका सरकारबाट रू.२० करोड, एसियाली विकास बैंकबाट अमेरिकी डलर ६ करोड, स्विस सरकारबाट रु.६ करोड, एशियाली विकास बैंकबाट अमेरीकी डलर ६ करोड, स्विस सरकारबाट रु.६ करोड, काठमाडौं भ्याली प्रिजरभेसन ट्रष्टबाट रु.२० करोड ७३ लाख ३६ हजार र मियामतो रिलिफ फण्डबाट अमेरीकी डलर ७ लाख सहायता प्राप्त गर्ने गरी सम्झौता भएकोमा उक्त निकायबाट प्राप्त सहायता खर्चको विवरण तथा श्रेस्ता लेखापरीक्षणमा **पेस** भएन। उक्त सम्झौता अन्तर्गत भएका खर्चको विवरण तथा श्रेस्ता कागजात **पेस** गरी लेखापरीक्षण गराउनुपर्दछ ।

१०. **राजस्व र खर्चको आकार -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ मा प्राप्त राजस्वलाई राजस्व आर्जन गर्ने कार्यालयको खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । अर्थ मन्त्रालयले यो वर्ष अन्य राजस्व शीर्षकमा नेपाल दूरसञ्चार प्राधिकरणबाट रु.१६ अर्ब, बीमा समितिबाट रु.१ अर्ब, विश्वविद्यालय अनुदान आयोगबाट रु.२ अर्ब, नेपाल इन्टरमोडल यातायात विकास समितिबाट रु.५७ करोड, राष्ट्रिय परिक्षा बोर्डबाट रु.५० करोड र बुढीगण्डकी जलविद्युत आयोजनाबाट नेपाल सरकारले निकासा दिएको रकम खर्च नभई बाँकी रहेको रु.८ अर्ब २३ करोड ४९ लाख यो वर्ष फिर्ता प्राप्त गरी कुल रु.२८ अर्ब ३० करोड ४९ लाख राजस्व आम्दानी जनाएको छ। आवश्यकता भन्दा बढी निकासा दिएको कारण लगायतले उपयोग हुन नसकेको रकमले खर्चको आकार वृद्धि हुने र त्यस्तो रकम अर्को वर्ष राजस्वमा जम्मा गरेबाट राजस्व असुलीको आकार वृद्धि भएको छ ।

११. **बजेटभन्दा बढी खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले रकम स्वीकृत बजेटभित्र पर्छ र खर्च गर्न बाँकी छ भनेमात्र खर्च गर्न र खर्च गर्न निकासा दिनुपर्ने उल्लेख छ ।यो वर्ष विभिन्न निकायले नियमावलीको व्यवस्था विपरीत

रु.७ अर्ब २१ करोड ९ लाख स्वीकृत बजेटभन्दा बढी खर्च हुने गरी खर्च लेखेको पाइयो। एकल खाता कोष प्रणाली लागू भएको अवस्थामा स्वीकृत बजेटभन्दा बढी निकासा दिन नमिल्नेमा बजेटभन्दा बढी निकासा हुन गएकाले एकल खाता कोष प्रणालीले नियन्त्रण कायम गर्न सकेको देखिएन।

१२. **वर्षान्तको खर्च भुक्तानी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्ष समाप्त हुनु अगावै आषाढ २५ गते खाताबन्दी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष रु.१५ खर्ब ३२ अर्ब ९६ करोड विनियोजन भई रु.१० खर्ब ९१ अर्ब १३ करोड खर्च भएकोमा आषाढ महिनामा रु.२ खर्ब १० अर्ब १९ करोड (१९.२६ प्रतिशत) खर्च भएको छ । खर्चमध्ये आषाढ २५ देखि ३१ गतेसम्म रु.१ खर्ब ९ अर्ब ११ करोड (कुल खर्चको १० प्रतिशत) खर्च भएको छ । नियमावलीको व्यवस्था पालना गरी आषाढ २५ पछि खर्च/भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१३. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा तोकिएको कुनै एक अनुदान संकेतअन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेतअन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । यस वर्षको कुल बजेट रु.१५ खर्ब ३२ अर्ब ९६ करोडमध्ये रु.३ खर्ब ३३ अर्ब ९७ करोड (२१.७८ प्रतिशत) रकमान्तर भएको छ । सो मध्ये आषाढ महिनामा मात्र रु.८५ अर्ब ८३ करोड र आषाढ २५ पछि रु.३१ अर्ब ३९ करोड रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थप गरेको छ ।

१३.१. विनियोजन ऐन, २०७६ को दफा ३(३) अनुसार कुनै पनि शीर्षकमा विनियोजन भएको रकमको १० प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने उल्लेख छ । साथै सार्वजनिक लेखा समितिको २०७६।१।९ को निर्णयवाट कानुनको परिधिभित्र रही रकमान्तर गर्न निर्देशन दिएको देखिन्छ । यो वर्ष देहायअनुसार ५१५ प्रतिशतसम्म रकमान्तर गरेकोले विनियोजन ऐनको प्रावधानको पालना भएको देखिएन ।

(रु.हजारमा)

सि.नं.	मन्त्रालय /निकायको नाम	शुरु बजेट	खुद बजेट	रकमान्तरबाट थप	रकमान्तर प्रतिशत
पुँजीगत खर्चतर्फ					
१.	न्याय परिषद	२७,००	१,६६,००	१,३९,००	५१५
२.	कानुन न्याय तथा संसदीय मन्त्रालय	६०,००	२,८५,०९	२,२५,०९	३७५
३.	लोकसेवा आयोग	३,९६,००	६,६३,१६	२,६७,१६	६८
४.	सङ्घीय ससद	३,७७,९९	५,४६,३५	१,६८,३६	४५
५.	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	१६,७२,००	२३,३९,२८	६,६७,२८	४०
चालु खर्चतर्फ					
१	युवा तथा खेलकुद मन्त्रालय	१,४१,८०,००	२,८८,२५,८१	१,४६,४५,८१	१०३
२	निर्वाचन आयोग	४६,५२,००	८४,५२,००	३८,००,००	८२

१३.२. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० मा स्वीकृत बजेटमा स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्न सकिने उल्लेख छ । बजेट व्यवस्था शुरुमा नगरी रकमान्तरबाट कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम र बी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताललगायत ६ कार्यक्रममा रु.१२ करोड ८५ लाख ३५ हजार खर्च गरेको छ। यसवर्ष प्रादेशिक तथा स्थानीय सडक सुधार, सासेक राजमार्ग सुधार, हिमाली-क्षेत्र जीविकोपार्जन लगायतका ४४ बजेट उपशीर्षकमा रु.७९ अर्ब ५० करोड ९७ लाख बजेट विनियोजन भएकोमा रकमान्तरबाट थप घट गरी रु.५८ अर्ब ६२ करोड ८३ लाख खुद बजेट कायम गरेकोमा उक्त कार्यक्रममा खर्च भएको देखिएन।

१३.३. विनियोजन ऐनले छुट्याएको रकम सोही प्रयोजनमा खर्च गर्नुपर्नेमा बजेट उपशीर्षक ६०२ अर्थ विविधमा रु.७७ अर्ब ५ करोड ५ लाख विनियोजन गरी गरिब घरपरिवार पहिचान तथा परिचयपत्र बितरण कार्यक्रम, कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालगायतका विभिन्न बजेट उपशीर्षकबाट रकमान्तर गरी रु.३१ अर्ब २२ करोड २४ लाख थप गरेको र रु.५१ अर्ब ८७ करोड ४० लाख विभिन्न संवैधानिक निकाय, आयोग वा मन्त्रालय मातहतका कार्यालय वा प्रदेश तह र स्थानीय तहलाई दिई रु.५६ अर्ब ३९ करोड ८९ लाख घटाई खुद बजेट कायम गरेको देखिन्छ। उक्त शीर्षकबाट रु.८४ करोड ४४ लाखमात्र खर्च गरेकोले रु.५५ अर्ब ५५ करोड ४५ लाख बजेट बाँकी रहेको छ ।

विगतदेखि नै नियमित रुपमा सञ्चालनमा आएका कार्यक्रममा रकमान्तर गर्ने, अर्थ विविध शीर्षकबाट बजेट विनियोजन गरी पटके निर्णयको आधारमा निकासा दिने, सम्बन्धित कार्यक्रममा तथा शीर्षकमा विनियोजननै नगर्ने वा कम गर्ने लगायत परिपाटी बजेट सिद्धान्त अनुकूल देखिँदैन । यसरी थप घट गरेको बजेट सम्बन्धमा संसदलाई जानकारी नहुने तथा नियन्त्रण कमजोर हुने, अनुगमन गर्न कठिनाइ हुने, पारदर्शिता नहुने अभिलेखनमा समस्या पर्ने देखिएकोले यस्तो परिपाटीमा सुधार गर्नुपर्ने व्यहोरा विगत वर्षदेखि औंल्याउँदै आए तापनि यसमा सुधार भएको छैन ।

१४. **सार्वजनिक ऋण -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त ऋण हिसाब विवरणमा २०७७ अषाढ मसान्तमा नेपाल सरकारले तिर्न बाँकी कुल ऋण रु.१४ खर्ब १९ अर्ब ८७ करोड रहेको मध्ये बाह्य ऋण रु.८ खर्ब ६ अर्ब १४ करोड (५६.७७ प्रतिशत) र आन्तरिक ऋण रु.६ खर्ब १३ अर्ब ७३ करोड (४३.२३ प्रतिशत) रहेको छ। उक्त अद्यावधिक ऋण दायित्वमा वर्षान्तमा भएको विनिमय नोक्सानीको कारण थप भएको रकम समेत समावेश छ । ऋण दायित्व गत वर्षको तुलनामा ३५.५३ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ७२ अर्ब २९ करोड पुगेको छ। जुन कुल गार्हस्थ्य उत्पादनको तुलनामा ३७.७ प्रतिशत रहेको छ भने २०७४।७५ मा ३०.१ र २०७५।७६ मा ३०.३ प्रतिशत रहेको देखिन्छ ।

• सार्वजनिक हिसाबको यथार्थता

१५. **सञ्चित कोष -** सञ्चित कोषको आर्थिक विवरणअनुसार राजस्व तथा अनुदान रु ७ खर्ब ८२ अर्ब ८० करोड ९२ लाख, वित्तीय व्यवस्था रु. ३ खर्ब २२ अर्ब ५७ करोड १६ लाख समेत रु ११ खर्ब ५ अर्ब ३८ करोड ८ लाख प्राप्ति भएकोमा गत मौजदात घटाउँदा यो वर्ष पनि सञ्चित कोषको वार्षिक मौज्दात ऋणात्मक देखिएको छ। सरकारी कारोबारको लेखाङ्कन नगद आधारमा गरिने कानुनी व्यवस्था रहेको स्थितिमा यो वर्ष रु.१४ अर्ब ३४ करोड ४३ लाख बचत हुँदा समेत पनि सञ्चित कोषको मौज्दात ऋणात्मक रु.२ खर्ब १६ अर्ब ६९ करोड ५६ लाख पुगेको छ । नेपाल सरकारका नाममा रहेको कार्यसञ्चालन कोष, धरौटी, वैदेशिक अनुदान, ऋण खातालगायतका विभिन्न खाताको मौज्दात रकमबाट खर्च गरी ऋणात्मक रकम पूर्ति गरेको देखिन्छ। यसरी खर्च गरे पनि खातागत खर्च रकम खुल्दैन र खर्च गर्नु पूर्व सापटी जनाउने गरेको समेत देखिँदैन।

१५.१. सञ्चित कोषको आर्थिक विवरणमा वैदेशिक ऋणअन्तर्गत नगद प्राप्ति रु.३५ अर्ब ११ करोड ७६ लाख, शोधभर्ना हुने ऋण प्राप्ति रु.६० अर्ब ५८ करोड ६८ लाख र सोझै भुक्तानी (प्रत्यक्ष ऋण) रु.३१ अर्ब ५९ करोड ३४ लाखसमेत रु.१ खर्ब २७ अर्ब ३० करोड आम्दानी देखाएको छ । नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्ति रु.१ खर्ब २७ अर्ब ४२ करोड देखाएकोले कार्यालयले प्रस्तुत गरेको सञ्चित कोषको आर्थिक विवरण र नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्ति रु.१२ करोड ३६ लाख फरक परेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

१५.२. सञ्चित कोषको आर्थिक विवरणमा वैदेशिक अनुदानअन्तर्गत नगद प्राप्त रु.२ अर्ब ४ करोड ८२ लाख, शोधभर्ना प्राप्त रु.१७ अर्ब १४ करोड ३७ लाख, सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) रु.८ अर्ब ८० करोड ८५ लाख र वस्तुगत सहायता रु.१ अर्ब ७४ करोड ४८ लाखसमेत रु.२९ अर्ब ७४ करोड ५२ लाख आम्दानी देखाएको छ भने नेपाल राष्ट्र बैङ्कले रु.१८ अर्ब ५७ लाख प्राप्त भएको देखाएको छ। यसरी सञ्चित कोष र नेपाल राष्ट्र बैङ्कको अनुदान प्राप्ति हिसाबमा रु.११ अर्ब ७३ करोड ९५ लाख फरक देखिएको सम्बन्धमा यकिन गरी हिसाब मिलान हुनुपर्दछ ।

१५.३. सङ्घीय सञ्चित कोषबाट प्रदेश तहलाई सशर्त, विशेष र समपूरक अनुदान दिएको रु.५९ अर्ब ७० करोड ७० लाखमध्ये रु.४५ अर्ब १९ करोड १२ लाख खर्च भई बाँकी रहेको रु.१४ अर्ब ५१ करोड ५८ लाखमध्ये रु.१३ अर्ब ५५ करोड १८ लाख फिर्ता गरी प्रदेश नं.१ बाट रु.३७ करोड ९९ लाख, कर्णाली प्रदेशबाट रु.८ करोड २७ लाख र सुदूरपश्चिम प्रदेशबाट रु.५० करोड १४ लाख गरी रु.९६ करोड ४० लाख फिर्ता गर्न बाँकी रहेको तथा स्थानीय तहलाई सशर्त, विशेष र समपूरक अनुदान दिएको रु.१ खर्ब ५३ अर्ब ३० करोडमध्ये रु.१ खर्ब ३५ अर्ब ९१ करोड खर्च भई रु.१७ अर्ब ३९ करोड २५ लाख मौज्दात रहेकोमा रु.१० अर्ब ८१ करोड ८१ लाख फिर्ता गरी रु.६ अर्ब ५७ करोड ४४ लाख फिर्ता गर्न बाँकी रहेको देखिन्छ। अनुदान मार्फत वित्तीय हस्तान्तरण गरिएको रकम सङ्घीय सञ्चित कोषमा खर्च लेखे तापनि सम्बन्धित तहमा खर्च नभई बैङ्क मौज्दात नै रहेकोले सङ्घीय सञ्चित कोषले खर्च देखाएतापनि वचत रहेको रकम यथार्थ रुपमा खर्च भएको छैन ।

१५.४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ मा मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठ्ने अन्तःशुल्क रकमको ७० प्रतिशत सङ्घीय सञ्चित कोष, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने व्यवस्था छ । त्यसैगरी सोही दफाको उपदफा ५ मा बाँडफाँटबाट प्रत्येक प्रदेश र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित सञ्चित कोषमा जम्मा हुने गरी मासिक रूपमा उपलब्ध गराइने व्यवस्था छ । विभाज्य कोषको वित्तीय विवरणमा बाँडफाँट हुने रकम शून्य देखाई आषाढ मसान्तमा हिसाब मिलान गरे तापनि २०७७।३।२० पश्चात् उठेको मूल्य अभिवृद्धि कर र अन्तःशुल्क रू.२० अर्ब ६० करोड १२ लाख संघ, प्रदेश र स्थानीय तहलाई २०७७।७।२५ मा बाँडफाँट गरेको छ । आर्थिक वर्ष समाप्त भएपछि सङ्घीय राजस्वको हिस्सा बाँडफाँट गरे पनि सङ्घीय सञ्चित कोषमा आषाढ मसान्तमा नै जम्मा भएको देखाएको छ । जसबाट सङ्घीय सञ्चित कोषको हिसाब यथार्थपरक देखिएन ।

सोही ऐनको दफा ७ मा रोयल्टीबापत प्राप्त हुने रकम सङ्घीय विभाज्य कोषमा ५० प्रतिशत, प्रदेश विभाज्य कोषमा २५ प्रतिशत र स्थानीय विभाज्य कोषमा २५ प्रतिशत जम्मा हुने व्यवस्था छ। यो वर्ष विभाज्य कोष खातामा जम्मा भएको रू.५ अर्ब ४३ करोड ९ लाख २०७७।९।२७ मा बाँडफाँट गरेको देखिन्छ । तर सङ्घीय राजस्वको हिस्सा सङ्घीय सञ्चित कोषमा आषाढमा नै जम्मा भएको देखाएकोले हिसाब यथार्थपरक देखिएन ।

१६. **शोधभर्ना बाँकी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७ को मा विभिन्न दातृपक्षसँग भएको सम्झौताको आधारमा शोधभर्ना हुने गरी भएको खर्च माग गर्ने, प्राप्ती र बाँकीको अभिलेख राख्नपर्ने व्यवस्था छ। यो वर्ष वैदेशिक ऋणतर्फ शोधभर्ना हुन बाँकी रकम रु.१२ अर्ब ७३ करोड ४३ लाख देखिन्छ । वैदेशिक अनुदानतर्फ शोधभर्ना हुन बाँकी रकम रु.९ अर्ब १ करोड ३६ लाख रहेको छ। आयोजना कार्यक्रम खुल्न बाँकीबाट रु.६२ करोड ६० लाख र रु.१२ अर्ब ५७ करोड ६३ लाख ऋण शोधभर्ना ऋणात्मक देखिन्छ ।

प्रदेश तहमा शोधभर्ना हुनुपर्ने ऋण गत वर्ष रु.३ अर्ब ६४ करोड ७२ लाख रहेको र यो वर्ष रु.९९ करोड ३२ लाख खर्च भएकोले शोधभर्ना प्राप्त नभएकोले हालसम्म रु.४ अर्ब ६४ करोड ४ लाख शोधभर्ना प्राप्त हुन बाँकी रहेको छ। त्यसैगरी स्थानीय तहमा शोधभर्ना हुने ऋणतर्फ गत वर्षको जिम्मेवारी रु.१ करोड १८ लाख र यसवर्ष खर्च रु.६ अर्ब १० करोड ७४ लाख गरी रु.६

अर्ब ११ करोड ९२ लाख शोधभर्ना प्राप्त गर्न बाँकी देखिन्छ । प्रदेश र स्थानीय तहमा प्रयोग भएको वैदेशिकऋण अनुदानको सोधभर्ना न्यून छ ।

• कानुनको परिपालना

१७. **मोबिलाइजेशन पेस्कीको ब्याज -** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११३ मा निर्माण व्यवसायीले सम्झौतामा उल्लिखित अवधिभित्र कार्य सम्पादन नगरेमा पेस्की फिर्ता लिँदा १० प्रतिशत ब्याजसमेत असुल गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सडक डिभिजन सुर्खेत, पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय पाँचथर, गोरखा र काभ्रेपलान्चोक, गाईघाट दिक्तेल सडक योजना, पुल योजना पश्चिम सेक्टर नं.३ नेपालगञ्ज, सडक क्षेत्र विकास आयोजना, ११ किलो - छेपेटार - भालुस्वार - बारपाक सडक योजना गोर्खा, सङ्घीय सडक अनुगमन तथा सुपरीवेक्षण कार्यालय काठमाण्डौ समेत ९ कार्यालयले २१ निर्माण व्यवसायीलाई दिएको पेस्की रु.३२ करोड ७६ लाख ११ हजार बैङ्क जमानत जफत गरी फस्यौंट गरेकोमा रु.४ करोड ९९ लाख ६ हजार ब्याज असुल गरेको छैन ।

लमही-घोराही-तुलसीपुर सडक खण्ड निर्माण गर्न निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा ५० प्रतिशत अवधिमा ३० प्रतिशत भौतिक प्रगति नभएमा बैङ्क जमानत मार्फत् ५० प्रतिशत पेस्की जफत गर्ने व्यवस्था छ । २०७७ वैशाख मसान्तमा ५० प्रतिशत अवधि पूरा भए तापनि ३० प्रतिशत भौतिक प्रगति नपुगेकोले सम्झौताअनुसार पेस्की वाँकी अमेरिकी डलर १० लाख ६३ हजारको ५० प्रतिशतले हुने अमेरिकी डलर ५ लाख ३२ हजार जफत गरेको देखिएन । गाईघाट दिक्तेल सडक योजना कार्यालय, उदयपुरअन्तर्गत दिक्तेल खण्डको सडक विस्तार कार्य गर्न निर्माण व्यवसायीलाई दिएको पेस्की रु.४ करोड ७२ लाख ६९ हजार फस्यौंट गर्न बाँकी रहेको छ। सम्झौता अवधिको ८० प्रतिशत अवधि २०७७।६।३० मा समाप्त भएको छ । कार्यालयले २०७७।३।१९ मा पेस्की जफत गरी धरौटी खातामा जम्मा गर्न राष्ट्रिय वाणिज्य बैङ्क, भद्रपुरलाई अनुरोध गर्दासमेत पेस्की असुल भएको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

१८. **बीमा प्रिमियम फिर्ता -** मध्य एअर बेस, भी.भी.आई.पी. उडान सेवा, हवाई तालिम केन्द्र र पश्चिम एयर बेसमा भएका हवाई साधनको बीमा गर्न एक बीमा कम्पनीसँग बीमा प्रिमियम अमेरिकी डलर ७ लाख ४८ हजार ९४ भुक्तानी गर्ने १ वर्षका लागि सम्झौता गरेको छ । उक्त सम्झौतामा ग्राउन्डेड भएका जहाजको ४० प्रतिशत बीमा प्रिमियम भुक्तानी गरी बाँकी ६० प्रतिशत सम्झौता अबधि समाप्त भएको ६० दिनभित्र फिर्ता गर्नुपर्ने उल्लेख छ । उक्त सम्झौताको अबधि २०७७।७।२१ मा समाप्त भएकोमा ४५ दिन थप भएको छ । सम्झौताअनुसार २०७७।११।६ मा १५ हवाई साधनको प्रिमियम अमेरिकी डलर १ लाख ६२ हजार ९९३ को हुने रु.१ करोड ९७ लाख १७ हजार फिर्ता हुनुपर्नेमध्ये रु.८५ लाख ५५ हजार मात्र दाखिला गरेकोले रु.१ करोड ११ लाख ६२ हजार असुल गर्नुपर्ने देखिएको छ । एक हवाई साधन २०७६।१।३० देखि र अर्को एक हवाई साधन २०७५।१।३१ देखि नै ग्राउण्डेड भए पनि उक्त साधनको २०७५।७६ को प्रिमियम यो वर्षसम्म फिर्ता भएको नदेखिएकोले यकिन गरी असुल गर्नुपर्दछ ।

१९. **सरकारी जग्गा दर्ता -** मालपोत ऐन, २०३४ मा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता गर्न नहुने र दर्ता भएमा स्वतः बदर हुने व्यवस्था छ । मालपोत कार्यालय भक्तपुरको कार्य क्षेत्रको साविक दिव्यश्वरी गा.वि.स. ७ख कित्ता नं. २४५ को ४५ रोपनी १५ आना जग्गा फिल्ड बुक र जग्गाधनी श्रेस्ता अनुसार नेपाल सरकारको नाममा कायम भै विवरणमा नदी उल्लेख भएकोमा नापी कार्यालयको निर्णयले २०३७।६।२० मा कित्ताकाट भई कित्ता नं २५७ मा ४ रोपनी ४ आना र कित्ता नम्बर २५८ मा ४१ रोपनी ११ आना जग्गा कायम भएको देखिन्छ । यसरी कित्ताकाट भएका मध्ये कित्ता नम्बर २५७ को जग्गा २०४९।५।१९ को मिलापत्र दाखिला खारेजको तथा २०४९।७।५ को हालैको बकसको निर्णयबाट ५ जनाको नाममा र कित्ता नम्बर २५८ को जग्गा २०४६।१०।१९, २०४७।५।२१ तथा २०५०।५।२३ को राजीनामा पासको निर्णयले किताकाट भई दुई ईन्डष्ट्रिज

समेत आठ जनाको नाममा जग्गा धनीपुर्जा कायम गरेको देखिन्छ। नेपाल सरकारको नाममा श्रेस्ता कायम भएको सार्वजनिक जग्गा कित्ताकाट गरी व्यक्तिको नाममा कायम गर्ने कार्य कानून विपरीत भएकाले आवश्यक छानविन गरी सो जग्गा नेपाल सरकारको नाममा कायम गर्नुपर्दछ ।

२०. **खिम्ती जलविद्युत योजना** - वैदेशिक लगानीमा बनेको खिम्ती जलविद्युत आयोजनाबाट ६० मेघावाट विद्युत उत्पादन गर्नेगरी २०५१।८।२९ मा नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद सम्झौता गरेको थियो । सम्झौता अनुसार उत्पादन शुरु भएको २० वर्ष पछि रू.१ मूल्यमा ५० प्रतिशत स्वामित्व नेपाल विद्युत प्राधिकरणको हुने उल्लेख छ । उक्त कम्पनीले २०५७ आषाढ देखि व्यापारिक उत्पादन शुरु गरेकोले २०७७ आषाढमा ५० प्रतिशत स्वामित्व नेपाल विद्युत प्राधिकरणमा प्राप्त गर्नुपर्नेमा सो हुन सकेको छैन। आयोजनाको ५० प्रतिशत स्वामित्व हस्तान्तरणका लागि प्राधिकरण र प्रवर्धक कम्पनी दुवैको स्वामित्व रहने गरी छुट्टै कम्पनी स्थापना गर्नु पर्ने, हाल उक्त कम्पनी बनी नसकेको, नयाँ कम्पनीले पून विद्युत विक्रीको लागि विद्युत खरिद सम्झौता गर्नुपर्ने जस्ता प्रक्रिया पूरा नभएको कारण जनाई स्वामित्व हस्तान्तरणमा ढिलाई गरेको देखिन्छ । यसबाट प्राधिकरणलाई प्राप्त हुन आयमा असर नपर्ने व्यवस्था हुनुपर्दछ ।

२१. **सम्झौताका शर्त** - मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (सम्झौता) को धारा ७ मा यो सम्झौता लागू हुनका लागि पूर्वशर्तको रूपमा पक्षहरूद्वारा कार्यक्रम कार्यान्वयन सम्झौतामा हस्ताक्षर गरेको हुनुपर्ने व्यवस्था रहेको छ। सम्झौतामा उल्लेख भएका व्यहोरा र नेपालको राष्ट्रिय कानुन बाझिएमा यो सम्झौता लागू हुने यस सम्झौताको दफा ७.१ मा उल्लेख छ । कानुन तथा न्याय मन्त्रालयको रायअनुसार सम्झौताको दफा ७.२ मा भएको व्यवस्थाबमोजिम यो सम्झौताको संसदीय अनुमोदन गर्नुपर्ने उल्लेख छ । सम्झौताका पूर्वशर्तहरू पूरा नभएको कारण जनाई एमसीसीले पूर्व तयारी कामको लागि निकासा रोकेको छ । कम्प्याक्ट डेभलपमेन्ट फण्ड (सीडीएफ) तर्फ बजेट विनियोजन गरी एमसीसी विकास समितिको कार्यालय स्थापना गरी परियोजनासम्बन्धी प्रारम्भिक कार्यमा यस वर्ष खर्च भएको रू.१ अर्ब २४ करोड १४ लाख ६६ हजारसमेत हालसम्म नेपाल सरकारको स्रोतबाट रू.९५ करोड ७६ लाख ९४ हजार र एमसीएको स्रोतबाट रू.१ अर्ब ३५ करोड २९ लाख १८ हजारसमेत रू.२ अर्ब ३१ करोड ६ लाख खर्च भएको छ । सम्झौताका शर्तहरू पूरा गरी खर्च गर्नुपर्दछ।

२२. **निर्देशन पालना** - नेपाल बैङ्क लिमिटेडले लाभांश घोषणा तथा वित्तीय विवरण साधारण सभा प्रयोजनको लागि सार्वजनिक हुने वार्षिक प्रतिवेदनमा नेपाल राष्ट्र बैङ्कको निर्देशन अनुसार प्रकाशित गनुपर्नेमा प्रकाशित गरेको देखिएन। नेपाल राष्ट्र बैङ्कको पत्रानुसार बीमाङ्कीय खर्च रु.२ अर्ब २१ करोड र गत वर्ष विशेष जगेडाकोषबाट सञ्चित मुनाफामा सारेको रु.१ अर्ब १९ करोडसमेत रु.३ अर्ब ४० करोड पुनः जगेडा कोषमा फिर्ता लैजान निर्देशन दिएको थियो। उक्त रकम समायोजन गर्दा सञ्चित मुनाफा रु.३० करोड ऋणात्मक हुन्छ। उक्त निर्देशन पालना नगरी यस वर्ष १२ प्रतिशतले हुने लाभांश रु.१ अर्ब ८० करोड साधारण सभाबाट पारित भएको छ। निर्देशनको पालना तथा सर्वसाधारण लगानीकर्ता र सरोकारवालालाई सही सूचना प्रवाह गरेको देखिएन।

• अनुदान वितरण र परिचालन

२३. **अनुदान** - कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो वर्ष रासायनिक मल खरिद, उन्नत बीउ विजन, उत्पादन एवं खरिद, मत्स्य विकास, बाली संरक्षण तथा विकास, कृषि यान्त्रीकरण तथा खाद्य सुरक्षा, बाली तथा पशुधन बीमा, तरकारी खेती, पोखरी निर्माण, कृषि औजार लगायतका क्रियाकलापमा रु.१५ अर्ब ६४ करोड २४ लाख अनुदान वितरण गर्न बजेट व्यवस्था गरेकोमा रु.१३ अर्ब ६१ करोड २९ लाख अर्थात् विनियोजित बजेटको ८७.०३ प्रतिशत खर्च गरेको छ। अनुदानमध्ये रासायनिक मल र अन्य मल खरिदका लागि कृषि सामग्री कम्पनी लिमिटेडलाई रु.७ अर्ब १२ करोड २६ लाख र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई रु.३ अर्ब ४० करोड ६९ लाख गरी जम्मा रु.१० अर्ब ५२ करोड ९५ लाख वितरण गरेको देखियो । गतवर्ष भन्दा अनुदान १०.७४ प्रतिशतले वृद्धि गरी रु १३ अर्ब

६१ करोड वितरण गर्दा तरकारी उत्पादनतर्फ ४.२६ र फलफूलतर्फ ६.९६ प्रतिशतले घटेको देखिन्छ। उत्पादन, उत्पादकत्व एवं लक्ष्य तथा उपलब्धिको विवरण अद्यावधिक राखी प्राथमिकताको आधारमा अनुदानको उपयोग गर्नुपर्दछ ।

मन्त्रालयले कृषकलाई अनुदान उपलव्ध गराउने प्रयोजनका लागि अर्थ मन्त्रालयको सहमती नलिई अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, शीत भण्डार गृह स्थापना कार्यक्रम कार्यन्वयन कार्यविधि र कृषि तथा पशुपन्छी बिमा निर्देशिका, २०७७ लगायतका निर्देशिकाहरू तयार गरी कार्यान्वयनमा ल्याएको छ । अर्थ मन्त्रालयको सहमती बेगर ५० प्रतिशत देखि १०० प्रतिशतसम्म सहजीकरण अनुदान प्रदान गर्ने गरी मन्त्रालयले विभिन्न कार्यविधि बनाएकोले नियमको पालना भएको देखिएन । अनुदान वितरण गर्दा सबै क्षेत्र र वर्ग नसमेटिएको तथा अनुदानमा कमजोर र विपन्न कृषकको पहुँच नपुगेको जस्ता व्यहोरा देखिएको छ । एकीकृत कार्यविधि तयार गरी अनुदान नीतिलाई स्पष्ट र एकरुपता बनाउनुपर्दछ ।

२४. **रासायनिक मल व्यवस्थापन -** रासायनिक मलको सामान्य माग वार्षिक ६ लाख मेट्रिक टन भए तापनि कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेडले २०७४।७५ मा ३ लाख ६६ हजार ७९४ मेट्रिकटन, २०७५।७६ मा ३ लाख ५९ हजार ८६ मेट्रिकटन र २०७६।७७ मा ३ लाख ९५ हजार ९५९ मेट्रिकटन मलको आपूर्तिको गरेका छन् । विगत ३ वर्षमा वार्षिक अनुमानित मागको करिब ६३ प्रतिशत मात्र आपूर्ति भएको छ । मल आपूर्तिको विश्लेषण गर्दा वोलपत्र सूचना आह्वानदेखि आयात विन्दुमा सामान डेलिभरी गर्न औसतमा २०६ दिन लागेको देखिन्छ । मल आपूर्तिमा २०७४।७५ को ७ ठेक्काका आपूर्तिकर्ताले २२२ दिनसम्म, २०७५।७६ को ७ ठेक्कामा २०३ दिनसम्म र २०७६।७७ को ७ ठेक्कामा ५७ दिनसम्म ढिलाइ गरेका छन। जसका कारण औसत आपूर्ति समय करिब २२४ दिन लागेको छ । हिँउदे बालीको लागि असोज, कार्तिक महिना र वर्षे बालीको लागि चैत्र, वैशाख र जेष्ठ महिनामा मल आउने गरी ठेक्का प्रक्रिया अगाडि बढाए पनि निर्धारित समयमा मल प्राप्त गर्न सकिएको छैन् । बन्दरगाहमा घुइँचो, खराब मौसम, रेल्वे ऱ्याक समयमा उपलब्ध नभएको, सामुद्रिक आँधीजस्ता कारणले म्याद थप हुने गरेको छ । म्याद थप नभएकोमा हर्जाना असुल गरेर खरिद कार्य सम्पन्न गरे तापनि समयमा आपूर्ति नँहुदा हरेक वर्ष मुख्य बालीको समयमा रासायनिक मलको अभाव हुने गरेको छ।

त्यस्तै २०७६।७७ र २०७७।७८ को पहिलो अर्ध वार्षिक अवधि मा कृषि सामग्री कम्पनी लिमिटेडले खरिदको लागि छनौट गरेका ६ आपूर्तिकर्ताले १ लाख ३० हजार मे. टन युरीया मल र २० हजार मेट्रिकटन.डि.ए.पी. मल आपूर्ति गर्न सकेनन् । सम्झौता अनुसार भदौ, असोज, कार्तिक र मंसिर महिनामा मल आपूर्ति हुन नसक्दा धानको बाला लाग्ने र हिँउदे बाली लगाउने समयमा मल उपलब्ध हुन सकेन ।

२५. **अनुगमन एवं मूल्याङ्कन -** अर्थमन्त्रालयबाट पशु बीमा कार्यक्रमका लागि कृषि विकास बैङ्कलाई रु.६ करोड ४४ लाख र साना किसान विकास बैङ्कलाई रु.९ करोड ५० लाख तथा पशुधन तथा कर्जा सुरक्षण कार्यक्रमका लागि निक्षेप तथा कर्जा सुरक्षण निगमलाई रु.४१ करोड ६६ लाख ११ हजारसमेत रु.५७ करोड ६० लाख ११ हजार अनुदान उपलब्ध गराएको छ। नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कमार्फत् उपलब्ध गराएको ब्याज अनुदान गत वर्षसम्मको रु.१ अर्ब २५ करोड ५ लाख तथा यस वर्ष थप भएको रु.१ अर्बसमेत रु.२ अर्ब २५ करोड ५ लाख पुगेको छ । यो वर्ष निजी प्रकृतिका ११ शीतघर तथा खाद्यान्न भण्डारलाई रु.१० करोड ४९ लाख ४१ हजार ब्याज अनुदान दिएको छ। मन्त्रालयले खर्चको अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार गरेको छैन ।

२६. **औद्योगिक ग्राम -** औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ को वुंदा ३ मा औद्योगिक ग्रामको स्थापना गर्न आर्थिक तथा भौगोलिक दृष्टिकोणवाट उपयुक्त हुनुपर्ने तथा न्यूनतम वातावरणीय असर भएको हुनुपर्ने उल्लेख छ । गत वर्ष २९ तथा यो वर्ष ४५ समेत ७४ औद्योगिक

ग्राम निर्माण गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले रु.६८ करोड ८ लाख अनुदान खर्च गरेतापनि रकम उपलव्ध गराउनु पूर्व भौगोलिक रुपमा उपयुक्त भएको आधार स्पष्ट नगरेको तथा सामुदायिक तथा सरकारी वन क्षेत्रमा परेकोमा वन तथा वातावरण मन्त्रालयले सहजीकरण गरी न्यूनतम वातावरणीय असर प्रतिवेदन समेत दिएको छैन । उक्त कार्यविधी तथा नेपाल सरकारको निर्णय वमोजिम सबै प्रक्रिया पुरा नभई स्थानीय निकायलाई रकम उपलव्ध गराउनु उपयुक्त देखिएन।

यस वर्ष प्रत्येक प्रदेशमा १०/१० का दरले औद्योगिक ग्राम स्थापन गर्ने कार्यक्रम रहेकोमा प्रदेश नं.१ मा ५, प्रदेश नं. २ मा ४, वागमती प्रदेशमा ६, गण्डकी प्रदेशमा १५, लुम्विनी प्रदेशमा ९, कर्णाली प्रदेशमा १ र सुदूरपश्चिम प्रदेशमा ५ समेत ४५ औद्योगिक ग्राम घोषणा भएको आधारमा ४३ स्थानीय तहलाई मन्त्रालयले रु.३९ करोड ५६ लाख आर्थिक वर्षको अन्त्यमा उपलब्ध गराएको छ। वर्षान्तसम्म खर्च नभएको रकम यकिन गरी सङ्घीय सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

२७. **नगद प्रोत्साहन अनुदान -** निर्यातमा अनुदान प्रदान गर्ने कार्यविधि, २०७५ मा नेपालमा उत्पादित वस्तु निर्यात गरेमा मूल्य अभिवृद्धिको आधारमा ५ प्रतिशतसम्म नगद अनुदान दिने व्यवस्था छ । यो वर्ष १३७ उद्योगलाई रु.८५ करोड ६९ लाख २० हजार निर्यात वापत नगद अनुदान दिएको छ । उत्पादनमा सहुलियत दिने र सोही उत्पादन निर्यात गर्दा पुनः नगद अनुदान दिनुले एकै उद्योगले दोहोरो सुविधा उपयोग गर्न पाउने अवस्था देखिन्छ । दोहोरो सुविधा नहुने गरी अनुदान दिने व्यवस्था गर्नु पर्दछ।

नगद प्रोत्साहन कार्यविधि, २०७० ले उद्योगलाई ३ प्रतिशत सम्म नगद अनुदान दिने व्यवस्था रहेकोमा नयां कार्यविधी २०७५ ले ५ प्रतिशतसम्म अनुदान दिन सकिने व्यवस्था गरेकोछ। अनुदान रकम वृद्धिले निकासीमा उत्साहप्रद प्रगति देखिनुपर्नेमा विगत वर्षको तुलनामा धागो २५.८ प्रतिशत, ऊनी गलैचा १६.४ प्रतिशत, तयारी पोषाक २३.२ प्रतिशत, फलाम तथा स्टिल ५४.३ प्रतिशत, नुडल्स पास्ता ३९.६ प्रतिशत, मासुजन्य ८०.९ प्रतिशत, गरगहना ६५.७ प्रतिशत लगायतका २८ उत्पादनको निर्यात घटेको छ । निर्यात भएका वस्तुमा गतवर्ष रु.७२ करोड २ लाख ६० हजार अनुदान दिएकोमा यो वर्ष अनुदान खर्चमा वृद्धि भई रु.८५ करोड ६९ लाख २० हजार पुगेको छ । अनुदान वृद्दि गरेतापनि निर्यात घट्ने स्थिति उपर कार्यविधिमा पुनरावलोकन गर्नु पर्दछ ।

२८. **ब्याज -** किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम अन्तर्गत कृषकलाई ५ प्रतिशत ऋण उपलव्ध गराउने नेपाल सरकारको नीति अनुसार साना किसान विकास बैङ्क लि. संग रु.८० करोडको सम्झौता भएको छ । सम्झौतामा नेपाल सरकारबाट १.५ प्रतिशत व्याजमा बैङ्कले ऋण रकम लिने, वैंकले सोही रकमको ३.५ प्रतिशत व्याजदरमा सहकारी संस्थालाई ऋण उपलव्ध गराउने तथा सहकारी संस्थाले ९ प्रतिशत व्याजमा कृषकलाई ऋण उपलव्ध गराउने व्यवस्था छ । यो वर्षसम्म रुपन्देही, बांके र सुर्खेतका ३ वित्तीय संस्थाले ७७ साना किसान कृषि सहकारी संस्थालाई रु.१ अर्ब ३७ करोड ७६ लाख ऋण प्रवाह गरेको देखिन्छ । नीति अनुसार ५ प्रतिशत व्याजदरमा ऋण उपलव्ध गराउने उल्लेख भएतापनि कृषकले ९ प्रतिशत व्याज तिर्नुपर्ने अवस्था देखिएको छ । कृषकमैत्री व्याज नीतिको अवलम्वन गर्नुपर्दछ।

२९. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा ४ प्रतिशत कन्टिजेन्सी खर्च समावेश गर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक संकेत वर्गीकरण र व्याख्या अनुरुप अर्थ मन्त्रालयबाट बजेट विनियोजन हुने इन्धन, सूचना प्रकाशन, दैनिक तथा भम्रण भत्ता, मर्मत, ज्याला लगायतका कार्यमा यो वर्ष २४ कार्यालयले कन्टिजेन्सीबाट रु.३८ करोड ८५ लाख खर्च गरेका छन् । सडक विभाग र अन्तगतका ६९ कार्यालयले मष्टरोल ज्याला रु.२० करोड १३ लाख, इन्धन खर्च रु.७ करोड ७४ लाख, सूचना प्रकाशन खर्च रु.१० करोड ८८ लाख, दैनिक तथा भ्रमण भत्ता खर्च रु.५ करोड ९ लाख, मर्मत खर्च रु.१२ करोड ६६ लाख, कार्यालय सामान रु.३ करोड ८४ लाख र अन्य खर्च

रु.१२ करोड २६ लाख र ५४ कार्यालयले विभागमा पठाएको रु.२८ करोड ९९ लाख समेत रु.१ अर्ब १ करोड ५९ लाख कन्टिन्जेन्सी रकमबाट खर्च गरेका छन् । नियमित बजेट विनियोजन हुने शीर्षकमा कन्टिजेन्सीबाट समेत खर्च गर्ने परिपाटी रहेकोले बजेट नियन्त्रण प्रणाली प्रभावकारी देखिएन। कन्टेजेन्सी खर्चको मापदण्ड बनाई अत्यावश्यक कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

• सुविधा र मापदण्ड

३०. **सुविधासम्बन्धी मापदण्ड -** विशिष्ट व्यक्तिहरूको लागि सेवा सुविधासम्बन्धी मापदण्ड स्वीकृत गरी सोही अनुरुप उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ । सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयबाट विशिष्ट व्यक्तिहरूका लागि मागअनुसार फर्निचर, भान्साका अन्य सामान, कार्पेट, पर्दा आदि उपलब्ध गराइ भौतिक सुविधाका सामान र चालु प्रकृतिका सामान खरिद गरी गत वर्ष रु.५ करोड ८७ लाख खर्च गरेकोमा यो वर्ष रु.१४ करोड १७ लाख १७ हजार खर्च गरेको छ । विशिष्ट व्यक्तिले प्रयोग गरेका निवासमा विगतदेखिका सामानको बारेमा केही उल्लेख नगरी प्रत्येक वर्ष एकै प्रकृतिका सामान खरिद गरी उपलब्ध गराउदै आएको छ । मापदण्ड स्वीकृत नगरेका कारण सामानको गुणस्तर, परिमाण तथा खर्चमा एकरुपता हुन सकेको छैन । विशिष्ट व्यक्तिहरूको लागि आवश्यक पर्ने बजेट सम्बन्धित निकायमा नै विनियोजन गर्ने र सेवा सुविधासम्बन्धी मापदण्ड बनाइ खर्च गर्नुपर्दछ।

३१. **स्वास्थ्य बीमा र आवास —** विदेशस्थित कूटनीतिक नियोग कार्यालय र कर्मचारी आवासको लागि घर भाडा बापत यो वर्ष रु.८१ करोड १० लाख (नियोगको चालु खर्चको २९.३४ प्रतिशत) खर्च भएको छ । कर्मचारी आवासको लागि लिइएको घरमा उपलब्ध गराएको सुविधा र भाडा रकमसम्बन्धी मापदण्डमा विविधता देखिएकोले परराष्ट्र मन्त्रालयले स्पष्ट मापदण्डसहितको नीति बनाई कार्यान्वयन गर्न सार्वजनिक लेखा समितिले २०६९।१।५ मा निर्देशन दिए तापनि हालसम्म कार्यान्वयन भएको छैन ।

मन्त्रिपरिषद्को २०५१।२।२३ निर्णयमा नियोग प्रमुख, अन्य कर्मचारी र निजका आश्रित परिवार तथा निजी कामदारको स्वास्थ्य बीमा र बीमकले आफैंले तिर्नुपर्ने शुल्क वा कमिसन भएमा सोसमेत नेपाल सरकारले व्यहोर्ने उल्लेख छ । बीमा हुन नसक्ने भएमा मन्त्रालयको पूर्व स्वीकृति लिई गराइएको स्वास्थ्योपचारमा लागेको खर्च रकम नेपाल सरकारले व्यहोर्ने उल्लेख छ । यो वर्ष विदेशस्थित ३९ कूटनैतिक नियोगले नियोग प्रमुख, कूटनीतिक कर्मचारी, आश्रित परिवार र निजी कामदारको स्वास्थ्य बीमा तथा उपचार खर्चको लागि रु.२० करोड १६ लाख १३ हजार खर्च भएको देखिन्छ । पदाधिकारी, कर्मचारी तथा तिनका परिवारको औषधोपचार खर्चमा सम्बन्धित पदाधिकारीको समेत निश्चित प्रतिशत योगदान हुने व्यवस्था मिलाउनुपर्दछ ।

३२. **आर्थिक सहायता -** नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी मन्त्रिपरिषदबाट स्वीकृत कार्यविधि,२०६८(दोश्रो संसोधन २०७३) अनुसार राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिलाई औषधोपचारका लागि बाहेक अन्य प्रयोजनका लागि कुनै पनि व्यक्तिलाई आर्थिक सहायता उपलब्ध नगराइने उल्लेख छ । उपचार खर्च प्राप्त गर्ने व्यक्तिहरूको नाम सहितको विवरण गृह मन्त्रालयको वेवसाइटमा राखिने उल्लेख छ । यो बष ३१४ जना व्यक्ति तथा संस्थालाई कुल रु.९ करोड ११ लाख ६७ हजार वितरण गरेको छ ।

स्वास्थ्य सेवा विभागले सामाजिक रुपमा पिछडिएका वा आर्थिक रुपमा विपन्न नागरिकहरूका लागि राज्यले विशेष व्यवस्था गर्न, तथा औषधि उपचार वापत सहायता पुऱ्याउन मुटु, मृगौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाईनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमिया रोग पहिचान र निःशुल्क उपचार गर्न रु.२ अर्ब ३० करोड ७९ लाख २५ हजार विभिन्न अस्पताललाई सोधभर्ना गरेको छ। आर्थिक सहायता दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्था हुनुपर्दछ । विपन्न नागरिकको उपचार गर्ने

स्वास्थ्य संस्थाको अनुगमन गरी खर्चको यथार्थता यकिन गर्नुको साथै सबै प्रकारका रोगको उपचार सुनिश्चित गर्न स्वास्थ्य बीमा कार्यक्रमलाई विस्तारित गर्नुपर्दछ ।

३३. **नक्सा पास तथा मापदण्ड -** भवन ऐन, २०५५ को दफा ११ मा नगरपालिका क्षेत्रभित्र भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानुनबमोजिम सम्बन्धित स्थानीय तहबाट नक्सा तथा डिजाइन स्वीकृत गराउनुपर्ने उल्लेख छ । शहरी विकास तथा भवन निर्माण विभाग र अन्तर्गतका कार्यालयहरूले निर्माण गरेका सरकारी कार्यालय भवनहरूको उक्त ऐनमा व्यवस्था भएबमोजिम नक्सा तथा डिजाइन स्वीकृत गराएको पाइएन ।

त्यस्तै भवन निर्माण गर्दा सङ्घीय सरकारले तोकेको मापदण्डको अधीनमा रही स्थानीय सरकारले पनि मापदण्ड तयार गरी लागू गर्न सक्ने देखिन्छ । भवन निर्माण सम्बन्धी मापदण्ड, २०६४ अनुसार सङ्घीय सरकारले भुई क्षेत्रको अनुपात (फ्लोर एरिया रेसियो) आवास क्षेत्रमा २ र व्यापारिक क्षेत्रमा ३ रहने, संरक्षित क्षेत्रमा भवनको तला अधिकतम ५ र उचाइ ४५ फिट रहने उल्लेख गरेकोमा काठमाडौं महानगरपालिकाले सो मापदण्ड प्रतिकुल सबै भवनको फ्लोर एरिया रेसियो ३.५, संरक्षित उपक्षेत्रमा तला ७ तथा अधिकतम उचाई ६५ फिट र मिश्रित पुरानो बसोबास क्षेत्रमा ८ तला तथा अधिकतम उचाई ७५ फिट तोकेको देखियो । शहरी संरचनामा यस प्रकार मापदण्ड फरक गर्दा समन्वय भएको छैन । मापदण्डमा एकरुपता ल्याई समन्वयात्मक तवरले भवन निर्माण कार्यको स्वीकृति दिने व्यवस्था मिलाउनुपर्दछ ।

• लेखापरीक्षण र जवाफदेहिता

३४. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले आय व्यय तथा कारोवारको लेखा र वित्तीय विवरण **पेस** गरी महालेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । सार्वजनिक निकायले खर्च गरेको कारोबारको लेखापरीक्षण गराई वित्तीय जवाफदेहिता पालना गर्नुपर्नेमा नगरेका केही व्यहोरा निम्न छन्:

३४.१. यो वर्ष त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका १४६ निकायमध्ये १३३ निकायले र बक्यौतातर्फ ४४ निकायको १७९ आर्थिक वर्षमध्ये ४ निकायले ४ आर्थिक वर्षको आर्थिक विवरण **पेस** गरी लेखापरीक्षण गराएका छन् भने १३ निकाय र बक्यौतातर्फ ४० निकायको १८८ आर्थिक वर्षको लेखा र आर्थिक विवरण **पेस** नगरेकोले लेखापरीक्षण हुन सकेन । बाँकी निकायको कानून अनुसार समयमै लेखापरीक्षण गराउनुपर्दछ ।

३४.२. नेपाल पर्यटन बोर्डलाई विगत वर्षदेखिको लेखापरीक्षण गराउन पटक पटक पत्राचार गरेकोमा यो वर्ष २०७४।७५ र २०७५।७६ को स्रेस्ता लेखापरीक्षण गराउन लेखापरीक्षक नियुक्ति गरी पठाए तापनि लेखापरीक्षण सम्पन्न भएको छैन । चालु वर्षको समेत लेखापरीक्षण गराउनुपर्दछ ।

३४.३. नेपाल कृषि बजार विकास कार्यक्रमको रु.२२ करोड ७७ लाख ६९ हजार र कृषि सेवा विकास कार्यक्रमको रु.११ करोड ४४ लाख ६७ हजार गरी रु ३४ करोड २२ लाख ३६ हजार, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको परामर्शदाता र सेवा खर्च शिर्षकमा रु.११ करोड ३६ लाख ७४ हजार र किसानका लागि उन्नत वीउवीजन कार्यक्रमको रु.१ करोड ६० लाख ३५ हजार समेत कुल रु.४७ करोड १९ लाख ४५ हजार खर्च गरेको देखिन्छ । सोझै भुक्तानी तर्फको स्रेस्ता दातृसंस्थाबाटै लेखापरीक्षण गराउने गरी सम्झौता गरेकोले लेखापरीक्षण गराएको छैन ।

३४.४. वन तथा वातावरण मन्त्रालय र संयुक्त राष्ट्र सङ्घीय वातावरण कार्यक्रम बीच भएको सम्झौतामा खर्चको लेखापरीक्षण राज्यको स्वतन्त्र निकायबाट गरिने उल्लेख छ । मन्त्रालयको वार्षिक आर्थिक विवरण अनुसार सोझै भुक्तानी अनुदान श्रोतबाट प्राप्त रु.२३ करोड ३५ लाख २३ हजार खर्च भएको रकमको श्रेस्ता मन्त्रालयबाट लेखापरीक्षणको लागि **पेस** भएको छैन ।

३४.५. गृह मन्त्रालयतर्फ क्षमता अभिवृद्धि र भौतिक संरचना विकास गर्ने मुख्य कार्यका साथ सुरक्षा र न्याय सवलीकरण गर्ने एकीकृत कार्यक्रम सञ्चालन गर्न जनवरी २०१५ देखि डिसेम्वर २०२० सम्म सयुंक्त अधिराज्य वेलायतबाट अमेरिकी डलर ५ करोड ७१ लाख ५० हजार प्राप्त हुने उल्लेख छ। सो मध्ये यो वर्ष अमेरिकी डलर ९५ लाख २५ हजार प्राप्त हुने उल्लेख गरेकोमा लेखापरीक्षणका लागि वित्तीय विवरण **पेस** गरेको छैन ।

३४.६. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई यो वर्ष एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा जर्मन सरकारको सहयोग अन्तर्गत के.एफ.डब्लु. बाट सोझै भुक्तानी हुने गरी अनुदानतर्फ रु.३६ करोड ३६ लाख बजेट व्यवस्था भएकोमा रु.२५ करोड ६७ लाख खर्च भएको छ । मन्त्रालयले उक्त रकम ३ निर्माण व्यवसायीलाई स्वास्थ्य संस्थाको भवन निर्माण बापत भुक्तानी गरेको जनाए तापनि खर्चको स्रेस्ता लेखापरीक्षणको लागि पेस गरेको छैन । सोको लेखापरीक्षण गराउनुपर्दछ ।

३४.७. राष्ट्रिय क्षयरोग केन्द्र, इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखा र राष्ट्रिय एड्स तथा यौनरोग केन्द्रअन्तर्गतका कार्यक्रम सञ्चालनका लागि १९ जुलाई २०१८ मा स्वास्थ्य मन्त्रालय, सेभ द चिल्ड्रेन इन्टरनेसनल र ग्लोबल फन्ड बीच भएको त्रिपक्षीय सम्झौतामा सेभ द चिल्ड्रेन इन्टरनेसनललाई प्रमुख प्राप्तिकर्ताको रुपमा लिई २०२१ सम्म रु.३ अर्ब ३८ करोड २१ लाख ५० हजारको सम्झौता भई यो वर्ष रु.३० करोड ४२ लाख ९२ हजार खर्च भएको छ । वैदेशिक सहायता रकम सरकारी निकायबाट खर्च गरी सोको लेखापरीक्षण गराउनुपर्दछ ।

३४.८. यो वर्ष ४९ संस्थाको बक्यौता समेत ६८ आर्थिक वर्षको लेखापरीक्षण गर्नुपर्नेमा ४० संस्थाको ५६ आर्थिक वर्षको सम्पन्न भएको छ । सम्पन्नमध्ये सबैको अन्तिम प्रतिवेदन जारी भई ९ संस्थाको १२ आर्थिक वर्षको लेखापरीक्षण बाँकी रहेको छ । सार्वजनिक संस्थानमध्ये १३ ले मात्र २०७८ जेष्ठ मसान्तसम्म २०७६।७७ सम्मको लेखापरीक्षण गराएका छन् भने २५ संस्थानले २०७६।७७ को लेखापरीक्षण नगराएको, खाद्य व्यवस्था तथा व्यापार कम्पनीले २०७६।७७ समेत २ वर्षको, विशाल बजार कम्पनी लिमिटेडले ४ वर्षको तथा राष्ट्रिय बीमा संस्थान र राष्ट्रिय बीमा कम्पनी लिमिटेडले विगत ८ वर्षदेखि लेखापरीक्षण गराएका छैनन् । समयमा नै लेखापरीक्षण नगराउने संस्थाका जिम्मेवार पदाधिकारीलाई कानुनबमोजिम कारबाही गर्नुपर्दछ ।

३५. **लेखापरीक्षण परामर्श -** लेखापरीक्षण ऐन, २०७५ को दफा ११(२) अनुसार संगठित संस्थाले लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ । लेखापरीक्षक नियुक्ति गर्दा परामर्श माग गर्नुपर्ने संगठित संस्थाको संख्या यकिन छैन । यो वर्ष ३० संस्थाको ४२ आर्थिक वर्षको मात्र लेखापरीक्षक नियुक्ति गर्न परामर्श माग गरेका छन् । समयमै परामर्श माग गरी लेखापरीक्षण अद्यावधिक नगराउने संस्थाका सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

३६. **आन्तरिक लेखापरीक्षणको प्रभावकारिता -** आन्तरिक लेखापरीक्षणको कार्यात्मक स्वतन्त्रता कायम हुने गरी संगठनात्मक व्यवस्था, पेशागत सक्षमता, मार्गदर्शन, मानदण्ड, निर्देशिका कार्यान्वयन, क्षमता अभिवृद्धि तथा सुपरिवेक्षणमार्फत् आन्तरिक लेखापरीक्षणको प्रभावकारीता अभिवृद्धि गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षण प्रभावकारी भएको खण्डमा अन्तिम लेखापरीक्षणलाई उच्च जोखिमका विषय र प्रणालीगत सुधार विषयमा केन्द्रित गर्नमा मद्दत पुग्दछ। लेखापरीक्षण प्रतिवेदनलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षणमा संलग्न जनशक्तिको जोखिम पहिचान तथा विश्लेषणसम्बन्धी क्षमता विकासका लागि सञ्चालन हुने तालिम तथा विकास कार्यक्रम न्यून छन् । नियमितताकै सन्दर्भमा पनि आन्तरिक लेखापरीक्षणले औंल्याएको भन्दा अन्तिम लेखापरीक्षणले औंल्याएको विषय र रकममा उल्लेखनीय भिन्नता रहेको हुँदा आन्तरिक लेखापरीक्षणको प्रभावकारिता हासिल गर्न कमी रहेको प्रष्ट हुन्छ । उही प्रकृतिका विषय बेरुजूको रुपमा दोहोरिएको, गुणस्तरिय लेखापरीक्षणका लागि दक्ष कर्मचारीको व्यवस्थापन नभएको, चौमासिक रुपमा लेखापरीक्षण नगरेको, पर्याप्त तालिमको अभाव, लेखा राख्न एवं लेखापरीक्षण गर्न लेखा प्रणाली विषय अध्ययन गरेको योग्यता हुनुपर्ने अनिवार्यता नभएकोले यसमा

संलग्न जनशक्तिको पेशागत क्षमता अभिवृद्धि गर्ने र कार्यात्मक स्वतन्त्रता सहितको आन्तरिक लेखापरीक्षणको संरचनात्मक सुधार गर्नुपर्ने देखिन्छ ।

३७. **ऋण लगानी -** राष्ट्रिय वाणिज्य बैङ्कले अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई रु.४ अर्ब ४५ करोड ६७ लाख र सर्वसाधारणलाई रु.१ खर्ब ५० अर्ब ७९ करोड ७८ लाख ऋण दिएको छ। बैङ्कले कर्जाको तुलनामा धितोको मूल्य कम भएको, सहकारीसँग सम्बन्धित विवाद रहेको, विवाद अदालतमा विचाराधिन रहेको, ऋण असुली न्याधिकरणबाट भएको निर्णय कार्यान्वयन नभएको आदि विवादित र कमसल धितो राखी विभिन्न १७ संस्थालाई रु.२ अर्ब ४४ करोड ६६ लाख ऋण प्रवाह गरेकोमा सोको ब्याज रु.३३ अर्ब ५ करोड १९ लाख पुगेको छ। उक्त ऋण प्रवाह गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई समयमै असुली गर्नु पर्दछ।

• नीतिगत तथा कानुनी सुधार

३८. **दिगो कर प्रणाली -** कर प्रणालीमा संरचनात्मक परिवर्तन गरी आयातमा निर्भर कर प्रणालीलाई क्रमशः आन्तरिक क्रियाकलापमा आधारित तुल्याई दिगो कर प्रणालीमा रुपान्तरण गर्ने लक्ष्य लिएकोमा आशातीत प्रगति हासिल हुन सकेको छैन। आर्थिक वर्ष २०७६।७७ को कुल असुली रु.८ खर्ब ४१ अर्ब ३१ करोड मध्ये भन्सार महसुललाई मात्र आधार लिँदा पैठारीमा आधारित राजस्वको अंश १६.४० प्रतिशत रहेको देखिन्छ भने भन्सार महसुल, पैठारीमा आधारित मूल्य अभिवृद्धि कर र अन्तःशुल्क समेतलाई आधार लिँदा कुल राजस्व असुलीको ३५.६० प्रतिशत (रु.२ खर्ब ९९ अर्ब ४५ करोड) रहेकोले आयातमा आधारित राजस्वको अंश उल्लेख्य देखिन्छ ।

३९. **राजस्व छुट -** आर्थिक ऐन, २०७६ को दफा १८ ले समेत विभिन्न मालवस्तु उद्योग व्यवसायी, संस्था, आयोजनालाई राजस्व छुट दिने व्यवस्था गरेको छ । राजस्व छुट दिने व्यवस्थामा क्रमशः सुधार गरेपनि वस्तु तथा सेवाको पैठारीमा लाग्ने महसुल दरमा दिइने छुट द्रष्टव्य अनुसूची तथा पटके रुपमा गरिने निर्णयका आधारमा यो वर्ष वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनामा निर्माण कार्यका लागि रु.४ अर्ब ११ करोड ९२ लाख, दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता (साफ्टा)अन्तर्गत प्रमाणपत्र संलग्न गरेर रु.२ अर्ब ५९ करोड ४२ लाख भन्सार महसुल र सोको मूल्य अभिवृद्धि कर रु.३३ करोड ८५ लाख समेत रु.२ अर्ब ९३ करोड २७ लाख, विभिन्न निकायको सिफारिसमा रु.३५ अर्ब ६ करोड लगायतमा रु.४५ अर्ब ९ करोड ७८ लाख राजस्व छुट दिएको देखिएको छ ।

उपर्युक्तबमोजिम दिने राजस्व छुटको विषयमा भएको सुधारलाई निरन्तरता दिँदै आर्थिक ऐनको द्रष्टव्य र पटके निर्णयबाट दिइने छुटलाई क्रमशः घटाउँदै लैजानुका अतिरिक्त छुटको कारण गुमेको राजस्वको संसदलाई जानकारी दिई अभिलेख व्यवस्थित गरेर पारदर्शिता प्रवर्द्धनसमेत गर्नुपर्दछ ।

४०. **इन्टरनेट टेलिफोन -** आयकर ऐन, २०५८ को दफा ६७(६) को (ज) अनुसार तार, रेडियो अप्टिकल्स फाइबर्स वा भू-उपग्रह जस्ता सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने व्यवसाय सञ्चालन गर्ने व्यक्तिले नेपालमा स्थापित संयन्त्रबाट खबर वा सूचना सम्प्रेषण गरी प्राप्त गरेको भुक्तानी नेपालमा स्रोत भएको मानिने व्यवस्था छ । सोही ऐनको दफा ६७(६)ठ (२) मा नेपालमा सञ्चालित क्रियाकलापको सम्बन्धमा गरिएका भूक्तानीको स्रोत नेपालमा हुने व्यवस्था छ । इन्टरनेट सेवामार्फत इन्टरनेट टेलिफोन सेवा प्रदान गर्ने भाइबर, मेसेन्जर, स्काइप, ह्वाटस् एप, वीच्याट, इमो तथा बैठक, गोष्ठी, सेमीनार सञ्चालन गर्ने जुम, बेबेक्स, सिस्को जस्ता एप्लिकेसनहरू नेपालमा निर्बाध रुपमा सञ्चालन भैरहेका छन् । कतिपय सेवाको लागि अमेरिकी डलर खाताबाट रकम भुक्तानी समेत भैरहेको अवस्था समेत छ । आयकर ऐनको दफा ६७ बमोजिम नेपालको कराधार क्षेत्रभित्र पर्ने भएकोले सेवा प्रदान गर्नुपूर्व दर्ता हुनुपर्नेमा कुनै पनि सेवाप्रदायक संस्था दर्ता भएको पाइएन । तसर्थ कानुनी तथा नीतिगत सुधार गरी यी सेवा प्रदायकलाई दर्ता गराई राजस्व असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।

सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउन ई-कमर्श तथा भाइवर, म्यासेन्जर, स्काइप, विच्याट, फेसबूकलगायतका सामाजिक सञ्जालमा हुने अनलाइन विज्ञापनलाई कानुनी व्यवस्था गरी करको दायरामा ल्याउनुपर्दछ ।

४१. **मूल्य अभिवृद्धि कर -** यस वर्षको कुल राजस्वमध्ये मूल्य अभिवृद्धि करतर्फ रु.२ खर्ब २४ अर्ब असुली भएको छ । मूल्य अभिवृद्धि कर तर्फ विवरण बुझाउने करदातामध्ये डेबिट विवरण बुझाउने २२.१७ प्रतिशत, क्रेडिट विवरण बुझाउने ४८.३८ प्रतिशत र शून्य विवरण बुझाउने २९.४५ प्रतिशत रहेको देखिन्छ । गतवर्षको तुलनामा यस वर्ष डेबिट विवरण बुझाउनेको संख्यामा कमी आएको छ भने क्रेडिट विवरण र शून्य विवरण बुझाउनेको संख्यामा वृद्धि भएको छ। डेबिट रकम यसवर्ष ११.५१ प्रतिशतले कमी आएकोमा क्रेडिट रकम ६.६९ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी डेबिट र क्रेडिट रकमको अनुपात गत वर्ष १:३.१३ रहेकोमा यो वर्ष १:३.७७ पुगेको छ।

कुल आन्तरिक राजस्व असुलीमा मूल्य अभिवृद्धि कर असुलीको अंश २०६६।६७ मा ३५.११ प्रतिशत रहेकोमा १० वर्ष पश्चात २०७६।७७ मा २५.५२ प्रतिशत रहेको छ।त्यसैगरी मूल्य अभिवृद्धि करमा आन्तरिक तथा पैठारी अनुपात २०६६।६७ मा ३६:६४ रहेकोमा २०७६।७७ मा ४३:५७ रहेको छ । त्यसैगरी कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको अंश घट्दो क्रममा रहेको छ । कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा र आन्तरिक सङ्कलनलाई वृद्धि गर्न विद्युतीय बिजक प्रणाली, क्याश रजिष्टर, अनलाईन कनेक्टीभिटी, बजार अनुगमन जस्ता विधिहरूको प्रयोग गर्नुपर्दछ।

• राजस्व निर्धारण र असुली

४२. **राजस्व बक्यौता असुली -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सरकारले सार्वजनिक संस्थान, समिति, बोर्ड, कोष र स्थानीय तहमा गरेको ऋण लगानीको भाखा नाघेको साँवा रु.५६ अर्ब ७२ करोड ३७ लाख र ब्याज रु.४१ अर्ब ५६ करोड ३३ लाख समेत रु.९८ अर्ब २८ करोड ७० लाख (गत वर्षको तुलनामा ९.५८ प्रतिशतले बढी) राजस्व बक्यौता रहेको छ। भाखा नाघेको साँवा ब्याज चुक्ता नगर्ने ८२ निकायमध्ये नेपाल विद्युत प्राधिकरण रु.५७ अर्ब ५६ करोड ६० लाख, नेपाल खानेपानी संस्थान रु.६ अर्ब ८ करोड ९२ लाख, काठमाडौं उपत्यका खानेपानी बोर्ड रु.४ अर्ब १८ करोड ७५ लाख, जनकपुर चुरोट कारखाना रु.३ अर्ब ४ करोड २३ लाख र साना किसान विकास बैङ्कमा रु.२ अर्ब ९२ करोड ३४ लाख, उदयपुर सिमेन्ट उद्योग रु.२ अर्ब २१ करोडसमेत ६ निकायमा मात्र रु.७६ अर्ब १ करोड ८४ लाख (७७.३४ प्रतिशत) रहेको देखिन्छ । नियमित सञ्चालनमा रही मुनाफा आर्जन गरेका साना किसान विकास बैङ्क, कृषि विकास बैङ्क जस्ता संस्थानले समेत साँवा र ब्याज नबुझाई भाखा नाघेको उचित देखिएन । यस सम्बन्धी थप व्यहोरा निम्न छन्:

४२.१. सरकारले गरेको ऋण लगानीको भाखा नाघेको साँवा र ब्याज बुझाउन बाँकी रहेका सार्वजनिक संस्थान, समितिमध्ये कतिपय निकायहरू खारेज भएका तथा सञ्चालनमा नरहेका नेपाल ओरियण्ट म्यागनेसाइट प्रा.लि., जनकपुर चुरोट कारखाना, रघुपति जुट मिल, नेपाल यातायात संस्थान, गोरखकाली रबर उद्योग लगायत २५ कम्पनीमा भाखा नाघेको साँवा रु.६ अर्ब ५१ करोड २३ लाख र ब्याज रु.५ अर्ब ४६ करोड १५ लाख बाँकी रहेको छ । उक्त साँवा र ब्याज भाखा नाघेको कुल र साँवा ब्याजको क्रमशः ११.४८ र १३.१४ प्रतिशत रहेको छ । स्थानीय तहतर्फ काठमाडौं महानगरपालिका, पोखरा महानगरपालिका, हेटौंडा उपमहानगरपालिका लगायत ११ निकायमा भाखा नाघेको साँवा रु.१ अर्ब ६ करोड ८६ लाख तथा ब्याज रु.१ अर्ब ३६ करोड ५६ लाखसमेत रु.२ अर्ब ४३ करोड ४२ लाख रहेको छ।

४२.२. निजीकरण समितिले निजीकरण भैसकेका ३० संस्थाले र अन्य संस्थाबाट प्राप्त गर्नुपर्ने रकमको किस्ता, ब्याज तथा हर्जानाको अभिलेख राखी आर्थिक विवरणमा समावेश गर्नुपर्नेमा अभिलेख राखेको तथा

आर्थिक विवरणमा समावेश गरेको देखिएन। अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार ११ निजीकृत संस्थाबाट रु.५४ करोड ११ लाख ८२ हजार प्राप्त हुनुपर्ने उल्लेख छ । उक्त रकम असुल गर्नुपर्दछ।

४२.३. आन्तरिक राजस्व विभागको वार्षिक प्रगति प्रतिवेदनअनुसार २०७६।७७ सम्म कर बक्यौता रकम मध्ये आयकर रु.६६ अर्ब ९७ करोड ६४ लाख, मूल्य अभिवृद्धि कर रु.३३ अर्ब ५२ करोड ५४ लाख र अन्तःशुल्क रु.३ अर्ब १७ करोड ६५ लाख समेत रु.१ खर्ब ३ अर्ब ६७ करोड ८३ लाख रहेको छ। बक्यौता मध्ये प्रशासकीय पुनरावलोकन तथा न्यायिक निकायमा पुनरावेदनमा रहेका २ हजार ७३ करदाताको रु.६१ अर्ब ४० करोड ५७ लाख (५९.२३ प्रतिशत) बक्यौता रहेको छ ।

उपर्युक्त आधारमा विश्लेषण गर्दा राजस्व बक्यौता रहेको रकम मध्ये सार्वजनिक संस्थान सञ्चालनमा नरहेको, करदाता पलायन भएको, करदाताले दायर गरेको मुद्दाको छिनोफानोमा समय लागेको लगायतका कारण समयमा बक्यौता उठ्न सकेको देखिएन। सरकारलाई प्राप्त हुनुपर्ने राजस्व बक्यौता असुली गर्न नीतिगत एवं कानुनी व्यवस्था मिलाई अभियानकै रुपमा असुली प्रक्रिया अगाडि बढाउनुपर्दछ।

४३. **मर्जर/एक्विजिसनमा कर -** आयकर ऐन, २०५८ को दफा २२ को अधीनमा रही लेखाको सर्वमान्य सिद्धान्तअनुरुप कर प्रयोजनको लागि एक्रुअल आधारमा लेखाङ्कन गर्नुपर्ने उल्लेख छ । नेपालका बैङ्क एवं वित्तीय संस्थाहरूले कम्पनी ऐन, २०६३ को दफा १०८ बमोजिम कारोबारको यर्थाथ स्थिति स्पष्ट रुपमा प्रतिविम्बित हुने गरी प्रचलित कानुनबमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामानअनुरुप लेखा राख्नुपर्ने व्यवस्था छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान ३ ले विजनेश कम्बिनेशन अनुसार कुनै पब्लिक कम्पनीले प्राप्ति गर्ने वा अर्को कम्पनीमा गाभिने सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ । वित्तीय प्रतिवेदनमानमा प्राप्ति गर्ने कम्पनीले प्राप्ति हुने कम्पनीको पहिचान भएको सम्पत्तिहरू प्राप्ति गर्दा र उक्त कम्पनीको पहिचान भएको दायित्व स्वीकार गर्दा बजार मूल्यमा गर्नुपर्ने र पहिचान भएको सम्पत्तिमा स्वीकार गरेको दायित्व घटाई बाँकी खुद सम्पत्ति वापत दिएको साधारण शेयरको बजार मूल्यको आधारमा आउने फरक रकमलाई अवस्थाअनुसार सौदाबाजी गर्दाको लाभको रुपमा वा साखको रुपमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। लेखामानको सो प्रावधानहरू विपरीत मर्जर/एक्वीजिसन गर्दा भएको लाभ लाई प्राप्ति गर्ने कम्पनीले सोझै आफ्नो इक्विटीमा भएको परिवर्तन विवरणमा एक्वीजिसन रिजर्भ, जेनेरल रिजर्भ, क्यापिटल रिजर्भ लगायतका शीर्षकमा देखाएको छ।

नेपाल लेखामानमा भएको आयकरसम्बन्धी व्यवस्थाअनुसार सौदाबाजी गर्दा भएको लाभलाई नाफा नोक्सान विवरणमा उल्लेख गरी लेखाङ्कन गर्नुपर्नेमा सो नगरेकोले प्रचलित लेखामान र आयकर ऐन, २०५८ को दफा २२ विपरीत हुन गएको देखिन्छ। कतिपय बैङ्कले नाफा नोक्सान खातामा नै देखाएको अवस्था छ । बिजनेस कम्बिनेसनबाट प्राप्त भएको लाभलाई २१ बैङ्क तथा वित्तीय संस्थाले उपर्युक्त बमोजिम लाभ देखाई आयकर तिर्नुपर्नेमा सो नगरेकोले ती वाणिज्य बैङ्कहरूको लाभ रु.१४ अर्ब ९३ करोड ३ लाखमा आयकर ऐन २०५८, अनुसूची १ को दफा २ को उपदफा (२) बमोजिम ३० प्रतिशतले हुने कर रु.४ अर्ब ४७ करोड ९१ लाखमा शुल्क एवं ब्याज समेत छानबिन गरी कर निर्धारण एवं असुल गर्नुपर्दछ ।

४४. **मुनाफा बाहेकको लाभांशमा कर -** आयकर नियमावली, २०५९ को नियम १८ मा मुनाफा बाहेकको रकममा हिताधिकारीलाई सेवा उपलब्ध गराइएको वा निकायको स्वामित्वमा रहेको सम्पत्ति हिताधिकारीलाई प्रयोगका लागि उपलब्ध गराइएको अवस्थामा निकायको आयमा समावेश गर्नु नपर्ने गरी तोकेको छ। विभागले आयकर निर्देशिकाको बुँदा नं. १३.९ मा मुनाफा बाहेकको वितरणको रुपमा शेयर प्रिमियमबाट बोनस शेयर वितरण भएमा सोलाई अन्तिम रुपमा कर कट्टी विधिमा कर लाग्ने उल्लेख गरेको छ। तर विभागले सो मुनाफाबाट भएको वितरणमा निकायलाई आयकर नलाग्ने दफा ५३(१) को वितरण मानी अन्तिम कर कट्टी विधिले कर असुल गर्ने उल्लेख गरी व्याख्या गर्दा

त्यसबाट सिर्जित हुने निकायको कर दायित्व नै खारेज वा खण्डित भएको देखिन्छ। आयकर ऐनमा नियमावलीले तोक्ने उल्लेख भए तापनि निर्देशिकामा शेयर प्रिमियमबाट भएको वितरणमा मुनाफा बाहेकको लाभको अवधारणा लागू नहुने नियमावलीले तोकेको भन्दा फरक व्याख्या गरिएको छ । उक्त व्याख्या आयकर ऐन र नियमावलीसँग बाझिई आयकर ऐनको दफा १३९ र १४२ विपरीत देखिन्छ ।

गत वर्षको प्रतिवेदनमा ५ वाणिज्य बैङ्क र १ बीमा कम्पनीको मुनाफा बाहेकको लाभांश वितरण रु.७ अर्ब १३ करोड २३ लाखमा रु.२ अर्ब १३ करोड ९७ लाख राजस्व छुट हुन गएको व्यहोरा उल्लेख गरिएकोमा उक्त कर छुट रकम असुल गर्ने प्रक्रियाको अवलम्बन नगरी आन्तरिक राजस्व विभागको महानिर्देशकस्तरको २०७८।१।२० को निर्णयबाट शेयर प्रिमियमलाई निकायको आय गणना गरी समावेश गर्नु नपर्ने भनी आयकर निर्देशिकाबाट व्याख्या भएको उल्लेख गरे तापनि सो व्याख्या आयकर ऐनको दफा १३९ र १४२ प्रतिकूल देखिन्छ। यस वर्ष पनि २४ वाणिज्य बैङ्क र १३ बीमा कम्पनीले विभिन्न मितिमा फर्दर पब्लिक अफरिङ्ग र शेयर लिलामीमार्फत् २०७३।७४, २०७४।७५, २०७५।७६, २०७६।७७ मा आम्दानी गरेको रु.११ अर्ब ६३ करोड ३० लाखमा ३० प्रतिशतले हुने कर रु.३ अर्ब ४८ करोड ९९ लाख राजस्व छुट हुन गएको सम्बन्धमा छानबिन गरी कर निर्धारण एवं असुल गर्नुपर्दछ।

४५. **हकप्रद शेयरको हस्तान्तरण -** आयकर ऐन, २०५८ को दफा ९५क. को उपदफा (२ क) मा नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभमा व्यक्तिको हकमा लाभ रकमको ५ प्रतिशत र निकायको हकमा २५ प्रतिशत कर लाग्ने व्यवस्था छ। धितोपत्रको कारोबार गर्ने निकायहरूले प्राप्त गर्ने हकप्रद शेयर निकायको नाममा स्वामित्व लिँदा २५ प्रतिशत र व्यक्तिको हकमा ५ प्रतिशत कर लाग्ने हुँदा कर रकम कम गर्ने उद्देश्यले निकायको सञ्चालक सदस्य वा सम्बद्ध व्यक्तिलाई निकायले मनोनयन गरी हक हस्तान्तरण गरेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २७ (१)(क) मा कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ति हस्तान्तरण गरी गरेको भुक्तानीको हकमा हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकम परिमाणीकरण गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व विभाग मातहतका ३ कार्यालयले हकप्रद शेयरको हक हस्तान्तरण गर्दा हुने लाभ परिमाणीकरण गरी कर निर्धारण गरेको देखिँदैन । तसर्थ आयकर ऐन, २०५८ बमोजिम परिमाणीकरण गर्दा हुने लाभ निकायलाई रु.३२ करोड ३० लाख र प्राकृतिक व्यक्तिलाई समेत रु.५२ करोड ११ लाख ११ हजारमा लाग्ने कर रु.१० करोड ६८ लाख ६ हजार छानबिन गरी कर निर्धारण एवं असुल गर्नुपर्दछ।

४६. **आय गणना -** आयकर ऐन, २०५८ को दफा ३१ बमोजिम बीमावापतको भुक्तानी लगायत कुनै क्षतिपूर्ति वापतको रकम प्राप्त गरेको समयमा त्यस्तो रकम आयमा गणना गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको एक हाइड्रोपावर कम्पनीले एक निर्माण व्यवसायीसँग ठेक्का सम्झौता रद्द गरी जमानत जफत गरेकोमा निज सो निर्णय उपर कोर्ट अफ वोलोग्ना इटलीमा पुनरावेदन गएको र उक्त अदालतको २०७७।२।१३ को निर्णयानुसार करदाताको पक्षमा फैसला भएको देखिन्छ । उक्त फैसला पश्चात् पनि निजबाट जफत गरेको रु.१ अर्ब ९४ करोड ९२ लाख करदाताको आम्दानीमा नजनाई अन्य धरौटीमा राखेको छ । करदाताले २०७६।७७ को वित्तीय विवरण अनुसार रु ४२ करोड ४२ लाख ३ हजार नोक्सानीमा देखाएको छ। उक्त नोक्सानी समायोजन पश्चात् कायम हुने आम्दानी रु १ अर्ब ५२ करोड ५० लाखको हुने कर रु.३८ करोड १२ लाख ५४ हजारमा शुल्क तथा ब्याज समेत कर निर्धारण गर्न छानबिन गर्नुपर्दछ ।

४७. **वैदेशिक शिक्षण शुल्कमा कर -** आयकर ऐन, २०५८ को दफा ८८(१) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवा शुल्कको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नेपाल राष्ट्र बैङ्कले आन्तरिक राजस्व विभागसँग नेपालमा अध्ययन

अध्यापन गराए वापतको शुल्क विदेशी संस्थालाई भुक्तानी गर्दा अग्रिम करको दर बारे सोधनी गरेकोमा विभागबाट २०७६।७।२६ मा जारी पत्रमा विदेशी सम्बन्धन प्राप्त विश्वविद्यालयले नेपालको विद्यार्थीबाट लिने रकममा दफा ८८(१) बमोजिम १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने उल्लेख छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार आयवर्ष २०७५।७६ मा रु.१ अर्ब ४६ करोड ४६ लाख विदेश पठाउन स्वीकृति दिएको देखिन्छ। ऐनको व्यवस्थाअनुसार उक्त रकममा कर कट्टा गरेको नदेखिएकोले १५ प्रतिशतले हुने कर रु.२१ करोड ९७ लाख ३ हजार र सोमा लाग्ने शुल्क र ब्याजसहित छानबिन गरी असुल गर्नुपर्दछ ।

४८. **स्थायी संस्थापन -** नेपालमा डिजाइन गरी विदेशमा निर्माण गरिएको मेसिनरी तथा उपकरण ल्याई जडान गरेको अवस्थामा उक्त समग्र कार्य स्थायी संस्थापनको परिभाषाभित्र पर्ने र नेपालमा कर तिर्नुपर्ने व्यवस्थालाई स्थायी संस्थापन निर्देशिका, २०७७ ले समेत स्पष्ट पारेको छ । ठूला करदाता कार्यालय, अन्तर्गतका एक सिमेन्ट कम्पनीले चीनको एक कन्स्ट्रक्सन कम्पनीको नेपालस्थित शाखा कार्यालयसँग रु.५ अर्ब ८९ करोड ६३ लाखको प्लाण्ट तथा मेसिनरीको सिभिल जडान तथा निर्माण सम्झौता गरेको छ । मेसिन तथा उपकरण खरिद वापत उक्त निर्माण कम्पनीको चीनस्थित मुख्य कार्यालय तथा अन्य सम्बद्ध कम्पनीलाई २०७३।७४ र २०७४।७५ मा रु.९ अर्ब ५७ लाख भुक्तानी गरेको छ । कामको प्रकृति हेर्दा यी सबै काम अन्तरसम्बन्धित र एउटै प्याकेजमा हुनुपर्ने कार्यहरू हुन् । तर करदाताले आयकर ऐन, २०५८ को दफा ३५ बमोजिम कर नियोजन गर्ने उद्देश्यले स्थायी संस्थापनको दायरामा पर्ने एउटै प्याकेजको कामलाई सामान आपूर्ति र सेवा खरिदको कार्यमा विभक्त गरेको पाइयो। यसरी स्थायी संस्थापनको दायरामा नपर्ने उद्देश्यले कर मुक्ति योजना बनाएको सम्बन्धमा कार्यालयबाट छानवीन भएको छैन । यस अवस्थामा सो गैरबासिन्दा व्यक्तिलाई गरेको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८९(३)(क) अनुसार भुक्तानीमा कर कट्टी गर्नुपर्नेमा सो समेत नगरेको हुँदा भुक्तानी रकममा ५ प्रतिशतले हुने अग्रिम कर रु.४५ करोड ३ लाख तथा सोमा लाग्ने शुल्क र ब्याज असुल गर्नुपर्दछ ।

४९. **कार्गो सेवाको आयकर -** आयकर ऐन, २०५८ को दफा ७०(१) (ख) अनुसार नेपालबाट चलान गरिएको मालसामान ओसारपसार गर्दा हुने अन्तर चलानमा गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा ५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, महाराजगन्ज र नयाँ बानेश्वरअन्तर्गतका ८ करदाताले २०७५।७६ मा विभिन्न जहाज कम्पनीमार्फत् कार्गो ढुवानी गरी रु.१ अर्ब ८ करोड ९३ लाख ५७ हजार भुक्तानी गरेकोले सो सम्बन्धमा छानबिन गरी छुट भएको कर रु.५ करोड ४४ लाख ६७ हजार र सोमा लाग्ने शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ ।

५०. **नियन्त्रणमा परिवर्तन -** आयकर ऐन, २०५८ को दफा ५७(१) अनुसार विगत ३ वर्षको स्वामित्वको तुलनामा ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो आय वर्षको स्वामित्व परिवर्तन अघि र पछिको भागहरूलाई छुटाछुट्टै आय वर्षहरूको रुपमा मानिने र निःसर्ग हुँदा कायम सम्पत्ति र दायित्वको बजार मूल्यमा निःसर्ग भएको मानिने व्यवस्था छ ।यस सम्बन्धमा देहाय बमोजिम देखिएको छः

५०.१. मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतको एक प्राइभेट लिमिटेड कम्पनीको २०७४।२।२१ मा ५४ प्रतिशत स्वामित्व परिवर्तन भएको छ । करदाताको २ कम्पनीमा रहेको संस्थापक शेयर स्वामित्व परिवर्तन हुँदाको प्रति शेयर औसत मूल्य अनुसार गणना गर्दा हुने लाभ रु.९९ करोड ३९ लाख ३ हजारलाई स्वामित्व परिवर्तन अघिको आय विवरणमा समावेश गरी लाग्ने कर रु.२४ करोड ८४ लाख ७६ हजार, आन्तरिक राजस्व कार्यालय, पुतलीसडकको एक इन्भेष्टमेन्ट कम्पनीको नियन्त्रणमा २०७१।९।१२ मा ५० प्रतिशत स्वामित्व परिवर्तन भएकोमा परिवर्तन अगाडिको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन बाट हुने लाभ रु.५१ करोड २७ लाख ८५ हजारको कर रु.१२ करोड ८१ लाख ९६ हजार मा कर निर्धारण गरेको छैन । सोमा छानबिन गरी कर निर्धारण हुनुपर्दछ ।

५०.२. आन्तरिक राजस्व कार्यालय, पुतलीसडकअन्तर्गत परामर्शदाताको रुपमा कार्य गर्ने एक प्राइभेट लिमिटेड कम्पनीको मौरीससमा रहेको एक होल्डिङ कम्पनीको शाखा कार्यालयको रुपमा रहेको छ। सो कम्पनीको शत प्रतिशत हित विभिन्न मध्यस्थ कम्पनीहरू मार्फत् अन्ततः स्वीट्जरल्याण्डको कम्पनीमा रहेको देखिन्छ। नेपालको यस प्राइभेट लिमिटेडलाई समेत नियन्त्रण गर्ने स्वीट्जरल्याण्डको उक्त कम्पनीले विश्वव्यापी रुपमा रहेको आफ्नो भिएसएफ सेवाको हितको निःसर्ग २०७४।२।५ मा अन्य तीन कम्पनीलाई रु.१ खर्ब ९२ अर्ब ५६ करोडमा बिक्री गरेको मुख्य कम्पनीको २०१६ र २०१७ को वार्षिक प्रतिवेदनमा उल्लेख छ । उल्लिखित बिक्री मूल्यमा नेपालको कम्पनीको हिस्सा पहिचान गर्न छानबिन गर्नुपर्दछ। नेपालमा रहेको कम्पनीको रिजर्भलाई नै आधार लिँदा समेत रु.२० करोड ८९ लाख ६५ हजारलाई न्यूनतम मूल्य कायम गरी आयकर ऐनको दफा ९५क.(२)(ख) अनुसार १५ प्रतिशत अग्रिम कर रु.३ करोड १३ लाख ४५ हजार समेत आय विवरण पेस गर्दा २५ प्रतिशतले लाग्ने कर रु.५ करोड २२ लाख ४० हजारमा शुल्क र ब्याज असुल गर्न कर निर्धारण गर्नुपर्दछ ।

५०.३. आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीको एक करदाताको वित्तीय विवरणमा गत वर्ष माइनिङ लाइसेन्सको मूल्य शुन्य रहेकोमा पुनर्मूल्याङ्कन पश्चात् रु.१ अर्ब २० करोड ८४ लाख मुनाफा गरी रिजर्भ एण्ड सरप्लसमा लगेको छ भने स्थिर सम्पत्तिमा पनि समावेश गरेको छ । उक्त पुनर्मूल्याङ्कन मूल्य स्वामित्व परिवर्तन हुनुभन्दा पहिलाको स्वामित्व ग्रहण गर्नेले सो बराबर आम्दानी प्राप्त गरेकोले आयकर ऐन, २०५८ को दफा ७ अनुसार आयमा समावेश गर्नुपर्नेमा आय विवरणमा सो रकमलाई आय जनाएको पाइएन । उक्त पुनर्मूल्याङ्कन रकम मुनाफा आयमा समावेश गरी करदाताले देखाएको यस वर्षको नोक्सानी रु.१२ करोड ९५ लाख ११ हजार समायोजन गर्दा हुन आउने मुनाफामा २० प्रतिशत कर रु.२१ करोड ५७ लाख ७८ हजार र सोमा लाग्ने शुल्क र ब्याज छानबिन गरी असुल गर्नुपर्दछ ।

५१. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ६७ मा नेपालमा सञ्चालित क्रियाकलाप सम्बन्धमा गरिएको भुक्तानीको आयको स्रोत नेपालमा रहने, सोही ऐनको दफा ३५ मा विभागले कर दायित्व यकिन गर्ने प्रयोजनका लागि करमुक्ति योजनाको भागको रुपमा गरिएको कुनै प्रबन्ध वा प्रबन्धको कुनै भागलाई पुनः चारित्रीकरण गर्नुपर्ने र दफा ९५(क) मा कुनै पनि निकायको नेपाल धितोपत्रमा सुचीकृत भएको हित निःसर्ग हुँदा जसको हित निःसर्ग भएको हो सोही निकायले बासिन्दा प्राकृतिक व्यक्ति बाहेक अन्यको हकमा १५ प्रतिशतले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । ठूला करदाता कार्यालयअन्तर्गतका एक बहुराष्ट्रिय कम्पनीको कुल शेयर संख्या १९ लाख ४८ हजार मध्ये १४ लाख ८४ हजार ३०१ कित्ता शेयर अर्को बहुराष्ट्रिय कम्पनीले खरिद गरी यस कम्पनीमा प्रवेश गरेको अमेरिकाको एक सेक्युरिटी कमिसनले सन् २०१६ मा खुलासा गरेको छ। उक्त कम्पनीको २०७१ मंसिरमा ७६.१६ प्रतिशत स्वामित्व परिवर्तन भएको देखिन्छ। ततपश्चात् कम्पनीको नामसमेत परिवर्तन गरिएको छ। शेयर खरिद बिक्री गर्दा भएको स्वामित्व परिवर्तनको जानकारी नेपालका कुनै पनि नियामक निकायलाई नदिनुका साथै निःसर्गमा प्राप्त भएको लाभमा कर गणना गरी दाखिला गरेको देखिँदैन। नेपालमा रहेको निकायको हितको मूल्य बढ्नु भनेको नेपालमै रहेको सञ्चालित क्रियाकलाप र सम्पत्तिको मूल्यको कारण भएकोले त्यस्तो आयको स्रोत नेपाल नै हो । उक्त लिमिटेडको सम्पत्ति र आयमा आधारित जहाँसुकै वा जुनसुकै कम्पनीको शेयर वा स्वामित्व वा धितोपत्र बिक्री गरे तापनि त्यो नेपालमा संचालित क्रियाकलापसँग सम्बन्धित भुक्तानी भएकोले सिर्जना भएको पुँजीगत लाभमा प्राथमिक रुपमा नेपालमा कर लाग्ने देखिन्छ। मध्यस्थ निकाय मार्फत् हुने स्वामित्व परिवर्तनमा नेपालमा कर लाग्ने सम्बन्धमा सर्वोच्च अदालतबाट एक दूरसञ्चार सेवा प्रदायकको हकमा फैसला समेत भएको छ। बहुराष्ट्रिय कम्पनीको मध्यस्थ निकाय मार्फत् स्वामित्व परिवर्तन भएकोमा प्राप्त लाभमा पुँजीगत लाभकर दाखिला गर्नुपर्नेमा हालसम्म दाखिला गरेको देखिँदैन।

पुँजीगत लाभकर गणना गर्ने प्रयोजनार्थ नेपाल स्टक एक्सचेन्ज लिमिटेडको स्वामित्व परिवर्तन हुँदाको २०७१ मंसिरमा प्रकाशित गरेको औसत मूल्य रु.१ हजार ६६० को आधारमा उपर्युक्त

शेयरको बिक्री मूल्य रु.२ अर्ब ४६ करोड ३९ लाख ४० हजार र सो मूल्यमा कम्पनीलाई २०६१ मा खरिदकर्ता बहुराष्ट्रिय कम्पनीले तिरेको लागत खर्च प्रति शेयर रु.२२४.७५ नेपाल राष्ट्र बैङ्कले उपलब्ध गराएको जानकारी अनुसार) का दरले रु.३३ करोड ३५ लाख ९७ हजार घटाउँदा रु.२ अर्ब १३ करोड ३ लाख पुँजीगत लाभ हुने देखिन्छ। सो लाभमा नेपालमा रहेको स्थायी संस्थापनबाट कट्टा गर्नुपर्ने १५ प्रतिशत अग्रिम कर रु.३१ करोड ९५ लाख ५१ हजार र ऐनको दफा ९६ बमोजिम आय विवरण पेस गरी लाग्ने २५ प्रतिशत समेत लाग्ने कर रु.५३ करोड २५ लाख ८६ हजारमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण एवं असुल गर्नुपर्दछ ।

सोही बहुराष्ट्रिय कम्पनी लिमिटेडको मुख्य शेयरहोल्डरको रुपमा रहेको सिंगापुरस्थित एक कम्पनीमा आफ्नो सम्पूर्ण हित २०६१।१।९ मा दुबईस्थित अर्को बहुराष्ट्रिय कम्पनीले खरिद गरेको कम्पनी रजिष्ट्रार कार्यालयको अभिलेखमा देखिन्छ । त्यसै गरी पुनः २०७१ मंसिरमा उक्त कम्पनीको ७६.१६ प्रतिशत हित अर्को अमेरिकी कम्पनीले खरिद गरी नियन्त्रण परिवर्तन भएकोमा आयकर ऐन, २०५८ को दफा ५७ बमोजिम विवरण **पेस** गरी कर निर्धारण नगरेकोले सो समेत छानबिन गरी कर निर्धारण हनुपर्दछ ।

५२. **स्रोतको छानबिन -** आन्तरिक राजस्व विभागको २०६९।९।२९ को परिपत्रबाट समेत सञ्चालकबाट प्राप्त सापटीको रकम बैङ्कमार्फत् प्राप्त हुनुपर्ने, सापटीको स्रोत यकिन गरी सापटी लगानीको रकममा कानुनअनुसार कर दाखिला भए नभएको विश्लेषण गर्नुपर्ने उल्लेख छ विभाग मातहतका ९ कार्यलयका ३७ करदाताको सञ्चालक सापटी रु.२ अर्ब ६ करोड ९२ लाख ३० हजार समेत रु.२ अर्ब ६८ करोड ८९ लाख ४५ हजार सञ्चालकले व्यवसायमा लगानी थप गरेको हुँदा उक्त रकमको आयकर ऐन, २०५८ को दफा ११ख. बमोजिम स्रोत र बैंकिङ्ग कारोबारसम्बन्धमा छानबिन गरी करदायित्व यकिन गर्नुपर्दछ ।

५३. **हवाई सेवामा कर -** आयकर ऐन, २०५८ को दफा ७० अनुसार नेपालबाट प्रस्थान हुने यात्रुको ओसारपसार गर्दा ५ प्रतिशत र नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने हवाई यातायातमा २ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार उडान भर्ने एअरलाइन्सको टिकट जुनसुकै देशबाट जारी भएपनि नेपालबाट प्रस्थान हुने यात्रुको आधारमा हवाई सेवामा कर लाग्ने देखिन्छ । आन्तरिक राजस्व कार्यालय, पुतलीसडकमा दर्ता रहेका ५, नयाँ बानेश्वरको १ र टंगालको १ गरी ७ हवाई कम्पनीले २०७५।७६ मा नेपालबाट उडान भर्दा प्राप्त तथ्याङ्कको आधारमा निम्नानुसार घटी कर दाखिला गरेको पाइएकोले रु.५१ करोड ९८ लाख ८९ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज असुल गर्न छानबिन गर्नुपर्दछ ।

५४. **थ्रेसहोल्ड भन्दा बढीको कारोबार -** आयकर ऐन, २०५८ को दफा ४ बमोजिम रु.२ लाख रुपैयाँ आय र व्यवसायको कारोबार रु.२० लाख रुपैयाँभन्दा घटी भएका करदाताले डे-१ कर विवरण बुझाउन पाउने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय महेन्द्रनगर, नेपालगन्ज र बुटवललगायतका ९ कार्यालयका ३७ करदाताले २०७४।७५ र २०७५।७६ मा डे-१ कर विवरण दाखिला गरेकोमा मिसम्याच तथ्याङ्क बमोजिम रु.२० लाख भन्दा बढी रु.२९ करोड ७६ लाख २६ हजारको खरिद गरेको देखिन्छ । उल्लिखित करदाताको कारोबार थ्रेसहोल्ड भन्दा बढी मूल्य अभिवृद्धि करमा अनिवार्य दर्ता हुनुपर्नेमा दर्ता नभएकाले छानबिन गरी आयकरतर्फ रु.४ करोड ४४ लाख १० हजार एवं मूल्य अभिवृद्धि करसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

५५. **नपाउने जर्तीमा कर निर्धारण -** अन्तःशुल्क नियमावली, २०५९ को नियम २३ मा बियर उत्पादकले बढीमा २ प्रतिशतसम्म जर्ती दाबी गर्न पाउनेमा ठूला करदाता कार्यालयअन्तर्गतको एक ब्रुअरी कम्पनीले २०७३।७४ देखि २०७५।७६ सम्म नर्म्सभन्दा बढी दाबी गरेको ५९ लाख ७६ हजार लिटरको रु.७७ करोड ६१ लाख ६९ हजार अन्तःशुल्क असुल गर्नुपर्ने व्यहोरामा आन्तरिक राजस्व कार्यालय, भरतपुर र कावासोतीले उक्त वर्षहरूमा गरेको जर्ती दाबीमा अन्तःशुल्क निर्धारण गरेको छ। तर ठूला

करदाता कार्यालयले यस सम्बन्धमा छानबिन तथा आय कर निर्धारण गरेको छैन। सोलाइ आधार लिँदा ३ वर्षमा रु.२ अर्ब १४ करोड ७८ लाख ६ हजार बराबरको बियर उत्पादन भई बिक्री गरेको सरह मानी सोलाई आयमा समावेश गरी ३० प्रतिशतले हुने कर रु.६४ करोड ४३ लाख ४२ हजार र मूल्य अभिवृद्धि कर रु.२७ करोड ९२ लाख १५ हजार समेत रु.९२ करोड ३५ लाख ५७ हजार सम्बन्धमा छानबिन गरी कर निर्धारण एवं असुल गर्नुपर्दछ।

५६. **ब्याज खर्च कट्टी -** आयकर ऐन, २०५८ को दफा १४ अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय गर्दा सिर्जना भएको ऋण दायित्वको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ । करदाताले एकातर्फ आफ्नो उठ्नुपर्ने रकम नउठाउने र अर्कोतर्फ व्यावसायिक प्रयोजन बेगरको कार्यमा प्रयोग भएको ऋणको ब्याज समेत खर्च दावी गरेको देखिन्छ। ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय नयाँसडक, चाबहिल, भरतपुर, पुतलीसडक, जनकपुर, धनगढी, सिमरा, दाङसमेत २३ कार्यालयका ६६ करदाताको कट्टी गर्न नपाउने ब्याज खर्च अमान्य गरी रु.९८ लाख ४४ हजार नोक्सानी समायोजन गर्नुपर्ने तथा बाँकी आयमा कर रु.६ करोड ९४ लाख ७२ हजार र शुल्क एवं ब्याजसमेत छानबिन गरी कर निर्धारण तथा असुल गर्नुपर्दछ ।

५७. **ब्याजको पुँजीकरण -** आयकर ऐन, २०५८ को दफा १४ अनुसार व्यवसायमा प्रयोग भएको ऋणमा तिरेको ब्याज खर्च दाबी गर्न पाउने व्यवस्था छ । नेपाल लेखामान २३ ले सम्पत्ति प्रयोग नभएसम्मको ब्याज पुँजीकरण गर्ने व्यवस्था गरेको छ । ब्याज पुँजीकरण नगरी खर्च दाबी लिएकोले ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय जोरपाटी, चाबहिल, विराटनगर, सुर्खेत, बालाजु, दमौलीसमेत १३ कार्यालयका २६ करदाताको रु.५४ करोड ६५ लाख ७३ हजार अमान्य गरी रु.४६ करोड ४५ लाख ७५ हजार नोक्सानीमा समायोजन गर्नुपर्ने र कर रु.३ करोड ९२ लाख ४६ हजार शुल्क एवं ब्याज सहित कर निर्धारण एवं असुली हुनुपर्दछ ।

५८. **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानी गर्दाकै समयमा अग्रीम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २० मन्त्रालय मातहतका १४८ कार्यालयबाट रु.६ करोड ७७ लाख र संगठित संस्था, समिति र अन्य संस्था एवं प्रदेश कार्यालय समेत २०१ ले रु.२ करोड ५८ लाख अग्रीम कर कट्टी गरेको छैन । छुट कर रकम ब्याजसहित असुल हुनुपर्दछ । यस सम्बन्धी अन्य व्यहोरा निम्न छन्:

५८.१. आयकर ऐन, २०५८ दफा ८७, ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी सम्बन्धी व्यवस्था छ। ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय भक्तपुर, भरतपुर, महेन्द्रनगर, सिमरा, दमकसमेत २२ कार्यालयका ९१ करदाताले रु.७ अर्ब ६४ करोड ९६ लाख पारिश्रमिक, ढुवानी, भाडालगायत भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी दाखिला गरेको नदेखिएकोले सोमा लाग्ने कर रु.५० करोड ३६ लाख ८७ हजार र शुल्क तथा ब्याजसमेत असुल हुनुपर्दछ ।

५८.२. नेपालमा आयात गरिने ग्याँस भारतीय बुलेटमा आउने, नेपाल आयल निगमले उक्त बुलेटलाई सम्बन्धित आपूर्तकसम्म पुर्‍याउन सहजीकरण गर्ने तर नेपाल आयल निगमको भण्डारण कक्षमा भण्डार नगरी सिधै आपूर्तकले आफ्नो ग्याँस उद्योगको प्लान्टमा लगी ग्याँस भण्डारण गर्ने तथा सो वापत ग्याँस ढुवानीकर्तालाई भाडा भुक्तानी गर्ने गरेको देखिन्छ । यसरी गैर बासिन्दा व्यक्तिलाई ठेक्का वा करारमा गरेको भाडा भुक्तानीमा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा ठूला करदाता कार्यालय, ललितपुरअन्तर्गतका ७ ग्याँस उद्योगले गैर बासिन्दा व्यक्तिलाई ठेक्का वा करारमा गरेको ढुवानी भाडावापत २०७३।७४ मा रु.६६ करोड ७९ लाख ९९ हजार भुक्तानी गर्दा ५ प्रतिशतले हुने अग्रिम कर रु.३ करोड ३३ लाख ९९ हजार कट्टा नगरेकाले छानविन गरी कर र सोमा लाग्ने शुल्क तथा ब्याज असुल असुल गर्नुपर्दछ ।

५८.३. अपर तामाकोशी जलविद्युत आयोजनामा नेपाल सरकारले नेपाल विद्युत प्राधिकरण मार्फत रु.१२ अर्ब कर्जा उपलव्ध गराएकोमा उक्त ऋणको व्याज रु.१ अर्ब ८३ करोड ६२ लाख पुँजीकरण गरेको देखिन्छ। उक्त व्याजमा १५ प्रतिशतले हुने रु.२७ करोड ५४ लाख ३४ हजार करकट्टी गर्नुपर्नेमा रु.६ करोड ५५ लाख ७९ हजार मात्र कट्टी गरेकोले रु.२० करोड ९८ लाख ५४ हजार घटि कट्टी गरेको छ।

५९. **ढिला विवरणको शुल्क -** नेपाल विद्युत प्राधिकरणले हरेक वर्ष आय विवरण समयमा बुझाएको छैन। यो वर्षको आय विवरण ढिला बुझाए बापतको शुल्क रु.६ करोड ५२ लाख रहेको छ। यस्तो शुल्क भुक्तानी गर्नुपर्ने गरी ढिला आय विवरण **पेस** गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

६०. **विदेशी परामर्शदाताको कर -** आयकर ऐन, २०५८ को दफा ३ मा दफा ६८ को उपदफा ३ र ४ बमोजिम कुनै आय वर्षको आय विदेशमा पठाउने गैर बासिन्दा व्यक्तिकै नेपालमा अवस्थित विदेश स्थायी संस्थापन र अन्तिम रुपमा करकट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्तिलाई कर लगाइ असुल गरिने व्यवस्था छ। आयोजना विकास निर्देशनालयले एक विदेशी परामर्शदातालाई यो वर्ष भुक्तानी भएको पाँचौ बिलसम्मको १५ प्रतिशत अग्रिम आयकरबापत भुक्तानी गरेको देखियो । अग्रिम आयकरबापतको रकम परामर्शदातालाई भुक्तानी गर्न नमिल्ने र नेपालमा आम्दानीको स्रोत भएको व्यक्तिले नेपालमा कर तिर्नुपर्ने व्यवस्था भएकोले अग्रिम आयकरबापत भुक्तानी भएको अमेरिकी डलर १ लाख ३४ हजारको हुने रू.१ करोड ६२ लाख ८१ हजार यकिन गरी असुल हुनुपर्दछ ।

सावित भू तथा जलाधार व्यवस्थापन विभाग र एक परामर्शदातासँग १८ अगष्ट, २०१४ मा भएको सम्झौता अनुसार वासिन्दा नरहेको परामर्शदातालाई आयकर छुट नहुनेमा आयोजनाले सेवा शुल्क रु.१२ करोड ६७ हजार भुक्तानी गर्दा भुक्तानीमा कर रु.६० लाख ३ हजार कट्टी नगरेकोले उक्त कर असुल गर्नुपर्दछ ।

६१. **पारिश्रमिक कर -** आयकर ऐन, २०५८ को दफा ८(२) मा प्राकृतिक रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा दफा २२(२) अनुसार वार्षिक रुपमा प्राप्त भएको आम्दानीलाई दफा ८७(१) अनुसूची १ को दरले हुने कर कट्टी गर्नुपर्ने व्यवस्था छ । न्यायाधीशहरूको सवारी चालक र निवासको कामको लागि एक जना सहयोगी राख्न पाउने व्यवस्था बमोजिम सवारी चालक र सहयोगीको पारिश्रमिक रकम न्यायाधीशहरूको व्यक्तिगत बैङ्क खातामा जम्मा भएतापनि आयमा गणना गरी पारिश्रमिक कर कट्टि गरेको नदेखिदा ५ उच्च अदालत र ३१ जिल्ला अदालतमा कार्यरत न्यायाधीशहरूको पारिश्रमिक भुक्तानी गर्दा रू.१ करोड ४१ लाख १३ हजार पारिश्रमिक कर छुट भएको कर निर्धारण र दाखिला गर्नुपर्दछ।

६२. **व्यावसायिक आयकर -** आयकर ऐन, २०५८ दफा ४१ तथा घर जग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ बमोजिम कुनै समयमा एउटा समूहमा पर्ने सम्पत्ति अन्य प्रयोजनको लागि प्रयोग हुन थालेमा सो सम्पत्ति सोही समयमा निःसर्ग भए सरह हुने व्यवस्था छ । मालपोत कार्यालय ३ का कार्यक्षेत्रभित्र रहेका जग्गा कित्ताकाट गरी बिक्री गरेको ट्रेस नक्साबाट देखिन्छ । प्राकृतिक व्यक्तिले व्यावसायिक प्रयोजनबाट घरजग्गाको कारोबार गर्दा पुँजीगत लाभकर नभई व्यावसायिक प्रकृतिको निसर्ग गर्ने११ निसर्गकर्ताको निसर्ग रकम रु.५० करोड १७ लाख ६१ हजारमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेस गरी लाग्ने कर असुल गर्नुपर्नेमा पुँजीगत लाभकर मात्र कट्टा गरेको देखिएकोले आयकर ऐन,२०५८ को अनुसूची १ बमोजिम ३६ प्रतिशतले हुने कर रु.१८ करोड ६ लाख ३४ हजार असुल गर्नुपर्दछ ।

मालपोत कार्यालय ललितपुरबाट एक डेभलपर्स प्रा.लि.ले १ हजार २४० वर्ग मिटर जग्गा रु.५ करोड १८ लाख ४० हजारमा एक व्यक्तिलाई निःसर्ग गरी ५ दिनपछि पुनः सोही संचालकहरू आवद्ध भएको अर्को कम्पनीले उक्त व्यक्तिबाट सो जग्गा रु १५ करोडमा खरिद गरेको छ ।

मालपोत कार्यालय, चाबहिलबाट एक कम्पनीले आफ्नो स्वामित्वमा रहेको बुढानिलकण्ठ नगरपालिका स्थित १३ कित्ताको ११ रोपनी १३ आना जग्गा रु.४ करोड ६४ लाख ४३ हजारमा एक व्यक्तिलाई निःसर्ग गरी १९ दिनपछि उक्त जग्गा पुनः सोही सञ्चालकहरू आवद्ध भएको अर्को कम्पनीले उक्त व्यक्तीबाट सो जग्गा रु.३२ करोडमा खरिद गरेको छ । पहिलो कारोबारमा २५ प्रतिशत आयकर आकर्षित हुने हुँदा न्यून मूल्याङ्कनमा व्यक्तिलाई निःसर्ग गरिएको र दोस्रो कारोबारमा ५ प्रतिशत लाभकर आकर्षित हुने हुँदा अधिक मूल्याङ्कनमा आफ्नै स्वामित्वको कम्पनीले खरिद गरेको देखिन्छ । ति २ निःसर्गमा रु.३७ करोड १७ लाख १८ हजारमा घटी थैली कायम हुँदा साविकमा दाखिला भएको ५ प्रतिशत घटाई २० प्रतिशतले हुने रु.७ करोड ४३ लाख ४३ हजार छुट भएकोले यस सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन हुनुपर्दछ।

६३. **घर जग्गा व्यवसाय कर -** आयकर ऐन, २०५८ को दफा २(द) मा गैरव्यावसायिक कर योग्य सम्पत्ति भन्नाले व्यावसायिक कारोबारसँग असम्बन्धित तर करयोग्य सम्पत्ति मान्नुपर्ने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय, विराटनगर र भरतपुरका अन्तर्गतका १४ करदाताले मालपोत कार्यालयबाट बिक्री गरेको जग्गा तथा सम्पत्तिको बिक्री आम्दानी रु.४३ करोड ८४ लाख आय विवरणमा समावेश गरेको नदेखिएकोले सोलाई करयोग्य आयमा समावेश गर्दा लाग्ने कर रु.१० करोड ९६ लाख छानबिन गरी असुल गर्नुपर्दछ।

६४. **थैली -** मालपोत कार्यालयबाट पारित हुने लिखतमा जग्गा बाटोको स्तरका आधारमा न्यूनतम् मूल्याङ्कन पुस्तिकामा उल्लेखित दरभन्दा घटी थैली कायम गरी राजीनामा पास गर्न नमिल्ने व्यवस्था छ । मालपोत कार्यालय १२ ले जग्गाको न्यूनतम् मूल्याङ्कन पुस्तिकामा उल्लेख गरेभन्दा घटी थैलीअङ्क कायम गरी लिखत पारित गर्दा ३२ निःसर्गकर्ताको रु.२५ करोड ६८ लाख ३० हजार घटी थैली कायम हुन गई रजिष्ट्रेसन दस्तुर रु.१ करोड १६ लाख ७ हजार र पुँजीगत लाभकर रु.७९ लाख ९३ हजारसमेत रु.१ करोड ९६ लाख घटी भएको हुँदा असुल गर्नुपर्दछ ।

६५. **घरबाटो सिफारिस -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ मा स्थानीय निकायले घरबाटो सिफारिस गर्दा वास्तविक अवस्था खुलाई सिफारिस गर्नुपर्ने र सोही सिफारिसबमोजिम न्यूनतम मूल्याङ्कन पुस्तिकाको आधारमा घरजग्गाको थैली अङ्क कायम गर्नुपर्ने व्यवस्था छ । मालपोत कार्यालयबाट लिखत पास भएका कित्ताहरूको नापी नक्सामा देखिए भन्दा फरक सिफारिस भई आएको मालपोत कार्यालय ६ का ७६ निःसर्गकर्ताको रु.६२ करोड ९७ लाख ९३ हजार थैली रकम घटी कायम हुन गई रजिष्ट्रेसन दस्तुर रु.२ करोड ६४ लाख ९२ हजार र पुँजीगत लाभकर रु.२ करोड ५८ लाख २८ हजार समेत रु.५ करोड २३ लाख २० हजार घटी राजस्व असुल गर्नुपर्दछ ।

६६. **दर्ता स्थगनको कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ (४) अनुसार कर कट्टी सुविधा प्रदान गरिएका वस्तुको तोकिएको उपयोगिता अवधि समाप्त हुनु अगावै कर लाग्ने कारोबारमा प्रयोग हुन छाडेमा तोकिएबमोजिमको वस्तु तत्काल बजार मूल्यमा बिक्री भएको मानी कर निर्धारण गरिने व्यवस्था छ । आन्तरिक राजस्व विभागले समेत मौज्दातमा रहेको करयोग्य वस्तुको तत्काल बजार मूल्यमा बिक्री भएको मानी कर असुल गर्न २०७५।९।१५ मा परिपत्र गरेको छ । आन्तरिक राजस्व विभाग मातहतका ३ कार्यालयका ६ अस्पतालहरूले प्रदान गर्ने प्रमुख सेवामा नै मूल्य अभिवृद्धि कर नलाग्ने भएकाले अनिवार्य मूल्य अभिवृद्धि कर दर्ता खारेजी गरी तत् समयमा देखाएको मेसिनरी स्वास्थ्य उपकरण खरिदमा मूल्य अभिवृद्धि कर क्रेडिट र दर्ता स्थगनका बखत कायम रहेको त्यस्तो सम्पत्ति बजार मूल्यमा बिक्री भएको मानी सोमा मूल्य अभिवृद्धि कर रु.२४ करोड ४१ लाख छानबिन गरी असुल गर्नुपर्दछ ।

६७. **संरचना निर्माणको मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसार रु.५० लाख भन्दा बढीको भवन वा शपिङ कम्लेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताबाट निर्माण गराउनुपर्ने, सो नगरेमा सो मूल्य अभिवृद्धि कर

सम्पत्तिको स्वामित्व कर्ताबाट असुल गर्ने व्यवस्था छ । ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय जोरपाटी, चाबहिल, भरतपुर, भक्तपुर, विराटनगर, नेपालगञ्ज, बुटवल, बालाजु, पुतलीसडक, पोखरासमेत २२ कार्यालयअन्तर्गतका ४० करदातासँग यस वर्ष रु.२ अर्ब ६९ करोड ४२ लाखका निर्माणाधीन संरचना रहेको वित्तीय विवरणबाट देखिन्छ । उक्त रकममा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.३५ करोड २ लाख ४६ हजार र सोमा नियमानुसार लाग्ने जरिवाना र ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

६८. **कर छुटको कारोबार -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ मा सामाजिक परिचालनसम्बन्धी कार्यलाई कर छुट हुने वस्तु तथा सेवाअन्तर्गत सूचीकृत गरेको छैन । आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर र ललितपुर अन्तर्गतको जनचेतना अभिवृद्धि गर्ने, तालिम प्रदान गर्ने लगायत सामाजिक परिचालन सम्बन्धी कार्य गर्ने ६ करदाताको रु.१८ करोड २९ लाख मा रु.२ करोड ३७ लाख मूल्य अभिवृद्धि कर असुल गरेको नदेखिएका ले छानबिन गरी असुल गर्नुपर्दछ ।

६९. **सेवा शुल्कमा मूल्य अभिवृद्धि कर -** मूल्य अभिबृद्धि कर ऐनले बिद्युत शक्तिलाई कर छुट दिएता पनि बिद्युत शक्तिको प्रशारण सेवालाई कर छुट दिएको छैन। पावर ट्रान्समिसन कम्पनी नेपाल लिमिटेडको वार्षिक कारोबार रकमको सीमा विगत वर्षदेखि नै नाघेको भए तापनि मूल्य अभिबृद्धि कर प्रयोजनको लागि दर्ता भएको छैन। यस वर्षसम्मको ब्याज तथा अन्य शुल्क बाहेकको मूल्य अभिबृद्धि कर दायित्व रु.१५ करोड ३६ लाख ६१ हजार हुने देखिन्छ।

७०. **स्विफ्ट सेवाको भुक्तानी -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) मा नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखतमध्ये जुन पहिलो हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नुपर्ने व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कले बेल्जियमको एक अन्तर्राष्ट्रिय कम्पनीलाई स्विफ्ट सेवाका लागि अमेरिकी डलर ४.३५ मिलियन भुक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर असुली गरेको छैन।

७१. **पचास प्रतिशत मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर रकमको पचास प्रतिशतले हुन आउने रकम आपूर्तिकर्ताको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आपूर्तकलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि करबापतको ५० प्रतिशत रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा नगरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, डडेल्धुरा अस्पताल लगायत १४ निकायले रु.१ करोड ७९ लाख ३३ हजार मूल्य अभिवृद्धि कर आपूर्तकलाई नै भुक्तानी गरेको छ । आयोजना निर्देशनालय ए.डि.बि. ले सो व्यवस्थालाई आन्तरिक राजस्व विभागको वस्तु वा सेवा मात्र लागू हुने सूचनालाई आधार मानि ५० प्रतिशत मूल्य अभिबृद्धिकर कट्टा नगरी भुक्तानी गरेकोले ४ सडक योजनाका निर्माण व्यवसायीलाई ५० प्रतिशतले भुक्तानी भएको मूल्य अभिबृद्धि कर रु.७ करोड ७६ लाख ३५ हजारको कर समायोजन गरेको प्रमाण **पेस** गर्नुपर्दछ ।

७२. **प्लाष्टिकमा अन्तःशुल्क -** अन्तःशुल्क दरबन्दी मूल शीर्षक ३९.२३ अन्तर्गत मालसामानको ओसारपसार वा परिवेष्ठन गर्ने प्लाष्टिकका सामानहरूको उत्पादनमा ५ प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, विराटनगर र भद्रपुरअन्तर्गतका २ करदाताले देखाएको उत्पादन तथा खपत विवरण अनुसार यस वर्ष प्लाष्टिक ग्रानुअल, फिलर मास्टर ब्याचलगायतका कच्चा पदार्थ खपत देखाई अन्तिम तयारी वस्तु उत्पादन गरेको देखिन्छ। अन्तःशुल्क लाग्ने कारोबार गरे तापनि करदाता अन्तःशुल्कमा दर्ता भएको छैन। उपर्युक्त स्थितिमा करदाताको २०७५।७६ र २०७६।७७ को कुल बिक्री रु.४८ करोड ७७ लाख २८ हजारमा ५ प्रतिशतका दरले हुन आउने अन्तःशुल्क रु.२ करोड ४३ लाख ८६ हजार छानबिन गरी असुल गर्नुपर्दछ ।

७३. **फरक भन्सार दरबन्दी —** भन्सार कार्यालयहरूले विभिन्न पैठारीकर्ताले विभिन्न मिति र प्रज्ञापन पत्रबाट पैठारी भएको मालसामानको जाँचपास गर्दा आर्थिक ऐन, २०७५ को अनुसूची १ र भन्सार दरबन्दी पुस्तिकामा उल्लिखित संकेत नम्बर अनुसार मालवस्तुको यथार्थ संकेत यकिन गरी जाँचपास गर्नुपर्नेमा प्रज्ञापनपत्रको परीक्षण गर्दा फरक संकेत नम्बर तथा दरबन्दी लगाएको कारण रु.७१ करोड २५ लाख ९६ हजार घटी राजस्व असुल भएको देखिन्छ । उक्त रकम असुल हुनुपर्दछ ।

७४. **सुनको भन्सार -** मन्त्रिपरिषद्को २०७६।७।१८ को निर्णय बमोजिम व्यापारिक प्रयोजनका लागि पैठारी हुने भन्सार उपशीर्षक ७१०८ मा पर्ने सुनमा प्रति १० ग्राममा लाग्ने महसुल रु.५ हजारबाट बढाई रु.६ हजार ५०० कायम गर्ने साथै भन्सार उपशीर्षक ७१०६ मा पर्ने चाँदीमा प्रति १० ग्राममा लाग्ने महसुलदर रु.५६ बाट वृद्धि गरी रु.७५ कायम भएको देखिन्छ । महसुल वृद्धिसम्बन्धी उक्त निर्णय २०७६।७।१९ गतेदेखि नै लागू गर्नुपर्नेमा २०७६।७।२३ गतेदेखि मात्र आसिकुडा प्रणालीमा प्रविष्टि गरी लागू गरेको देखिन्छ। सो अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट रु.८२ करोड ४२ लाख ३१ हजार मूल्यको १५० किलोग्राम सुन तथा रु.४ करोड ६६ लाख ८० हजार मूल्यको ७०० किलोग्राम चाँदी पैठारी भएको देखिन्छ। राजस्व वृद्धि भएको निर्णय समयमै कार्यान्वयन नगर्दा सुन आयातमा रु.२ करोड २५ लाख तथा चाँदी आयातमा रु.१३ लाख ३० हजारसमेत रु.२ करोड ३८ लाख ३० हजार राजस्व छुट भएकोले सो रकम असुल गर्नुपर्दछ ।

७५. **मनीटरको भन्सार -** पैठारीकर्ताहरूले १९ इन्च वा सोभन्दा कम आकारका ७३ हजार २६ थान मनिटर भन्सार कारोबार मूल्य रु.४८ करोड ९२ लाख २३ हजारको १३ प्रतिशत मूल्य अभिवृद्धि कर मात्र असुल गरी जाँचपास गरेको देखिन्छ। सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट ४ हजार थान सीसी क्यामेरासमेत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, वीरगन्ज, तातोपानीलगायतका भन्सार कार्यालयबाट यो वर्ष रु.१३ करोड २१ लाख १० हजार मूल्यका ६७ हजार ९०४ थान सीसी टिभी क्यामेरा पैठारी गरेको देखिन्छ। तर ती मनिटरहरू सिसिटिभीमा समेत प्रयोग हुन सक्ने देखिन्छ। भन्सारको तथ्याङ्क परीक्षण गर्दा कुनै पनि मनिटरहरू सो प्रयोजन भनेर पैठारी भएको देखिँदैन। यसबाट कम्युटर प्रयोजन भनी पैठारी भएका मध्ये न्यूनतम पनि ६७ हजार ९०४ थान मनिटर सीसी टीभी प्रयोजनमा प्रयोग हुने अवस्था छ। कम्प्युटर बाहेकको प्रयोजनमा प्रयोग हुने मनिटरलाई भन्सार दरबन्दी ८५२८५९ बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा फरक भन्सार दरबन्दीबाट जाँचपास गरेको कारण रु.१६ करोड १६ लाख ६१ हजार घटी राजस्व असुल भएको छ।

७६. **लाइसेन्सको भन्सार -** टेलिकम सेवा प्रदायक कम्पनीहरूले ध्वनिसम्बन्धी यन्त्रहरूमा प्रयोग हुने लाइसेन्स तथा एन्टिभाइरस जन्य प्रोग्रामहरू, अप्टिक्स अप्टिकल एण्ड प्याकेट अप्टिकल ट्रान्समिसन नेटवर्क, हाईरार्किकल क्यू.ओ.एस. फङसन, ट्रान्समिसन क्यापसिटी लाइसेन्स, वेभ डिबगिङ लाइसेन्स जस्ता प्रोग्रामहरू पैठारी गर्दा भन्सार उपशीर्षक ८५२३८०९० (सफ्टवेयर बाहेकका अन्य प्रोग्रामहरू) ८५१७६२ र ८५१७६९ (ध्वनि, छवि सम्बन्धी उपकरणहरूमा प्रयोग हुने) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार उपशीर्षक ८५२३८०१० (सफ्टवेयरहरू) बाट जाँचपास गरी मूल्य अभिवृद्धि कर मात्र असुल गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट उक्त लाइसेन्सलाई सफ्टवेयर भनी अन्य विभिन्न भन्सार उपशीर्षकबाट न्यून महसुल लगाएर जाचपाँस गरेको छ । यसरी फरक भन्सार उपशीर्षकबाट जाँचपास गरेको कारण छुट हुन गएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि कर रु.६ करोड ७८ लाख ५ हजार असुल गर्नुपर्दछ ।

७७. **बण्डेड वेयर हाउस सुविधा -** भन्सार नियमावली, २०६४ को नियम १६ मा बण्डेड वेयर हाउसको इजाजतपत्रवालाले निकासी वा स्वदेशमा नै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन

गर्न आवश्यक पर्ने कच्चापदार्थबाट तयारी वस्तु म्याद थपसमेत १७ महिनाभित्र निकासी नगरेमा लाग्ने महसुल र १५ प्रतिशत थप जरिवाना असुल गरिने व्यवस्था छ। तातोपानी, वीरगन्ज, सुख्खा बन्दरगाह र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले विभिन्न पैठारीकर्ताले म्याद थपसहित १७ महिनाभित्र तयारी वस्तु निकासी गरेको नदेखिएकोले उक्त कच्चापदार्थमा लाग्ने भन्सार महसुल र सोको १५ प्रतिशत थप महसुलसमेत रु.१८ करोड ६४ लाख ८६ हजार असुल गर्नुपर्दछ ।

- **अन्य प्राप्ति र दाखिला**

७८. **मोबाइल सेवा नवीकरण -** दूरसञ्चार नियमावली, २०५४ को नियम १२ अनुसार नवीकरण दस्तुर रु २० अर्ब बुझाउन सबैभन्दा बढी कवोल गर्ने निजी क्षेत्रको एक मोबाइल सेवा प्रदायकलाई अनुमितपत्र दिएकोमा सोही शर्त मञ्जुर गरी एक सार्वजनिक मोबाइल सेवा प्रदायकले पनि अनुमति पाएको छ। सो सेवा प्रदायकहरूले कबुल गरेको दस्तुर एकमुष्ट असुल गर्नुपर्नेमा कानुनी आधार बेगर नै नेपाल सरकारले किस्तामा बुझाउन सक्ने व्यवस्था गरेको छ। सेवा प्रदायक २ बाट यो वर्ष सम्मको नवीकरण दस्तुर रु ४३ अर्ब ६९ करोड ७६ लाख असुल गर्नुपर्दछ।

७९. **युनिफाईड लाईसेन्स दस्तुर -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी बाँडफाँट तथा मूल्यसम्बन्धी नीति, २०७३ ले आधारभूत टेलिफोन सेवाको नवीकरण दस्तुरको सम्बन्धमा व्यवस्था गरेको छ। अनुमतिपत्रप्राप्त गरेको दश वर्षको निमित्त सेवा प्रदायकले अनुमतिपत्रप्राप्त गरेको वर्षदेखि नै तोकिएको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। अनुमतिपत्रको नवीकरणको लागि रु.२० अर्ब १३ करोड २७ लाख ५० हजार दाखिला गरेपश्चात नवीकरण गरिने उल्लेख छ। यस प्रावधानअन्तर्गत अनुमतिपत्र लिएका २ सेवा प्रदायकले नीतिले तोकेबमोजिम २०७६।७७ सम्म दाखिला गर्नुपर्ने नवीकरण शुल्क रु.३ अर्ब ४० करोड दाखिला गरेका छैनन्। नीतिमा उल्लेख भएको प्रावधानअनुसार नवीकरण शुल्क असुल गर्नुपर्दछ।

८०. **फ्रिक्वेन्सी दस्तुर -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्य सम्बन्धी) नीति, २०७३ तथा दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ बमोजिम रेडियो फ्रिक्वेन्सी बापतको दस्तुर वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्ने, न्यूनतम फ्रिक्वेसीबाहेक थप फ्रिक्वेन्सी, अधिकतम फ्रिक्वेन्सी र भिस्याटको दस्तुर आर्थिक वर्ष शुरु भएको ३ महिनाभित्र अग्रिम भुक्तान गर्नुपर्ने र तोकिएको अवधिभित्र दस्तुर भुक्तानी नगरेमा भुक्तान गर्न बाँकी दस्तुरको प्रत्येक महिना दुई प्रतिशतको दरले थप दस्तुरसमेत लाग्ने व्यवस्था छ। यो वर्ष २ सेवा प्रदायकले न्यूनतम फ्रिक्वेन्सी तथा माइक्रोवेभ फ्रिक्वेन्सी दस्तुर दाखिला नगरेकोले थप दस्तुर समेत रु २४ करोड ६५ लाख १४ हजार असुल गर्नुपर्दछ।

८१. **विद्युत महसुल बक्यौता -** नेपाल विद्युत प्राधिकरणको विद्युत महशुल बक्यौता गत वर्षको तुलनामा यो वर्ष ७२.५३ प्रतिशतले वृद्धि भई रु.३२ अर्ब १८ करोड ५१ लाख पुगेको छ । बक्यौता रकम उठाउन पर्याप्त पहल गरेको पाइएन। उक्त रकममध्ये ट्रङ्क तथा डेडिकेटेड लाइनतर्फको ४९ ग्राहकहरूबाट असुल हुनुपर्ने रु.१५ अर्ब ५३ करोड ५८ रहेको छ। सो रकम कुल वक्यौताको ४८.२७ प्रतिशत देखिन्छ । यस बाहेक सडक बत्तीको मात्र रु.३ अर्ब ५३ करोड ५९ लाख बाँकी रहेको छ। त्यस्ता ग्राहकहरूमध्ये प्राधिकरणले २०७२/७३ देखि २०७५/७६ सम्म रु.६ अर्ब ३४ करोडको बीजक जारी नगरेकोमध्ये यस वर्ष रु.४ अर्ब १९ करोडको बीजक जारी गरेको छ भने रु.२ अर्ब १५ करोडको अझै बीजक जारी गरेको छैन।

८२. **विद्युत रोयल्टी -** विद्युत ऐन, २०४९ को दफा ११ बमोजिम जलविद्युतको व्यापारिक उत्पादन गर्ने उत्पादकले विद्युत रोयल्टी बुझाउनु पर्ने व्यवस्था छ । जलविद्युत आयोजना ८२ बाट गतवर्षसम्मको उठ्न बाँकी रोयल्टी रू.४४ करोड ७४ लाख र २०७६।७७ मा ९४ जल विद्युत कम्पनीबाट रू.२

अर्ब ८८ करोड ५१ लाख समेत कुल रू.३ अर्ब ३३ करोडमध्ये रू.२ अर्ब ८८ करोड ७६ लाख असुल गरी रू.४५ करोड ४९ लाख उठ्न बाँकी देखिएको छ ।

८३. **आयातित विद्युतको महशुल -** नेपाल र भारत सरकारबीच भएको महाकाली सन्धि अनुसार नेपाल सरकारले ग्रेगोरियन क्यालेन्डर अनुसार प्रत्येक वर्ष ७ करोड युनिट विद्युत निःशुल्क पाउने तथा सो भन्दा बढी विद्युत चाहिएमा खरिद गर्नुपर्ने प्रावधान रहेको छ। उक्त प्रावधान अनुसार निःशुल्क प्राप्त गरेको बिद्युत नेपाल सरकारले प्रति युनिट रु. ४.७५ का दरले प्राप्त गर्ने गरी नेपाल विद्युत प्राधिकरणलाई उपलव्ध गराएको छ। यसरी नेपाल सरकारलाई तिर्नुपर्ने रकम गत वर्षसम्म रु.१ अर्ब ७ करोड ९९ लाख भएकोमा यस वर्षसम्म रु.१ अर्ब ४२ करोड २८ लाख भएतापनि प्राप्त भएको देखिएन।

८४. **सडक दस्तुर -** सडक बोर्ड ऐन, २०५८ को दफा ६ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको सडक उपयोग गर्ने सवारी साधनबाट दस्तुर एवं शुल्क असुल गर्नुपर्ने व्यवस्था छ । सडक बोर्डले ४ सडकबाट २०७४।७५ मा रु.१० करोड ६८ लाख, २०७५।७६ मा रु.१५ करोड ७७ लाख र २०७६।७७ मा ७ सडकबाट रु.३५ करोड ९९ लाख दस्तुर एवं शुल्क सङ्कलन गरेको छ । नेपाल सरकारले २०७६।१।२ मा विभिन्न राजमार्गका १४ खण्डमा सडक दस्तुर सङ्कलन गर्नेगरी तोकेकोमा काँकडभिट्टा-दमक खण्ड, दमक-इटहरी खण्ड, कोशी-चोहर्बा खण्ड, चोहर्बा-पथलैया खण्ड, हेटौडा-वीरगन्ज खण्ड, वीरगन्ज-पथलैया खण्ड र बिराटनगर-धरान खण्डमा सडक दस्तुर सङ्कलन गर्ने कार्य भएको छैन ।

बोर्डले नौबिसे मुड्लिन सडक, नारायणघाट हेटौडा सडक र भैरहवा भुमही सडक समेत ३ खण्डमा सडक दस्तुर सङ्कलन गर्न ठेक्का लगाएकोमा २०७६ चैत्र १० सम्ममा रु.३२ करोड ४० लाख प्राप्त गर्नुपर्नेमा रु.२७ करोड १८ लाख मात्र प्राप्त गरी रु.५ करोड २२ लाख र हर्जाना रु.४६ लाख ५ हजार समेत रु.५ करोड ६८ लाख असुल गर्न बाँकी छ । उक्त रकम सरकारी बाँकी सरह असुल हुनुपर्दछ ।

८५. **सेवा शुल्क तथा रोयल्टी -** वायु सेवा कम्पनीहरूले नेपाल नागरिक उड्डयन प्राधिकरणलाई बुझाउनु पर्ने शुल्क तथा रोयल्टी रु.९ करोड भन्दा बढी वक्यौता रकम असुल भएको छैन । उक्त वक्यौतामध्ये अस्तित्वमा नरहेका दुई हवाई सेवाको मात्र रु.८ करोडभन्दा बढी रहेको छ । वक्यौता नतिर्ने उपर कानुन बमोजिमको कारवाही प्रक्रिया अगाडि वढाउनुपर्ने देखिन्छ ।

क्यासिनो नियमावली, २०७० मा क्यासिनो सञ्चालकले रोयल्टी रकम बुझाउनुपर्ने व्यवस्था छ । क्यासिनो रोयल्टीसँग सम्बन्धित व्यवसायीको विवरण तथा रकम खुल्ने अद्यावधिक अभिलेख पर्यटन विभागले तयार गरेको छैन । लेखापरीक्षणबाट सङ्कलन गरिएको विवरणबाट १५ क्यासिनो संचालकमध्ये ५ क्यासिनो संचालकबाट २०७६।७७ को रू.२२ करोड ७२ लाख ५० हजार समेत कुल बक्यौता रू.१ अर्ब ८ करोड ६३ लाख बाँकी रहेको छ । उक्त बक्यौतामा लाग्ने शुल्क समेत यकिन गरी असुल गर्नुपर्दछ ।

८६. **भाडा असुली -** सार्वजनिक निकायहरूले भाडा असुल गर्न नसकेको व्यहोरा देहायअनुसार छः

८६.१. कर्मचारी सञ्चय कोषको स्वामित्वमा काठमाडौं, सुन्धारामा रहेको घर भाडामा लगाउने सम्बन्धी सम्झौता अनुसार भाडामा लिनेले २०७३।१०।६ देखि प्रथम तीन महिनाको अग्रिम भाडामात्र कोषलाई बुझाएको पाइयो। त्यसपछि सम्झौता अनुसारको भाडा नियमित रुपमा प्राप्त नभएकोले कोषले २०७५।१।५ मा रु.३२ करोड ५३ लाखको बैङ्क जमानत जफत गरी बक्यौता रकम चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गरेको देखिन्छ। कोषले जमानत जफत गरेको रकम कटाई २०७७ असारसम्ममा ब्याज तथा जरिबाना समेत रु.२२ करोड ५१ लख उठाउन बाँकी रहेको छ। सोही भवनको अर्को एक भाडावालाको सम्झौता २०७२ आश्विनमा रद्द गरेकोमा रु.९ करोड ३६ लाख

वक्यौता उठाउन बाँकी रहेको छ। कोषले २०७१।९।९ मा कोषको लगनखेल स्थित भवन मासिक भाडा रु.५४ लाख ७० हजारमा एक प्राईभेट लिमिटेडसँग १५ वर्षको लागि भाडामा लिने र दिने करार गरेकोमा लामो समय देखि असुली हुन नसक्दा कोषले उक्त करार २०७५।५।१४ मा अन्त्य गरेको देखिन्छ। कोषले समय समयमा भाडावालाले तिरेका रकम र बैङ्क जमानत जफत गर्दा पनि अझै भाडा रू. १२ करोड २३ लाख र जरिवाना रू.२९ लाख ३२ हजार गरी रु.१२ करोड ५२ लाख असुल उपर गर्नुपर्ने देखिन्छ। लिन बाँकी भाडा रकमको ब्याज तथा जरिबानासमेत असुल गर्नुपर्दछ।

८६.२. त्रिभुवन विश्वविद्यालय मातहतका ३ क्याम्पसले जग्गा तथा भवनको विभिन्न भाडा रु.८५ लाख ७३ हजार असुल गरेको छैन । त्रिपुरेश्वरस्थित जनप्रशासन क्याम्पस रहेको १० रोपनी १३ आना क्षेत्रफलको जग्गामा एक व्यापार केन्द्र भवन निर्माण गरी व्यवसायीलाई ३२ वर्षको लागि लिजमा लिने व्यवसायीले २०६४ वैशाखदेखि २०७७ आषाढसम्म रु.१ करोड ५२ लाख बुझाउन बाँकी देखाएको छ । लामो समयदेखि बाँकी रकम नबुझाएकोमा सम्झौता अनुसार कारबाही गरी असुल गरेको छैन । सम्झौता अनुसारको भाडा रकम शुल्कसहित असुल हुनुपर्दछ ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान, भरतपुर अस्पताल लगायत ११ निकायले रु.४ करोड ८७ लाख ७१ हजार सम्झौता अनुसार भाडा असुल गरेका छैनन् ।

८६.३. समाज कल्याण परिषद् आर्थिक प्रशासन नियमावली, २०५० को नियम ६२ मा परिषद्ले भवन जमिन र उपकरण भाडामा दिनुपर्दा सचिवले निर्धारित प्रक्रिया अपनाई भाडामा दिनसक्ने व्यवस्था छ। भूकुटीमण्डप सञ्चालन कार्यालयबाट उठाउनुपर्ने बक्यौता रकम २०७७ आषाढ मसान्तसम्म १२ वटा व्यक्ति, फर्म एवं संघ संस्थाहरूको नाममा रु.७ करोड १५ लाख ८२ हजार रहेको देखिन्छ । सो मध्ये यो वर्ष को मात्र रु.२ करोड ३५ लाख ४६ हजार रहेकोमा सम्झौता बमोजिम असुली कारबाहीको प्रक्रियालाई प्रभावकारी बनाउनु पर्दछ ।

• सार्वजनिक खरिद व्यवस्थापन

८७. **सहवित्तीयकरण -** स्वास्थ्य मन्त्रालय तथा गाभी फण्डलगायतको सहवित्तीय व्यवस्थाअन्तर्गत गाभी फण्डबाट प्राप्त हुने रकमबाट खरिद गर्नुपर्ने औषधिको रकम युनिसेफलाई भुक्तानी दिई सोमार्फत खरिद गर्ने गरेको छ । यो वर्ष सोही व्यवस्थाअन्तर्गत युनिसेफलाई रु.१७ करोड ५५ लाख ७४ हजार पेस्की दिएकोमा फस्यौंट भएको छैन । विभागको बजेटबाट खर्च हुने रकमको खरिद कार्य दातृ निकायमार्फत् गराउने कार्य उपयुक्त देखिँदैन ।

८८. **लाईडर सर्भे -** नापी विभागले विभिन्न प्रकारका विकास निर्माण परियोजना, प्रकोप व्यवस्थापन तथा नक्सांकन आदि कार्यका लागि आवश्यक पर्ने परिशुद्ध सांखीय उचाई मोडल तथा हवाई चित्र तयार गर्न चितवन जिल्ला देखि पश्चिम कञ्चनपुर सम्म करिब २० हजार वर्ग किलोमिटर क्षेत्रफलमा लाईडर सर्भे तथा म्यापिङ्ग लागि २०७६।३।२० मा एक परामर्शदातासँग रु.५९ करोड ३५ लाख ३५ हजारको खरिद सम्झौता गरेको थियो। सम्झौता अनुसार सम्वत् २०७७।६।२० सम्म (१५ महिना) मा काम सम्पन्न गर्नुपर्नेमा दुई पटक म्याद थप हुँदा समेत कार्य सम्पन्न भएको छैन । परामर्शदातालाई पहिलो किस्ता इन्स्पेक्सन रिपोर्ट **पेस** गरेपछि १० प्रतिशत र दोस्रो किस्ता फ्लाईट प्लान रिर्पोट **पेस** गरेपछि १५ प्रतिशत समेत हालसम्म रु १४ करोड ८३ लाख ८३ हजार भुक्तानी भएको छ । लाईडर सर्भेक्षणका लागि पूर्व तयारी अनुरुप परामर्शदाताले जिपिएस स्मारक चिन्ह राखे र नियन्त्रण विन्दुको स्थापना कार्य सम्पन्न गरेको अवस्थामा कोभिडको कारण देखाई पटक पटक म्याद थप गरेकोमा सुरक्षाका मापदण्डहरू अपनाई सम्झौता अनुसार कार्यसम्पन्न गर्न ध्यान दिनुपर्दछ ।

८९. **सञ्चार नेटवर्क -** नेपाल प्रहरीले सञ्चार सुरक्षाको चुनौती र जोखिम कम गर्न मोरङ, सुनसरी र धनकुटाका ६ स्थानकोलागि सञ्चार नेटवर्क खरिद गर्न अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेकोमा ३.५

प्रतिशत घटी अमेरिकी डलर ४५ लाख ४ हजार कबोल गर्ने एक आपूर्तकसँग २०७६।२।३१ मा प्रतीतपत्र खोलेको देखिन्छ । आपूर्तकले उपलव्ध गराउनु पर्ने बेश सेट/मोवाईल सेट लगायत विभिन्न सामान उपलव्ध नगराई उक्त कार्य अघि नवढाएकोले २०७७।१।८ मा सम्झौताको अन्त्य गर्ने निर्णय वमोजिम २०७८।२।१३ मा प्रतीतपत्र बन्द गरी रु.५० करोड ९६ लाख राजस्व दाखिला गरेको छ। कार्यसम्पादन वापत एक वैंकमा रहेको जमानत अमेरिकी डलर २ लाख २५ हजार जफत गरेको छैन ।

९०. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । यो वर्ष सडक विभाग माताहतका ७ कार्यालयले पूर्वनिर्धारित क्षतिपूर्ति लिने निर्णय गरेकोमा रु.१५ करोड २३ लाख ३७ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेको छैन ।

९०.१. लामोसाँघु-तामाकोशी-जिरी सडक योजना, सिन्धुपाल्चोकले मुडे-चरिकोट सडक स्तरोन्नति कार्य २०७४।११।२१ मा सम्पन्न गर्ने गरी रु.७९ करोड ८९ लाख ६७ हजारको सम्झौता भएकोमा समयमा काम सम्पन्न नभएकोले २०० दिनको पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी तेस्रो पटक म्याद थप भएकोमा पूर्व निर्धारित क्षतिपूर्ती रु.७ करोड ९७ लाख ५८ हजार हजार असुल गर्नु पर्दछ । डिभिजन सडक कार्यालय बुटवल अन्तर्गत दानव नदी पुल, भुमही परासी भैरहवा सडक र कार्यालयको भवन निर्माणकार्य बिलम्व भइ म्याद थपको निर्णयमा पूर्व निर्धारित क्षतिपूर्ति लगाइ म्याद थप गर्ने यस अघिको निर्णय सम्वन्धी व्यवस्था यथावत राखी पुनः म्याद थप भएकोमा उक्त व्यवस्था अनुसार रु ३ करोड ८ लाख ८२ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ ।

९०.२. ग्रामीण सडक सञ्जाल सुधार आयोजनाले रोल्पाको बडाचौर, गुम्ची, हर्जाङ्ग सडक निर्माण गर्न एक निर्माण व्यवसायी सँग रू.४४ करोड ३० लाख ४५ हजारको २०७७।१।७ सम्म सम्पन्न गर्नेगरी २०७४।१२।१६ मा सम्झौता भएको छ । सम्झौता अवधिको ८० प्रतिशत समय व्यतित हुँदा भौतिक प्रगति करिब १६ प्रतिशत रहेको र काम गर्न पटक पटक ताकेता गर्दा पनि निर्माण व्यवसायीले काम अगाडि नबढाएको आधारमा निर्माण व्यवसायीसँग ठेक्का तोड्ने र कालो सूचीमा राख्ने प्रक्रिया अगाडि बढाउन २०७६।१०।६ मा विभागस्तरीय निर्णय भई ठेक्का अन्त्य गरेको देखियो । खरिद सम्झौतामा निर्माण व्यवसायीले सम्झौता बमोजिम निर्माण कार्य नगरेमा ठेक्का अन्त्य गरी सुरु ठेक्का रकमको २५ प्रतिशत रकम असुल गर्ने व्यवस्था छ । सो अनुरुप निर्माण व्यवसायीबाट रू.९ करोड ५० लाख १७ हजार असुल गर्नुपर्नेमा रू.३ करोड १५ लाख ९९ हजार असुल गरेकोले बाँकी रू.६ करोड ३४ लाख १८ हजार असुल हुनुपर्दछ ।

९१. **खरिद सम्झौताको अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सम्झौता वमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बीचैमा छाडेमा त्यस्तो सम्झौता अन्त गरी राखिएको जमानत जफत हुने र बाँकी कार्य पुरा गर्न जे जति रकम आवस्यक पर्छ सो रकम सम्झौता बमोजिम कार्य नगर्ने निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ । पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना काभ्रेपलान्चोकले खुर्कोट - घुर्मी सडक खण्डको पुल निर्माणका ठेक्का सम्झौता अन्त गरी ३५ दिनभित्र रु.६ करोड ६० लाख २२ हजार राजस्व दाखिला गर्न सूचना प्रकाशन गरेकोमा सोमध्ये रु.१ करोड २२ लाख ८ हजार राजस्व दाखिला भएको र बाँकी रु.५ करोड ३८ लाख १४ हजार राजस्व दाखिला गरेको छैन । सडक डिभिजन सुर्खेतले रामघाट दशरथपुर पुल निर्माणको निर्माण व्यवसायीले काम नगरेको आधारमा ठेक्का सम्झौता अन्त्य गरेको छ। सम्झौता बमोजिम कार्य सम्पादन जमानत रु.१ करोड १८ लाख १४ हजार र सम्झौता बमोजिम पुल निर्माण गर्न लाग्ने थप लागतको २५ प्रतिशतले रु.५ करोड २२ लाख ७२ हजार समेत जम्मा रु.६ करोड ४० लाख ८६ हजार निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

९२. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १२ महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मूल्य समायोजन दिनुपर्ने व्यवस्था छ यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

९२.१. सडक विभागले २०७०।४।२ मा मोबिलाइजेशन पेस्की कटाएपछि बाँकी बिल रकममा मूल्य समायोजन दिने गरी ठेक्का सम्झौता गर्न निर्देशन गरेको छ । उक्त निर्देशन पालना नगरी पेस्कीमा समेत मूल्य समायोजन दिनेगरी सम्झौता गरेको कारण ७ कार्यालयले २८ निर्माण व्यवसायीलाई पेस्की नकटाई रु.७ करोड ३६ लाख ४८ हजार मूल्य समायोजन भुक्तानी दिई थप व्ययभार पारेको छ । विभागीय निर्देशनको पालना नगरी पेस्कीमा मूल्य समायोजनको व्यवस्था राखी सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

९२.२. यो वर्ष सडक विभाग माताहतका १७ कार्यालयले ३४ निर्माण व्यवसायीलाई नियमावली विपरीत रु.११ करोड ९० लाख २६ हजार मूल्य समायोजन भुक्तानी गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको २०७६।९।१६ को पत्रानुसार बोलपत्र सम्बन्धी कागजातको मुल्य समायोजन डाटामा बोलपत्रदाताले कोफिसियन्ट नभरी खाली छोडेमा निजलाई मूल्य समायोजन दिन नमिल्ने उल्लेख छ। पुष्पलाल (मध्यपहाडी) योजना कार्यालय काभ्रेपलान्चोकले २ सडक निर्माणको निर्माण व्यवसायीले बोलपत्र सम्बन्धी कागजात **पेस** गर्दा मुल्य समायोजन डाटाको कोफिसियन्ट नभरेको अवस्थामा मूल्य समायोजन रु.३ करोड ९५ लाख २ हजार भुक्तानी गरेको छ ।

९२.३. खानेपानी मन्त्रालय अन्तर्गत आयोजना कार्यान्वयन निर्देशनालयले आर्थिक दायित्व नबढ्ने गरी विभिन्न निर्माण कार्यको म्याद थप गरेको छ । निर्माण कार्यगर्ने अन्य निकायहरूले समयमा काम सम्पन्न नभई म्याद थप गर्दा सुरु सम्झौताको अन्तिम मितिको मूल्यसूची वा फ्याक्टरभन्दा बढी नहुने गरी मूल्य समायोजन गणना गर्ने गरेका छन्। निर्देशनालयले पछिल्लो मूल्यसूचीअनुसार मूल्य समायोजन गरेको कारण रु.४ करोड ६६ लाख ७५ हजार बढी व्ययभार परेको छ ।

९२.४. अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले १४ खरिद सम्झौताको निर्माण कार्य कार्यतालिकाअनुसार नभएकोमा पनि विभिन्न कारण जनाई म्याद थप गरेको छ । म्याद थप पश्चात पनि इण्डेक्स फ्रिज नगरी निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी गर्दा रु.७ करोड २८ लाख ५७ हजार बढी दायित्व परेको छ । निर्माण व्यवसायीले कार्य योजनाको पालना गर्नभन्दा पनि सुविस्ताको आधारमा कार्य सुचारु गरेको अवस्थाले आयोजनाको लागत र अवधि दुबै बढेको छ ।

९२.५. निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौतामा बोलपत्र **पेस** गर्नुपर्ने अन्तिम मितिभन्दा २८ दिन अगाडिको दरलाई बेस दर मानी मूल्य समायोजन कायम गर्ने उल्लेख छ । मूल्य समायोजन भुक्तानी गर्दा श्रम, निर्माण सामग्री र मेशीनरी तथा उपकरणको इन्डेक्सलाई आधार लिने उल्लेख छ। मेशिनरी तथा ट्रान्सपोर्ट भेहीकल इन्डेक्स २०१७/१८ भन्दा अगाडि एउटै रहेकोमा तत्पश्चात राष्ट्र बैङ्कले रिइन्डेक्स गर्दा मेशिनरी एण्ड इक्वीपमेन्ट र ट्रान्सपोर्ट इक्वीपमेन्ट एण्ड पार्टसमा वर्गिकरण गरेको छ । रिइन्डेक्स पछाडिको मूल्य समायोजनको वर्गिकरण गर्दा मेशिनरी उपकरणको इन्डेक्सको आधारमा निर्माण ठेक्कामा र ट्रान्सपोर्ट इक्वीपमेन्ट एण्ड पार्टसको आधारमा सप्लाई ठेक्कामा मूल्य समायोजन दिनुपर्नेमा सडक विभाग मातहतका १६ कार्यालयले २३ ठेक्कामा २०१७।१८ पछिको भुक्तानीमा ट्रान्सपोर्ट इक्वीपमेन्ट एण्ड पार्टसको इन्डेक्स प्रयोग गरी रु.२३ करोड ४२ लाख १० हजार बढी मूल्य समायोजन भुक्तानी गरेका छन् ।

९३. **भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम

११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुट्याई समेत **पेस** गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

९३.१. रानी जमराको मुख्य नहर ३ किलोमिटर तथा फिडर नहर ३.१ किलोमिटर र हाइड्रोपावर प्रणाली निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७१।०३।३० मा रु.१ अर्ब ७३ करोड ३४ लाखको खरिद सम्झौता गरेको र सम्झौताको अवधि २०७४।०३।३० रहेकोमा चौथो पटक म्याद थप गरी २०७७।०८।२२ कायम गरेको छ । शूरुको सम्झौता लागतमा १०.४८ प्रतिशतले भेरिएसन हुने गरी सम्झौता रु.१ अर्ब ९१ करोड ५० लाख पुगेको छ । भेरिएसनवाट ढुँगा कटिङ गर्ने कार्य लागत अनुमानमा ८० हजार ३१० घनमिटरको लागि प्रति घ.मी रु.१२६० दरले रु १० करोड १८ लाख ८१ हजार समावेश रहेकोमा सो आइटममा निर्माण व्यवसायीले प्रति घ.मी रु.१५० ले रु.१ करोड २० लाख ४७ हजार कवोल गरेकोमा सो आइटम पुरै हटाएको छ । यसैगरी ढलान सम्बन्धी ३ वटा नयाँ आइटमको लागि रु.२३ करोड ८२ लाख ३५ हजार थप गरेको छ । नहर र हाइड्रोपावर सम्वन्धी कामको डिजाइन तथा ड्रइङमा परीवर्तन नआएकोमा लागत अनुमानको लागि परीणाम गणना गर्दा परामर्शदाताले त्रुटि गरेको तथा भौगोलिक स्थिति अनुसार नहर खन्ने क्रममा कडा चट्टान काट्ने काम आवश्यक नपर्नेमा सो आइटम राखेकाले भेरिएशनबाट हटाएको देखिन्छ । डिजाइन, ड्रइङ बमोजिमको कामको परीमाण गणना गर्दा नै उल्लेख्य त्रुटि गर्ने परामर्शदाता तथा जाँच गर्ने प्राविधीकलाई जिम्मेबार बनाई कारबाही गरेको पाइएन ।

९३.२. गल्छी त्रिसुली मैलुङ्ग स्यांफ्रुबेसी सडक योजना नुवाकोटले परामर्शदाताको डाटा पर्याप्त नभएको र ओभरलुक भएको, यसबाट माटो कटिङ्ग र टेवा पर्खालको परिमाण बढेको जनाई सुरु सम्झौताको १२.२१ प्रतिशत वृद्धि गरी सम्झौता रु.४ अर्ब ७ करोड १० लाख पुऱ्याएको पाइयो । भेरिएसन स्वीकृत गर्दा डिजाइन गर्ने परामर्शदातालाई कारबाही गर्ने निर्णय भएतापनि कारबाही भएको छैन। भेरिएसन स्वीकृतको लागि सडक विभागमा **पेस** भएको २१ महिनापछि मात्र स्वीकृत भएको छ । समयमा निर्णय नहुँदा निर्माण कार्यमा ढिला भएको छ । निर्णयकर्ताले समयमै निर्णय गरी सोको कार्यान्वयन गर्नुपर्दछ ।

९३.३. पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना कार्यालय सुनकोशी ३ जलविद्युत आयोजनाको हाइड्यामको कारण डुबानमा पर्ने वाटर लेभल ७५० मिटर भन्दा माथि पुग्ने एलाइन्टमेन्ट माथि लिफ्ट गर्नु परेको व्यहोरा जनाई १२.३७ प्रतिशतसम्म भेरिएसनबाट वृद्धि गरेको पाइयो। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले २०७३।१।२७ मा सडक विभागलाई जलासययुक्त आयोजनाको क्षेत्रमा पूर्वाधार निर्माण गर्दा पूर्वाधारको दिगो उपभोग हुन सक्नेगरी समन्वय गरी आयोजना तर्जुमा गर्न निर्देशन दिएकोमा उक्त निर्देशन दिएको १ वर्ष पश्चात २०७४।२।१६, २०७४।३।४, २०७४।११।३ मा सम्झौता भएका ठेक्कामा जलासययुक्त आयोजनाका कारणबाट भेरिएसन गर्नुपर्ने स्थिति हुनु मनासिव देखिदैन । ठेक्का प्रक्रिया सुरु हुनु अगाडिनै जलासययुक्त आयोजनाबाट पर्ने असरको यकिन नगरेको कारण थप परिमाणको कारणले रु.१७ करोड ८३ लाख ४४ हजार लागतमा वृद्धि हुन गएको छ । मन्त्रालयले दिएको निर्देशन कार्यान्वयन नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

९३.४. सडक डिभिजन, चितवनले नारायणी नदी माथि २०८ मिटर लम्बाईको ३ स्पानको प्रिस्ट्रेस्डड कंक्रिट र १ स्पानको स्टिल ट्रसको पुल निर्माणको लागि निर्माण व्यवसायीसँग रू.१९ करोड ११ लाखको सम्झौता गरेको छ। सम्झौता अनुसार २०७४/७/१९ भित्र कार्य सम्पन्न गर्नुपर्नेमा पटक पटक गरी २०७८/३/१२ सम्म म्याद थप भएको छ । यो वर्ष १४ औं बिलसम्ममा रू.११ करोड ५३ लाख २४ हजार भुक्तानी भएको छ । उक्त पुलको भेरिएसन हुँदा एप्रोच रोड तथा प्रोटेक्सन वर्कको लागि बिल अफ क्वान्टिटीमा रहेको परिमाण घटाई रु.१ करोड ३ लाख ४० हजारबाट रू.४१ लाख ७६ हजार कायम गरेको र स्ट्रक्चर निर्माणमा क्वान्टिटी थप गरेको छ । एप्रोच रोड तथा प्रोटेक्सन वर्कमा क्वान्टिटी घटाई भेरिएसन आदेश जारी गरेको तर सोही कार्यको लागि छुट्टै लागत अनुमान

तयार गरी यो वर्ष बोलपत्रको माध्यमबाट रू.६ करोड १० लाख ३८ हजारको खरिद सम्झौता भएको छ ।सम्झौता गरी काम सुरु गरेपश्चात एप्रोच रोड र प्रोटेक्सन वर्कमा क्वान्टिटी घटाउन पर्नाको प्राविधिक पुष्ट्याई बेगर क्वान्टिटी घटाएको र सोही कामको लागि ठूलो रकम खर्च गर्ने गरी खरिद सम्झौता गर्दा सरकारलाई थप व्ययभार पर्न गएको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

९३.५. पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, पाँचथरले चतरा कोशी कोरिडोरको मूलघाटदेखि पाँचथरसम्म १४८ किलोमिटर सडक निर्माणका लागि ७ वटा प्याकेज बनाई रु.६ अर्ब २७ करोड ११ लाखको लागत अनुमान स्वीकृत गरी रु.६ अर्ब १५ करोड ८० लाखमा खरिद सम्झौता गरेको छ । शुरुको एलाइन्मेन्ट नमिलेको, तमोर जलाशययुक्त जलविद्युतका कारण सडकको एलाइन्मेन्ट परिवर्तन गर्नु परेको लगायतका कारण देखाई सबै ठेक्का प्याकेजमा रु.२ करोड ९० लाखदेखि रु.११ करोड १६ लाखसम्म गरी लागत अनुमानमा रु.५६ करोड ७ लाख भेरिएसनबाट थप गरी संशोधित लागत अनुमान रु.६ अर्ब ८३ करोड १८ लाख कायम गरेको छ । भेरिएसनबाट सडकको लम्बाई १५४ किलोमिटर कायम गरेको छ । सडक रेखाङ्कन यकिन नगरी ठेक्का सम्झौता गरेको कारण भेरिएसन गर्नु परेको देखिन्छ ।

९४. **तेह्रौं दक्षिण एसियाली खेलकुद -** तेह्रौं दक्षीण एशियाली ओलम्पिक कमिटिको निर्णयानुसार २०७६।८।१५ देखि २४ सम्म काठमाडौं, पोखरा र जनकपुरमा २६ खेल समावेश गरी तेह्रौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता सञ्चालन भएको थियो । उक्त खेलकुद प्रतियोगिता सञ्चालनमा रु.१ अर्ब २४ करोड ९९ लाख खर्च भएको छ। विशेष अवस्थाको सिर्जना देखाइ रु.१ अर्ब १ करोड ३२ लाख ८७ हजारको खेलकुद सामग्री र रु.२ करोड ७८ लाख ६४ हजारको सेवा सोझै खरिद गरेको छ । सो मध्ये रु.२३ करोड ४ लाख बराबरको खेल सामग्री माग फाराम भरी वार्ताबाट छनौट भएको फर्मले सिधै खेल स्थलमा झार्ने र सोही अनुसार सम्बन्धित खेल संघका चिफ कोच तथा अध्यक्षले आवश्यक गुणस्तर र परीमाण हेरी बुझिलिएको आधारमा खर्च लेखेको छ । फिल्ड निरीक्षण गर्दा स्पोर्टस किट्स ट्रायक सुट, जुत्ता, मोजा, झोला, टिसर्ट र रुमाल १ हजार ७०७ सेट मौज्दात रहेको देखियो । खेलकुद समाप्त हुँदासम्म उक्त सामान प्रयोग नहुँदा खरिदको औचित्यता पुष्टि हुन सकेन । आवश्यकता भन्दा बढी खरिद भएका उक्त सेटको प्रति सेट रु.१२ हजारको दरले हुने रु.२ करोड ४ लाख ४८ हजारको खर्च गर्ने निर्णय गर्नु औचित्यपूर्ण देखिएन ।

नेपाल ओलम्पिक कमिटी र भारतीय एक प्राइभेट लिमिटेडबीच खेलकुदका सम्पूर्ण खेलहरूको प्रत्यक्ष प्रशारण, भिडियो र फोटोको ब्रोडकास्टिङ्ग अधिकार सहभागी सात राष्ट्रमा १५ टेलिभिजन च्यानल मार्फत प्रशारण गर्ने गरी रु.८ करोडमा सम्झौता भएको देखिन्छ । ब्रोडकास्टिङ्ग अधिकार बिक्री गर्दा उक्त प्रा.लि. सँग कार्य सम्पादन जमानत नलिएकोले परिषद्ले उक्त रकम असुल गर्न सकेको छैन । साथै एक भारतीय विज्ञापन एजेन्सीसंग सम्झौतामा विज्ञापनबाट प्राप्त आम्दानी मध्ये उक्त एजेन्सीबाट ५० प्रतिशत परिषद्लाई आम्दानी प्राप्त हुने व्यवस्था भएकोमा विज्ञापनबाट भएको आम्दानी खुलाएको छैन । अतः विज्ञापन आम्दानी यकिन गरी उक्त एजेन्सीबाट ५० प्रतिशतले हुने रकम परिषद्ले असुली गर्नुपर्दछ।

९५. **ठेक्का बन्दोबस्त र अन्त्य -** काठमाडौं तराई मधेश द्रुतमार्गका १४ ठेक्कामा यो वर्षसम्म रु.३ अर्ब ७ करोड ४० लाख भुक्तानी भइसकेपछि कामको आवश्यकता र उचित नभएको भनी ठेक्का अन्त्य गर्ने प्रक्रियामा लगेको पाइयो। यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

९५.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० बमोजिम सार्बजनिक निकायले कुनै पनि खरिदका लागि लागत अनुमान तयार गर्नुपर्ने, नियम १५ बमोजिम तयार भएको लागत अनुमान अद्यावधिक गरी राख्नुपर्ने र नियम ४३ बमोजिम बोलपत्र सम्बन्धी कागजातमा निर्माण कार्यको प्राविधिक विवरण उल्लेख गर्नुपर्ने व्यवस्था छ ।आयोजना सञ्चालन गर्ने

सन्दर्भमा एसियाली विकास बैङ्कको सहयोगमा प्रारम्भिक सर्भेक्षण, प्राविधिकले तयार गरेको विल अफ क्वान्टिटी र वोलपत्र कागजात तयार गरी ठेक्का बन्दोबस्त गरेको जनाए तापनि नियममा उल्लिखित प्रक्रियाअनुसार ठेक्का बन्दोबस्त गर्नु अघि सम्पादन गर्नुपर्ने क्रियाकलाप, कार्य परिमाण, लागत अनुमान यकिन गरी स्थलगत अवलोकन, विस्तृत सर्वेक्षण तथा डिजाइन बेगर ठेक्का बन्दोबस्त गरेकाले कार्य सम्पादन गर्दागर्दै बीचैमा बाँकी काम आबश्यक र उपयुक्त नभएको जनाई ठेक्का अन्त्य गर्ने प्रक्रियामा गएकोले सम्पादन गरिएको काम र सो बापत भुक्तानी गरेको रू.३ अर्ब ७ करोड ४० लाख समेत आबश्यक र उचित थियो भनी यकिन गर्ने अवस्था रहेन । तसर्थ उल्लिखित खरिद सम्झौतासम्बन्धी सम्पूर्ण प्रक्रिया र सम्पन्न गरिएको कामका साथै सो वापत गरिएको भुक्तानीको यथार्थता सम्बन्धमा विस्तृत अध्ययन बिष्लेषण गर्नुपर्ने देखिन्छ ।

९५.२. स्वीकृत विस्तृत आयोजना प्रतिबेदनको आधारमा क्रियाकलाप, कार्य परिमाण, अनुमानित लागत यकिन गर्नुपर्नेमा द्रुतमार्गको विभिन्न स्थानमा गरिने कार्यका लागि खरिद सम्झौता गर्दा स्थलगत अबलोकन, विस्तृत सर्वेक्षण तथा डिजाइन बेगर लागत अनुमान तयार गरेको कारण यथार्थरुपमा सम्झौताको कार्य सम्पन्न हुन नसकी १.९८ देखि ६५ प्रतिशतसम्म भौतिक प्रगति भएका सम्झौताहरू अन्त्य गर्नेतर्फ गएको छ । स्वीकृत विस्तृत आयोजना प्रतिबेदनअनुसार उक्त निर्माण कार्यहरू आबश्यक नभएको कारण जनाई खरिद सम्झौता अन्त्य गर्न १४ निर्माण व्यवसायीलाई उपलव्ध गराएको मोबिलाइजेसन पेस्की फस्यौंटका लागि बैङ्क जमानत जफत गरी रू.७४ करोड ८० लाख १३ हजार फस्यौंट गरेको छ ।

९५.३. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनै पनि खरिदका लागि लागत अनुमान तयार गरी दफा ५क. बमोजिम स्वीकृत गर्नुपर्ने र विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाइन वा लागत अनुमान संशोधन गर्नु पर्दा त्यस्तो संशोधन शुरु लागत अङ्कमा पच्चीस प्रतिशतभन्दा बढी फरक परेमा वा त्रुटिपूर्ण डिजाइन गरेको वा अस्वभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुनबमोजिम कारवाहीको भागिदार हुने व्यवस्था अनुसार सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई आबश्यक कारबाही गर्नुपर्दछ।

९५.४. आयोजनाले खरिद सम्झौताको अन्त्य गर्दा गत विगतका सम्पन्न भएका काम स्वीकृत भएको विस्तृत आयोजना प्रतिवेदनमा समावेश भए नभएको, कार्य सम्पन्न भए तापनि विस्तृत आयोजना प्रतिवेदनअनुसार उपयोगी हुने नहुने, पुनः सम्झौता व्यबस्थापन गर्दा अघिल्लो सम्झौताबाट भएको काम, परिमाण र गुणस्तरको आधारमा दोहोरो पर्ने नपर्ने सम्बन्धमा स्पष्ट गर्नुपर्दछ ।

९६. **भरतपुर बसपार्क -** सहकारी विकास बोर्डको स्वामित्वमा रहेको जग्गामा भरतपुर नगरपालिकाले केन्द्रीय बस टर्मिनल निर्माण सम्पन्न भईसकेको जानकारी गराएको छ। बोर्डको ४ विघा ९ कठ्ठा ११ धुर जग्गा एवं नगरपालिकाको स्वामित्वमा रहेको जग्गा समेत ७ विघा ९ कठ्ठा ११ धुर जग्गाको आम्दानी भरतपुर नगरपालिकाले प्राप्त गर्ने गरी यातायात व्यवसाय, थोक तरकारी तथा फलफुल बजार क्षेत्र निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिएको देखिन्छ । भरतपुर नगरपालिका तथा बोर्ड बीचको सम्झौताअनुसार दुबै पक्षको छलफल र सहकार्यमा बस टर्मिनल व्यवस्थित गरिने सम्झौता भए तापनि बसपार्क सञ्चालन भैसकेपछि बोर्डलाई कुनै आम्दानी प्राप्त भएको छैन । बस टर्मिनल र बसपार्क २०७५।७६ देखि २०७७।७८ सम्म ३ वर्ष सञ्चालनका लागि एक प्राइभेट लिमिटेडले रु.१० करोड ५ लाख कबोल गरेकोमा सम्झौता भएको छैन। बोर्डको नाममा रहेको बसपार्कको शेयर तथा आम्दानी र बजार क्षेत्रबाट प्राप्त हुनुपर्ने रकम असुल गर्न पहल गर्नुपर्दछ।

९७. **पुलको डिजाइन -** हुलाकी राजमार्ग अन्तर्गत कमला नदीमा डिजाइन एण्ड बिल्ट मोडलमा रु.२४ करोड ९० लाख ९७ हजारको लागतमा ४८ महिनाभित्र पुल निर्माण गर्न निर्माण व्यवसायीसँग २०६८।२।१३ मा सम्झौता भएकोमा पटकपटक गरी २ हजार २०३ दिन म्याद थप गर्दा समेत

निर्माण कार्य सम्पन्न भएको छैन । सो स्थानमा कमला नदी नियन्त्रण आयोजनाले २ हजार २०० मिटरको चौडाइमा बनाइरहेको इम्बैंकमेन्टको दायाँबायाँ दुवैतर्फ नदीले कटान गरेको देखिन्छ । २ हजार २०० मिटर चौडाईको नदीमा बाँयातर्फ ८१० मिटर र दायाँतर्फ ९२० मिटर छोडेर बीचको भागमा ४७० मिटरको पुल बनाई हालसम्म रु.१७ करोड १४ लाख भुक्तानी गरेको छ। सो स्थानमा ४७० मिटर लम्बाइको पुल मनुबाट वर्षातमा आउने बाढीको पानी बगेर जानसक्ने अवस्था देखिदैन। पुलको डिजाइन स्वीकृत गर्दा सम्भावित क्षतिलाई आंकलन गरेको देखिएन ।

४.३ मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

यस अन्तर्गत न्यूनतम लागत र समयमा निर्धारित गुणस्तरको वस्तु वा सेवा प्राप्त भए नभएको मूल्याङ्कन गरिन्छ । मितव्ययिताको लागि छरितो संगठन, स्वाचालित कार्य, प्रतिस्पर्धात्मक खरिद व्यवस्थापन र अनावश्यक कर्मचारी कटौती गर्नु पर्दछ । कार्यदक्षता अन्तर्गत निश्चित स्रोत साधनको उपयोगबाट निर्धारित समयमा अधिकतम उपलब्धि हासिल भए नभएको परीक्षण गरिन्छ । कार्यदक्षताको लागि उत्पादकत्वमा सुधार, सम्पत्ति र जनशक्तिको अधिकतम उपयोग, प्रक्रियामा पारदर्शिता र सरलीकरण, उचित नियन्त्रण र व्यवस्थापन, प्रभावकारी व्यवस्थापन सूचना प्रणालीको विकास, कार्यमा दोहोरोपनाको अन्त्य र आन्तरिक र अन्तर निकाय समन्वयको उचित प्रबन्ध भएको हुनुपर्दछ। प्रभावकारिता अन्तर्गत निर्धारित उद्देश्य हासिल भए नभएको वा सम्पन्न क्रियाकलापबाट अपेक्षित उपलब्धि वा प्रभाव हासिल भए नभएको परीक्षण गरिन्छ ।

- **बढी व्ययभार/दायित्व**

९८. **वित्तीय सुविधा -** नेपाल दूरसञ्चार प्राधिकरण ग्रामीण दूरसञ्चार विकास कोष विनियमावली, २०६८ मा छनौट भएको सेवाप्रदायकलाई प्रारम्भिक वित्तीय सुविधा बापत कुल अनुदान रकमको २० प्रतिशतले हुन आउने रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। सेवाप्रदायकसंग ठेक्का सम्झौता भएपछि सम्झौताको २० प्रतिशत बैङ्क ग्यारेन्टीको आधारमा अग्रिम रुपमा कार्यसञ्चालन गर्न दिइने वित्तिय सुविधा बापतको रकम भएकोले यसमा मूल्य अभिवृद्धि कर समावेश गर्न हुदैन। ग्रामीण दूरसञ्चार विकास कोषबाट सञ्चालित परियोजनाको बोलपत्रको माध्यमबाट ३ सेवाप्रदायकलाई मुल्य अभिवृद्धि कर वाहेक रु ४ अर्ब ८१ करोड १६ लाख ५९ हजारको २० प्रतिशत रु ९६ करोड २३ लाख ३१ हजार प्रारम्भिक वित्तीय सुविधा दिनुपर्नेमा रु १ अर्ब ८ करोड ७४ लाख ३४ हजार दिएको छ। यसबाट सेवा प्रदायकलाई रु १२ करोड ५१ लाख २ हजार बढी सुविधा दिएको छ। कानून विपरीत सेवा प्रदायकलाई दिएको बढी सुविधा रकम फिर्ता गर्नुपर्दछ।

९९. **परामर्शदाता माथिको निर्भरता -** सार्वजनिक खरिद ऐन तथा नियमावलीमा विभागीय जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यमा मात्र परामर्शदाता नियुक्ति गरी कार्य गर्ने उल्लेख छ । खानेपानी तथा ढल व्यवस्थापन विभाग र मातहतका निकायमा नियमित कामको अतिरिक्त निर्माण कार्यको डिजाइन, सुपरिभजनसमेत परामर्श सेवाबाट हुने गरेको आयोजनाहरूको फिजिबिलिटी स्टडी, डिपीआर तथा ड्रइङको लागि परामर्श सेवा लिएपनि सोको प्रतिवेदन रिभ्यु तथा व्यवस्थापन जस्ता कार्य सम्पादनका लागि रु ११ करोड ६१ लाख र तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाले परामर्शदातासँग रु.८४ करोड ६८ लाखको परामर्श सेवा लिएको छ । जटिल संरचनाको डिजाइन, विभागीय जनशक्तिमा नभएको विशिष्टिकृत क्षमता, अनुभव एवं कार्य कौशलताका लागि परामर्श सेवा लिई बाँकी कार्यमा विभागीय जनशक्ति परिचालन गर्ने नीति विभागले लिन सकेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्न छन्:

९९.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को अनुसूची-१क अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरिसकेपछि बजेट व्यवस्थापनको लागि आवश्यकताअनुसार लागत अनुमानमा मूल्य समायोजन कन्टिन्जेन्सीमा १० प्रतिशत, विभिन्न करबापत १० प्रतिशत थप गरी स्वीकृत गर्नुपर्ने

प्रावधान छ । कन्टिन्जेन्सीको रकम प्रचलित नियमअनुसार कार्यालय आफैले खर्च गर्नु पर्नेमा ५ प्रतिशत फिजिकल कन्टिन्जेन्सी, १० प्रतिशत प्राइस एडजष्टमेन्ट कन्टिनेजेन्सी र कन्टिन्जेन्सिज् प्रोभिजन फर अन्डरमाइन्ड पोजिसन उल्लेख गरी ३ परामर्शदातासँगको सम्झौतामा रु.११ करोड ६७ लाख ५८ हजार समावेश गरेको छ । तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाको तर्फबाट खर्च गर्ने कन्टिन्जेन्सी रकम सम्झौतामा समावेश गर्न मिल्ने आधार देखिदैन ।

९९.२. दातृ निकायसँगको सम्झौतामा वैदेशिक परामर्श सेवाको अनिवार्यताले गर्दा सरकारी निकायमा कार्यरत जनशक्तिको उपयोग अवस्था न्यून देखिएको छ ।

(रकम रु.लाखमा)

सि. नं.	आयोजनाको नाम	कुल लागत	यो वर्षको खर्च	हाल सम्मको खर्च	परामर्श सेवाको खर्च	परामर्श सेवाको खर्च प्रतिशत
१.	जलवायु प्रकोप समुत्थान निर्माण आयोजना	६०००	१८९	७०२८	१७०२	२४.२१
२.	खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना	३१००२	२०६८	२८८२	११७१	४०.६३
३.	किसानका लागि उन्नत बीउ कार्यक्रम	५११८०	१०८०	२७२०२	२०३०	७.४६
४.	नेपाल लाइभस्टक सेक्टर आयोजना	८७८७२	४०१५	८५५८	१२४७	१४.५७
५.	मेलाम्ची खानेपानी बिकास समिति	३७५५३६	१८२५१	२९४८४५	५६७०१	१९.२३
६.	आयोजना बिकास निर्देशनालय	५५९२०१	३०७१०	२६६११६	२१९१३	८.२३
जम्मा		**१११०७९१**	**५६३१३**	**३११७८६**	**२८०६३**	

आयोजना सञ्चालन गर्दा सरकारी निकायमा उपलब्ध जनशक्तिको उपयोग गरी परामर्श खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

९९.३. पर्वतीय जलाधारहरूको जलवायु परिवर्तन समानुकुलन आयोजनाले कार्यक्रम अवधिभरको लागि एक परामर्शदाता छनौट गरी परामर्शदाताको पारिश्रमिक भुक्तानीमा ओभरहेड एवं नाफा ३० प्रतिशत थप गरी भुक्तानी गरेको छ । आयोजना अवधिभर परामर्शदातालाई पारिश्रमिक वापत रु.२१ करोड ५० लाख २९ हजार भुक्तानी गरेकोमा ओभरहेड र नाफा वापत पारिश्रमिक तर्फ रु.४ करोड ४६ लाख ८८ हजार थप भूक्तानी हुन गएको छ । त्रुटिपूर्ण सम्झौताको कारण नेपाल सरकारलाई उक्त रकम थप व्ययभार पर्न गएको देखिन्छ ।

१००. **भत्ता** - नेपाल सरकारले २०७५।१।२६ मा जारी गरेको सरकारी खर्चमा मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुँदा २६ ले सबै सरकारी निकायले प्रदान गर्ने महंगी भत्ता, लुगा भत्ता र स्थानीय भत्ता बाहेक अन्य सबै प्रकारका भत्ता खारेज गरेको छ। तर नेपाल राष्ट्र बैङ्कले २०७६।७७ मा उक्त निर्देशिका विपरीत केन्द्रीय बैङ्क भत्ता, खाजा भत्ता, बार्षिकोत्सव भत्ता, क्लोजिङ्ग भत्ता, ईन्टरनेट भत्ता, आउटस्टेसन भत्ता,कर्मचारी कल्याण कोषसमेत १५ किसिमका भत्ता वापत रु.१ अर्ब २४ करोड ४५ लाख ३२ हजार भुक्तानी गरेको छ। नेपाल सरकारको निर्देशन पालना गर्नुपर्दछ।

१०१. **अवकाश दायित्व** - त्रिभुवन विश्वविद्यालय को कुल आन्तरिक आय रु.५ अर्ब ६१ करोड ५२ लाख रहेकोमा उपदान, औषधी उपचार, पेन्सन लगायत अवकाश सुविधामा रु.३ अर्ब १५ करोड ६६ लाख (कुल आयको ५६.२१ प्रतिशत) खर्च भएको छ। बिश्वविद्यालयको कुल खर्चमध्ये २०७४।७५ मा २०.७५ प्रतिशत, २०७५।७६ मा २६.६२ प्रतिशत र २०७६।७७ मा २१.२९ प्रतिशत अवकाश सुविधामा खर्च भएको देखिन्छ । उक्त खर्च अघिल्लो वर्षको तुलनामा गत वर्ष ९.७५ प्रतिशत र यो वर्ष २५.९० प्रतिशतले बढेको छ । यो वर्ष कुल निबृत्तिभरण प्राप्त गर्ने संख्या ६ हजार २२५ रहेको छ। यसरी अवकाश खर्चको दायित्व बर्षेनी बढ्दै गएको भएपनि श्रोतको व्यवस्था हुन नसकेकोले सरकारी लगानी अझ बढ्ने देखिन्छ । आंगिक क्याम्पसहरूले आन्तरिक आयको १० प्रतिशत कोषमा पठाउनु पर्ने व्यवस्था भएपनि अधिकांश क्याम्पसहरूले रकम पठाएको छैन । अवकाश रकम भुक्तानी गर्नको लागि पर्याप्त कोषको व्यवस्था गर्नुपर्दछ ।

१०२. **मस्यौट** - आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ को दफा ३० र ५४ मा सरकारी रकम मस्यौट वा दुरुपयोग गरेमा आवश्यक कारवाही गरी जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था छ ।प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को प्रदेश नं. २ मा करारमा कार्यरत एक सहायक ल्याब प्रशिक्षकले रु.१ करोड ७८ लाख २ हजार मस्यौट गरेको व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएमा निजलाई कानुनी कारबाही भैरहेको जानकारी प्राप्त भए पनि सो रकम हालसम्म असुल भएको छैन । कानुनी व्यववस्था अनुसार कारबाही गरी उक्त रकम सरकारी बाँकी सरह असुल गर्नुपर्दछ ।

१०३. **पाइप लाइनको क्षति** - काठमाडौं उपत्यकामा खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय र सडक विभागबीच भएको सहमति तथा सम्झौतामा आयोजना कार्यान्वयन निर्देशनालयबाट पाईप विछ्याएको सडकमा सडक विभागले ढल निर्माणको कार्य गर्दा पाइपलाइनमा क्षति पुग्न गएमा सो क्षतिलाई पुनर्निर्माण गर्न लाग्ने रकम सडक विभागले आयोजना कार्यान्वयन निर्देशनालयलाई उपलब्ध गराउने व्यवस्था रहेको छ । निर्माण कार्य गर्दा पर्याप्त सावधानी अपनाउन नसक्दा विभिन्न ठेक्काको साइटमा पाईप बिछ्याई पुर्ने कार्य सम्पन्न गरेपछि विभिन्न निकायले सडक मर्मत तथा सुधार गर्ने क्रममा पाइपहरू नोक्सान भएको छ । निर्देशनालयले यसरी नोक्सानी भएको पाइपको मुल्य, विछ्याउने, पुर्ने र जडान खर्च समेत रु.१८ करोड ४१ लाख क्षति मूल्याङ्कन गरेको छ । यसमा सम्बन्धित पदाधिकारीलाई समेत जिम्मेवार बनाउनुपर्दछ ।

त्यस्तै सार्वजनिक लेखा समितिले सडक, खानेपानी, सिंचाइ, विद्युत, सञ्चारलगायतका पूर्वाधार विकास गर्दा अन्तरनिकाय समन्यवमा क्षति नहुने गरी कार्य गराउन निर्देशन दिएकोमा ५ निकायले बाटो विस्तार गर्ने क्रममा काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजनाको रू १ करोड ३९ लाख ७४ हजार मूल्यको ९ हजार १९.५ मिटर पाइप क्षति भएको देखियो । अन्तरनिकाय समन्वय गरी निर्माण कार्य गर्न र क्षति भएको रकम भराउने व्यवस्था र भविष्यमा कार्य गर्दा सावधानी पुऱ्याई स्रोत र साधनमा मितव्ययिता ल्याउनु पर्दछ ।

१०४. **अनावश्यक खर्च** - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले रु.५ करोड ९ लाखको कंक्रिट कटर २०७२ सालमा खरिद गरेको थियो । शुरुवाती चरणदेखि नै प्रयोगमा नल्याई उक्त सामान हालसम्म निष्कृय अवस्थामा राखेको पाइयो । साथै रन-वेको छेउमा उम्रिने घाँस काट्नको लागि रु.१ करोड ४० लाखको ग्रास कटर गत वर्ष खरिद गरेतापनि यो वर्ष घाँस काट्ने प्रयोजनको लागि छुट्टै सेवा प्रदायकलाई ठेक्का दिएकोले अनावश्यक व्ययभार बढाएको पाइयो।

• कोष परिचालन

१०५. **सञ्चित कोष दाखिला** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको, विभिन्न कोषमा निष्क्रिय रहेको एवं खर्च नभएको सशर्त अनुदान लगायत निम्नानुसारको रकम सञ्चित कोष दाखिला गर्नुपर्ने देखिएको छः

१०५.१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५।१०।११ को पत्रानुसार कर्मचारी कल्याणकोष बाहेक अन्य खातामा मौज्दात रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको खर्च विविध खातामा ट्रान्सफर गरी सोही खाताबाट आम्दानी खर्च गर्ने उल्लेख छ । जिल्ला समन्वय समितिको कार्यालय बारा, भक्तपुर, रुपन्देही, कपिलवस्तु, दाङ, नवलपरासी र सल्यानले कोषमा मौज्दात रहेको रू.४३ करोड १४ लाख ८५ हजार निर्देशिका बमोजिम ट्रान्सफर गरेको देखिएन ।

१०५.२. पशुपति परिसर विस्तारको लागि २०७०।०२।३० मा गोरखापत्रमा जग्गा अधिग्रहणको सूचना प्रकाशन गरी अधिग्रहण भएका जग्गाहरूको मुआब्जा वितरण गर्न नेपाल सरकारबाट २०७१।७२ मा प्राप्त रकम मध्ये मुआब्जा वितरण गरी बाँकी रहेको रु.८० करोड ८२ लाख १७ हजार एक बैङ्क खातामा मौज्दात रहेको छ । उक्त रकम तत्कालै नेपाल सरकारलाई फिर्ता नगरी कोषको वचत

रकम सरह मुल कोषमा आम्दानी जनाई राखेको छ । सो रकममध्ये मुआब्जा निर्धारण गरी भुक्तानी दायित्वमा रहेको रु.७ करोड ९४ लाख १० हजार घटाई बाँकी रु.७३ करोड ३९ लाख ७ हजार नेपाल सरकारको सञ्चितकोषमा दाखिला गर्नुपर्दछ । त्यसै गरी चालु वर्षको नेपाल सरकारवाट सशर्त अनुदान वापत प्राप्त रु.२३ करोड १५ लाख मध्ये रु.१५ करोड ६२ लाख ९० हजार खर्च भई रु.७ करोड ५२ लाख १० हजार बाँकी रहेको छ । सशर्त अनुदान वापत वाँकी रहेको रकम नेपाल सरकारको राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

१०५.३. कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलाई रु.१० अर्ब ५२ करोड ९५ लाख अनुदान निकासा गराएकोमा ४ लाख ५० हजार २०० मेट्रिक टन मलको बिक्री मूल्य घटाउँदा अनुदान आयात लागत रु.९ अर्ब २४ करोड २६ लाख हुने देखिन्छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले दुई संस्थाको बक्यौता रु.१ अर्ब २८ करोड ६९ लाख समेत रु.१० अर्ब ५२ करोड ९५ लाख अनुदान भुक्तानी गरेको मध्ये कृषि सामग्री कम्पनीलाई रु.१ अर्ब ६ करोड १७ लाख बढी निकाशा दिएको र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई रु.१३ करोड ४१ लाख कम निकासा दिएको छ । कृषि सामग्री कम्पनी लिमिटेडलाई बढी अनुदान दिएको रु.१ अर्ब ६ करोड १७ लाख असुल गरी सङ्घीय सञ्चित कोष दाखिला हुनुपर्दछ ।

१०५.४. यो वर्ष चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, डँडेलधुरा अस्पताल, नारायणी अस्पताल लगायत ६ निकायले वर्षान्तमा खर्च नभई बाँकी रहेको सशर्त अनुदान रु.१५ करोड ६७ लाख ५८ हजार सञ्चित कोष फिर्ता नगरेकोले उक्त रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

१०५.५. स्टावेक्स परियोजना, छालासम्बन्धी चक्रकोष र ऊन तथा गलैंचा विकास समिति २०६३ सालमा खारेज भई संस्थाका नाममा रहेका चल अचल सम्पत्ति केन्द्रको जिम्मेवारीमा आएतापनि ती संस्थाको ८ बैङ्कमा रु.६ करोड ४९ लाख ४७ हजार बैङ्क मौज्दात निष्क्रिय अवस्थामा रहेको देखिन्छ । घरेलु तथा साना उद्योग विभाग खारेज भएकोले सो विभागमा रहेका कोष मध्ये फरफारख नभई हस्तान्तरण भई आएका चार कोषको रु.४ करोड ३ लाख ८३ हजार मौज्दात निष्क्रिय देखिन्छ । सो रकम सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

१०६. **कोष परिचालन** - यस वर्ष १७ मन्त्रालय र ३ निकाय अन्तर्गत ५३ कोष सञ्चालनमा रहेका छन् । उक्त कोषहरूको गत वर्षको मौज्दात रु.९४ अर्ब ८९ करोड ८७ लाखमा यस वर्षको आम्दानी रु.५३ अर्ब ९५ करोड २८ लाख थप भएकोमा रु.६८ अर्ब २१ करोड ८५ लाख खर्च भई बर्षान्तमा रु.८० अर्ब ६३ करोड ३० लाख मौज्दात रहेको छ । यस मध्ये प्रमुख रुपमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रू.४ अर्ब १ करोड ४७ लाख २५ हजार, प्रधानमन्त्री राहत कोषमा रू.१० करोड ९० लाख ७८ हजार, राष्ट्रिय विपद् व्यवस्थापन कोषमा रु.१ अर्ब ४८ करोड ५१ लाख, केन्द्रीय नवीकरणीय ऊर्जा कोषमा रु.२ अर्ब ४८ करोड ५२ लाख, ग्रामीण दूरसञ्चार विकास कोषमा रु.८ अर्ब ४७ करोड २० लाख, सडक बोर्डमा रु.८ अर्ब ६१ करोड मौज्दात रहेको छ । त्यसैगरी मुआब्जा वितरण गर्ने प्रयोजनार्थ जिल्ला प्रशासन कार्यालय, काठमाडौं, ललितपुर, मोरङ, महोत्तरी, सर्लाही र झापाको विविध खातामा वर्षान्तमा रु.३ अर्ब ४७ करोड ११ लाख मौज्दात रहेको छ । बजेट बाहिरबाट कोष स्थापना गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्ने एवं मौज्दात रकम उद्देश्य अनुरुप परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ।

१०७. **राष्ट्रियस्तरको कल्याणकारी कोष** - उद्योग प्रतिष्ठानमा काम गर्ने कामदार, कर्मचारी तथा मजदुर वर्गको हकहित सुविधा र सुरक्षाका २०५६ सालमा राष्ट्रियस्तरको कल्याणकारी कोषको स्थापना भएको हो । कोषले यो वर्ष रु.२ अर्ब २४ करोड २२ लाख समेत २०५६।५७ देखि यो वर्षसम्म रु.१७ अर्ब ८२ करोड ८० लाख प्राप्त गरेको छ । सो मध्ये विवरण खुलेको रु.१३ अर्ब ३९ करोड ९६ लाख र नखुलेको रु.४ अर्ब ४२ करोड ८४ लाख रहेको छ । यो वर्ष रु.२ अर्ब ८ करोड ९६ लाख समेत हालसम्म ब्याजसमेत कोषले रु.२१ अर्ब ६ करोड ९२ लाख सामाजिक सुरक्षा कोषलाई

पठाएको छ । कोषलाई प्राप्त हुने रकम सिधै सामाजिक सुरक्षा कोषमा जम्मा हुने कानुनी व्यवस्था रहेको छैन । कोषमा जम्मा भएको रकम कोषको उद्देश्य अनुरुप उपयोग हुने व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

१०८. **घुम्ती कोष -** आय आर्जनका क्रियाकलापको लागि निकासा भएको रकम घुम्ती कोषको रुपमा परिचालन गर्नुपर्ने व्यवस्था अनुरुप गरिबी निवारण कोषले ३२ हजार २७६ सामुदायिक संस्थाहरूलाई प्रदान गरेको अनुदान र संस्थाका सदस्यहरूको योगदान समेत घुम्ती कोषमा रु.१३ अर्ब ३७ करोड ८७ लाख ८३ हजार रहेकोमा सो रकम परिचालन गरी बढे बढाएको रकम समेत रू.१९ अर्ब रहेको देखिएको छ । उक्त कोषको रकमको स्वामित्व खुल्ने अभिलेख अद्यावधिक नराखेको र अनुगमन तथा मूल्याङ्कनसमेत गरेको पाइएन । कोषलाई नेपाल सरकार मन्त्रिपरिषदको २०७७।७।२५ को निर्णयानुसार गरिबी निवारण कोषको पुनःसंरचनाको लागि स्थानीय तहमा हस्तान्तरण भएको देखिन्छ। सो निर्णय अनुसार कोषको स्थानीय तहमा हस्तान्तरण गरिएको नामनामेसी र रकम सहितको अभिलेख अद्यावधिक गर्नुका साथै रकमको परिचालन सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।

• स्रोत साधन प्राप्ति, संरक्षण एवं उपयोग

१०९. **वन अतिक्रमण -** वन तथा वातावरण मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार १ लाख ४ हजार ५४३ हेक्टर वन अतिक्रमण भएकोमा ७९७ हेक्टर वन क्षेत्रबाट अतिक्रमण हटाएको उल्लेख छ ।यो वर्ष अतिक्रमित वन क्षेत्रको तुलनामा ०.७६ प्रतिशत मात्र अतिक्रमण मुक्त गरेको देखियो । गत वर्ष अतिक्रमित वन ९८ हजार १०९ हेक्टर रहेकोमा यो वर्ष ६ हजार ४३४ हेक्टर थप अतिक्रमण भएको देखिन्छ । वन क्षेत्रमा भएको अतिक्रमण हटाउन वन ऐन, २०७६ को दफा ४९ र ५० बमोजिम कारवाही गरी वन क्षेत्रको संरक्षण गर्नु पर्दछ ।

११०. **जग्गा अतिक्रमण -** बर्दिया जिल्लाभित्रको पूर्वमा गाईखोला र जंगलको खेती जमिन, पश्चिममा भादा खोला, उत्तरमा पूर्व-पश्चिममार्ग र दक्षिणमा गुलरिया समेत ४ किल्ला भित्रको अन्दाजी ११ हजार ५०० हेक्टर जमिन मध्ये कपास खेतीका लागि आवश्यक जग्गा ७ हजार ४१० हेक्टर कृषि विभागलाई वन मन्त्रालयले उपलब्ध गराउने तत्कालीन नेपाल सरकार मन्त्रिपरिषदको निर्णय भएको देखिन्छ । उक्त जग्गा मध्ये करिब ५५० हेक्टरमा समितिले भोगचलन गरी कपास उत्पादन, प्रशोधन गरी बिक्री वितरण गरी रहेकोमा २०६० साल देखि सुकुम्बासी तथा मुक्त कमैया समेत करिब १ हजार ५०० घर परिवारले जग्गा जमिन नाप/जाँच गरी भागबन्डा लगाएको र समितिको घर गोदामहरू तोडफोड र आगजनी गराएकोले उक्त अवधि देखि भोगचलन गर्न नसकेको सम्बन्धमा विगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख भएकोमा अतिक्रमित जग्गाको हकभोग कायम गर्ने कारवाही भएको देखिएन ।जग्गाको हकभोग कायम गरी अतिक्रमण मुक्त गर्नुपर्दछ ।

राष्ट्रिय आवास कम्पनीको विभिन्न योजनाअन्तर्गत रहेका जग्गा विभिन्न व्यक्ति तथा संस्थाहरूले अतिक्रमण गरेको छ। योजना कार्यालय कन्चनपुरका ५ स्थानको ४२ हजार ८४२ वर्ग मिटर, झापाको १ स्थानको २६४ वर्ग मिटर, बर्दियाका १२ स्थानको २३ हजार २९३ वर्ग मिटर र नवलपरासीको २ स्थानको ७ हजार ३६४ वर्ग मिटरमा समेत ७३ हजार ७६३ वर्ग मिटर जग्गामा घर, टहरा, पसल, गैर-सरकारी संघ संस्था तथा व्यक्तिबाट अतिक्रमण भएको छ। कम्पनीले आफ्नो जग्गाको अतिक्रमण हटाउन प्रभावकारी रुपमा पहल गर्नु पर्दछ।

१११. **जग्गाको उपयोग र संरक्षण -** आवासीय तथा गैर आवासीय भवन निर्माण गर्नका लागि विगतमा क्यानबेरा, क्वालालम्पुर, कोलम्बो, इस्लामावाद समेत ४ स्थानमा खरिद गरिएका जग्गा विगत लामो समयदेखि प्रयोग विहीन अवस्थामा रहेका छन् । नियोगहरूको घर/अपार्टमेण्ट भाडाको लागि यस वर्ष रु.८१ करोड खर्च भएको छ । मन्त्रालयको वार्षिक कार्य योजना अनुसार यस वर्ष इस्लामावाद, कोलम्बो र क्यानबेरामा नेपाली राजदूतावासहरूको भवन निर्माण प्रारम्भ गर्ने गरी बजेट व्यवस्था

भएकोमा निर्माण कार्य प्रारम्भ भएको छैन । उल्लिखित ३ नियोगको घर भाडाको लागि यस वर्ष रु.४ करोड ६१ लाख ६७ हजार खर्च भएको छ । मन्त्रालयले आफ्नो स्वामित्वमा रहेको जग्गामा भवन निर्माण गरी घर भाडा खर्चमा न्यूनता ल्याउनुपर्दछ ।

११२. **सम्पत्ति खोजविन तथा उपयोग -** नेपाल ट्रस्ट ऐन, २०६४ बमोजिम ट्रष्टमा रहनुपर्ने सम्पत्तिको नेपाल भित्र वा बाहिर खोजतलास गर्ने, त्यसको वास्तविक स्थिति पत्ता लगाई यथार्थ विवरण सहितको अभिलेख राख्ने व्यवस्था छ। सो सम्बन्धमा कार्यालयले सम्पत्ति खोजबिन कार्यविधि, २०६७ तयार गरेको देखिन्छ । हालसम्म १२ जिल्लाका २१ हजार ५६२ रोपनी ४ आना २ पैसा जग्गा यसको स्वामित्वमा आएको छ। विभिन्न बाणिज्य बैंकहरूमा गरेर चल सम्पत्ति रू.९४ करोड ९३ लाख ८० हजार नेपाली रूपैयाँ, स्टर्लिङ पाउण्ड ५० हजार ७५१, अमेरिकी डलर १ लाख ५० हजार ११० मौज्दातमा रहेको छ । २०७७ पौषसम्म नेपाल ट्रष्टसँग नवील बैंकको ५ लाख ३३ हजार २४४ कित्ता, नेपाल औद्योगिक विकास निगमको ६ हजार ७५० कित्ता र होटल डेला अन्नपूर्णको ३० हजार ७२० कित्ता सेयर रहेको छ । नेपाल ट्रष्टको स्वामित्वमा आउनुपर्ने विदेशस्थित चल तथा अचल सम्पत्तिको खोजबिन गरी संरक्षण र उपयोग गर्नुपर्दछ ।

११३. **पशुपतिनाथको सम्पत्ति संरक्षण -** पशुपति क्षेत्र विकास कोष परिषद्को २०७४।७।६ को निर्णयवाट गठित छानविन समितिको प्रतिवेदन अनुसार मालपोत तथा नापी विभाग, मन्त्रालय, र गुठी संस्थानले प्रतिनिधि नपठाएकोले बाँकी ६ जनाले पेस गरेको प्रतिवेदन अनुसार मूल ढुकुटीमा रहेका सम्पत्तिको लगत यकिन गर्न नसकेको, वि.सं. २०१९ देखि २०७५ सम्म सुन ६३.१४४ किलोग्राम र चाँदी १ हजार ५०१.३८५ किलोग्राम मूल ढुकुटीमा दाखिला भएको तथा त्यस भन्दा अघिको विवरण प्राप्त नभएको, पशुपति क्षेत्रभित्र १९५ गुठी सम्बन्धित मठ मन्दिरका देवी देवताका अंगमा लगाएको र ढुकुटीमा रहेको गरगहनाको विवरण गुठी संस्थानसँग माग गरेकोमा प्राप्त नभएको, गुठी संस्थानको २०५६ सालको प्रतिवेदन अनुसार गुठीको जग्गा ११ हजार २६१ रोपनी, पशुपति, गुह्येश्वरी र अमालकोट कार्यालयको नाममा दर्ता प्रमाणित जग्गा ३ हजार ६६७ रोपनी, दर्ता प्रमाणित हुन बाँकी जग्गा २३१ रोपनी, त्रिभुवन विमानस्थल र गल्फ कोर्षले प्रयोग गरेको जग्गा १ हजार १६२ रोपनी तारागाँउ रिजेन्सी होटलले प्रयोग गरेको जग्गा १७ रोपनी र कोषले अधिग्रहण गरेको जग्गा १ हजार ५०५ रोपनी, काठमाडौं गोठाटारमा ५३४ रोपनी जग्गा रहेको र पशुपति क्षेत्रभित्र ११९ पाटी, पौवा सत्तल रहेको विवरण पेस गरेको छ ।

श्री पशुपतिनाथसँग सम्बन्धित पूजा, जग्गा, गुठी, खान्गी समेतका जग्गाहरूको अवस्था तथा गुठी, पुजा, जात्रा सम्बन्धी कार्यहरू गुठी संस्थानले समेत गर्दै आएकोमा उक्त कार्यहरू एकद्धार प्रणालीबाट गर्नु पर्ने देखिएको, गौशाला धर्मशाला कोष आफैंले सञ्चालन गर्ने, तीन कार्यालयको हराएको २३१ रोपनी लगायतका जग्गा खोजविन गर्नुपर्ने, नेपाल आँखा कार्यक्रम तिलगंगासँग जग्गा भाडा सम्बन्धमा भएको सम्झौता पुनरावलोकन, कोष र प्राणनाथ क्याफेबीचको विवाद निरुपण, वनकाली धर्मशाला संचालकबाट तत्काल वक्यौता असुल गर्ने, तिलगंगा क्षेत्रका मुआब्जा लिई सकेको व्यक्तिहरूले घरजग्गा खाली गराउनु पर्ने, सबै जिल्लाका २०२१ सालको नापीमा फिल्ड बुकमा जग्गाधनीको नाम श्री पशुपतिनाथ भनिएको जग्गा श्री पशुपतिनाथको नाममा ल्याउन नीतिगत निर्णय हुनुपर्ने लगायतका सुझावहरू दिएको छ । यी सुझावहरूको कार्य योजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

११४. **सुविधाका सवारी साधन -** आर्थिक ऐन, २०७६ को अनुसूची-१ मा कुनै खास प्रयोजनका लागि अस्थायी तवरबाट लगत वा बैङ्क ग्यारेन्टीमा पैठारी भएका सवारी साधन, यन्त्र उपकरण कार्य समाप्त भएपछि महसुल बुझाई उपहार दिने वा आफैं प्रयोग गर्नुपर्ने व्यवस्था छ । मेलम्ची खानेपानी विकास समितिको हेडवर्क्स तथा सुरुङ निर्माणको निर्माण व्यवसायीको कार्यअवधि २०७५।१०।२८ सम्म रहेको देखिन्छ। उक्त अवधिमा निज निर्माण व्यवसायीले बैङ्क ग्यारेन्टी सुविधा उपयोग गरी विभिन्न ३९ थान सवारी साधन पैठारी गरेकोमा काम छाडेपश्चात सवारी साधन आयोजना सम्पन्न नहुन्जेल

आयोजनाकै काममा प्रयोग हुनपर्नेमा गठित कार्यदलले दिएको प्रतिवेदन अनुसार ५ वटा एम्बुलेन्ससहित ११ वटा सवारी साधन मात्र कार्यक्षेत्र भित्र रहेको, एकको अभिलेख नै नरहेको तथा बाँकी सवारी साधन (प्राडो) १० थान लगायतका २७ थान गाडीको उपयोग र अवस्था कार्यालयलाई जानकारी नभएको उल्लेख गरेको छ आयोजना निर्माण र सुपरभिजनमा प्रयोग गर्नुपर्ने उक्त गाडीहरू आफ्नो नाउँमा दर्ताको लागि सवारी मर्मत र सञ्चालन गर्ने एक मोटर्सले निवेदन गरेकोमा यो विषय विवादमा आई हाल अदालतमा विचाराधीन रहेको छ । दर्ता प्रक्रिया अदालतबाट निर्णय भएबमोजिम नै हुने भएपनि आयोजनामा प्रयोग हुने सवारी साधनका सम्बन्धमा छानबिन गरी निर्माण व्यवसायीको दायित्व यकिन गर्नुपर्ने देखियो ।

- **कार्य सम्पादन स्थिति**

११५. **काठमाडौं उपत्यकाको यातायात व्यवस्थापन -** उपत्यकाको सार्वजनिक सवारीको अनिश्चितता, स्पेसिफिक लेनको अभाव, नन्मोटराईज्ड, धूलो, धुँवा र अव्यवस्थित फूटपाथको समस्या सुधारको लागि काठमाडौं उपत्यका यातायात गुरुयोजना, २०१७ तयार गरिएको छ । सोमा सडक योजनामा सडकसञ्जाललाई रेडियलबाट सर्कमफेरेन्सियल बनाउने, मासट्रान्जिटको व्यवस्थापन गर्ने, ट्राभल मोड सिफ्ट सहितको एकीकृत ट्राफिक व्यवस्थापन गर्ने, सवारी साधनलाई उपत्यकामा भित्रने नाका वरपर व्यवस्थापन गर्ने, संस्थागत संरचनाको विकास गरी सडक दुर्घटना घटाउने, साइकल सवारी र पैदल यात्री व्यवस्थापन गर्ने, भित्री घना बस्तीमा प्रत्येक ५०० मिटरमा आपतकालीन सडक विस्तार लगायतका कार्य गर्ने गरी कार्यक्रम निर्धारण गरेतापनि उक्त कार्यहरू भएको पाइएन ।

त्यस्तै महानगरीय प्रहरीले गरेको अध्ययनले उपत्यकामा २१ हजार सि.सि.टि.भी. राख्नुपर्ने औल्याएकोमा हालसम्म उपत्यकामा १ हजार ६५ मात्र जडान भएको छ । उपत्यकामा वर्षौंदेखि मर्मत हुन नसकेको सडक, अव्यवस्थित संरचना, ट्राफिक बत्ती, सडक मार्किङको कार्यले गर्दा सवारी व्यवस्थापनमा समस्या रहेको, विगतमा सीमित मात्रामा सञ्चालनमा रहेका मास ट्रान्जिटको व्यवस्थालाई निरन्तरता दिन नसकेको, चीन सरकारको सहयोगमा निर्मित त्रिपुरेश्वरदेखि सूर्यविनायकसम्मको १३ कि.मि. सडकमा सञ्चालनमा नरहेको, नेपाल सरकारले ३०० विद्युतीय बस खरिदका लागि साझा यातायात सहकारी संस्था लिमिटेडलाई रु.३ अर्ब शेयर लगानीकारुपमा उपलब्ध गराए तापनि बस खरिद नभएको एवं विद्युतीय सवारी साधन सञ्चालन हुन नसकेको, उपत्यका सडक विस्तार आयोजना, चक्रपथ विस्तार आयोजना, काठमाडौं उपत्यका बाहिरी चक्रपथ आयोजना र धोबीखोला कोरिडोर सुधार आयोजनाको काम अपेक्षित रुपमा हुन नसक्दा उपत्यकाको यातायात व्यवस्थापन प्रभावकारी हुन सकेको छैन । गुरुयोजना अनुरुपका कार्यहरू समयमा नै सम्पन्न गर्ने गरी कार्य गर्नु पर्दछ ।

११६. **वायु गुणस्तरको अवस्था -** नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हावामा पाइने मसिना धुलोका कण पि.एम.२.५ को दैनिक औषत मापदण्ड ४० माइक्रोग्राम प्रति घन मिटर भएकोमा वायु गुणस्तर मापन केन्द्रहरूको सन् २०१९ को तथ्यांक अनुसार रत्नपार्कमा ३२१ दिन मध्ये १४३ दिन, पुल्चोक केन्द्रमा ३५३ दिन मध्ये ३७ दिन, धुलिखेल केन्द्रमा २२० दिन मध्ये ४१ दिन, भक्तपुरमा २९८ दिन मध्ये ४८ दिन, चितवनको सौराहमा २८७ दिन मध्ये ११६ दिन, ललितपुरको भैसेपाटीमा ३३६ मध्ये ५२ दिन, लुम्बिनीमा १०३ दिन मध्ये ५० दिन, नेपालगञ्जमा ३१० दिन मध्ये १८० दिन, दमकमा ४७ दिनमध्ये ३२ दिन, बाराको सिमरामा २२७ दिन मध्ये १२७ दिन र काठमाण्डौको शंखपार्कमा २९९ मध्ये २९ दिन तोकेको राष्ट्रिय मापदण्ड भन्दा दैनिक औषत मापदण्ड बढेको देखियो। सन् २०२१ को जनवरी ४ र ५ मा काठमाडौं उपत्यकाको वायु प्रदूषणको अवस्था अत्यधिक जोखिमपूर्ण स्थितिमा पुगेको समेत देखाएको छ । मापदण्डमाथि रहेका उल्लेखित दिनहरूमा वायु प्रदूषण औषत पि.एम.२.५ को तह क्रमशः औसत २०६ र २५७ माइक्रोग्राम प्रति घन मिटर भएको देखिन्छ । २४ घण्टामा औषत पि.एम.२.५ को तह ३६८ माइक्रोग्राम प्रति घन मिटर सम्म पुगेको

देखिएकोले वायु प्रदूषण नियन्त्रणको लागि रणनैतिक योजना र कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउनु पर्दछ ।

११७. **राष्ट्रिय परिचयपत्र -** नेपाल सरकारको २०७६।७७ को नीति तथा कार्यक्रममा चार वर्षभित्र र बजेट वक्तव्यमा दुई वर्षभित्र सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको व्यवस्था गरिने उल्लेख छ । राष्ट्रिय परिचयपत्र कार्यक्रम लागि गत वर्ष र यस वर्षसमेत रु.१ अर्ब ६३ करोड ७४ लाख खर्च भएकोमा सोभन्दा अगाडिको खर्च विवरण प्राप्त हुन सकेन। यो वर्ष १७ प्रतिशत नेपालीले राष्ट्रिय परिचयपत्र व्यवस्था गर्ने लक्ष्य राखेकोमा विभागबाट प्राप्त विवरणअनुसार २०७७ असार मसान्तसम्म २ लाख १३ हजार ७६४ विवरण दर्ता भएकोमा १ लाख १४ हजार ७३९ उत्पादन तथा छपाइ भएको र ७१ हजार २४ वितरण गरेको छ । आवधिक योजना अनुसार तोकिएको लक्ष्य हासिल गर्न कार्यक्रम र बजेटको व्यवस्था गरी सोको कार्यान्वयन गर्नुपर्दछ ।

११८. **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना -** कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले बाली/वस्तु उत्पादनमा यान्त्रीकरण, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा २०७३ श्रावणदेखि २०८३ असारसम्म १० वर्षे कार्यक्रमको लागि रु.१ खर्व ३० अर्ब ७४ करोड २० लाख लागत यस वर्ष सममा रु.१४ अर्ब ३४ करोड ७७ लाख खर्च गरेको देखिन्छ ।

परियोजनाले ११ वटा शीत भण्डार गृह स्थापनाका लागि २०७४।७५ र २०७५।७६ मा रु.२ अर्ब ३४ करोड ७७ लाखको लागत अनुमानमा रु.१ अर्ब १४ करोड २४ लाखको अनुदान सम्झौता गरेको थियो । दुई वर्षमा गरी कुल रु.१६ करोड ७८ लाख ४० हजार पेस्की दिएको मध्ये कैलालीको एक फार्मको रु.२ करोड २० लाख, कपिलवस्तुको एक फार्मको रु.१ करोड ९४ लाख र सर्लाहीको एक प्रालीको रु.२ करोड २० लाख समेत रु.६ करोड ३३ लाख ६० हजार खरिद सम्झौतामा तोकेको समयमा निर्माण कार्य शुरु नगरेको र मनाङ्गको एक फार्मको निर्णय प्रक्रियाका कारण २०७६।१०।२६ मा सम्झौता रद्द गरेको देखियो। कार्य सम्पादन स्थितिको मूल्याङ्कन गर्दा प्रक्षेपित लागतको तुलनामा न्यून खर्च गरेको, पकेट विकास कार्यक्रममा लक्ष्य अनुसार प्रगति हुन नसकेको, सरकारी अनुदानमा अधिकांश शीत भण्डार गृह निर्माण हुन नसकेको अवस्था छ ।

११९. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** न्यूनतम रोजगारीको हकको व्यवस्था कार्यान्वयन गर्न २०७५।७६ बाट सञ्चालनमा आएको यस कार्यक्रममा २० हजार व्यक्तिलाई स्वरोजगारीका लागि व्यवसायिक तालिम दिने, ४० हजार बेरोजगारलाई निजी क्षेत्रसँगको सहकार्यमा व्यवसायिक तथा सीप विकास तालिम प्रदान गर्ने, १ लाख ५० हजार बेरोजगारलाई रोजगारीको प्रकृति अनुसारको तालिम प्रदान गर्ने र २५ हजार बेरोजगारलाई सहुलियत ऋणका लागि सहयोग उपलब्ध गराउने लगायतका क्रियाकलाप रहेकोमा त्यस्ता क्रियाकलापमा शुन्य प्रगति रहेको छ । कार्यक्रम अन्तर्गत न्यूनतम १०० दिन रोजगारी दिने व्यवस्था भएपनि २०७५।७६ मा १७ लाख २ हजार व्यक्ति दर्ता भएकोमा ६४६ स्थानीय तहका विभिन्न कार्यक्रममा १ लाख ७१ हजारलाई १२.४३ दिनको र २०७६।७७ मा ३ लाख ६९ हजार दर्ता भएकोमा ४९५ स्थानीय तहमा विभिन्न कार्यक्रममा १ लाख ४ हजारलाई औसत १५.८५ दिनको मात्र रोजगार उपलव्ध गराएको पाइयो । यसरी अध्ययन गर्दा कार्यक्रमले सूचीकृत बेरोजगारहरूलाई न्यूनतम सयदिनको रोजगारी उपलव्ध गराउने लक्ष्य पूरा गर्नसकेको देखिएन । कार्यक्रमलाई व्यवस्थित तवरले प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्दछ ।

१२०. **कर्मचारीहरूको समायोजन तथा पदस्थापन -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ५(१) सरकारी सेवाको कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहको पदमा समायोजन गर्ने व्यवस्था बमोजिम २०७५।९।११ गते सूचना प्रकाशन गरेको देखिन्छ। सङ्घमा जम्मा ४९ हजार १२२ दरबन्दी स्वीकृत भएकोमा ३७ हजार ९४४ तथा ७ वटा प्रदेशमा जम्मा २२ हजार २९७ दरबन्दी स्वीकृत भएकोमा १४ हजार ८६३ जना र ७५३ वटा गाउँपालिका र नगरपालिकामा ६७ हजार ७१९ दरबन्दी

स्वीकृत भएकोमा ४४ हजार ३२१ जना कर्मचारीहरू समायोजन भएका छन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारी समायोजनको सम्पूर्ण काम सम्पन्न भएको जनाए पनि फाजिलमा रहेका कर्मचारीहरूलाई कसरी व्यवस्थापन गरिएको सो खुलाएको देखिएन । सङ्घ, प्रदेश र स्थानीय तहमा जम्मा १ लाख ३८ हजार ६२२ दरबन्दी स्वीकृत गरिएकोमा फाजिलमा रहेका समेत जम्मा ९९ हजार ५७१ कर्मचारीहरूको समायोजन तथा पदस्थापना गरिएको छ । कुल स्वीकृत दरबन्दी मध्ये सङ्घमा २२.७६प्रतिशत, प्रदेशमा ३३.३५ प्रतिशत र सबै स्थानीय तहमा ३४.५५ प्रतिशत दरबन्दीहरू रिक्त रहेको देखिन्छ ।

जनसरोकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने स्थानीय तहहरू र प्रदेश अन्तर्गका कार्यालयहरूमा कर्मचारीहरूको अभाव हुँदा सेवा प्रवाहमा ठूलो समस्या तथा चुनौती सिर्जना भएको देखिन्छ । यसको लागि मन्त्रालयले लोक सेवा आयोग मार्फत् पदपुर्ति गर्न समन्वयकारी भूमिका निर्वाह गरेपनि सो प्रयत्न प्रभावकारी रहेको देखिएन । प्रदेश तथा स्थानीय तहहरूको कर्मचारी व्यवस्थापन र प्रशासनिक संरचनामा मन्त्रालयको नेतृत्वकारी भूमिकालाई प्रभावकारी बनाउनु पर्दछ ।

• राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजना

१२१. **राष्ट्रिय गौरवको आयोजना -** नेपाल सरकारले २०६८।६९ मा समृद्ध नेपालको आधारशीला निर्माण गर्ने सिँचाइ सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने पूर्वाधारको विकास गर्ने उद्देश्यले महत्वपूर्ण देखिएका १७ आयोजनाहरूलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्न राष्ट्रिय गौरवका आयोजना घोषणा गरेकोमा यो वर्षसम्म यस्ता आयोजनाको संख्या २४ पुगेको देखिन्छ । राष्ट्रिय गौरवका आयोजनाहरूको २०७६।७७ सम्मको खर्च र प्रगति निम्नानुसार छः

(रकम रु. करोडमा)

क्र. सं.	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुने वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	भौतिक/ वित्तीय प्रगति प्रतिशत
१	पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना	२०६४।६५	२०७९।८०	१०१५०	६७३	४६१४	४९
२	रेल्वे तथा मेट्रो विकास आयोजना	२०६६।६७	नतोकिएको	९५५२२	५३९	१९६८	२
३	उत्तर दक्षिण (कर्णाली करिडोर) लोकमार्ग	२०६५।६६	२०७९।८०	११००	२२	२४६	२०
४	उत्तर दक्षिण (कोशी करिडोर) लोकमार्ग	२०६५।६६	२०८०।८१	१६२०	६३	३०४	१९
५	उत्तर दक्षिण (काली गण्डकी करिडोर) लोकमार्ग	२०६६।६७	२०८०।८१	२८८०	२०५	६३६	२२
६	हुलाकी लोकमार्ग आयोजना	२०६५।६६	२०७९।८०	६५२०	७८७	३५४६	५४
७	रानी जमरा कुलरीया सिचाइ आयोजना	२०६७।६८	२०८०।८१	२७७०	१५९	१३१३	४८
८	सिक्टा सिंचाइ आयोजना	२०६१।६२	२०७७।७८	२५०२	१०५	१६६९	५९
९	बबई सिचाइ आयोजना	२०४५।४६	२०७९।८०	१८९६	८४	८४९	५२
१०	पशुपति क्षेत्र बिकास कोष	२०५७।५८	२०७८।७९	२०१	१६	८७	८६
११	लुम्बिनी क्षेत्र बिकास कोष	२०६६।६७	२०७८।७९	६१०	७१	५५१	८५
१२	महाकाली सिचाइ आयोजना	२०६३।६४	२०८४।८५	३५००	५७	३६४	१०
१३	भेरी बबइ डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०६८।६९	२०७९।८०	३६८०	१२९	११६३	४०
१४	बुढी गण्डकी जलविद्युत आयोजना	२०६९।७०	२०८४।८५	२६०००	५८२	३६२०	१०
१५	सुनकोशी मरीन डाइभर्सन आयोजना	२०७६।७७	२०८०।८१	४६१९	२	२६	०.५
१६	माथिल्लो तामाकोशी आयोजना	२०६७।६८	२०७६।७७	४९२९	१००	४६२३	९९
१७	पश्चिम सेती जल विद्युत आयोजना	२०६७।६८	०	२७३८५	०	०	०
१८	पोखरा क्षेत्रिय अन्तराष्ट्रिय विमानस्थल	२०७१।७२	२०७९।८०	२१६०	७६८	११२९	६२
१९	निजगढ अन्तराष्ट्रिय विमानस्थल	२०७१।७२	२०८५।८६	१६५००	८	६१	१०
२०	गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल	२०७०।७१	२०७६।७७	३०९१	१६३	२३०१	९१
२१	मेलम्ची खानेपानी आयोजना	२०५५।५६	२०७७।७८	३५५४	१८३	२९४८	९७

क्र. सं.	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुने वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	भौतिक/ वित्तीय प्रगति प्रतिशत
२२	काठमाडौं तराइ मधेश द्रुतमार्ग	२०६४।६५	२०८०।८१	२१३९५	१९१	२०२९	११
२३	राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समिति	२०६६।६७	२०९३।९४	२४९७०	१४१	९२१	९
२४	विद्युत प्रशारण आयोजना	२०६७।६८	०	७५००	०	०	०

१२१.१. पुष्पलाल (मध्य पहाडी) लोक मार्ग आयोजना २०७९।८० मा सम्पन्न गर्नेगरी कुल अनुमानित लागत रु. १ खर्ब १ अर्ब ५० करोड मा २०६४।६५ मा प्रारम्भ भएकोमा हाल सम्म रु.४६ अर्ब १४ करोड खर्च भैसकेको छ । आयोजना अन्तर्गत १८७९ कि मि सडक निर्माण र १२९ वटा पुल निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म ९१४ कि मि कालोपत्रे सडक र ८४ वटा पुल निर्माण कार्य सम्पन्न गरी कुल ४८.९४ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ । कुल १५ वर्षको आयोजना अवधिमा १३ वर्ष बितिसकेकेको अवस्थामा ४९ प्रतिशत मात्र भौतिक प्रगति देखिएकोले आयोजना तोकिएको समयमा सम्पन्न हुने अवस्था रहेको छैन ।

१२१.२. रेल्वे तथा मेट्रो विकास आयोजना कुल अनिमानित लागत रु.९ खर्व ५५ अर्ब २२ करोडको लागतमा लागतमा २०६६।६७ मा प्रारम्भ भएको हो । हाल सम्म रु.१९ अर्ब ६८ करोड खर्च भैसकेको छ। आयोजना अन्तर्गत जयनगर जनकपुर बर्दिबास रेलमार्ग ६९ कि मि मध्ये जयनगर जनकपुर खण्डमा ३४ कि मि र जोगबनी विराटनगर रेलमार्ग १८ कि मि मध्ये १० कि मि गरी कुल ४४ कि मि रेलमार्ग निर्माण सम्पन्न भएको छ । रेल वे लाइन अन्तर्गत १७ पुल निर्माण गर्ने लक्ष्य रहेकोमा ३ निर्माण सम्पन्न भई कुल २.०६ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ । वातावणीय प्रभाव मुल्याकंन स्वीकृती पश्चात् बन क्षेत्रमा काम गर्न जग्गा अधिग्रहण र मुआवजा निर्धारण र वितरणमा स्थानीयको अवरोध रहनु, जनशक्तिको अभाव हुन र नदी जन्य निर्माण सामग्रीको उपलव्धतामा कठिनाइ जस्ता समस्याले गर्दा आयोजनाको प्रगतिमा असर परेको छ।

बजेट वक्तव्यमा रेल यातायाततर्फ पूर्व-पश्चिम विद्युतीय रेल मार्गको इटहरी, निजगढ, बुटवल र कोहलपुर जोड्ने रेलवे लाइनको निर्माण कार्य अगाडि बढाइने उल्लेख भएकोमा निर्माण कार्य सुरु भएको छैन । रेल सञ्चालन एवं सुरक्षासम्बन्धी नीति, अन्तर्देशीय रेलसेवा सञ्चालन नीति, रेल सेवा भाडा दर र महसुल निर्धारणको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा रेल विभागले २० वर्षे, १० वर्षे एवं ५ वर्षे अवधारणापत्र तयार गरेको भए पनि मन्त्रालयले रेल सञ्चालन एवं सुरक्षासम्बन्धी नीति एवं मापदण्ड तयार गरेको छैन । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले रेल मार्ग, मेट्रो रेल, राष्ट्रिय लोकमार्ग, सडक सुरक्षासम्बन्धी नीति, मापदण्ड, योजना तथा कार्यक्रमको तर्जुमा गरी कार्ययोजनासहित कार्यान्वयन गर्नुपर्दछ ।

१२१.३. खुलालु - सिमिकोट १९६ कि.मि. र हिल्सा - सिमिकोट ८८ कि.मि. सडक निर्माण गर्ने र ४ वटा पुल निर्माण गर्ने लक्ष्य रहेको उत्तर दक्षिण (कर्णाली करिडोर) लोकमार्ग आयोजना २०६५।६६ देखि शुरु भएको देखिन्छ । आयोजनाको शुरु लागत रु.४ अर्ब १० करोड र सम्पन्न गर्ने अवधि २०७०।७१ रहेकोमा निर्धारित समयमा कार्य हुन नसकी आयोजनाको लागत र समय दुबै वृद्धि हुन गइ संशोधित लागत अनुमान रु.११ अर्ब र संशोधित अवधि २०७९।८० कायम भएकोमा हाल सम्म रु २ अर्ब ४६ करोड खर्च गरेको छ । यस आयोजनामा निर्माण सामग्री र इन्धन ढुवानीमा कठिनाई लगायतका समस्या रहेको छ । आयोजनाले हाल सम्म खुलालु लैफु सिमिकोट १३० किमि, हिल्सा देखि सलिसल्ला ९५ कि मि र सिमिकोट सलिसल्ला ३२ कि मि ट्रयाक खोल्ने कार्य भइ २० प्रतिशत भौतिक प्रगति भएको छ।

१२१.४. तेह्रथुम जिल्लाको वसन्तपुरदेखि उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ कि.मि. सडक निर्माण एवं स्तरोन्नती गर्ने लक्ष्य लिएको उत्तर दक्षिण (कोशी करिडोर) लोकमार्ग आयोजना २०६५।६६ देखि

सुरु भइ आयोजनाको सुरु लागत अनुमान रु.५ अर्ब ७९ करोड रहेकोमा संशोधित लागत रु.१६ अर्ब २० करोड र संशोधित निर्माण सम्पन्न हुने अवधि २०८०।८१ कायम भएको छ । यो वर्षसम्म आयोजनाको अद्यावधिक खर्च रु.३ अर्ब ४ करोड र १४८ कि मि ट्रयाक खोल्ने कार्य र ६८ किमि ग्राभेल सडक निर्माण गर्ने कार्य सम्पन्न भई भौतिक प्रगति १९ प्रतिशत रहेको छ । आयोजनाको कार्य क्षेत्रको केहि खण्डमा रेखांकनको विवाद, विष्फोटक पदार्थको अभाव लगायतका समस्या रहेको छ ।

१२१.५. नवलपरासीको गैंडाकोटदेखि गुल्मीको रिडी, बाग्लुङ्गको मालढुंगा, बेनी, जोमसोम हुँदै उत्तरी उत्तरी सिमाना कोरला नाकासम्म सडक निर्माण एवं स्तरोन्नति गर्ने लक्ष्य लिएको उत्तर दक्षिण (काली गण्डकी कोरिडोर) लोकमार्ग आयोजना रु.२८ अर्ब ८० करोडको लागतमा २०६६।६७ देखि सुरु भई २०८०।८१ मा सम्पन्न हुने गरी अवधि निर्धारण भएको छ । रुख कटानमा ढिलाई, माथिल्लो मुस्ताग क्षेत्रमा अत्यधिक उचाई लगायतको समस्या रहेको यस आयोजनाको यो वर्षसम्म गैंडाकोट राम्दी मालढुङ्गा खण्डमा २४५ किमि ट्रयाक खोली स्तर उन्नती गर्ने लक्ष्य रहेकोमा २४४ किमि ट्रयाक खोलेको र १३२ किमि सडक ग्राभेल भएको एवं बेनि जोमसोम कोरला खण्डमा १८६ किमि ट्रयाक खोली स्तर उन्नती गर्ने लक्ष्य रहेकोमा १८६ किमि ट्रयाक खोलेको र १०८ किमि सडक ग्राभेल कार्य सम्पन्न भइ रु.६ अर्ब ३६ करोड खर्च तथा २२.०८ प्रतिशत भौतिक प्रगति भएको छ।

१२१.६. पूर्व देखि पश्चिमतर्फ ९७५ कि.मी. र उत्तर दक्षिण जोड्ने सहायक सडकहरू ८१७.४२ कि.मी. समेत १ हजार ७९२.४२ कि.मि. सडक निर्माण तथा स्तरोन्नति र २१९ पुलको निर्माण गर्ने लक्ष्य रहेको हुलाकी लोकमार्ग आयोजना २०६५।६६ मा सुरु भई २०७९।८० मा सम्पन्न हुने यो सडकको लागत रु ६५ अर्ब २० करोड रहेको छ । मुआब्जा वितरण, निर्माण सामग्रीको अभाव, रेखांकनमा विवाद, सडक सिमा विवाद लगायतको समस्या रहेको यस आयोजना अन्तर्गत यो वर्षसम्म ५१२ किमि सडक कालोपत्रे गरेको, २८८ किमि सडक ग्राभेल गरेको र ९५ वटा पुल निर्माण कार्य सम्पन्न गरी रु.३५ अर्ब ४६ करोड खर्च तथा ५४.३० प्रतिशत भौतिक प्रगति भएको छ ।

१२१.७. कैलाली जिल्लाको ३८ हजार ३०० हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुर्‍याउने उद्देश्यले रानीजमरा कुलरिया सिँचाइ आयोजना २०६७।६८ मा शुरु भएको देखिन्छ । आयोजनाको शुरु लागत रु.१२ अर्ब ३७ करोड र शुरु सम्पन्न गर्ने अवधि २०७४।७५ रहेकोमा निर्धारित समयमा कार्य हुन नसकी आयोजनाको लागत र समय दुवै वृद्धि हुन गएकोछ । संशोधित लागत अनुमान रु.२७ अर्ब ७० करोड र संशोधित अवधि २०८०।८१ कायम गरेको छ । इन्टेक क्षेत्रभित्रको जग्गा अतिक्रमण, लम्की विस्तार अन्तर्गत मूल नहरको सर्भेक्षण एवं निर्माणमा अवरोध, रुख कटान र राष्ट्रिय निकुञ्ज सँगको समन्वयमा कठिनाइ लगायतका समस्या रहेको यस आयोजनामा यो वर्षसम्म रु.१३ अर्ब १३ करोड खर्च भई समग्र भौतिक प्रगति ४८ प्रतिशत रहेको छ ।

१२१.८. बबई सिँचाइ आयोजनाले बर्दिया जिल्लाको ३६ हजार हेक्टर कृषि योग्य भूमिमा सिँचाई सुविधा पुर्याउन २०४५।४६ देखि शुरु भएको देखिन्छ । आयोजनाको शुरु लागत रु.२ अर्ब ८७ करोड र शुरु सम्पन्न गर्ने अवधि २०६९।७० रहेकोमा संशोधित लागत अनुमान रु.१८ अर्ब ९६ करोड र संशोधित अवधि २०७९।८० कायम गरेको छ । वर्षको ५ महिना नहरमा पानीको अभाव हुने, जग्गा प्राप्तीमा सामाजिक र प्रक्रियागत जटिलता, राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र मानव, मेशीनरी सामग्री ढुवानी तथा आवागमनमा अवरोध र निर्माण व्यवसायीबाट काममा ढिलाई लगायतको समस्या रहेको यस आयोजनामा यो वर्षसम्म रु.८ अर्ब ४९ करोड खर्च भई समग्र भौतिक प्रगति ५२.१२ प्रतिशत रहेको छ ।

१२१.९. पशुपति क्षेत्रको गुरुयोजनामा केन्द्रित रही पशुपति क्षेत्रलाई धार्मिक, साँस्कृतिक एवं पर्यापर्यटनको नमूना क्षेत्रको रुपमा विकास गर्ने उद्देश्यले २०५७।५८ मा शुरु भएको यस आयोजना २०७०।७१ देखि राष्ट्रिय गौरवका आयोजनामा समावेश भई २०७८/७९ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रथम गुरुयोजना अनुसार भएको खर्चको अद्यावधिक अभिलेख नराखेको र दोस्रो गुरुयोजना स्वीकृत भै सकेको छैन । आयोजनाको लागत रु.२ अर्ब १ करोड रहेकोमा संशोधन भई रु १ अर्ब २७ करोड कायम

भएको छ । यो वर्षसम्म रु.८७ करोड खर्च भई आयोजनाको समष्टिगत भौतिक प्रगति ८६ प्रतिशत भएको देखिन्छ । तर दोस्रो गुरुयोजना स्वीकृत गर्ने र पुनःनिर्माण कार्यलाई तीव्रता दिने विषयलाई आयोजनाले ध्यान दिनुपर्ने देखिन्छ। कतिपय सम्पदाहरू बहुस्वामित्वमा रहनु, अन्य निकाय संगको समन्वयको अभाव, निर्माण सामग्री र दक्ष जनशक्तिको अभाव, ढिलो ठेक्का व्यवस्थापन लगायतका कारण आयोजना समयमै सम्पन्न नहुने देखिन्छ ।

१२१.१०. लुम्बिनी गुरुयोजना आर्थिक वर्ष २०७०।७१ देखि राष्ट्रिय गौरवको आयोजनामा समावेश यस आयोजना २०७९।८० मा सम्पन्न गर्ने लक्ष्य निर्धारण भएको छ । आयोजनाको शुरु लागत रु.५ अर्ब ५५ करोड र संशोधित लागत अनुमान रु.६ अर्ब १० करोड रहेको छ । कपिलवस्तुका पुरातात्विक क्षेत्र देवदह रामग्रामको जग्गा खरिद कार्य, गुरुयोजना अनुरुप स्टाफ कोलोनी निर्माण एवं पाँच हजार जना अट्ने क्षमता भएको अन्तर्राष्ट्रियस्तरको ध्यान केन्द्र तथा सभाहल निर्माण कार्य ९० प्रतिशत सम्पन्न भएको छ । कोषमा २०६० देखि स्थायी पदपूर्ति नहुँदा आवश्यक दक्ष जनशक्तिको अभाव र अन्तराष्ट्रिय प्रतिवध्दता अनुरुप श्रोत प्राप्त नहुनु आयोजनाको समस्या रहेको छ। आयोजनामा यो वर्षसम्म समष्टिगत भौतिक प्रगति ८५ प्रतिशत रहेको छ ।

१२१.११. सुदूरपश्चिम प्रदेशमा २०६३।६४ बाट शुरु भएको महाकाली सिँचाइ आयोजना २०७६।७७ सम्म प्राथमिकता प्राप्त आयोजनाको रुपमा सञ्चालित रहेकोमा २०७७।७८ को बजेट वक्तव्यबाट राष्ट्रिय गौरवको आयोजनाको रुपमा रुपान्तरण भएको हो । २०८०/८१ मा सम्पन्न हुने यस आयोजनाबाट कैलाली र कञ्चनपुर जिल्लाको ३३ हजार ५२० हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराई कृषकको जीवनस्तर सुधार गर्ने लक्ष्य रहेकोमा आयोजनाको अनुमानित लागत रु ३५ अर्ब र हाल सम्मको खर्च रु ३ अर्ब ६४ करोड तथा भौतिक प्रगति १० प्रतिशत रहेको छ । यस आयोजनामा जग्गा अधिग्रहणमा समस्या, रुख कटानको क्षतिपुर्ति स्वरुप बृक्षारोपण गर्न जग्गाको अभाव, अव्यवस्थित र अनियन्त्रित नदी उत्खनन् र सम्झौता अनुसार भारत सरकारबाट टनकपुर व्यारेजवाट १ हजार २०० मिटर मुल नहर निर्माण नहुनु लगायतका समस्याले तोकिएको समयमा काम सम्पन्न हुने अवस्था छैन ।

१२१.१२. भेरी नदीको ४० क्युसेक पानीलाई बबई नदीमा मिसाई ४६.८ मेगावाट विद्युत उत्पादन र ५१ हजार हेक्टर जमीनमा बाह्रै महिना सिँचाइ सुविधा प्रदान गर्ने उद्देश्यले २०७९।८० मा सम्पन्न गर्ने गरी २०६८।६९ देखि भेरी बबई डाइभर्सन आयोजना शुरु भएको छ । शुरु लागत रु.१६ अर्ब ६१ करोड रहेको यस आयोजनाको बाँध र विद्युत गृह निर्माणसमेतको संशोधित लागत रु.३६ अर्ब ८० करोड कायम भएको देखिन्छ। आयोजना अन्तर्गत भेरी नदीमा हेडवर्क्स, १२ कि.मि. सुरुङ निर्माण कार्य सम्पन्न भैसकेको छ । टनेल बोरिग मेशिनको सफल प्रयोग भएको यस आयोजनामा यो वर्षसम्म रु.११ अर्ब ६३ करोड खर्च भई समग्र भौतिक प्रगति ४० प्रतिशत रहेको छ। अन्तर जलाधार पानी पथान्तरण हुने भएपनि बबई सिँचाइ आयोजनाको ५१ हजार हेक्टर कमाण्ड एरियालाइ नै यसले सिँचाइ सुबिधा पुऱ्याउने भएकोले ३६ हजार हेक्टर कमाण्ड एरिया दोहोरो गणना गरी आयोजना स्वीकृत गराएको देखिँदा लाभ लागत गणना यथार्थपरक देखिँदैन । यस आयोजनामा जग्गा अधिग्रहण र बन क्षेत्रको जग्गा प्राप्तिमा कठिनाइ, रुख कटानमा सहमति प्राप्तिमा ढिलाइ र चट्टानको कटान लगायतका समस्या रहेको छ ।

१२१.१३. गोरखा र धादिङ जिल्लाको सिमानामा १ हजार २०० मेगावाट जडित क्षमताको विद्युत उत्पादन गर्ने बुढी गण्डकी जलविद्युत आयोजना २०६९।७० मा शुरु भई २०७७।७८ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८४।८५ मा सम्पन्न गर्ने गरी लक्ष्य संशोधन भएको छ । आयोजनाको लागत रु.२ खर्ब ६० अर्ब रहेको छ । यो वर्षसम्म आयोजनाले ४७ हजार ४३९ रोपनी जग्गा अधिग्रहण गरी रु.३३ अर्ब ६० करोड मुआब्जा वितरण गरेको समेत रु ३६ अर्ब २० करोड खर्च गरेको छ । मुआब्जा निर्धारण, बितरण र गुनासो व्यवस्थापनमा ढिलाइ मुख्य समस्या रहेको यस आयोजनाको

हालसम्म भौतिक १० प्रतिशत रहेको छ । तर हालसम्म मोडालिटीका सम्बन्धमा निक्यौंल नै नभएकोले तत्काल आयोजना शुरु हुने अवस्था छैन ।

१२१.१४. साबिक वाग्मती सिँचाइ योजनाको सिञ्चित क्षेत्रसहित बारा, रौतहट, सर्लाही,महोत्तरी, र धनुषा जिल्लाका थप क्षेत्रसमेत कुल १ लाख २२ हजार हेक्टर जमिनमा सिँचाइ सेवा उपलब्ध गराउनुका साथै २८.६२ मेघावाट विद्युत् उत्पादन गर्ने उद्देश्य रहेको सुनकोशी मरिन आयोजना २०७६।७७ मा शुरु भई २०८०।८१ सम्ममा डाइभर्सन कार्य सम्पन्न गर्ने लक्ष्य रहेको छ । २०७६।०७७ को बजेट वक्तव्यमा यस आयोजनालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरिएको हो ।आयोजनाको यो वर्षको स्वीकृत कार्यक्रम समेत बजेट सुनिश्चित नभएको कारण सिचाइ प्रणालीको निर्माण, नदी नियन्त्रण सम्वन्धी कार्य र हेडवर्क्स/इन्टेक निर्माण आदी कार्यमा शून्य प्रगति भएको र समग्रमा आयोजनाको भौतिक प्रगति ०.५० प्रतिशत मात्र रहेको छ ।

१२१.१५. माथिल्लो तामाकोशी जलविद्युत आयोजनाबाट ४५६ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्यका साथ २०६७।६८ मा शुरु भएको देखिन्छ । आयोजनाको शुरु लागत रु.३५ अर्ब २९ करोड र शुरुमा २०७२।७३ सम्म सम्पन्न गर्ने अवधि रहेकोमा संशोधित लागत अनुमान रु.४९ अर्ब २९ करोड र संशोधित अवधि २०७६।७७ कायम गरेको छ । यो वर्षसम्म संशोधित लागत अनुमान भन्दा रु १ अर्ब ५ करोड बढी खर्च भइ कुल रु ५० अर्ब ३४ करोड खर्च भएको यस आयोजनाको भौतिक प्रगति ९९.७३ प्रतिशत रहेको छ । पेनस्टक पाइप जडान गर्ने निर्माण व्यवसायीबाट सन्तोषजनक रुपमा कार्य सम्पादन हुन नसकेको, ठूला भारवहन भएका उपकरण ढुवानीमा कठिनाइ, भूकम्प र नाकाबन्दी लगायतका कारण आयोजना थप समयमा समेत सम्पन्न हुन सकेको छैन ।

१२१.१६. पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले २०७१।७२ देखि शुरु भएको आयोजना २०७९।८० मा सम्पन्न गर्ने संशोधित लक्ष्य रहेको छ । नेपाल सरकार र चीन सरकारबीच आयोजना कार्यान्वय सम्झौता भई २०७४ मा कार्य प्रारम्भ भएको यस आयोजनाको कुल लागत रु.२१ अर्ब ६० करोड रहेको छ । रन वे, टेक्सी वे र एप्रोन निर्माण सम्पन्न र टर्मिलन भवन र अन्य भवनहरू निर्माणाधीन अवस्थामा रहेको यस आयोजनामा यो वर्षसम्म रु.११ अर्ब २९ करोड खर्च भई ६२ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । बिद्युतको डेडिकेटेड फिडरलाइनको अभाव र थप जग्गा अधिग्रहणमा अवरोध, कोभिड-१९ को महामारी लगायतका कारण आयोजना सम्पन्न हुन ढिलाइ भएको छ।

१२१.१७. बाराको निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नेगरी २०७१।७२ देखि आयोजना शुरु भएको यस आयोजनको शुरु अनुमानित लागत करिब रु.७ खर्ब रहेकोमा संशोधन भइ हाल रु १ खर्व ६५ अर्ब कायम भएको छ । आयोजना अन्तर्गत पसाहा खोलामा तटबन्ध, विभिन्न स्थानमा अस्थाई तारबार र मुआब्जा वितरण लगायतको कार्यमा यो वर्षसम्म रु.६१ करोड खर्च भई १० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । टाँगिया बस्ती व्यवस्थापन र आयोजना निर्माणको ढाँचा सम्बन्धमा निर्णय मुख्य चुनौति रहेको छ। हाल आयोजनाको पुर्व तयारीका कामहरू चालु रहेकाले मुख्य निर्माण कार्य शुरु नभएको अवस्था छ ।

१२१.१८. गौतमबुद्ध विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नति गर्ने उद्देश्यले २०७०।७१ बाट कार्य शुरु भई २०७७।७८ मा सम्पन्न गर्नेगरी कार्यावधि निर्धारण गरेको छ । आयोजनाको लागत शुरुमा रु.२९ अर्ब ८१ करोड रहेकोमा यसमा बृद्धि भई रु.३० अर्ब ९१ करोड पुगेको देखिन्छ । हालसम्म अन्तर्राष्ट्रिय टर्मिनल भवन, प्रशासनिक भवन एवम् कन्ट्रोल टावरसम्बन्धी कार्यको संरचना निर्माणतर्फको कार्य, अन्तर्राष्ट्रिय टर्मिनल भवन, प्रशासनिक भवन एवम् कन्ट्रोल टावरसम्बन्धी कार्यको संरचना निर्माणतर्फको कार्य र टर्मिनल भवनको निर्माण कार्य, धावनमार्ग र जहाज पार्किङ क्षेत्र जोड्ने लिङ्कवे लगायतको निर्माण कार्य सम्पन्न भइ रु.२३ अर्ब १ करोड खर्च भएको यस आयोजनाको समष्टिगत भौतिक प्रगति ९१ प्रतिशत रहेको देखिन्छ । मुख्य निर्माण कम्पनी र सहायक कम्पनीबीचको

विवाद, निर्माण सामग्री उपलव्धतामा समस्या लगायतको कारण आयोजनाको अवधि लम्बिन गई लागत समेत बृद्धि भएको छ ।

१२१.१९. सिन्धुपाल्चोकको मेलम्चीबाट २७.५ किलोमिटर सुरुङमार्फत प्रथम चरणमा दैनिक ५१ करोड लिटर पानी उपत्यकामा आपूर्ति गराउन मेलम्ची खानेपानी आयोजना २०५५।५६ मा शुरु भई २०६४।६५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा पाँचौ पटक संशोधन गरी प्रथम चरणको २०७७।७८ सम्म र दोस्रो चरणको २०८०/८१ सम्म पुर्याएको छ । शुरु लागत रु.२४ अर्ब रहेकोमा आयोजना समयमै सम्पन्न नभएको कारण लागत बृद्धि भई रु.३५ अर्ब ५४ करोड पुगेको देखिन्छ। यो वर्षसम्म २५ हजार ९२० मिटर मुख्य सुरुङ, १ हजार ४५७ मिटर अडिट तथा अन्य शुरुङ र २११ मिटर हेड बर्क्स डाइभर्सन शुरुङ निर्माण सम्पन्न भएको छ। समग्रमा आयोजनाको प्रगति ९७ प्रतिशत रहेको छ । निर्माण व्यवसायीसँग ठेक्का तोडे पश्चात बाँकी रहेका कार्यका लागि १० प्याकेजमा ठेक्का सम्झौता भए तापनि समन्वयात्मक ढंगले कार्य सम्पादन हुन नसकेको, बातावरणीय प्रभाव मूल्याकंनका लागि स्थानीय तहबाट सहमति प्राप्त हुन नसकेको, सुरुङ परीक्षणको लागि नदीवाट पानी पथान्तरण गर्ने क्रममा १७ नम्बर गेट अकस्मात खुल्न गई दुर्घटना हुन गएकोले परीक्षण कार्य स्थगित गर्नुपरेको लगायतका समस्या आयोजनामा रहेको छ

१२१.२०. काठमाडौं तराई मधेश द्रुतमार्गको लम्बाई ७६ कि.मि. रहेको आयोजना २०६४।६५ मा शुरु भई २०७४।७५ देखि नेपाली सेनाबाट निर्माण हुने गरी हस्तान्तरण भई २०८०।८१ मा सम्पन्न गर्ने संशोधित लक्ष्य रहेको छ । सडकको कुल लम्बाई ७६.२ किलोमिटरमध्ये पुल र सुरुङ्गको लम्बाइ घटाउँदा बाँकी रहने ५५.५० किलोमिटरमध्ये ८० प्रतिशत प्रगति भएको उल्लेख छ। विस्तृत परियोजना प्रतिवेदन अनुसार ललितपुर जिल्लामा १६५ रोपनी जग्गा अधिग्रहण गरी मूल्याङ्कन हुन बाँकी रहेको, खोकनामा सडकको रेखांकन परिर्वतन गर्नुपर्ने, जग्गा अधिग्रहण र घर टहरोको क्षतिपूर्तिमा समस्या र ठिङ्गन लेनडाँडा क्षेत्रमा कान्ति राजपथको रेखांकन खप्टिएको लगायतको समस्या रहेको छ। यो वर्षसम्म सडक विभाग र नेपाली सेना समेतबाट रु.२० अर्ब २९ करोड खर्च भई ११.११ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ ।

१२१.२१. चुरे क्षेत्रको प्राकृतिक स्रोत संरक्षण, दिगो व्यवस्थापन, पारिस्थितिकीय सेवाको सम्बर्धनद्धारा गरिवी न्यूनीकरण एवं सम्बृद्धि नेपालको राष्टिय लक्ष्यमा टेवा पुर्‍याउने उद्देश्यले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति २०७०।७१ देखि राष्ट्रिय गौरवको आयोजनाको रुपमा सञ्चालनमा आएको छ। सालवसाली रुपमा सञ्चालनमा आएको यस आयोजनाको शुरुमा रु.१ अर्ब २५ करोड रहेकोमा सोमा बृद्धि भई रु२ खर्व, ४९ अर्ब ७० करोड पुगेको छ । समितिले हाल सम्म १८९.९७ कि.मि नदी तथा खोला किनारा व्यवस्थापन, ३४ ताल तलैया संरक्षण तथा व्यवस्थापन, ८८ हेक्टर क्षतिग्रस्त भूमि पुनरूत्थान र १०० कि.मि तटबन्द निर्माण सम्पन्न गरेको छ । गुरूयोजनाले निर्दिष्ट गरेका योजना कार्यक्रम सञ्चालन गर्न पर्याप्त साधन (जनशक्ति, बजेट, कानुनी संरचना) नहुनु, चुरे क्षेत्रबाट उपलब्ध हुने नदीजन्य निर्माण सामग्रीको उत्खनन र व्यवस्थापनसम्बन्धी समस्या, समितिको आफ्नै कार्यान्वयन संयन्त्र नहुनु लगायत समस्या रहेको यस समितिले यो वर्षसम्म रु.९ अर्ब २१ करोड खर्च गरेको छ ।

१२१.२२. नेपाल सरकारले २०७५ मा अमेरिकाको मिलेनियन च्यालेन्ज कर्पोरेशनको सहयोगमा निर्माण गर्न लागिएका काठमाण्डौंको लप्सेफेदीदेखि धादिङको गल्छी-रातमाटे प्रशारण लाइन र दमौली-भरतपुर-बुटवल प्रसारण लाइन निर्माण आयोजनालाई राष्ट्रिय गौरवको आयोजनामा सूचिकृत गरेको छ । आयोजनाको लागत अमेरिकी सरकारी निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशनबाट प्राप्त हुने ५० करोड डलर अनुदान सहायता र नेपाल सरकारले सह-लगानी गर्ने १३ करोड अमेरिकी डलर गरी जम्मा ६३ करोड अमेरिकी डलर (करिब ७५ अर्ब नेपाली रुपैयाँ) रहेको छ । सो सम्झौता कार्यान्वयनका लागि मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति गठन भएको छ ।

१२२. **रुपान्तरणकारी आयोजना -** दीर्घकालीन सोच र पन्ध्रौं योजनाले लिएका राष्ट्रिय लक्ष्य हासिल गर्न बृहत् प्रभाव प्रार्ने र विशिष्ट प्रकृतिका आयोजनालाई रूपान्तरणकारी आयोजनाका रूपमा पहिचान गरिएको छ। यी आयोजनाको सञ्चालन अवस्था निम्नानुसार रहेको छ ।

(रु करोडमा)

क्र. सं.	आयोजनाको नाम	शुरु वर्ष	२०७५।७६ को यथार्थ खर्च	२०७६।७७ को अनुमान	२०७६।७७ को यथार्थ खर्च
१	प्रधानमन्त्री कृषि आधुनिकीकरण	२०७३	१८६	२५२	२०४
२	सुनकोशी मरिन डाइभर्सन बहुउदेश्यीय आयोजना	२०७३	२	१०३	२५
३	जग्गा प्रशासन सुदृढीकरण तथा औपचारिक कार्यक्रम	२०७७	२०५	१	१
४	औद्योगिक पूर्वाधार विकास कार्यक्रम	२०७६	११८	१०८	७४
५	एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	२०७६	४९९	४०१	३९२
६	राष्ट्रपति महिला शसक्तिकरण परियोजना	२०७६	८	१४	७
७	गल्छी त्रिशुली मैलुङ स्याप्रबेंसी सडक	२०७२	१४४	११२	८८
८	सासेक राजमार्ग सुधार आयोजना	२०७६	१	२६६	१
९	नयाँ सहर आयोजना	२०७२	११७	१५६	१५०
१०	१३२ के.भी, अन्य प्रशारण लाइन विस्तार आयोजना	२०७७	१४८२	१३६१	१६७०
११	अपर अरुण जलविद्युत कम्पनी लिमिटेड	-	४०	५०	५०
१२	राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग	२०७५	७	३९६	२०१

माथि उल्लेखित आयोजनाका अतिरिक्त सम्वृद्धिका लागि भने राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, पुर्व पश्चिम राजमार्ग आयोजना, क्षेत्रीय व्यपारिक मार्ग आयोजना, शहरी कोरीडोर आयोजना, प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमलाई समेत रुपान्तरणकारी आयोजनाको रुपमा वर्गीकरण गरी २०७६।७७ देखी सञ्चालनमा ल्याएको छ । माथिका आयोजना सचालनका मोडालिटी एवं सञ्चालनका प्राथमिकताका विषयमा छुटै कार्यविधि बनाएको छैन । साथै आयोजना घोषणा गर्ने आधार मापदण्ड समेत स्पष्ट छैन । यस्ता प्राथमिकता प्राप्त आयोजना सञ्चालन। अनुगमन र प्रगति समीक्षा गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

• कोभिड-१९ को असर र खर्च

विश्वभरी फैलिरहेको नयाँ कोरोना भाइरसको संक्रमणबाट विश्वका सबैजसो मुलुक प्रभावित भई सकेकामा नेपालमा पनि संक्रमण र मृत्यु दर समेत बढेको अवस्था छ । सरकारले शुरुवात देखिँनै महामारी नियन्त्रण र रोकथामका लागि संघ र प्रदेश सरकार एवं स्थानीय तह परिचालित भएका छन्। तीनै तहका सरकारहरूले कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रण र उपचार सम्बन्धमा निगरानी, खोज, ट्रेसिङ्ग, परीक्षण, क्वारेन्टिन तथा आईसोलेशन व्यवस्थापन, राहत बितरण, स्वास्थ्य सामग्री खरिद, कोभिड अस्पताल सञ्चालन व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सचेतना अभिवृद्धि, विदेशबाट नागरिक उद्धार, निषेधाज्ञालगायत क्रियाकलापहरू सञ्चालन गरेका छन् । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्न छन्:

१२३. **सङ्क्रमणको अवस्था -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रकाशन गरेको विवरण अनुसार २०७७ आषाढ मसान्त र २०७८ आषाढ मसान्तको तथ्याङ्क हेर्दा नेपालमा कुल सङ्क्रमण, सक्रिय सङ्क्रमित र मृत्यु बढेको देखिन्छ । विश्व परिवेशमा समेत कुल संक्रमण, सक्रिय सङ्क्रमित र मृत्यु संख्या वृद्धि भएको छ । नेपालमा पनि पहिलो लहरको तुलनामा दोस्रो लहरमा संक्रमण र मृत्यूदर दुबै वृद्धि भएको देखिन्छ । यस सम्बन्धी विवरण तालिकामा प्रस्तुत गरिएको छः

कोभिड रोगको फैलावट	२०७७ आषाढ मसान्त		२०७८ आषाढ मसान्त	
	विश्व	नेपाल	विश्व	नेपाल
कुल सङ्क्रमण	१३४६४४६८	१७१७७	१८९१८३५२२	७०९४५७
मत्यु	५८१३७४	३९	४०७४६८७	९४६३
सक्रिय सङ्क्रमित	४५२८३६२	६१०६	१२४०७२८५	२६६३९

प्रति लाखमा संक्रमित	१४१	०.१७	१८९६	६.६२
प्रति लाखमा मृत्यु	७	०.१०	४१	२६

सरकारले कोभिड-१९ को नियन्त्रण रोकथाम र उपचारसँग सम्बन्धित क्रियाकलापहरू विश्वव्यापीरुपमा सक्रमण देखिएपश्चात शुरु गरेपनि कोभिड संङ्क्रमण २०७७ आषाढ मसान्तको तुलनामा २०७८ को आषाढ मसान्तमा धेरै बढी प्रभाव परेको देखिएकोले नियन्त्रण रोकथाम तथा उपचारको कार्य प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्दछ ।

१२४. **कोभिड-१९ सम्बन्धित खर्च** - केन्द्रीय प्रादेशिक र स्थानीय तहसम्म निजामती प्रशासन, सुरक्षा निकाय र सबै सम्बद्ध निकायमार्फत कोरोना भाईरस विरुद्धका कार्यक्रमहरू समन्वयात्मक र सञ्चालन गरी २०७६।७७ मा देहाय बमोजिम खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छः

(रु. लाखमा)

विवरण	विनियोजन /आम्दानी	खर्च	बाँकी
सङ्घीय कोरोना कोष	२३९२९	१०३७०	१३५५९
सङ्घीय सरकार	५९२८१	४८१६८	११११३
प्रदेश सरकार	२३७५६	१४९७०	८७८६
स्थानीय सरकार	७८४९१	६१९३१	१६५६०
कुल जम्मा	**१८५४५७**	**१३५४३९**	**५००१८**

उक्त बजेटमध्ये नेपाल सरकारको स्रोतबाट रू.३ अर्ब ५५ करोड ८ लाख र आई.डी.ए. स्रोतबाट रू.१ अर्ब २४ करोड ७८ लाख खर्च भएको छ । तर लेखापरीक्षणमा प्राप्त विवरण अनुसार सङ्घीय सरकार तर्फ रु.४ अर्ब ७९ करोड ८५ लाख सङ्घीय कोरोना कोषबाट रु.१ अर्ब ३ करोड, ७ प्रदेश सरकारबाट रु.२ अर्ब ९४ करोड ३२ लाख र ६६४ स्थानीय तहबाट रु.७ अर्ब ७४ करोड खर्च भएको देखिन्छ । यसरी आर्थिक सर्वेक्षणमा उल्लेख भएको र लेखापरीक्षणबाट देखिएको खर्च भिडान हुन सकेको छैन ।

१२५. **असर**- नेपालले कोभिड-१९ को महामारीबाट हुन सक्ने आर्थिक क्षतिलाई भन्दा मानव समुदायको जीवन रक्षालाई उच्च महत्व दिई आर्थिक वर्ष २०७६।०७७ को चैत्र महिनाबाट बन्दाबन्दी शुरु गरेको थियो। यस सम्बन्धी असर देहाय वमोजिम छः

क्र.सं.	क्षेत्र	अवस्था
१	आर्थिक वृद्धिदर	आर्थिक वृद्धिदर पछिल्लो दुई दशकमै पहिलोपटक २.१२ प्रतिशतले उच्च ऋणात्मक रहन गएको ।
२	दिगो विकासका लक्ष्य प्राप्ति	शून्य भोकमरी, सबैका लागि स्वस्थ्य जीवनको सुनिश्चितता, सबैका लागि स्वच्छ खानेपानी र सरसफाई, भरपर्दो समावेशी र दिगो आर्थिक विकास, सुरक्षित शहर र मानव बस्ती, जलवायु परिवर्तन न्यूनिकरण र शान्त र समावेशी समाज निर्माणका ७ लक्ष्यहरूमा न्यून प्रगति देखिएको । दिगो र समावेशी पूर्वाधार विकास र नवप्रवर्तन र दिगो उत्पादन र उपभोगको सुनिश्चितता गरी २ वटा लक्ष्यमा कुनैपनि प्रगति नदेखिएको।
३	राजस्व परिचालन	राजस्व परिचालन २०७५।७६ को तुलनामा ७.० प्रतिशतले घटेको मासिक रुपमा हेर्दा २०७६ चैत्रमा २०७५ चैत्रको तुलनामा ४२.२ प्रतिशतले, २०७७ वैशाखमा २०७६ वैशाखमा भन्दा ७७.७ प्रतिशतले र २०७७ जेठमा २०७६ जेठमा भन्दा ४२.२ प्रतिशतले घटेको ।
४	पुँजीगत खर्च	पुँजीगत खर्चको अवस्था बिश्लेषण गर्दा २०७५ चैत्रमा भन्दा २०७६ चैत्रमा ५५.२६ प्रतिशत, २०७६ वैशाखमा भन्दा २०७७ वैशाखमा ५३.२५ प्रतिशत, जेष्ठमा ४७.१७ प्रतिशत र आषाढमा २७.०६ प्रतिशतले घटी २०७६।०७७ मा विनियोजित सङ्घीय पुँजीगत बजेटको ४७ प्रतिशत मात्र खर्च भएको ।

५	वैदेशिक व्यापार	आयात अवस्था विश्लेषण गर्दा २०७५ चैत्रमा भन्दा २०७६ चैत्रमा ४८.२० प्रतिशत, २०७६ वैशाखमा भन्दा २०७७ वैशाखमा ६३.४३ प्रतिशत, जेष्ठमा ३७.८० प्रतिशत र आषाढमा १९.१६ प्रतिशतले घटेको । निर्यातको अवस्था विश्लेषण गर्दा २०७५ चैत्रमा भन्दा २०७६ चैत्रमा ५४.५२ प्रतिशत, २०७६ वैशाखमा भन्दा २०७७ वैशाखमा ६२.४३ प्रतिशत, जेष्ठमा ३६.१५ प्रतिशतले घटेको ।
६	वैदेशिक सहयोग परिचालन	२०७७ जेष्ठ/ आषाढमा ४ ऋण संम्झौता गरी तत्काल रु.७८ अर्ब २४ करोड ७८ लाख ऋण प्राप्त गरेको सङ्घीय सञ्चित कोषमा जम्मा नगरी बेग्लै खातामा राखेको छ । सो मध्ये रु.२२ अर्ब ४२ करोड ४९ लाख मात्र खर्च भई रु.५५ अर्ब ८२ करोड २९ लाख मौज्जात रहेको छ । वर्षान्तमा पूर्ण उपयोग नहुने गरी ऋण प्राप्त गरेबाट उपयोग विनाको ऋणमा सेवाशुल्क एवम् ब्याज बापत मासिक करिव रु.४ करोड ६५ लाख अनाबश्यक रुपले व्ययभार परेको।
७	राजस्व छुट	वार्षिक २० लाखसम्मको कारोवार हुने करदातालाई २०७६/०७७ मा लाग्ने आयकरमा ७५ प्रतिशत छुटको व्यवस्थाबाट ४ लाख ४८ हजार ७ सय ५३ करदाताले रु १ अर्ब ५२ करोड ३८ लाख र वार्षिक ५० लाख रुपैयाँसम्म कारोवार भएका करदातालाई २०७६/०७७ मा लाग्ने करमा ५० प्रतिशत आयकर छुटको व्यवस्थाबाट २० हजार ६० करदातालाई रु २१ करोड १८ लाख कर छुट सुविधा प्रदान गरेको, वार्षिक १ करोड रुपैयासम्म कारोवार भएका करदातालाई २०७६/०७७ मा लाग्ने आयकरमा २५ प्रतिशत छुट हुँदा ५१ हजार २ सय ४३ करदाताले रु ४० करोड ४३ लाख कर छुट प्राप्त गरेका छन् । होटल, ट्राभल्स, ट्रेकिङ्ग, यातायात वा हवाई सेवाको १ करोड रुपैयाँ भन्दा बढी कारोवार भएका करदातलाई २०७६/०७७ मा लाग्ने आयकरमा २० प्रतिशत छुटको व्यवस्था बाट २ सय ८३ करदातालाई रु ५ करोड ६३ लाख कर छुट सुविधा प्राप्त गरेका र संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सूचीकृत औषधि, स्वास्थ्य सामग्री र स्वास्थ्य उपकरण पैठारीमा महसुल छुट दिदा २०७६/०७७ मा रु ३ अर्ब ४ करोडको औषधि स्वास्थ्य सामग्री र उपकरणमा रु.७६ करोड महसुल छुट दिएको ।
८	साँवा तथा व्याज छुट	महामारीले उद्योग व्यवसायमा परेको असर न्यूनीकरण गर्न २०७६ चैतको लागि वित्तीय संस्थाहरूले मासिक ब्याजमा आधार दर भन्दा कम नहुने गरी १० प्रतिशत र २०७७ वैशाखदेखि असारसम्मका लागि २०७६ चैत मसान्तमा कायम ब्याज दरमा २ प्रतिशत बिन्दुले कम हुने गरी रु.१० अर्ब २१ करोड ६६ लाख छुट सुविधा प्राप्त प्रदान गरेको छ ।
९	सामाजिक सुरक्षा कोषमा योगदान	कोषमा आवद्ध भएका श्रमिकको २०७६/७७ को अन्तिम ४ महिनाको श्रमिक तथा रोजगारीदाताको तर्फबाट जम्मा गर्नुपर्ने योगदान रु.१ अर्ब ३ करोड २४ लाख ६ हजार नेपाल सरकारले भुक्तानी गरेको छ ।

यस सम्बन्धी थप व्यहोरा निम्न छन्:

१२५.१. शैक्षिक सत्र २०७६ चैत्रको पहिलो हप्तादेखि सबै विद्यालय, कलेज र विश्वविद्यालय बन्द भएको कारण करीव ९७ लाख विद्यार्थीको नियमित पठनपाठन अवरुद्ध भएको देखियो । विश्वविद्यालयस्तर, बिद्यालयस्तर तथा राष्ट्रियस्तरमा सञ्चालन हुने विभिन्न कक्षा र तहका परीक्षा सञ्चालन र परीक्षाफल प्रकाशन समयमा सम्पन्न हुन सकेको छैन। कतिपय विद्यालय र विश्व बिद्यालयले बैकल्पिक माध्यमबाट कक्षा सञ्चालन एवं परीक्षा सञ्चलन गरेको समेत देखिन्छ ।

१२५.२. मन्त्रिपरिषद्को २०७७।३।२९ को निर्णयबाट नेपाल सरकारलाई थप लागत नपर्ने एवम् म्याद थप गरेवापत अन्य कुनै दावी गर्न नपाउने गरी सबै खरिद सम्झौतालाई आर्थिक दायित्व नपर्ने गरी साविकको खरिद सम्झौतामा सम्बन्धित पदाधिकारीले बढीमा ६ महिना म्याद थप गर्न स्वीकृति दिएको छ । फलस्वरुप उक्त अबधिमा नेपालभर कार्यान्वयनमा रहेका निर्माण परामर्श र आपुर्तिसंग सम्बन्धित सबै खरिद सम्झौताको म्याद थपिएको कारण मूल्यवृद्धि एवं प्राप्त हुने लाभ तोकिएको समयमा प्राप्त नहुने अवस्था छ ।

१२५.३. कोभिड-१९ को कारणले केही चार्टर्ड फ्लाईट बाहेक जहाजहरू चल्न सकेनन। सबै जसो यातायातका माध्यमहरू बन्द भएका थिए। निगमले अध्ययन गरी अर्थ मन्त्रालयलाई **पेस** गरेको प्रतिवेदन अनुसार नेपाल वायुसेबा निगमका निगमलाई वार्षिक रु.१० अरब ७६ करोड ५२ लाख नोक्सानी हुने उल्लेख गरेको छ । महामारीका कारण सेवा बन्द भई, देशभित्र एवं बाहिरका यात्रुले अग्रिम रुपमा लिएका टिकट वापतको रकम फिर्ता गर्नपर्ने, ग्राउण्ड ह्याडलिङ्ग वापतको राजस्व समेत गुमेको अवस्था छ।

१२५.४. वायुसेवाहरू बन्द हुँदा सुरुवाती अवस्थाबाटै नेपालको होटल, रेष्टुराँ, हाईकिङ्ग, ट्रेकिङ, पर्वतारोहण तथा अन्य साहसिक पर्यटन जस्ता ठूला प्रकृतिका पर्यटन व्यवसाय तथा संग्रहालय, पार्क, ग्यालरी, सांगीतिक तथा सांस्कृतिक कार्यक्रमहरूमा समेत यसले नकारात्मक असर पारेको छ । बीस लाख पर्यटक भित्र्याउने उद्देश्यकासाथ सञ्चालन भएको नेपाल भ्रमण वर्ष, २०२० अभियानमा रु.३५ करोड २८ लाख ७२ हजार खर्च गरेपछि स्थगित हुँदा सो अभियानबाट तत्काल प्रतिफल प्राप्त भएन। नेपालको पर्यटन क्षेत्रमा कोभिड-१९ का कारणले पर्यटन र उड्डयन क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष गरी करिब ११ लाख मानिसहरू बेरोजगार रहेको, करिब रु.१५ खर्ब लगानी भएको पर्यटन क्षेत्रमा प्रतिमहिना करिब रु.१० अर्ब नोक्सानी भएको पर्यटन बोर्डले गरेको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

१२५.५. लकडाउनको कारण उद्योग कलकारखाना बन्द भएकोले बिद्युतको माग आर्थिक वर्ष २०७६।७७ को लागि ७ हजार २९१ गिगावाट आवर अनुमान गरिएकोमा गिराबट आई ६ हजार ४२२ गिगावाट भएको छ । फलस्वरुप प्राधिकरणको आम्दानीमा समेत १०.४ प्रतिशतले कमी आएको उल्लेख गरेकोछ ।

१२६. **नागरिक उद्धार** - मन्त्रिपरिषद्को मिति २०७६।१०।२७ को निर्णय अनुसार तात्कालीन समयमा कोभिड१९ बाट- प्रभाबित देश मित्रराष्ट्र चिनबाट नेपाल फिर्ता आएका १८७ नेपाली नागरिकलाई हवाई उडान उद्धार तथा स्थानीय यातायात वापत संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले रु.४ करोड ४९ लाख ७९ हजार खर्च लेखेको छ । ती नागरिकलाई नेपाल बिद्युत प्राधिकरणको खरिपाटी स्थित तालिम केन्द्रमा क्वारेन्टीन निर्माण, निर्मित क्वारेन्टीनको लागि आबश्यक सामग्री खरिद, क्वारेन्टिन स्थलमा इन्टरनेट, क्वारेन्टिन स्थलमा व्यक्तिगत प्रयोग हुने मालसामानहरू जस्तैः टुथ ब्रस, हिटरड्रायर/, स्याम्पु, डायरी, क्वारेन्टिन बेड खरिद तथा निर्माण लगायतको लागि शहरी बिकास मन्त्रालयबाट रु.७ करोड ५६ लाख ९५ हजार खर्च गरेको छ । यसैगरी नेपाली सेनाले क्वारेन्टीनमा बस्नेको लागि मिति २०७६।११।४ देखि २०७६।११।२० सम्म १७ दिनका लागि खानाबापत रु.५५ लाख र बिभिन्न औषधि खरिद बापत रु.६६ लाख ७१ हजार समेत १८७ जनालाई चीनको उहानबाट उद्धार गरी ल्याउदाको खर्चमात्र रु १३ करोड २८ लाख ४७ हजार रहेको छ । सो आधारमा प्रति ब्यक्ति उद्धार खर्च रु ७ लाख १० हजार पर्न आउँछ । दिगोरुपमा धान्न सकिने र अति आबश्यक पर्ने विषयबस्तुको विश्लेषण गरी खर्च गर्ने नीति अबलम्बन गर्नुपर्दछ ।

१२७. **कोरोना बीमा -** महामारीको बीमा कार्यक्रम, २०७७ अन्तर्गत २०७८ आषाढ २८ सम्म १७ लाख ५८ हजार ३४३ ले बीमा गरेको र रु.१ अर्ब ५ करोड ५ लाख बीमा प्रिमियम सङ्कलन भएकोमा १ लाख १४ हजार ६३३ बीमितबाट रु.१० अर्ब ९७ करोड ७३ लाखको दाबी **पेस** भएको छ । प्रिमियम भन्दा रु.९ अर्ब ९२ करोड ६८ लाख बढि दाबी **पेस** भएको छ । दाबी मध्ये रु.६ अर्ब १६ करोड ६१ लाख भुक्तानी हुन सकेको छैन ।

१२८. **आवश्यकताको पहिचान -** महामारीको जोखिमलाई मध्यनजर गरी कोभिड सङ्कट व्यवस्थापन केन्द्रले ३८ किसिमका व्यक्तिगत सुरक्षाका सामानहरू, २० किसिमका प्रयोगशालाका उपकरण, १८५ किसिमका अत्यावश्यक औषधिहरू लगायत अक्सिजन प्लाण्ट, एम्बुलेन्स, शव वाहन भ्यान समेत खरिद गर्नुपर्ने देहाय बमोजिम ३९८ किसिमका सामग्री सूची तयार गरेको छः

क्र.सं.	औषधिको प्रकार	जम्मा संख्या	प्राथमिकता वर्गीकरण			
			अत्यावश्यक	१	२	३
१	व्यक्तिगत सुरक्षा सामग्री	३८	२३	१५	-	-
२	प्रयोगशालाका सामग्री	२०	-	२०	-	-
३	अत्यावश्यक औषधिहरू	१८३	-	९२	९१	-
४	शव व्यवस्थापन	५	-	५	०	-
५	सरसफाई सम्बन्धी सामान	२९	-	२७	२	-
६	सघन उपचार कक्षका उपकरण	३८	-	२७	११	-
७	अस्पतालका सामग्री	४३	-	२०	२३	-
८	निर्मलीकरण सम्बन्धी सामग्री	२३	-	६	१०	७
९	ड्रेसिङ सेट सामान	९	-	-	९	-
१०	धुलाई सम्बन्धी उपकरण	७	-	१	६	-
११	अन्य	३	-	-	-	३
	जम्मा	**३९८**	**२३**	**२१३**	**१५२**	**१०**

उपर्युक्त बमोजिम ३९८ प्रकारका स्वास्थ्य उपकरण, सामग्री र औषधी कोभिड १९ रोकथाम नियन्त्रण र उपचारको लागि आवश्यक पर्ने उल्लेख गरी स्वास्थ्य मन्त्रालयले आवश्यकता पहिचान गरेको छ। यसरी आवश्यकता पहिचान गरेको मध्ये रक्षा मन्त्रालयले जि.टु.जी प्रक्रिया अन्तर्गत चीनबाट कम्प्याट प्यासेन्ट मनीटर, डिजिटल एक्सरे, पी.सी.आर किट, हाते अल्ट्रासाउण्ड मेशीन लगायत ६७ प्रकारका सामग्री खरिद गरेको छ । सोही प्रक्रिया अन्तर्गत भारतवाट ५३ प्रकारका औषधी लगायतका सामानहरू खरिद गर्ने प्रक्रिया अघि बढाएपनि सफल हुन सकेन । सो बाहेक बाँकी स्ट्रेचर, शव वाहान, एम्बुलेन्स, लण्ड्री ट्रली लगायतका २७८ प्रकारका औषधी र स्वास्थ्य सामग्री खरिद गरेको देखिएन । यस प्रकार आवश्यकता पहिचान भएका औषधी र स्वास्थ्य सामग्री आपूर्ति नहुदाँ कोभिड-१९ को रोकथाम उपचार लगायत सेवा प्रवाहमा असर परेको देखिन्छ । योजनाबद्ध तवरले महामारीको प्रतिकार्यको लागि खरिद कार्य अगाडि नवढाउदा उपर्युक्त स्थिति देखिएकोले यथार्थपरक ढंगले आवश्यकता पहिचान गरी खरिद कार्य अगाडि बढाउनुपर्ने देखिन्छ ।

१२९. **औषधि आपूर्ति -** औषधी तथा औषधिजन्य सामग्री खरिदका लागि रक्षा मन्त्रालयले २०७७।२।४ मा परराष्ट्र मन्त्रालयलाई रु.२ करोड ४६ लाख १५ हजारको अख्तियारी पठाएकोमा २०७७।२।५ मा परराष्ट्र मन्त्रालयले सो अख्तियारी रक्षा मन्त्रालयमा नै पठाएको छ ।तत्पश्चात रक्षा मन्त्रालयले उक्त रकमको अख्तियारी नेपाली सेनालाई दिएको छ । एक भारतीय फर्मले ५३ प्रकारका औषधि तथा औषधिजन्य सामग्री सामान भारतीय रुपैया १ करोड ५३ लाख ७० हजार उपलब्ध गराउने गरी नेपाली राजदूताबास नयाँदिल्लीमा आर्थिक प्रस्ताव **पेस** गरेकोमा दुतावासले उक्त प्रस्ताव स्वीकार गरी खरिद कारबाही अघि बढाउन नेपाली सेनाले परराष्ट्र मन्त्रालयलाई रकम पठाएको देखिन्छ । सामग्री आपूर्तिका लागि भारतीय पक्षबाट जवाफ प्राप्त नभएको तथा खरिद सम्झौता पनि नभएको हुँदा परराष्ट्र मन्त्रालयले २०७७।३।२६ नेपाली सेनालाई नै रकम फिर्ता पठाएको छ । यसबाट आवश्यक औषाधि खरिद हुन नसकी कोभिड १९ को रोकथाम एवं उपचार सेवा प्रभावित भएको छ । सरोकारवाला सबै निकायसँग समन्वय गरी कार्य गर्नुपर्ने देखिन्छ ।

१३०. **खरिद दर तुलना** - विभिन्न निकायले खरिद गरेको पी.पी.इ सेटको खरिद दर तुलना गर्दा भेरी अस्पतालले ३ हजार ८२५, वीपी कोईराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरले रु ४ हजार ४००, गजेन्द्र नारायण सिंह अस्पतालले रु.३ हजार ३९० का दरले खरीद गरेको देखिन्छ । त्यस्तै स्वास्थ्य सेवा विभाग र सरकारले सरकारबाट खरिद गरेको केही सामग्रीको तुलनात्मक स्थिति देहाय अनुसार रहेको छ।

क्र. सं.	सामानको विवरण	इकाई	लागत अनुमान रु.	स्वास्थ्य सेवा विभाग		सरकार-सरकार	
				परिमाण	दर रु.	परिमाण	दर रु.
१.	पी.सी.आर. किट	वटा	-	२००००	१७३९	२८३८५	२२२०
२.	इन्फ्रारेट थर्मोमिटर	वटा	-	९००	६४१९	५२३९	५०७६
३.	फाइफ फक्शन इलेक्ट्रीक वेड	वटा	-	२०	१६२०००	१५०	२४००००
४.	गाउन(मि)	प्रतिगोटा	२०१३.३३	३८०००	८००	६५६२९	२९६.३८
५.	पंजा(मि)	जोर	१४.६५	११५८१०	१४.५०	६५६२८३	१९.३५
६.	सुरक्षात्मक चस्मा	प्रतिगोटा	६३८	१३१५०	५४०	७४५४१	२९०.३३
७.	गाउन मि	प्रतिगोटा	९५२	३८०००	८००	२१५३२८	२९६.३८
८.	चस्मा	जोर	१२०२	८४००	७७५	४७६००	३०२.४३
९.	रेस्पिरेटर मास्क	प्रतिगोटा	२४४.३३	३७५००	२१८	२१२५००	३५६.८६
१०.	फेससिल्ड	प्रतिगोटा	४४२	८४४०	४०६	४७८५०	१८१.४६

उपर्युक्त बमोजिम स्वास्थ्य सेवा विभागले सूचना प्रकाशन गरी खरिद गरेको भन्दा सरकार-सरकार प्रक्रियावाट खरिद गर्दा पीसीआर किट, बेड, पन्जा, रेस्पिरेटर मास्क लगायतका आइटममा बढी मुल्य परको र थर्मोमीटर, गाउन लगायत विभागबाट खरिद गरेको मूल्य बढी भएको देखियो । प्रतिस्पर्धात्मक तवरले खरिद गर्ने नीति अवलम्वन गर्नुपर्ने देखिएको छ ।

• कार्यक्रम र उपलब्धि

१३१. **सेवा विस्तार** - नेपाल दूरसञ्चार कम्पनीले देशव्यापी रुपमा तीव्र गति र उच्च क्षमताको डाटा ट्रान्सफर गर्ने प्रविधि फोरजी/एलटिई सेवा विस्तारका लागि गरेको कार्य निर्माणाधीन छ। यसका लागि छुट्टा छुट्टै कोर, रेडियो एक्सेस नेटवर्क १ र २ का लागि भ्याट र कर बाहेक रु.१९ अर्ब ६८ करोड खर्चने निर्णय गरेको र करार अनुसार विभिन्न मितिका खरिद आदेश जारी गरिएको छ। उक्त परियोजना १२ महिना अर्थात फेब्रुअरी २०२० भित्र सम्पन्न गरिसक्नु पर्नेमा हालसम्ममा कार्य सम्पन्न नभएता पनि उक्त विषयमा कुनै निर्णय नभएको र परियोजनाको परिमार्जित कार्यतालिका बनाई लागू गरिएको पाइएन।

असीमित डाटा ट्रान्सफर क्षमता भएको फाइबरमा आधारित प्रविधि (एफ.टि.टि.एच.) विस्तार गर्ने कार्य २०६७/६८ बाट शुरु गरेकोमा हालसम्म उल्लेख्य प्रगतिहुन सकेको देखिएन। २०७७ असार मसान्तसम्म २ लाख १९ हजार ग्राहक संख्या बनाउने लक्ष्यमा जम्मा ४४ हजार २०० ग्राहकमात्र रहेको देखिन्छ। बत्ति पावर, ब्याकअप ब्याट्री, सवारी साधन र टुल्स उपलब्ध नहुनु, रिपिटर टावरमा समस्या आउनु, यथेस्ट र सक्षम जनशक्तिको अभाव हुनु, विदेशी सेवा प्रदायक कम्पनीसँग प्रयास समन्वय नहुनु जस्ता कारणले लामो समयसम्म नेटवर्क नचल्ने अवस्था रहेको देखियो। यसबाट ग्राहक सेवामा नकारात्मक असर पर्न गई ग्राहक सेवा तथा आम्दानीमा नकारात्मक असर पर्न गएको छ ।

१३२. **नेपाल भ्रमण वर्ष** - नेपाल सरकारबाट सन् २०२० लाई नेपाल भ्रमण वर्षका रुपमा मनाउने अभियानलाई सफल बनाउनका लागि विभिन्न कार्यक्रमहरूको तयारी र कार्यान्वयन गरिएको थियो । भ्रमण वर्षका कार्यक्रम सञ्चालन हुदा कै बखत कोभिड-१९ महामारीबाट पर्यटन तथा उड्डयन क्षेत्रमा प्रभाव परेको कारण उत्साहका साथ शुरु भएको नेपालको पर्यटन क्षेत्र एवं गतिविधिहरू ठप्प हुन पुगी भ्रमण वर्षका सबै कार्यक्रम स्थगित हुन पुगेको थियो । प्रचार-प्रसार, उद्घाटन वैदेशिक भ्रमण, पर्यटन

उपज, खेल इभेन्ट्स, अन्तर्राष्ट्रिय सम्मेलन गोष्ठी सेमिनार, मानव संसाधन लगायतमा भएको खर्च रू.३० करोड ३९ लाख ८८ हजार अनुत्पादन बन्न पुगेको छ।

१३३. **प्रश्नपत्र छपाइ -** यस वर्ष कक्षा १० को नियमित पूरकतर्फको ५० लाख ७० हजार सेट प्रश्नपत्र प्रतिसेट रु.३/८५ दरले छपाई गर्न जनक शिक्षा सामग्री केन्द्रसँग सम्झौता भएकोमा प्रश्नपत्र छपाई गरी प्याकिङ्ग समेत रु.२ करोड २० लाख ५७ हजार भुक्तानी गरेको छ । मन्त्रिपरिषद्ले कोभिड महामारीको कारण भौतिक रुपमा लिइने परीक्षण रद्द गरी विद्यालयले गरेको मूल्याङ्कनको आधारमा नतिजा प्रकाशन गरेकोले उक्त प्रश्नपत्र प्रयोगविहीन भएको छ । राष्ट्रिय परीक्षा बोर्डले २०७७।८।१४ मा प्रश्नपत्रहरू धुल्याउने निर्णय गरेकोमा हालसम्म धुल्याएको छैन ।

१३४. **आर.डी.टी. किटको उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५३ मा सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको कारोबार वा निज आफैंले गरेको कारोवारका सम्बन्धमा सम्बन्धित व्यक्ति जिम्मेवार हुने उल्लेख छ। स्वास्थ्य सेवा विभागले यो वर्ष २ आपूर्तकसँग रु.२७ करोड ८१ लाख ८३ हजार मूल्यका ३ लाख ९६ हजार ४४५ थान आर.डी.टी किट बोलपत्र तथा वार्ताको माध्यमबाट खरिद गरेको देखियो । उक्त किट्स विश्व स्वास्थ्य संगठनले आकस्मिक सर्भिलेन्स प्रयोजनमा प्रयोग गर्न सकिने जनाए पनि नेपालमा कोभिड-१९ को पहिचान कै सिलसिलामा प्रयोग गरी उपरोक्त रकम खर्च उपलब्धिमूलक देखिएन । खरिद परिमाण मध्ये यो वर्ष ३ लाख १२ हजार ४०२ किट प्रयोग भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानकारी गराएको छ । नेपाल सरकारले २०७७।४।१४ को निर्णयले उक्त किटको प्रयोग बन्द गरेको कारण प्रयोग हुन बाकी रु.५ करोड २९ लाख ४७ हजार मूल्यका ८४ हजार ४३ किट मध्ये स्वास्थ्य सेवा विभागमा रहेको ८ हजार १९६ किट २१ मार्च २०२१ मा म्याद समाप्त भइसकेको छ । बाँकी ७५ हजार ८४७ किट अन्य स्वास्थ्य संस्थामा पठाएकोमा उपयोगको अवस्था यकिन गरेको छैन । उक्त किटको आवश्यकता र प्रयोगको औचित्यको बारेमा विस्तृत अध्ययन विश्लेषण नगरी दिएको खरिद र प्रयोगबाट सरकारी श्रोत साधनको अपव्यय हुनुका साथै जनमानसमा समेत विश्सनीयता कायम हुन सकेको छैन ।

१३५. **ग्रामीण दूरसञ्चार विकास कोष -** ग्रामीण दूरसञ्चार विकास कोषबाट दुई परियोजना अप्टिकल फाइबर बिछ्याउन र लक्षित समुहसम्म निःशुल्क इन्टरनेट सेवा पुर्याउन नेपाल दूरसन्चार प्राधिकरणले कार्यान्वयनमा ल्याएको छ । विभिन्न सेवाप्रदायकसँग २१ प्याकेजमा रु.१५ अर्ब १५ करोड ९२ लाखको सम्झौता २०७६।७७ सम्म गरेको छ। ठेक्का कार्यान्वयन सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् ।

१३५.१. पहिलो प्याकेज पाँचथरदेखि गोरखाको आरुघाटसम्म तथा प्रदेश नं. १ र २ तथा बागमतीका जिल्ला सदरमुकाम जोड्ने गरी २१९७ कि मि अप्टिकल फाइबर र अन्य उपकरण जडान गर्न २०७३।६।१२ मा नेपाल दूरञ्चार कम्पनी लिमिटेडसंग रु.४ अर्ब ८७ करोडको ठेक्का सम्झौता भएकोमा मोबिलाइजेशन पेस्की रु ६१ करोड ५५ लाख बाहेक खर्च भएको छैन। सम्झौता अनुसार २ वर्षभित्र काम सम्पन्न गर्न म्याद तोकिएकोमा उक्त अवधिभित्र काम सम्पन्न नभई २०७८ कार्तिक १ सम्म म्याद थप भएको छ।

१३५.२. प्याकेज दुई आरुघाट देखि पश्चिम गण्डकी र लुम्बिनी प्रदेशको जिल्ला सदरमुकाम जोड्ने २ हजार ११७ किलोमिटर अप्टिकल फाइबर तथा अन्य इक्युपमेन्ट जडान गर्न एक सेवा प्रदायकसँग रु.२ अर्ब १ करोडको काम २४ महिनाभित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा प्रगति शुन्य भएको कारणबाट म्याद थप नगरी सम्झौता अन्त्य गरेको प्राधिकरणको निर्णय सम्बन्धी विषय अदालतमा विचाराधिन छ। कार्यसम्पादन जमानत रु.१० करोड ५ लाख र मोबिलाइजेशन पेस्की बापतको बैङ्क जमानत रु.४० करोड २० लाख जफत गर्नुपर्ने रकम हालसम्म जफत गरेको छैन।

१३५.३. प्याकेज तीन अन्तर्गत कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पर्ने मध्यपहाडी लोकमार्गका जिल्ला सदरमुकामसम्म २५१२ किलोमिटर अप्टिकल फाइबर ओछ्यउने कार्यको लागि एक सेवाप्रदायकसँग रु.३ अर्ब ९४ लाखमा ठेक्का सम्झौता भएकोमा सम्झौता अनुसार २ वर्षभित्र काम सम्पन्न नभएको कारण प्राधिकरणले सम्झौता अन्त्य गरेको छ। कार्यसम्पादन जमानत र पेस्की जमानतको रु.२५ करोड २३ लाख जफत गरेको भए तापनि पेस्कीमा लाग्ने ब्याज र निर्माण कार्य सम्पन्न गर्न लाग्ने थप लागत असुल भएको छैन। उक्त प्याकेजको काम सम्पन्न गर्न पुनः २०७६ पौष १८ मा नेपाल टेलिकमसँग रु.३ अर्ब ८१ लाखको सम्झौता भएकोमा प्रगति शून्य रहेको छ।

१३५.४. गाँउपालिका, नगरपालिकाका वडा कार्यालय, सामुदायिक माध्यामिक विद्यालय, सामुदायिक स्वास्थ्य केन्द्रहरूमा ब्रोडब्याण्ड सेवा उपलब्ध गराउनको लागि सञ्चालित यो परियोजनाको १८ प्याकेजमध्ये ११ प्याकेजमा १०० प्रतिशत, २ प्याकेजमा ५० प्रतिशत कार्य सम्पन्न भएको र बाँकी ५ प्याकेजको प्रगति शुन्य रहेको छ। इन्टरनेट जडान गर्नुपर्ने कुल संख्या १६६०१ भएकोमा ९८३३ साइटमा इन्टरनेट जडान सम्पन्न भएको छ। १८ प्याकेजको लागि रु ५ अर्ब २६ करोड ९७ लाखको सम्झौता भएकोमा रु २ अर्ब ३८ करोड ६५ लाख खर्च भएको छ ।

१३५.५. गाउँपालिका, नगरपालिका, माध्यामिक विद्यालय र स्वास्थ्य संस्थामा पुऱ्याइएको इन्टरनेट सेवा ५१२ के.वि.पि.एस क्षमताको रहेको छ । उक्त क्षमता पर्याप्त नभएकोले परियोजनाको दिगोपनामा समस्या देखिएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख गरेको छ। परियोजनाको निर्माण शूरु हुनुअघि प्रविधिको छनौट एवं लागत र लाभको विश्लेषण नगरी कम क्षमताको ब्रोडव्याण्ड इन्टरनेट सेवा पुऱ्याउने कार्यले सोमा हुने खर्च रु.४ अर्ब ३९ करोड ६६ लाख उपलव्धीमूलक नहुने देखिन्छ। प्राधिकरणले ग्रामीण दूरसंचार विकास परियोजनाका आगामी कार्यदिशा सम्बन्धी २०७६ जेष्ठको श्वेतपत्रमा समेत उपलव्ध गराएको इन्टरनेटको व्याण्ड विथ क्षमता ५१२ के.बि.पि.एस. भएकोमा सो को सट्टा न्यूनतम क्षमता ५ के.वि.पि.एस. गर्नुपर्ने आवश्यकता औल्याएको छ। इन्टरनेट सेवाको प्रयोग र प्रभावकारिता मूल्याङ्कन गरी ब्रोडव्याण्ड इन्टरनेट सेवाको समुचित प्रयोग तथा परियोजनाको दिगोपनामा सघाउ पुर्‍याउने कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ।

१३६. **बाहिरी चक्रपथ र स्मार्ट सिटीको निर्माण -** सडक पहुँच पुऱ्याई जनजीवनलाई सहजीकरण बनाउने उद्देश्यले सरकारले २०५८ मा उपत्यकाको ७२ किलोमिटर लामो बाहिरी चक्रपथको अवधारणा ल्याएकोमा २० वर्ष व्यतीत हुँदा संभाव्यता अध्ययनबाहेक बाँकी कार्य भएको छैन । उक्त आयोजनामा हालसम्म रु.१२ करोड ४५ लाख ५० हजार खर्च भएकोछ । बाहिरी चक्रपथको कार्य सम्पादन अवस्था यकिन भै नसकेको स्थितिमा नेपाल सरकारले २०७४।१।२५ मा स्मार्ट सिटी अवधारणा स्वीकृत गरेको छ र सोही क्षेत्रको अधिकांश भू-भाग समेटिने गरी ४ स्मार्ट सिटी काडमाडौं उत्तरपूर्व (ईसान)मा १ लाख रोपनी, काठमाडौं उत्तरमा १० हजार रोपनी तथा ललितपुर र भक्तपुरमा १०।१० हजार रोपनी क्षेत्रमा आयोजना अघि बढाउन सुरुवात गरे तापनि यी आयोजनाको विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरेको छैन। स्मार्ट सिटी निर्माणको पूर्व तयारीको लागि काठमाडौं उपत्यका विकास प्राधिकरणले २०७६।७७ सम्म रु.१५ करोड ६५ लाख ४० हजार खर्च गरेको छ । ललितपुर महानगरपालिकाले स्विकृति नदिएको कारणले विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयन हुने अवस्था छैन। स्मार्ट सिटीको अवधारणा अघि बढाएपछि प्रस्तावित क्षेत्रको जग्गा बेचविखन गर्न नपाइने निर्णय भएको छ । जग्गा रोक्का राखेको ४ वर्षसम्म विस्तृत आयोजना प्रतिवेदन नै स्वीकृत हुन सकेको छैन। कार्य सम्पादन प्रक्रियालाई यथासमयमा अगाडि नबढाई नागरिकको जग्गा लामो समयसम्म रोक्का राखेको औचित्यपूर्ण देखिएन । आयोजना तत्काल कार्यान्वयनमा लैजाने व्यवस्था मिलाउनुपर्दछ ।

- **संस्थान सञ्चालन**

१३७. **प्रशासनिक प्रयोजनमा लगानी -** यो वर्ष सञ्चालनमा नरहेको नेपाल ओरियण्ट एण्ड म्याग्नेसाइट उद्योगमा रु.८० लाख र गोरखकाली रबर उद्योगमा रु.३४ करोडसमेत रु.३४ करोड ८० लाख लगानी गरेको

छ। सार्वजनिक संस्थानले आफ्नो आम्दानीबाट प्रशासनिक खर्च व्यहोर्नुपर्नेमा यस्ता संस्थानमा ऋण लगानी गर्दा नेपाल सरकारको सञ्चित कोषमा थप व्ययभार परेको देखिन्छ ।

१३८. **शेयर लगानी प्रतिफल** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारले गत वर्षसम्म विभिन्न ११३ संस्थामा रु.२ खर्ब ९६ अर्ब ९२ करोड शेयर लगानी गरेकोमा यो वर्ष थप रु.१२ अर्ब ७२ करोड र बोनस शेयर प्राप्त र समायोजनबाट रु.६ अर्ब ६ करोड थप भई यो वर्षसम्म रु.३ खर्ब १५ अर्ब ७० करोड शेयर लगानी भएको देखिन्छ । शेयर लगानीबाट नेपाल सरकारलाई यो वर्ष नेपाल राष्ट्र बैङ्कले रु.९ अर्ब ९६ लाख, नेपाल टेलिकमले रु.६ अर्ब १७ करोड ७७ लाख, नेपाल आयल निगमले रु.४ अर्ब १५ करोड ४७ लाख, कृषि विकास बैङ्क लिमिटेडले रु.१ अर्ब ४२ करोड ९५ लाख र अन्य ११ संस्थले रु.२ अर्ब ६९ करोड २६ लाख समेत १५ संस्थाले रु.२३ अर्ब ४६ करोड ४१ लाख नगद लाभांश र नेपाल बैङ्क लिमिटेडले रु.७५ लाख ६ हजारको बोनस शेयर उपलब्ध गराएको देखिन्छ। ती बाहेक ९८ संस्थामा गरेको लगानी रु.१ खर्ब ९३ अर्ब ७ करोडबाट यो वर्ष कुनै प्रतिफल प्राप्त गरेको छैन ।

१३९. **लगानी** - नागरिक कोषले लगानी नीति तथा आधार तयार नगरी सञ्चालक समितिको बैठकको पटके निर्णयको आधारमा लगानी गरेको छ। कोषको केन्द्रीय हिसाब र ११ योजनाको २०७६।७७ सम्म रू.१ खर्ब ४० अर्ब ५९ करोड मौज्दात र सञ्चित कोष समेतबाट रू.१ खर्ब ५२ अर्ब ८७ करोड लगानी गरेको छ। उक्त लगानी मध्ये समस्याग्रस्त घोषित भएका वित्तीय संस्थामा रू.७३ करोड ६४ लाख ऋण लगानी रहेको छ। उक्त लगानी असुल गर्नुपर्दछ ।

१४०. **सार्वजनिक संस्थान सञ्चालन** - सार्वजनिक संस्थाको स्थापनाको उदेश्य अनुरुप सञ्चालन भए नभएको अध्ययन गरी त्यस्ता संस्थाको आवश्यकता र योगदान अनुरुप खारेज, मर्ज, सञ्चालनको प्रारुप परिवर्तन गर्ने लगायतका विकल्पमा पुनरावलोकन, लेखा तथा व्यवस्थापकीय सूचना प्रणाली कम्प्यूटरकृत बनाई नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय विवरण तयार गर्ने काय पूण रुपमा भएको छैन । नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाद्वारा जारी निर्देशन अनुसार २०७३।७४ बाट नेपाल सरकारको स्वामित्वमा रहेका संस्थामा नेपाल वित्तीय प्रतिवेदनमान लागू गरेकोमा विराटनगर जुट मिल्स, नेपाल बिटुमिन तथा ब्यारेल उद्योग, नेपाल ढलौट उद्योग लिमिटेड, नेपाल ल्यूब आयल र नेपाल चिया विकास निगमले नेपाल वित्तीय प्रतिवेदनमान (एन.एफ.आर.एस.) लागू नगरेको नेपाल नागरिक उड्डयन प्राधिकरणले समेत सो अनुसार वित्तीय विवरण तयार गर्ने कार्य एक परामर्शदाता मार्फत गर्दै आएपनि सो को आधारमा वित्तीय प्रतिवेदनमानको आधारमा तयार गरेको छैन।

संगठित संस्थाहरूको कार्य सम्पादनको नियमन गर्न प्रभावकारी संयन्त्र विकास गर्ने, सार्वजनिक संस्थाहरूलाई नियमन गर्न एउटा छाता संस्थान व्यवस्थापन तथा सञ्चालन ऐन तर्जुमा गर्ने, सरकारी लगानीको हिसाब अद्यावधिक गर्ने सञ्चालक समितिका सदस्य र कार्यकारी प्रमुखमा बिज्ञको नियुक्ती मार्फत व्यावसायिकताको प्रवद्धर्न गर्ने कार्य बाँकी छ कमचारी दरबन्दीको पुनरावलोकन, क्षमता विकास एवं कर्मचारीको दायित्व व्यवस्थापन ध्यान दिनुपर्दछ ।

• पुनर्निर्माण र पुनर्स्थापना

१४१. **पुनर्निर्माण** - भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरण गरी राष्ट्रिय हित प्रवर्द्धन तथा सामाजिक न्याय प्रदान गर्ने उद्देश्यले प्राधिकरणको स्थापना भएको हो । भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १७ समेत ३१ जिल्ला यसको कार्यक्षेत्र रहेको छ । प्राधिकरणले २०७६।९।२८ मा विपद् पश्चातको पुनर्निर्माण तथा पुनःलाभ कार्यढाँचा तयार गरी पुनर्निर्माण कार्यको संशोधित लागत अनुमान रू.४ खर्ब ८८ अर्ब गरेकोमा राष्ट्रिय पुननिर्माण प्राधिकरण र अन्तर्गतका कार्यालयबाट यो वर्ष रू.५२ अर्ब ४९ करोड ३४ लाख समेत यसवर्षसम्म रू.३ खर्ब २९ अर्ब खर्च भएको छ ।

१४२. **निजी आवास -** राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट ७ लाख ९० हजार ४५० घर निर्माण गर्न लाभग्राहीसँग सम्झौता भएको छ । सम्झौता भएकोमध्ये पहिलो किस्ता ७ लाख ८४ हजार ८२२ लाभग्राहीलाई, दोश्रो किस्ता ६ लाख ७० हजार ९७४ लाभग्राहीलाई र तेश्रो किस्ता ६ लाख १ हजार ४०१ लाभग्राहीलाई रू.२ खर्ब २ करोड ७३ लाख बैंक खातामा जम्मा गरी खर्च लेखेको छ। दोश्रो र तेश्रो किस्ता रकम लिने लाभग्राहीको संख्या पहिलो किस्ता लिनेको भन्दा कम रहेको देखियो । प्राधिकरणबाट प्राप्त वार्षिक प्रतिवेदन २०७६।७७ अनुसार दोश्रो किस्ताको माग गर्ने लाभग्राही ६ लाख ६७ हजार ७१२ मध्ये ६ लाख ६४ हजार २३६ को मात्र प्रमाणीकरण भएकोमा प्रमाणीकरण भन्दा बढी ६ हजार ७३८ लाभग्राहीलाई र तेश्रो किस्ताको लागि प्रमाणीकरणभन्दा बढी १३ हजार ३२४ समेत २० हजार ६२ लाभग्राहीलाई रू.२ अर्ब ३४ करोड ३१ लाख भुक्तानी भएको देखिन्छ। यस सम्बन्धमा प्राधिकरणले छानबिन गरी यकिन गर्नुपर्दछ ।

१४३. **भवन निर्माण स्थगन -** हरिहरभवन स्थित मन्त्री आवास परिसरमा चार भवन निर्माण गर्न रू.१३ करोड ४९ लाखमा एक निर्माण व्यवसायीसँग १८ महिनामा निर्माण सम्पन्न गर्ने गरी २०७५।२।२२ मा सम्झौता गरेकोमा २०७६।१।२५ सम्म रू.२ करोड १२ लाख भुक्तानी भएको छ । त्यसैगरी उक्त परिसरमा सुरक्षा निकायको व्यारेक निर्माण गर्न सोही निर्माण व्यवसायीसँग २०७५।४।२० मा सम्झौता गरी रू.५ करोड ११ लाख भुक्तानी भएको छ । मन्त्री आवास परिसरमा निर्माणाधीन कार्यहरू स्थगित गर्ने नेपाल सरकार मन्त्रिपरिषदबाट २०७५।८।१२ मा निर्णय भएको जानकारी प्राप्त भए अनुसार सुविधाको आधारमा ठेक्का अन्त्य गर्ने सम्बन्धमा विवाद भई निर्माण व्यवसायीले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको देखिन्छ ।

१४४. **पुरातात्विक सम्पदा -** विनाशकारी भूकम्पबाट उपत्यकालगायत ३२ जिल्लाका ९२० सम्पदा क्षति भएकोमा यो वर्षसम्म ४५३ सम्पदाको पुनर्निर्माण सम्पन्न भई ४६७ सम्पदा पुनर्निर्माण हुन बाँकी रहेको देखिन्छ । सम्पदा पुनर्निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ ।

• कार्यक्रम सञ्चालन र प्राथमिकता

१४५. **सभाहल निर्माण -** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ को दफा ६ को उपदफा ३ मा राष्ट्रिय योजना आयोगले मध्यमकालीन खर्च संरचना तयार गरी ३ वर्षको समष्टिगत बजेट तथा कार्यक्रम र नतिजाको प्रति इकाई लागत, सम्पन्न गर्न लाग्ने समय र प्राप्त हुने प्रतिफल खुलाई आयोजनाको प्राथमिकीकरण गर्नुपर्ने उल्लेख छ। शहरी विकास मन्त्रालयले यो वर्ष बजेट प्रस्ताव गर्दा गोदावरी ललितपुरमा ३ हजार व्यक्ति क्षमताको सभाहल, भक्तपुरमा ५ हजार व्यक्ति क्षमताको बहुउद्देश्यीय सम्मेलन केन्द्रको आर्किटेक्चरल तथा स्ट्रक्चरल डिजाईन र विभिन्न जिल्लाहरूमा ३३ सभाहल निर्माण गर्ने कार्यक्रम स्विकृत गरी २८ वटा सभाहल निर्माणको कार्य सुरु गरेको छ। निर्माण चरणमा रहेका २८ सभाहलको निर्माण लागत रू.८ अर्ब ७१ करोड ४७ लाख रहेको छ। विभिन्न कार्यक्रम सञ्चालन गर्न महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरूमा रहेका सभाहल एवं तिनीहरूको पूर्ण प्रयोग भएका छैनन् । यो अवस्थामा सबै सङ्घीय भवन कार्यालयहरूले सभाहल निर्माणलाई प्राथमिकतामा राखेका छन्।

त्यस्तै रुकुमकोट सभाहल निर्माण गर्न सिस्ने गाउँपालिकाको वडा नं. ५ को करिब २२ रोपनी जग्गामा निर्माण व्यवसायीसँग २०७७।२।३१ मा रू.१९ करोड ११ लाख ४६ हजारको सम्झौता भएको छ। निर्माण व्यवसायीलाई मोबिलाईजेशन पेस्की रु.१ करोड ५० लाख दिएकोमा २०७८ वैशाखसम्म नेपाल सरकारबाट जग्गा प्राप्त भएको छैन । यसरी निर्माणस्थलको व्यवस्था नहुँदै खरिद सम्झौता गर्ने र निर्माण कार्य हुन नसक्ने जानकारी हुँदा हुँदै पेस्की दिनेलाई जिम्मेवार बनाउनु पर्दछ ।

१४६. **हुलाक बचत बैङ्क -** गोश्वारा र ६८ जिल्ला हुलाक कार्यालयले हुलाक बचत बैङ्कको कारोबार सञ्चालन गरिरहेका छन्। यो वर्षको अन्त्यमा रु.१ अर्ब ५८ करोड ३४ लाख मौज्दात रहेकोछ। हुलाक बचत बैङ्कको हिसाब पूर्णरुपमा सफ्टवेयरमा नरहेको, कारोबारको परिमाण प्रत्येक वर्ष बृद्धि हुदै गएको, केही जिल्लामा कार्यरत कर्मचारीबाट रकमको अपचलन भएको, लगानी गर्न मन्त्रालयले रोक लगाएकोले जाजरकोट लगायतका जिल्लामा आर्जित ब्याजभन्दा बढी ब्याज भुक्तानी गर्दा घाटा व्यहोर्नु परेकोजस्ता कारणले बैङ्क प्रभावकारी भएका छैनन्। प्रविधि र बैंकिङ प्रणालीको विकास एवं विस्तार हुँदै गएको सन्दर्भमा बचत रकमको परिचालन सुरक्षित तवरबाट गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी बचत बैङ्कको पुनरावलोकन गर्नुपर्दछ।

१४७. **रेल सेवा सञ्चालन -** नेपालको बर्दिवासदेखि जनकपुर हुँदै भारतको जयनगरसम्मको ६९ किलोमिटर रेलमार्गमध्ये जयनगरदेखि कुर्थासम्म ३४ किलोमिटर निर्माण सम्पन्न भई उक्त स्थानमा रेल सञ्चालन गर्न जी.टु.जी. प्रक्रियाद्वारा रेल खरिद गर्न मन्त्रिपरिषदबाट २०७५।९।२९ मा सैद्धान्तिक सहमति प्रदान भएको छ । सो निर्णयअनुसार भारतको एक रेलवे कम्पनीसँग रु.८४ करोड १ लाख ४७ हजारमा २ वटा रेल खरिद गरी २०७७।६।२ मा प्राप्त भएको छ । रेल सञ्चालन एवं मर्मतको लागि आवश्यक जनशक्ति व्यवस्थापनको प्रबन्ध समयमा हुन नसकेको कारण खरिद भएका २ वटा रेल सञ्चालन हुन सकेको छैन । रेल सञ्चालनको लागि आवश्यक जनशक्ति र पूर्वाधार तयार गरी यथाशीघ्र सेवा सञ्चालन गर्नुपर्दछ ।

पूर्व पश्चिम विद्युतीय रेलवे लाइन निर्माणमा झापादेखि इनरुवासम्म जग्गा प्राप्तिको लागि जिल्ला प्रशासन कार्यालयहरूलाई रु.२ अर्ब ५ करोड पेस्की उपलब्ध गराएकोमा जग्गा प्राप्तिको कार्य अगाडि नबढेकोले निर्माण कार्य सुरु भएको छैन ।

१४८. **कार्यक्रम सञ्चालन -** लगानी बोर्डबाट स्वीकृत वार्षिक कार्यक्रममा लगानी सम्मलेन २०१९ मा समावेश गरिएका ५० आयोजनाको अध्ययन मूल्याङ्कन तथा अनुगमन परियोजनाको समझदारी पत्र एवं लगानी सम्झौता गर्ने, विभिन्न कार्यविधि, निर्देशिका एवं मापदण्ड तर्जुमा गर्ने, सार्वजनिक निजी साझेदारी सम्बन्धी असल अभ्यासको अध्ययन गरी प्रतिवेदन तयार गर्ने तथा एकल बिन्दु सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्ने, सार्वजनिक-निजी साझेदारी एकाई स्थापना, ठूलो क्षमताको एक सम्मेलन केन्द्र स्थापनासम्बन्धी परियोजना विकास तथा बजारीकरण, लगानी दिवस आयोजना गर्ने, हुवासिन नारायणी सिमेन्ट उद्योग स्थापनामा सहजीकरण तथा अनुगमन गर्ने, मुक्तिनाथ केबलकार परियोजना सहजीकरण तथा अनुगमन र तमोर जलविद्युत आयोजनाको निर्माणकर्ता छनौट गर्ने लगायतका कार्य उल्लेख गरेकोमा ती कामहरु सम्पादन भएको देखिएन । तोकिएका कार्यक्रम सञ्चालन नगरी तलब भत्ता लगायतका प्रशासनिक कार्यमा भएको खर्चसमेत औचित्यपूर्ण देखिएन । लगानी बोर्डको उद्देश्यअनुरुप कार्यसञ्चालन हुनुपर्दछ।

- **स्वास्थ्य सेवा प्रवाह**

१४९. **सञ्चालन अनुमति -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० मा अनुमति नलिई स्वास्थ्य संस्था सञ्चालन गर्न नहुने उल्लेख छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा २०० शय्याभन्दा माथिको स्वास्थ्य संस्था सञ्चालन अनुमतिको लागि किष्ट मेडिकल कलेज, मणिपाल शिक्षण अस्पताल, नेशनल मेडिकल कलेज वीरगन्जलगायत १४ मेडिकल कलेज, अस्पतालले ७ हजार ४६१ शय्याको स्वास्थ्य संस्था सञ्चालन गर्न निवेदन दिएकोमा राष्ट्रिय भवन संहिता,२०६० बमोजिम भवन निर्माण भएको कागजात पेस नभएकोले स्वास्थ्य संस्था सञ्चालन अनुमतिको निवेदन उपर थप कारबाही गरेको देखिएन । सञ्चालन अनुमति नभए तापनि स्वास्थ्य संस्था सञ्चालन भइरहेको र सञ्चालन अनुमति माग गरेको ११ वर्षसम्म निर्णयविहीन अवस्था रहनु उचित देखिँदैन । यस सम्बन्धमा मन्त्रालयले आवश्यक निर्णय गर्नुपर्दछ ।

१५०. **निजी अस्पताल अनुगमन -** स्वास्थ्य सेवा विभागको नियमन क्षेत्रमा ५१ शय्यादेखि २०० शय्यासम्मका ९९ अस्पताल रहेकोमा यो वर्ष ८१ को अनुगमन गरेको छ । अस्पतालको अनुगमन गर्दा अधिकांश अस्पतालको भौतिक संरचना कमजोर रहेको, आवासीय तथा व्यापारिक प्रयोजनका लागि बनेका ठाउँमा सञ्चालन गरेको, कार्ययोजना अनुसार कार्य नगरेको, औजार उपकरण मापदण्ड अनुसार व्यवस्थापन नभएको, प्रयोगशाला मापदण्ड अनुसार नभएको, जेष्ठ नागरिक कक्ष नरहेको, फोहोरमैलाको उचित व्यवस्थापन नभएको, सघन उपचार कक्ष तथा नर्सिङ्ग कर्मचारी तोकिएको अनुपातभन्दा घटी राखेको, संक्रामक रोगको लागि उचित प्रबन्ध नगरी सञ्चालन गरेको, अधिकांश अस्पतालका जनशक्ति पूर्णकालीन नरहेको लगायतको अवस्था देखिएको अनुगमन प्रतिवेदनमा उल्लेख छ । हरेक वर्ष अनुगमनमा देखिएका कमजोरीहरू देखिए तापनि त्यस्ता कमजोरी सुधार गर्ने शर्तमा बर्षेनी नवीकरण भई रहेको पाइयो । तसर्थ अनुगमन प्रभावकारी बनाउनुपर्दछ । मापदण्ड अनुसार सञ्चालन नभएका स्वास्थ्य संस्थालाई कारवाही गर्नुपर्दछ ।

१५१. **अस्पताल सेवा -** अस्पतालको सेवा प्रभावकारी हुन भौतिक अवस्था, जनशक्ति तथा उपकरणको उचित व्यवस्थापन हुनुपर्दछ । स्वास्थ्य सेवा प्रवाहको केही स्थिति देहाय अनुसार छन्:

१५१.१. शुक्कराज ट्रपिकल तथा सरुवारोग अस्पतालबाट प्राप्त विवरण अनुसार अस्पताल अन्तर्गत रहेका ११ भवनमध्ये ९ भवन ४२ वर्ष पुरानो रहेको उल्लेख छ ।प्रत्येक वर्ष बिरामीको चाप बढ्दै गइरहेको अस्पतालले यो वर्ष १ लाख २६ हजार ४९४ जनालाई सेवा दिएको छ । बिरामी प्रतीक्षालय साँघुरो भएका कारण कक्ष बाहिर बाटोमा उभिनुपरेको, विभिन्न प्रकारका सरुवा रोगका बिरामी एकै स्थानमा रहनुपरेको, शौचालय र पार्किङ्गस्थल पर्याप्त नभएको जस्ता समस्याले अस्पताल सञ्चालनमा कठिनाई परेको देखियो । प्रत्येक वर्ष सरुवा रोगको बिरामी बढ्दै गएको तथा हाल महामारीको रुपमा विश्वभर फैलिएको कोरोना भाइरसको संक्रमणबाट सुरक्षित रहन अस्पतालको क्षमता पर्याप्त नभएकोले तत्कालै गुरुयोजना स्वीकृत गरी अस्पताल पूर्वाधारमा सुधार गर्नुपर्दछ ।

१५१.२. यो वर्ष वीर अस्पतालले रु.२ अर्ब ३३ करोड ६ लाख ९७ हजार खर्च गरी ३ लाख ७५ हजार ६७९ बिरामीलाई स्वास्थ्य उपचार सेवा दिएको छ । अस्पतालमा रहेको १६ स्लाइसको सिटी स्क्यान मेसिन १, पल्मोनरी फन्सण्टेड मेसिन १, ग्यास्ट्रो इण्डोस्कोपी ४ बिग्रेर उपयोग विहिन भएका छन् । गत वर्ष एक गैरसरकारी संस्थाबाट प्राप्त रु.२ करोड ५३ लाख मुल्यको फाइब्रोस्क्यान मेसिन जडान नगरी राखेको छ । त्यसैगरी उपचार सम्बन्धी उपकरण दुरुस्त नहुने, बिरामीको चापको कारण सामान्य उपचारको लागि लामो समयसम्म प्रतीक्षा गर्नुपर्ने, समयमै सेवा उपलव्ध नहुने अवस्था विद्यमान रहेका छन् । सामान्यदेखि जटिल प्रकारको उपचार गर्दै आएको र प्रत्येक वर्ष बिरामीको चाप समेत बढ्दै गएकोले सेवा प्रवाहको गुणस्तर सुधार गर्न अस्पतालले ध्यान दिनुपर्दछ । अस्पतालले क्यान्सर रोगको उपचारको लागि २०७५ मा खरिद गरेको रु.४७ करोड ९० लाख ६० हजारको सी.टी. सिमुलेटर मेसिन र टोमोथेरापी मेसिन ३ वर्षभन्दा बढी समय बितिसक्दा पनि जडान नगरी सशस्त्र प्रहरी वल, हल्चोकमा राखेको अवस्था छ । उक्त मेसिन जडान गरी क्यान्सर बिरामीको सेवाप्रवाह गर्नुपर्दछ ।

१५१.३. नारायणी अस्पतालले मुटुको शल्यक्रिया गर्न प्रयोग गरिने रु.४ करोड ९२ लाख १० हजारको क्याथ ल्याव मेशिन एक आपूर्तकबाट २०७६ चैत्रमा प्राप्त गरेकोमा सो मेशिन जडान नगरी खुल्ला रुपमा राखेको छ । अस्पतालले नयाँ भवन निर्माण गरी जडान गर्ने जनाएतापनि हालसम्म नयाँ भवन निर्माण भएको छैन ।त्यस्तै अस्पतालमा रहेको एकमात्र सी.टी स्क्यान मेशिन बिग्रीई प्रयोगमा आउन सकेको छैन। अस्पतालमा इकोकार्डियो उपकरण मर्मत नहुँदा मुटुका बिरामीहरूले सेवा पाएका छैनन् । त्यस्तै एम.आर.आई, सी.टी स्क्यान तथा आ.इ.सि.यू बेड उपलब्ध नभएको कारण भर्ना भएका ४१३ बिरामीलाई अन्यत्र रेफर गरेको छ।

१५१.४. वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य सेवा प्रवाहका लागि खरिद भएको मेसिन उपकरणहरूको समयमा मर्मत सम्भार गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। प्रतिष्ठानमा रहेका रु.९ करोड ७२ हजारमा खरिद गरेको फोटोथेरापी, सीटी स्क्यान, भेन्टीलेटर, सिरिन्ज पम्पलगायतका १९ उपकरण तथा मेसिनरीहरू चालु अवस्थामा रहेका छैनन् । उपर्युक्त स्थितिले सेवा प्रवाहमा प्रभाव परेको र खरिद खर्च उपलब्धिविहीन भएको छ ।

१५२. **प्रयोगशाला परीक्षण सेवा -** देशको एकमात्र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा आवश्यक भवन, स्थान, उपकरण तथा जनशक्तिको अभावका कारण मानव अङ्ग प्रत्यारोपण गर्दा गरिने एच.एल.ए. टाइपिङ टेष्ट, बाथ रोग पत्ता लगाउन गरिने एच.एल.वि. २७ टेष्ट, वाथ रोगको अवस्था थाहा पाउन गरिने एन्टी सीसीपी टेष्ट, कुकुरमा लाग्ने फित्ते जुका मानिसको शरीरमा पुगेको पत्ता लगाउन गरिने इकाइनोकोसिस एन्टिबडी टेष्ट, मानव जिन र क्रोमोजोमको अवस्था थाहा पाउन गरिने मोलिकुलर टेष्ट लगायतका ३५ भन्दा बढी प्रकारका परीक्षण सेवाहरू प्रवाह हुन सकेको छैन ।

• शैक्षिक नतिजा र सम्बन्धन

१५३. **उच्च शिक्षा -** नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा विश्वविद्यालय सम्बन्धी नीति/कानूनको निर्माण, मापदण्ड निर्धारण र अनुगमन लगायतका कार्यहरू मन्त्रालयबाट सम्पादन हुने व्यवस्था रहेको छ।नेपालमा ११ विश्वविद्यालय तथा ६ स्वास्थ्य विज्ञान प्रतिष्ठान संञ्चालनमा रहेका छन्। सञ्चालित विश्वविद्यालयमा अध्ययनरत कुल ५ लाख ४० हजार विद्यार्थीमध्ये त्रिभुवन विश्वविद्यालयमा ७६ प्रतिशत र अन्य १० विश्वविद्यालयमा २४ प्रतिशत रहेका छन् । विश्वविद्यालयहरूमा अध्ययन गर्नेमध्ये ७९.७ प्रतिशत साधारण र २०.३ प्रतिशत प्राविधिक विषयहरू रहेका छन् । मन्त्रालयले जनशक्ति प्रक्षेपण तथा मानव संसाधन विकास योजना तयार नगरेका कारण एकातर्फ शैक्षिक बेरोजगारको संख्यामा बढोत्तरी भै वैदेशिक रोजगारीमा आकर्षण भएको देखिन्छ भने अर्कोतर्फ स्वदेशमा आवश्यक पर्ने सीपमूलक शैक्षिक कार्यक्रमको न्यूनताले गर्दा शिक्षातर्फको लगानीले उचित प्रतिफल दिन सकेको छैन । विश्वविद्यालयबाट सीपयुक्त जनशक्ति उत्पादन गर्ने सम्बन्धमा स्पष्ट नीति, कार्यनीति तथा कार्यक्रम संञ्चालन हुनुपर्ने देखिन्छ ।

१५४. **कक्षा १०(एस.इ.इ) नतिजा -** कक्षा १० को माध्यामिक शिक्षा परीक्षा (एस.इ.इ.) शैक्षिक सत्र, २०७६ मा कोरोना महामारीका कारण परम्परागत रूपमा भौतिक रूपमा परीक्षा संञ्चालन गर्न नसकी नेपाल सरकार मन्त्रिपरिषद्को २०७७।२।२८ को निर्णय अनुसार विद्यालयबाट मूल्याङ्कन गरेको प्राप्ताङ्कका आधारमा नतिजा प्रकाशन गरेको छ । उक्त आधारमा कुल विद्यार्थी ४ लाख ८२ हजार ९ सय ८३ सहभागी भएकोमा १६.१८ प्रतिशतले ३.६ देखि ४ जि.पि.ए सम्म प्राप्त गरेका थिए । उक्त नतिजा शैक्षिक सत्र २०७५ भन्दा ३४४.६४ प्रतिशतले बढी छ । २०७५ तथा २०७६ को नतिजाको तुलनात्मक अवस्था निम्नानुसारको रहेको छः

सि. नं.	जी.पी.ए.	२०७५ को नतिजा	२०७६ को नतिजा	कुलको तुलनामा २०७५ को जी.पी.ए.प्रतिशत	कुलको तुलनामा २०७६ को जी.पी.ए.प्रतिशत	नतिजामा वृद्धि/न्यून (प्रतिशत)
१	नतिजा रोकिएको	८४६९	१८१२६	१.८४	३.७५	११४.०२
२	०.८ देखि १.१९ सम्म	४४२९	१२	०.९७	०.०१	-९९.७२
३	१.२ देखि १.५९ सम्म	४३८४१	५३९	९.५५	०.११	-९८.७७
४	१.६ देखि १.९९ सम्म	९५३०७	१७०८१	२०.७५	३.५४	-८२.०७
५	२ देखि २.३९ सम्म	९८२०७	७९४०४	२१.३८	१६.४४	-१९.१४
६	२.४ देखि २.७९ सम्म	७६५६४	११७४९९	१६.६७	२४.३३	५३.४६
७	२.८ देखि ३.१९ सम्म	६३७४१	९५००३	१३.८८	१९.६७	४९.०४
८	३.२ देखि ३.५९ सम्म	५११३७	७७१५०	११.१३	१५.९७	५०.८६
९	३.६ देखि ४ सम्म	१७५८०	७८१६९	३.८३	१६.१८	३४४.४४
	जम्मा	४५९२७५	४८२९८३	१००	१००	

शैक्षिक गुणस्तर केन्द्रले २०७६ मा १ हजार ८०० विद्यालयका कक्षा १० मा अध्ययनरत २२ हजार विद्यार्थीको गणित, विज्ञान र नेपाली विषयको सिकाई उपलब्धी परीक्षण गरेको थियो । उक्त उपलब्धी परीक्षणको प्रतिवेदन अनुसार गणित, विज्ञान र नेपाली विषयको सिकाई उपलब्धी आधारभूत तहमा ४६, ६३ र ३३ प्रतिशत रहेको देखियो । तर एस.ई.ई. परीक्षाको नतिजामा २०७५ को तुलनामा २०७६ को नतिजा न्यून जि.पि.ए. प्राप्त गर्ने घटेको छ भने २.४ देखि ४ सम्मको जि.पि.ए. प्राप्त गर्ने बढेको देखियो । सबैभन्दा न्यून जि.पि.ए ०.८ देखि १.१९ सम्म प्राप्त गर्ने शतप्रतिशतले घटेको तथा उच्च जि.पि.ए. प्राप्त गर्ने ३४४.६४ प्रतिशतले बढेको देखिएकोले विद्यालयले स्वमूल्याङ्कन पद्धति उपर पुनरावलोकन गर्नु जरुरी छ ।

१५५. **कार्यक्रम कार्यान्वयन** - राष्ट्रपति शैक्षिक सुधार कोष स्थापना गरी सामुदायिक शिक्षामा गुणस्तर अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्न रु.५ अर्ब, जनसंख्याको बनौट र भौगोलिक अवस्थाको आधारमा विद्यालय तथा शिक्षण संस्थाहरूको समायोजन एवं एकीकरण कार्यका लागि रु.४७ करोड, चिनौं आफ्नो माटो, बनाऔं आफ्नै देश अभियानका लागि रु.१ अर्ब ५० करोड विनियोजन भएकोमा कार्यान्वयन हुन सकेको देखिएन ।

४.६ औचित्यको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

निकासा अनुसार खर्च गरे तापनि बेमानासिव तवरले राष्ट्रिय धन, राजस्व र प्राकृतिक स्रोतको प्रयोग गर्न दिएको, सार्वजनिक खरिद, परामर्शमा मितव्ययिताको अवलम्वन एंव विधि र विवेकको पालना तथा प्रयोग नगरेको जस्ता व्यहोराहरू औल्याइएको छः

• कार्यक्रम स्वीकृति र कार्यान्वयन

१५६. **मातहत कार्यालयको ठेक्का** - सडक विभागले यो वर्ष नारायणघाट मुङ्गलिन सडकका १५ पुल निर्माण गर्न रु.१ अर्ब २७ करोड ५ लाख ठेक्का सम्झौता गरी कार्यान्वयनको लागि योजना कार्यालयमा पठाएको, हुलाकी राजमार्ग आयोजना निर्देशनालयले मातहत कार्यालयले कार्यान्वयन गर्ने गरी रु.१५ अर्ब ७ करोड ९६ लाखका ३९ ठेक्का वन्दोवस्त गरी कार्यान्वयनको लागि ७ मातहत योजना कार्यालयमा पठाएको, पुष्पलाल राजमार्ग निर्देशनालयले रु.३ अर्ब ४५ करोड ३८ लाखका २१ ठेक्का सम्झौता गरी कार्यान्वयनको लागि मातहतका ५ योजना कार्यालयहरूमा पठाएको र मदन भण्डारी आयोजना निर्देशनालयले रु.६ अर्ब ३९ करोड ४८ लाखका १४ ठेक्का सम्झौता गरी कार्यान्वयनको लागि २ योजना कार्यालयमा पठाएको छ । विभाग तथा निर्देशनालयहरूले मातहत कार्यालयको काममा हस्तक्षेप हुने गरी ठेक्का पट्टाको कार्य गर्नु उपयुक्त देखिएन ।

नेपाली सेना मातहतका कार्यालयलाई खर्च गर्ने अख्तियारी दिएता पनि विभिन्न कार्यालयले अख्तियारी भित्र पर्ने वस्तु वा सेवा खरिद गर्न बोलपत्रको माध्यमबाट सप्लायर्स/निर्माण व्यवसायीसँग ९५ प्याकेजमा सम्झौता गरी रु १ अर्ब १ करोड भुक्तानीको लागि सम्बन्धित कार्यालयमा पठाएको देखियो। मातहतलाई दिएको अख्तियारीबमोजिम सम्बन्धित कार्यालयबाट खरिद कार्य गर्नुपर्नेमा माथिल्लो निकायले खरिद सम्झौता गरेको नियम अनुकूल देखिएन ।

१५७. **कार्यक्षेत्र** - नेपाल सरकारको २०७६।२।६ को निर्णयानुसार राष्ट्रिय लोकमार्ग सङ्घीय सरकारबाट, प्रदेश लोकमार्ग प्रदेश सरकारबाट र स्थानीय सडक स्थानीय निकायबाट निर्माण तथा मर्मत हुनुपर्नेमा यो वर्ष सडक डिभिजन ३३ ले स्थानीय तथा प्रदेश सरकारको कार्य क्षेत्र अन्तरगत पर्ने ४ मिटर चौडाइका सडक समेत निर्माण र मर्मत गरी रु.३ अर्ब ४९ करोड २ लाख खर्च गरेको अवस्था छ। नेपाल सरकारको निर्णय विपरीत प्रदेश सरकार र स्थानीयतहको कार्यक्षेत्रमा पर्ने सडक सङ्घीय सरकारबाट निर्माण गरिने गरी बजेट विनियोजन गर्नु उपयुक्त हुँदैन । नेपाल सरकारको निर्णय विपरीत बजेट विनियोजन गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

१५८. **ठेक्का हस्तान्तरण -** साविकमा सडक विभाग र मातहत कार्यालयबाट ठेक्का व्यवस्थापन भएका सडक तथा ठेक्का क्रमशः प्रदेश सरकारलाई हस्तान्तरण गर्दै जाने नीतिअनुरुप २०७२।७३ देखि २०७५।७६ सम्ममा हस्तान्तरण गर्ने निर्णय भएका १ हजार १८१ ठेक्कामध्ये ६०५ ठेक्का मात्र हस्तान्तरण भएको छ भने बाँकी ५७६ ठेक्कामध्ये सम्झौता रकम रु.४६ अर्ब ६४ करोड ९५ लाखका ४६९ ठेक्का हस्तान्तरण हुन नसकेको कारण ती ठेक्काहरू अलपत्र भई निर्माण कार्य अधुरो रहेको छ। अधुरो कार्यसम्पन्न गर्न २०७६।७७ को बजेटमा रु.१० अर्ब ७९ करोड विनियोजन गरेकोमा रकमान्तरबाट रु.४ अर्ब ६० करोड थप गरे तापनि उक्त बजेट खर्च हुन सकेको देखिएन। ती ठेक्काको म्याद समाप्त भएको र निर्माण व्यवसायीलाई दिएको मोबिलाइजेसन पेस्की रु.२२ करोड ४ लाख ६९ हजार बाँकीमध्ये कतिपय पेस्की जमानत र कार्यसम्पादन जमानतको म्यादसमेत समाप्त भएकोले उक्त पेस्की जोखिममा परेको छ । समयमा हस्तान्तरण नभएका कारण रु.२६ करोड १४ लाख ८६ हजार खर्च गरी निर्माण भएका सडक संरचना तथा अन्य कार्यहरू लामो समय अधुरो रहन गई बिग्रने तथा भत्कने र खर्चको उपादेयता समाप्त हुने अवस्था देखिएको छ। ती ठेक्काहरू सम्बन्धित प्रदेश सरकारलाई हस्तान्तरण गर्ने वा सडक विभाग स्वयंले निर्माण गर्ने सम्बन्धमा निर्णय गरी कार्यसम्पन्न गर्नुपर्दछ ।

१५९. **वित्तीय व्यवस्था र खर्च -** सम्झौताबमोजिम कार्यान्वयन पूर्वको खर्च (सीडीएफ) को लागि एमसीसीतर्फको अमेरिकी डलर ४०.५ मिलियन र नेपाल सरकारतर्फको अमेरिकी डलर ४० मिलियन निम्नको कार्यमा खर्च हुने उल्लेख भएकोमा हालसम्म एमसीसी स्रोतको खर्च अमेरिकी डलर ९.४२ मिलियन र नेपाल सरकारको समेत अमेरिकी डलर ७.९४ मिलियन खर्च भएको देखिन्छ । सम्झौताबमोजिम नेपाल सरकारले व्यहोर्ने सीडीएफतर्फको रकमका विद्युत प्रसारण लाइन परियोजनामा मात्र खर्च गर्नुपर्नेमा सम्झौताको पूर्वशर्तहरू पूरा नगरेको जनाई एमसीसीको बजेट रोक्का गरेको भनी अर्थ मन्त्रालयबाट पटक पटक रकमान्तर गरी सडक मर्मत तथा सम्भार परियोजना तथा कार्यक्रम व्यवस्थापन र प्रशासनिक खर्चमा हालसम्म (रू.४१ करोड ६४ लाख खर्च गरेको छ। यसरी एमसीसी स्रोततर्फको रकम प्राप्त नभएको अवस्थामा नेपाल सरकारको स्रोतवाट सम्झौतामा उल्लेख नभएका कार्यमा समेत खर्च गरेको नियमसम्मत र औचित्यपूर्ण देखिएन ।

१६०. **परामर्श खर्चको औचित्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृपक्षसँग भएको सम्झौता बमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने उल्लेख छ । मिलिनियम च्यालेन्ज कर्पोरेसन प्रमुख वित्त व्यवस्थापन विशेषज्ञ १, वित्त व्यवस्थापन विशेषज्ञ २ र आन्तरिक नियन्त्रण विशेषज्ञ १ को दरबन्दी रहेको देखिन्छ। उपलब्ध जनशक्तिवाट हालको प्रारम्भिक चरणको आर्थिक कारोबारको लेखा राख्न र भुक्तानीको सिफारिस गर्न तथा भुक्तानी दिन सकिने भए तापनि वित्तीय कारोबारको चेक जाँच गर्नका लागि वित्तीय एजेण्टको रुपमा परामर्शदाता नियुक्ति गरी एक परामर्श दातासँग अमेरिकी डलर ५.०५ मिलियन भुक्तानी गर्ने गरी सम्झौता गरेको र यो वर्ष अमेरिकी डलर ६ लाख ६० हजार (रु.७ करोड ८२ लाख) समेत हालसम्म अमेरिकी डलर १.८३ मिलियन (रु.२० करोड ८३ लाख) खर्च गरेको औचित्यपूर्ण देखिएन ।

• सहुलियत र लगानी

१६१. **सूचीकृत दर भुक्तानी -** नेपाल विद्युत प्राधिकरण र निजी क्षेत्रका जलविद्युत प्रबर्द्धकहरूबीच भएको विद्युत खरिद सम्झौतामा खरिद दर अनुसार नेपाल विद्युत प्राधिकरणले विद्युत उत्पादक कम्पनीहरूलाई भुक्तानी दिने व्यवस्था छ । मन्त्रिपरिषद्को २०६८।१०।१७ को निर्णय अनुसार लोडसेडिङ न्यूनीकरण कार्ययोजना, २०६८ र सुविधा सम्बन्धी कार्यविधि, २०६८ जारी गरी २०७१ चैत्र मसान्तसम्म व्यापारिक उत्पादन सुरु गर्ने कम्पनीलाई ७ वर्षसम्म सुचीकृत दर (पोष्टेट दर) र विद्युत

खरिद सम्झौताको दर (पी.पी.ए) बीचको फरक रकम नेपाल सरकारले नेपाल विद्युत प्राधिकरण मार्फत उपलब्ध गराउने व्यवस्था गरेको देखिन्छ । सो व्यवस्था अनुरुप २० जल विद्युत कम्पनीलाई यो वर्ष रू.७० करोड समेत २०७७ आषाढसम्म रू.१ अर्ब ४४ करोड ८७ लाख नेपाल विद्युत प्राधिकरण मार्फत भुक्तानी दिएको र रू.२९ करोड ८० लाख ६४ हजार भुक्तानी गर्न बाँकी रहेको नेपाल विद्युत प्राधिकरणले उल्लेख गरेको छ । विद्युत खरिद बिक्री सम्झौतामा खरिद बिक्री दर निर्धारण भै सकेको अवस्थामा सम्बन्धित ऐन, नियमावलीमा व्यवस्था नगरी छुट्टै कार्यविधि बनाएर ७ वर्षसम्म सुविधा उपलब्ध गराएको देखिएको छ ।

१६२. **लिज भाडा -** लिज भाडा सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१६२.१. तत्कालीन राजदरबार र एक कम्पनीबीच २०५२।४।३१ मा गोकर्णमा रहेको ३ हजार ९७० रोपनी १ आना ३ पैसा ३ दाम जग्गामध्ये २ हजार ७९२ रोपनी जग्गामा गोकर्ण फरेस्ट रिसोर्ट निर्माण तथा सञ्चालन गर्न ३० वर्षका लागि अमेरिकी डलर ५० लाख लिने गरी लिज सम्झौता भएको देखिन्छ । लिज सम्झौताको म्याद करिब ६ वर्ष बाँकी छँदै उक्त कम्पनीले सम्झौताको म्याद थपको लागि दिएको निवेदनबाट नेपाल सरकार मन्त्रिपरिषद्को २०७६।८।२३ को स्वीकृतिको आधारमा नेपाल ट्रष्ट सञ्चालक समितिको २०७६।९।२९ को निर्णयअनुसार वैकल्पिक प्रयोगको विस्तृत अध्ययन विश्लेषण बेगर एक मूल्याङ्कनकर्ताको प्रतिवेदनको आधारमा उक्त कम्पनीबाट अमेरिकी डलर १ करोड ८ लाख २३ हजार २०५ प्राप्त गर्ने गरी वि.सं. २०८२ देखि २५ वर्षको लागि सम्झौता अवधि थप गरेको छ । यसरी सम्पत्तिको वर्तमान अवस्था र भविष्यको प्रयोगको बारेमा पर्याप्त अध्ययन विश्लेषण नगरी बिना प्रतिस्पर्धा लिज अवधि बढाएको औचित्यपूर्ण देखिएन । उक्त सम्पत्तिको भविष्यमा प्रयोग तथा सोबाट प्राप्त हुने आय र लाभको बारेमा विभिन्न विज्ञ, विशेषज्ञहरूको समूहबाट अध्ययन विश्लेषण गराई उपलब्ध विभिन्न विकल्पहरूमध्ये अधिकतम प्रयोग र लाभ प्राप्त हुने विकल्प छनौट गरी प्रतिस्पर्धात्मक प्रक्रियाबाट लिज भाडामा दिनेतर्फ ध्यान दिनुपर्दछ।

१६२.२. ताहाचलस्थित जग्गा ३० वर्षको लागि लिजमा दिन सूचना प्रकाशन गरेकोमा एक कम्पनीको रू.२७ करोड ७४ लाख ७६ हजारको प्रस्ताव २०७४।७।१३ मा स्वीकृत गरेको छ । उक्त प्रस्ताव अनुसार निर्माण अवधि २०७७ सम्म रहने, भवन निर्माणमा रू.२२ करोड ६१ लाख कम्पनीले खर्च गर्ने र जग्गा भाडावापत ३० वर्षमा रू.५ करोड १३ लाख तिरी उक्त भवन ३० वर्षपछि कम्पनीले नेपाल ट्रष्टलाई नै हस्तान्तरण गर्ने सम्झौता भएको छ । निर्माण अवधि पश्चात प्रत्येक ५ वर्षमा भाडा दर बृद्धी गरी २०७८ देखि २१०४ सम्म उक्त घर र जग्गाको भाडावापत रू.२७ करोड ७४ लाख ७६ हजार नेपाल ट्रष्टले प्राप्त गर्ने सम्झौता भएको छ । नेपाल ट्रष्ट र उक्त कम्पनी बीच सम्झौता हुँदा ६ तल्ले भवन निर्माण गर्ने ट्रष्ट र उक्त कम्पनीविचको लिज सम्झौतामा व्यवस्था भएकोमा काठमाडौं महानगरपालिकामा १२ तल्ले भवनको नक्शा स्वीकृतिको लागि **पेस** भएको छ। लिज सम्झौता गर्दाको अवस्थामा सारभूतरूपमा फरक पर्ने गरी संरचना निर्माण गर्न मिल्ने देखिदैन। कम्प्लेक्स निर्माण गर्न तोकिएको अवधि समाप्त भएको र उक्त अवधिको लिज भाडा समेत प्राप्त भएको छैन । ६ तल्ले भवनको सट्टा १२ तल्ले निर्माण गर्ने हो भने सोही अनुरूप पुनः प्रतिष्पर्धा गरी छनौट गर्नुपर्दछ।

१६३. **खरिद कार्य रद्द -** स्वास्थ्य सेवा विभागलाई नेपालमा कोभिड-१९ महामारी रोगको नियन्त्रण, रोकथाम र उपचारको लागि आवश्यक पर्ने स्वास्थ्य सामग्री विशेष परिस्थितिमा खरिद गर्न नेपाल सरकार मन्त्रिपरिषद्ले २०७६।१२।९ मा सहमति दिएको देखियो । स्वास्थ्य सेवा विभागले १९ प्रकारका स्वास्थ्य सामग्री खरिदको लागि अमेरिकी डलर ९० लाख ७७ हजारको लागत अनुमान तयार गरी खुल्ला प्रस्ताव आव्हान गरेकोमा एक आपूर्तकको अमेरिकी डलर १ करोड ३ लाख ३८ हजार अर्थात् लागत अनुमानभन्दा १३.९० प्रतिशत बढीको प्रस्ताव स्वीकृत गरी २०७६।१२।१४ मा सम्झौता गरेको छ । सम्झौतामा आपूर्तकले तीन लटमा स्वास्थ्य सामग्री उपलब्ध गराउने उल्लेख भए अनुसार २०७६।१२।१७ भित्र पहिलो लटमा अमेरिकी डलर ९० लाख ५३ हजारका सामग्री उपलब्ध

गराउनु पर्ने शर्त राखिएको छ । शर्त अनुरुप अमेरिकी डलर २३ लाख ३४ हजारका सामग्री मात्र आपूर्ति गरेको छ । आपूर्ति भएका सामग्रीको पनि प्राविधिक परीक्षण नगरी उपयोग भएको देखियो। आपूर्तकले सम्झौतामा तोकिएको लट बमोजिमका बाँकी आपूर्ति नगरेको र अत्यावश्यक सामग्री आंशिक मात्र आपूर्ति गरेकोले सम्झौता बमोजिम कार्य सम्पादन नगरेको कारण जनाई २०७६।१२।१९ मा निजसँगको सम्झौता अन्त्य गरेको छ । सम्झौता गर्दा राखेको कार्य सम्पादन जमानत अमेरिकी डलर ५ लाख १७ हजार जफत गरी राजस्वमा दाखिला गरेको छ ।

आपूर्तकलाई चीनबाट चार्टर्ड उडान मार्फत ढुवानी गरेको भाडा रु.१ करोड ९४ लाख २३ हजार र आपूर्ति गरेको सामग्रीको अमेरिकी डलर २३ लाख ३४ हजार भुक्तानी गरेको छैन । न्यायिक निरुपणको लागि आपूर्तकले सर्वोच्च अदालत र पाटन उच्च अदालतमा दायर गरेको रिट विचाराधीन रहेको छ । सो खरिदको सक्कल श्रेस्ता पेस नभएकोले लेखापरीक्षणको लागि पेस गर्नुपर्दछ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१ मा पूर्व योग्यताको प्रस्ताव, बोलपत्र, परामर्श सेवाको आशयपत्र वा प्रस्ताव वा सिलवन्दी दरभाउपत्र परीक्षण र मूल्याङ्कन गर्न सार्वजनिक निकायका प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृतको अध्यक्षतामा ४ सदस्य रहेको मूल्याङ्कन समिति गठन हुने उल्लेख छ । कोभिड-१९ रोगको रोकथाम तथा नियन्त्रणको लागि अति आवश्यक सामानहरू विशेष परिस्थितिमा खरिद गर्न प्रकाशित सूचना बमोजिम पेस भएका ७ प्रस्तावदाताको मूल्याङ्कन गर्न ऐनमा व्यवस्था भएको समिति गठन नगरी माननीय मन्त्रीको प्रमुख सल्लाहकारको संयोजकत्वमा ६ सदस्य रहेको समिति गठन गरी वार्ता गरेको पाइयो । ऐनको व्यवस्था विपरीत समिति गठन गर्नुको आधार, कारण र औचित्य पुष्टि हुने देखिएन । कानुनमा जिम्मेवारी नतोकिएका व्यक्तिहरूबाट भएका निर्णय कानुनसम्मत देखिएन ।

१६४. **मोटरसाइकल पैठारी -** भैरहवा भन्सार कार्यालयबाट बजाजका मोटरसाइकलहरू कम्प्लिटली नक्ड डाउन (सी.के.डी) अवस्थाका उल्लेख गरी रु.५ अर्ब २८ करोड २५ लाख ८ हजार मूल्यको पैठारी गर्दा भन्सार जाँचपासका क्रममा अन्तःशुल्क रु.६७ करोड ८८ लाख ३ हजार र मूल्य अभिवृद्धि कर रु.८ करोड ८२ लाख ४४ हजारसमेत रु.७६ करोड ७० लाख ४७ हजार राजस्व छुट लिएको देखिन्छ। निज पैठारीकर्ताले आय विवरणसाथ पेस गरेको वित्तीय विवरणमा एक विदेशी कम्पनीका मोटरसाइकलहरू सी.के.डी. अवस्थामा ल्याई एसेम्बल गर्दा ३.८१ प्रतिशत मूल्य अभिवृद्धि भएको देखिन्छ। सरकारले पैठारीकर्तालाई लाग्ने अन्तःशुल्कमा २५ प्रतिशत छुट दिएको छ । सरकारले दिएको राजस्व छुट बराबरको पनि मूल्य अभिवृद्धि नहुँदा राजस्व छुटको लाभ पैठारीकर्ताले मात्र प्राप्त गरेको पाइयो । सोबाट अर्थतन्त्र एवं उपभोक्तालाई योगदान पुगेको देखिँदैन। अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करमा छुट दिए तापनि तयारी मोटरसाइकल पैठारी गरेको भन्दा कम मूल्यमा सर्वसाधारणले खरिद गर्न सक्ने अवस्था नभई एसेम्बल प्रणाली औचित्यपूर्ण देखिँदैन।

१६५. **रोयल्टीमा सहुलियत -** दुरसञ्चार नियमावली, २०५४ को नियम २६ मा अनुमति प्राप्त व्यक्तिले कुल बार्षिक आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टिको रुपमा नेपाल सरकारलाई बुझाउनुपर्ने र नियम ३१ मा रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्षको लागि तोकिए बमोजिम बुझाउनुपर्ने व्यवस्था छ। उक्त दस्तुर नबुझाएमा प्राधिकरणले अनुमतिपत्र खारेज गर्न सक्ने उल्लेख छ। तीन सेवा प्रदायकले २०७७ आषाढ मसान्तभित्र बुझाउनु पर्ने फ्रिक्वेन्सी नवीकरण दस्तुर रु.५ अर्ब १ करोड ८६ लाख २९ हजार नबुझाएको कारणबाट नेपाल दूरसञ्चार प्राधिकरणबाट सेवा प्रदायकको अनुमतिपत्र खारेज भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०७६।९।२१ को निर्णयबाट पाँच किस्तामा पाँच वर्षमा बुझाउने निर्णय भएको छ। यस्तो सुविधा दिँदा उक्त बक्यौता राजस्व २०८०।८१ भित्र मात्र असुल हुने देखिन्छ। बक्यौता राजस्व किस्तामा बुझाउने सुविधा ऐनले दिएको छैन र बोलकबोल गर्दा तोकिएको मितिभित्र रोयल्टी तथा फ्रिक्वेन्सी बुझाउन स्वीकार गरेको अवस्थामा असुलीतर्फ प्रभावकारी कदम चाल्नुपर्नेमा सेवाप्रदायकलाई किस्तामा बुझाउने गरी सहुलियत दिंदा राज्यले तत्काल प्राप्त गर्ने

राजस्व ५ वर्षमा मात्र प्राप्ति हुन सक्ने स्थितिले सो राजस्व रकमको वर्तमान मूल्यमा मुद्रा स्फितिका कारण उल्लेखनीय ह्रास हुने अवस्था छ।

एक टेलिकम कम्पनीले मन्त्रिपरिषद्को निर्णय अनुसार किस्ता सुविधा अन्तर्गत पहिलो किस्ताको रु.५९ करोड ८८ लाख ६९ हजार २०७७ आषाढ मसान्त भित्र चुझाउनुपर्नेमा चुझाएको छैन। तत्काल असुल गर्नुपर्ने राजस्व असुल गर्नुपर्ने समयावधि वृद्धि गरी कानून विपरीत ५ वर्षको किस्ता सुविधा दिदासमेत असुल नगर्नु उचित होइन।

- **निर्णय र जवाफदेहीपना**

१६६. **सुरक्षण मुद्रण छापाखाना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा योजनाको विस्तृत सर्भेक्षण, ड्रइङ डिजाइन, लागत अनुमानअनुसार बजेट तर्जुमा गर्नुपर्ने उल्लेख छ। पन्ध्रौं योजनाले सुरक्षण मुद्रण केन्द्र स्थापना गर्ने लक्ष्य लिएअनुसार २०७६।७७ को नीति तथा कार्यक्रममा २ वर्षभित्र सुरक्षित छापाखाना स्थापना गर्ने उल्लेख छ। मेसिन खरिदसम्बन्धी विषयको सम्बन्धमा टुङ्गो नलाग्दै छापाखाना स्थापना गर्ने प्रयोजनका लागि रू.८६ करोड २७ लाख १५ हजार खर्च भइसकेको देखिन्छ । छापाखाना स्थापना गर्ने सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१६६.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(५ख) मा विदेशी मुलुकको सरकार वा त्यस्तो मुलुकको सार्वजनिक निकायसँग मालसामान खरिद गर्दा त्यस्तो सरकार वा निकायबाट निर्धारित बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । सुरक्षण मुद्रणसम्बन्धी उपकरण, प्रेस मेसिन, औजार प्रणाली तथा अन्य आवश्यक सामग्री जी टु जी विधिबाट खरिद गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) २०७६।७।२० मा सैद्धान्तिक स्वीकृति दिएको छ। उपकरण मेसिन खरिद गर्ने सम्बन्धमा केन्द्रले गठन गरेको प्राविधिक समितिले प्रेस मेसिनलगायतका उपकरणको लागत रू.३३ अर्ब हुने गरी प्रतिवेदन दिए तापनि स्वीकृत भएको छैन । लागत अनुमान स्वीकृत नहुँदै उपकरण खरिद सम्बन्धमा माग गरेको प्रस्तावअनुसार फ्रान्स सरकार र जर्मन सरकारको तर्फबाट प्रस्ताव प्राप्त भएकोमा प्रस्ताव स्वीकृत गर्न नेपाल सरकार मन्त्रिपरिषदमा पेस हुदा उपयुक्तताको आधारमा मन्त्रालयले नै स्वीकृत गरी सोझै खरिद गर्न सक्ने निर्णय भएको छ। मन्त्रालयबाट सोअनुसार निर्णय नगरी नगरी पुनः मन्त्रिपरिषदमा प्रस्ताव पेस गरेको र मन्त्रिपरिषद्को २०७७।१।२ को निर्णयअनुसार जी टु जी विधिबाट सोझै खरिद गर्ने निर्णय कायम नराखे र खुला प्रतिस्पर्धात्मक विधिद्वारा खरिद गर्न मन्त्रालयले नै प्रक्रिया अघि बढाउने निर्णय गरी निर्देशन दिए तापनि सो खरिद प्रक्रिया शुरु भएको छैन ।

१६६.२. छापाखाना स्थापना गर्ने कार्यको लागि विस्तृत ड्रइङ, डिजाइन तथा लागत अनुमान एवं एकीकृत खरिद गुरुयोजना स्वीकृत नै नभएको अवस्थामा छुट्टाछुट्टै कार्यक्रम स्वीकृत गरी यो वर्षसम्म जेनेरेटर खरिदमा रू.४८ करोड ७० लाख ६२ हजार, इन्धन ट्याङ्की निर्माणमा रू.१८ करोड ७७ लाख ४६ हजार, प्रशासनिक भवन तथा आवास मर्मत, गाडी कम्प्युटर प्लटर लगायत समेत रू.८६ करोड २७ लाख १५ हजार खर्च गरेको छ। उक्त खर्चमध्ये सुरक्षण छपाइ मेसिनको स्पेसिफिकेसनको आधारमा सो मेसिनसँग मिल्ने गरी सम्बन्धित उपकरण खरिद गर्नुपर्नेमा छपाइ मेसिनको खरिद टुङ्गो नलाग्दै गत वर्ष खरिद गरेको रू.१ करोड १४ लाख ७५ हजार र यो वर्ष रू.१ करोड २८ लाख ८२ हजारसमेत रू.२ करोड ४३ लाख ५७ हजारको प्रिन्टर, प्लटर, कम्प्युटर, उपकरणलगायतका सामान खरिद गरी प्रयोगविहीन अवस्थामा रहेको छ ।

१६६.३. इन्धन ट्याङ्की निर्माण गर्ने कामको खरिद सम्झौतामा सामान डेलिभरी भएपछि ८० प्रतिशत र जडान, परीक्षण र सञ्चालन शुरु भएपछि २० प्रतिशत भुक्तानी गर्ने व्यवस्था छ । उक्त ट्याङ्कीको परीक्षण गरी प्राप्त समितिको प्रतिवेदनमा विस्तृत विवरण नखुलाई स्पेसिफिकेसनबमोजिम रहेको व्यहोरा मात्र उल्लेख गरेको आधारमा एक आपूर्तिकर्तालाई ६ स्टोरेज ट्याङ्कीको रू.१४ करोड ६७ लाख ३६ हजार भुक्तानी गरेको छ । त्यसैगरी सम्झौता रकम रू.१६ करोड ६१ लाख ४७ हजारको २०

प्रतिशतले हुने रू.३ करोड ३२ लाख २९ हजार रोक्का गरेकोमा जडान, परीक्षण र सञ्चालनको काम गर्न बाँकी रहेको अवस्थामा उक्त रकम भुक्तानी गरेको छ ।

१६६.४. सुरक्षण मुद्रण छापाखानासम्बन्धी मेसिन उपकरण खरिद र पूर्वाधार विकाससम्बन्धी गुरुयोजना तथा लागत अनुमान स्वीकृत नहुँदै खरिद प्रक्रिया शुरु गर्नु, मन्त्रिपरिषद्को जी टु जी खरिद विधिअनुसार खरिद प्रक्रिया शुरु गर्ने सैद्धान्तिक सहमतिअनुसार प्राप्त प्रस्तावहरूको सम्बन्धमा निर्णय नगर्नु तथा खुला प्रतिस्पर्धात्मक विधिअनुसारको प्रक्रियासमेत शुरु नगर्नु, छापाखानाको लागि मेसिनको टुङ्गो नै नलाग्दै रू.८६ करोड २७ लाखको पूर्वाधार र उपकरण खरिद गरी प्रयोगविहीन अवस्थामा राखिनु तथा स्पेसिफिकेसनअनुसार कार्य नभएको अवस्थामा समेत रकम भुक्तानी गरिनुलगायतका कार्य नियमसम्मत र औचित्यपूर्ण देखिएन ।

१६७. **दिगोपना -** स्वास्थ्य बीमा बोर्डले नेपाली नागरिकले जुनसुकै अस्पतालमा स्वास्थ्य उपचार गराए पनि उपचार खर्च शोधभर्ना हुने व्यवस्था गरेको छ। बीमा योजना कार्यक्रममा गत वर्षसम्म १६ लाख ८६ हजार २२९ नागरिक सहभागी रहेकोमा यो वर्ष २२ लाख १० हजार ५७२ सहभागीबाट रु.१ अर्ब ४२ करोड १० लाख समेत रु.२ अर्ब ८० करोड ७० लाख प्रिमियम प्राप्त गरेकोमा लगानी तथा खर्च नगरी विविध खातामा मौज्दात रहेको छ । बोर्डबाट हुने सम्पूर्ण खर्चको लागि नेपाल सरकारले अनुदान उपलब्ध गराउँदै आएको छ । बिमितले स्वास्थ्य सेवा लिएको बिल भरपाईको आधारमा बोर्डले विभिन्न अस्पताललाई रु.३ अर्ब ८७ करोड २९ लाख (प्रिमियमको तुलनामा २७२.५५ प्रतिशत) शोधभर्ना भुक्तानी भएको छ । बीमा योजनामा सहभागीबाट प्राप्त बीमा प्रिमियमभन्दा रु.२ अर्ब ४५ करोड १९ लाख बढी खर्च भएको छ । यो वर्षसम्म बीमा प्रिमियम बापत सङ्कलन गरेको रकमभन्दा अत्याधिक रकम खर्च गरी विमितको उपचार गर्नु पर्ने अवस्थामा दिगो रुपमा कार्यक्रम सञ्चालन गर्न कठिनाइ हुने देखिन्छ । यो कार्यक्रमको दिगोपनाका लागि बीमा शुल्कलाई पुनरावलोकन गर्नुपर्दछ।

१६८. **तेस्रो पक्षको माग दाबी -** मेलाम्ची खानेपानी बिकास समितिमा अन्तर्राष्ट्रिय निर्माण व्यवसायीले विभिन्न कारणले काम गर्न नसक्ने देखाई एक तर्फी रुपमा २०७५ पौष २ गते सम्झौता तोडी आफ्नो देश फर्किसकेको हुँदा आयोजनाले पनि २०७५ माघ २७ गते सम्झौता तोडेको पाइयो । दुवै पक्षले सम्झौता तोडे लगत्तै निर्माण व्यवसायीबाट भुक्तानी नपाएका मजदुर तथा आपूर्तिकर्ताको भुक्तानी समस्याले आयोजनाको सम्पन्न हुन बाँकी रहेको काम कार्यान्वयन गर्न गतिरोध उत्पन्न भएको थियो। त्यसपश्चात जिल्ला समन्वय समिति सिन्धुपाल्चोकका प्रमुखको संयोजकत्वमा गठित ११ सदस्यीय समितिले २०७६ आषाढमा दिएको प्रतिवेदनमा रु.१ अर्ब ६७ करोड ८ लाख तेस्रो पक्षबाट भुक्तानी मागदावी गरेको आधारमा सो रकम दायित्वमा गणना गरेको छ । निर्माण व्यवसायीले गर्नुपर्ने भुक्तानीका सम्बन्धमा समितिको तर्फबाट कुनै निर्णय गरेको पाईएन । निर्माण व्यवसायी तथा सप्लायर्स र मुख्य ठेकेदार कम्पनीको फितलो व्यवस्थापनका कारण यस प्रकारको माग सिर्जना भई काममा समेत पटक पटक अवरोध भएको देखिँदा यस्ता समस्याको समयमै पूर्वानुमान र निराकरण हुने व्यवस्था गरी यस्तो रकम सम्बन्धित निर्माण व्यवसायीबाट भराई दिने पहल हुनुपर्दछ ।

५. प्रदेश सरकारी कार्यालय

१६९. **प्रदेश सञ्चितकोष -** संविधानको धारा २०४ अनुसार गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सञ्चितकोषमा आम्दानी बाँधिने र सोही कोषबाट खर्च गर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेशगत सञ्चितकोषको विवरणअनुसार २०७६।७७ मा रु.२ खर्ब ३१ अर्ब ९९करोड २७ लाख आम्दानी भएकोमा रु.१ खर्ब ५६ अर्ब ११ करोड ४२ लाख खर्च गरी रु.७५ अर्ब ८७ करोड ८५ लाख बाँकी रहेको छ। खर्च मध्ये प्रदेश नं. १ मा रु.२९ अर्ब ८३ करोड ३२ लाख, प्रदेश नं २ मा रु.१८ अर्ब १ करोड ७२ लाख, वागमती प्रदेशमा रु.२७ अर्ब ९५ करोड ९ लाख, गण्डकी प्रदेशमा रु.२० अर्ब ४१ करोड ३६ लाख, लुम्बिनी प्रदेशमा रु.२५ अर्ब ४० करोड ७१ लाख, कर्णाली प्रदेशमा रु.१६ अर्ब

८८ करोड २ लाख र सुदूरपश्चिम प्रदेशमा रु.१७ अर्ब ६१ करोड २० लाख खर्च भएको छ । समग्रमा ६७.२९ प्रतिशतमात्र खर्च भएको छ ।

१७०. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ अनुसार सवारीसाधन कर बापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चितकोषमा र ४० प्रतिशत स्थानीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्रदेश नं. १ को रु.२३ करोड ४१ लाख २० हजार, प्रदेश नं. २ को रु.२५ करोड ५५ लाख ९१ हजार, बागमती प्रदेशको रु.२८ करोड ९५ लाख ४७ हजार, कर्णाली प्रदेशको रु.९ करोड १३ लाख ४९ हजार र सुदूरपश्चिम प्रदेशको रु.३ करोड ५५ लाख ११ हजार समेत रु.९० करोड ६१ लाख १८ हजार प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयले बाँडफाँट गरेको छैन । ऐनको व्यवस्था बमोजिम उक्त रकम बाँडफाँट हुनुपर्दछ ।

१७१. **अनुदान -** यो वर्ष सात प्रदेशमा रु ४६ अर्ब २७ करोड ३२ लाख १२ हजार वित्तीय समानीकरण अनुदान निकासा भएकोमा रु २३ अर्ब ८७ करोड ५५ लाख ५१ हजार (५१.५९ प्रतिशत) खर्च भई रु २२ अर्ब ३९ करोड ७६ लाख ६१ हजार बाँकी रहेको छ । सातै प्रदेशलाई शसर्त, विशेष र समपूरक अनुदान रु.५४ अर्ब १२ करोड ५ लाख निकासा भएकोमा रु.४० अर्ब ९१ करोड ३० लाख खर्च भई रु.१३ अर्ब २० करोड ७५ लाख बाँकी रहेको छ ।

१७२. **संगठन र कर्मचारी व्यवस्थापन** - नेपालको संविधान धारा ३०२ मा प्रदेश सरकारी सेवाहरूको गठन र सञ्चालन सम्बन्धी व्यवस्था छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारले प्रदेश सरकारको १ हजार १०२ निकायको लागि २३ हजार ६७८ दरबन्दी स्वीकृत गरेकोमा १५ हजार ४४३ पदपूर्ति भई ८ हजार २३५ पद रिक्त रहेका छन् ।

प्रदेशमा राजस्व प्रशासनका नवौं/दशौं तहका १४ जना, सातौं/अठौं तहका ५७ जना र पाँचौं/छैठौं तहका ४२ समेत ११३ जना कर्मचारीको उपस्थिति रहने गरी संरचना तयार भएपनि प्रदेश तहको राजस्व प्रशासनमा पर्याप्त कर्मचारीको अभावले कर प्रशासन सम्बन्धी सेवा प्रवाह तथा राजस्व सङ्कलनमा प्रभाव परेकोले कर प्रशासनलाई प्रभावकारी बनाउन करदाता संख्या, प्रशासनिक सुगमता, कारोबारको सघनता र कार्यबोझको आधारमा दरबन्दी पुनरावलोकन हुनुपर्दछ।

१७३. **तहगत दोहोरो संरचना -** संविधानको अनुसूची ६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कृषि, पशु, शिक्षा, स्वास्थ्यलगायतका कार्यक्रमहरू स्थानीय तहमा हस्तान्तरण भएकोमा प्रदेश तहमा समेत कृषि, घरेलु, स्वास्थ्य, सडक, शहरी विकास लगायतका कार्यालय स्थापना भएको देखिन्छ । स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमको लागि प्रदेश तहमा एवं सङ्घीय सरकारले खारेज गरेका क्षेत्रीय निर्देशनालयहरू समेत प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपन एवं प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था देखिएको छ । प्रदेश सरकारअन्तर्गत कामको आवश्यकताको आधारमा मात्र कार्यालय स्थापना र कर्मचारी व्यवस्थापन हुनुपर्दछ ।

१७४. **रकमान्तर -** यो वर्ष ७ प्रदेशमा रु.२ खर्ब ५९ अर्ब ६३ करोड ५५ लाख शुरु बजेट विनियोजन भएकोमा रु.३४ अर्ब ५४ करोड ६५ लाख रकमान्तर गरेको छ । रकमान्तर मध्ये २०७७ आषाढ महिनामा मात्र प्रदेश नं.१ ले रु.२० करोड ९६ लाख, प्रदेश नं. २ ले रु.१ अर्ब ३ करोड १८ लाख, वागमती प्रदेशले रु.३२ करोड ४४ लाख ४९ हजार, गण्डकी प्रदेशले रु.५७ करोड ७७ लाख ७ हजार र लुम्बिनी प्रदेशले रु.५६ करोड ११ लाख २१ हजार रकमान्तर गरेको छ । वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१७५. **राजस्व परिचालन -** सात प्रदेश सरकारले बजेट वक्तव्य मार्फत २०७६।७७ मा कर राजस्व, गैरकर राजस्व, बाँडफाँटबाट प्राप्त हुने राजस्व र बेरुजूसमेत रु.१ खर्ब ६ अर्ब ८० करोड ८४ लाख प्रक्षेपण गरेकोमा रु ७१ अर्ब ७१ करोड ९२ लाख (६७.१४ प्रतिशत) प्राप्त गरेको देखिन्छ । प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रअनुसार अनुमान बमोजिमको असुली न्यून रहेको छ । प्रदेशहरूले

प्रक्षेपणअनुसार राजस्व प्राप्ति गरेको देखिएन । सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशले ७८.०२ प्रतिशत र सबैभन्दा घटी प्रदेश नं. १ ले ५१ प्रतिशत प्राप्त गरेको छ। राजस्वको आधार विस्तार गर्दै आन्तरिक स्रोत परिचालन अभिवृद्धि गर्नुपर्दछ ।

१७६. **अबण्डा बजेट -** प्रदेश आर्थिक कार्यविधि ऐनमा कार्यक्रम बजेट स्वीकृत गर्नुपर्ने व्यवस्था भएकोमा मन्त्रालयले कार्यक्रमअनुसार बजेट स्वीकृत नगरी क्षेत्रगत रुपमा एकमुष्ट बजेट स्वीकृत गरी सम्बन्धित मन्त्रीले पछि आवश्यकताअनुसार बजेट बाँडफाँट गरी पठाउने गरेको देखियो । प्रदेशले रु.१५ अर्ब ७१ करोड ६९ लाख अबण्डा राखी खर्च गरेका छन् । क्षेत्रगत रुपमा एकमुष्ट बजेट स्वीकृति गर्दा पहुँच हुने समुदाय वा व्यक्तिको क्षेत्रमा कार्यक्रम पर्ने र अन्य क्षेत्रमा कार्यक्रम नपर्ने, आर्थिक वर्षको अन्त्यमा बजेट बाडँफाँट भई गुणस्तरहीन काम हुन सक्ने जोखिम देखिन्छ । यस्तो कार्य बजेट सिद्धान्त विपरीत देखिँदा यसमा नियन्त्रण हुनुपर्दछ ।

१७७. **मौज्दात -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारी गर्दा आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ । कर्णाली बाहेक ६ प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत २३ निकायमार्फत आर्थिक वर्षको अन्तमा मौज्दात बाँकी रहने गरी रु.८८ करोड ११ लाखका पाइप तथा फिटिङ्गका सामान खरिद गरी मौज्दात राखेको पाइयो। आयोजनाको प्रगति र आवश्यकताको आधारमा खरिद गनुपर्नेमा बजेटको आधारमा खरिद गरेको छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१७८. **सवारीसाधन खरिद -** सवारीसाधन खरिद सम्बन्धी मार्गदर्शन, २०७४ र प्रदेशले लागू गरेको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ मा सवारीसाधन खरिद सम्बन्धमा व्यवस्था गरी पदाधिकारी र कार्यालयको लागि खरिद गरिने सवारीसाधनको अधिकतम सीमा रकम तोकिएको छ । मुख्यमन्त्री वा समानस्तरका पदाधिकारीलाई रु.१ करोडसम्मको र सभामुख, मन्त्री तथा प्रमुख सचिवलाई रु.७५ लाखसम्मको र महाशाखा प्रमुख र कार्यालय प्रमुखलाई रु.३० लाखसम्मको सवारीसाधन उपलब्ध गराउने उल्लेख छ । यो वर्ष प्रदेश नं. १ ले रु.३४ करोड १३ लाख ८ हजार, प्रदेश नं. २ ले रु.९ करोड ६० लाख, वागमती प्रदेशले रु.३३ करोड १४ लाख ४२ हजार, गण्डकी प्रदेशले रु.३० करोड ७५ लाख ९७ हजार र लुम्बिनी प्रदेशले रु.२७ करोड १६ लाख ५८ हजारको सवारीसाधन खरिद गरेको देखियो। सवारीसाधन खरिद गर्दा कतिपय कार्यालयले मापदण्डको पालना गरेको देखिएन । मापदण्डको पालना गरी सवारीसाधन खरिदमा मितव्ययिता कायम गर्नुपर्दछ ।

१७९. **अनुदान वितरण -** प्रदेशहरूले अनुदान वितरण गर्न अनुदान वितरणसम्बन्धी कार्यविधिहरू निर्माण गरी अनुदान वितरण गरेको देखिन्छ । यो वर्ष कार्यविधिअनुसार प्रक्रिया पूरा नगरी प्रदेशहरु अन्तर्गत भूमि व्यवस्था कृषि मन्त्रालय तथा सहकारी मन्त्रालय र मातहत २३ निकायबाट रु.४ अर्ब ८३ करोड ३८ लाख अनुदान वितरण गरेको छ । अनुदान वितरण गर्ने प्रयोजनका लागि तयार गरिएको कार्यविधिको प्रक्रिया पुरा गरेरमात्र अनुदान वितरण गर्ने र कार्यविधि निर्माण गरेको कानुनी आधार समेत स्पष्ट गर्नुपर्दछ।

१८०. **ढुङ्गा गिट्टी बालुवाको कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा ढुङ्गा गिट्टी बालुवामा सङ्कलन गरिने कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा रहेको छ । उक्त दफा सङ्घीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२क थप गरेर ढुङ्गा गिट्टी बालुवा बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चितकोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहको एकल अधिकार कायम गरेको तर सोहीअनुरुप प्रदेश कानुन संशोधन नगरेको र प्रदेश कानूनले दर तोक्ने एवं सङ्कलन गरेको राजस्व बाँडफाँट गर्ने व्यवस्था कायमै राखेको कारणले सो करबाट सङ्कलित राजस्व बाँडफाँटमा अस्पष्टता देखिएको छ । संशोधित दफा ६२क विपरीत हुने गरी सङ्घीय मन्त्रिपरिषदले ढुङ्गा गिट्टी बालुवा बिक्री तथा व्यवस्थापन

सम्बन्धी मापदण्ड, २०७७ जारी गरी उक्त करमा प्रदेश र स्थानीय तहको साझा अधिकार कायम गरेको देखिएबाट थप अस्पष्टता सिर्जना गरेको देखियो ।

यो वर्ष लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका १९७ स्थानीय तह मध्ये ४३ स्थानीयतहले असुल गरेको रकमको ४० प्रतिशतले हुने रु.१९ करोड २७ लाख ३७ हजार प्रदेशलाई पठाएको छ भने अन्य स्थानीय तहहरूले असुल गरेकोमा पूरै रकम आफ्नै सञ्चितकोषमा राखेको देखियो । यसै गरी प्रदेश नं. १, प्रदेन नं. २ र गण्डकी प्रदेशका ६६ स्थानीय तहले रु.२७ करोड ६३ लाख ७ हजार बाँडफाँट नगरी स्थानीय सञ्चितकोषमा राखेका छन् । कर्णाली प्रदेशका स्थानीय तहबाट प्रदेश सरकारलाई रु.१३ लाख १४ हजारमात्र प्राप्त भएको छ । राजस्व बाँडफाँटसम्बन्धी कानुन तर्जुमा गर्दा सङ्घीय कानुनसँग नबाझिने गरी स्पष्ट कानुनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व सङ्कलन तथा बाँडफाँट गर्नुपर्दछ ।

१८१. **भूतप्रभावी कानुनबाट सुविधा -** भूतप्रभावी कानुन निर्माण गर्नु कानुनको सिद्धान्त विपरीत देखिन्छ । वागमती प्रदेश सरकार मन्त्रिपरिषद्को २०७६।७।२९ को निर्णयले बागमती प्रदेश सभाका पदाधिकारीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ र २ संशोधन गरी प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधामा २०७६।४।१ देखि लागू हुने गरी वृद्धि गरी १०३ पदाधिकारीहरूलाई रु.३७ लाख ४८ हजार र १०६ स्वकीय सचिवहरूलाई रु.३८ लाख ३१ हजारसमेत रु.७५ लाख ७९ हजार थप पारिश्रमिक भुक्तानी गरेको र गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को २०७६।९।९ को निर्णयले अनुसूची १ लाई संशोधन गरी प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधामा २०७६।४।१ देखि लागू हुने गरी वृद्धि गरी थप पारिश्रमिकबापत रु.३० लाख ७० हजार भुक्तानी गरेको छ । भुतप्रभावी कानुन निर्माणमार्फत सेवा सुविधा थप गर्ने कार्य कानुनको सिद्धान्त विपरीत देखिन्छ ।

१८२. **प्रदेश सम्पर्क कार्यालय -** प्रदेश नं. १ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रादेशिक राजधानी विराटनगरमा स्थापना भई सञ्चालनमा रहेको छ । यो वर्ष सो कार्यालयले काठमाडौँमा सम्पर्क कार्यालय स्थापना गरी फर्निचर लगायतका मालसामान खरिदमा रु.१५ लाख ५५ हजार र महाराजगँजमा मासिक रु.२ लाख ७५ हजार भुक्तानी गर्ने गरी २०७६।९।९ देखि घर भाडामा लिई रु.१८ लाख ४२ हजारसमेत रु.३३ लाख ९७ हजार खर्च गरेको छ । अन्य प्रदेशले पनि कार्यक्षेत्र बाहिर सम्पर्क कार्यालय राखेको अवस्था छ । कानुनी व्यवस्था र नीतिगत निर्णय बेगर काठमाडौँमा समेत कार्यालय स्थापना गरी खर्च गर्नु औचित्यपूर्ण देखिएन ।

१८३. **ग्रेड थप-** पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनङ्कित द्वितीय, राजपत्र अनङ्कित प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन । प्रदेश नं. १ अन्तर्गत आन्तरिक मामिला तथा कानुन मन्त्रालय बाहेकका १० निकाय तथा मन्त्रालय र मातहतका कार्यालयले ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरूलाई ग्रेड थप गरी रु.२ करोड ३६ लाख ३१ हजार बढी भुक्तानी गरेको असुल गर्नुपर्दछ ।

१८४. **योजना बेगरको खर्च दायित्व -** प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानुन मन्त्रालयले मुख्यमन्त्री कार्यालयले वारुणयन्त्र, प्रहरीभ्यान, एम्बुलेन्स खरिद गरी स्थानीय तहमा पठाइ ११ वारुणयन्त्र र १४ पिकअप गाडी खरिदमा रु.१० करोड ५५ लाख ३९ हजार खर्च लेखेको छ । उक्त साधन स्थानीय तहमा पठाइएकोमा स्थानीय तह छनौटको आधार पेस गरेको छैन । वारुणयन्त्र सञ्चालन गर्ने तालिम नदिएको, कार्यविधिमा गाडी, वारुणयन्त्र र उपकरणहरू व्यवस्थापन समितिले बुझिलिई आम्दानी गर्नुपर्ने उल्लेख भएकोमा सेवा केन्द्र व्यवस्थापन समितिको कार्यालय स्थापना नगरेको तथा वारुणयन्त्र सञ्चालन गर्ने फायर फाइटर नरहेको अवस्था देखिएको छ ।

१८५. **कार्यक्रम कार्यान्वयन -** प्रदेश कार्यविभाजन नियमावली, २०७४ अनुसार नीति निर्माण एवं अनुगमनको जिम्मेवारी रहेका मन्त्रालयले मातहत निकायवाट सञ्चालन गर्नुपर्ने विभिन्न विकास कार्यक्रम समेत आफैले सञ्चालन गरेको देखियो । प्रदेश नं. २ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पोखरी एवं नदी सौन्दर्यकरण, शौचालय, मठ, मन्दिर र मस्जिद निर्माण, छात्रालाई साइकल खरिद आदि कार्यमा रु.५७ करोड ४४ लाख ९३ हजार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पर्यटन पूर्वाधार निर्माण, सिमसार क्षेत्र संरक्षणलगायतका निर्माण कार्यमा रु.७१ करोड, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले तालिम, ट्युबवेल जडान, ट्याक्टर खरिदलगायतका कार्यक्रममा रु.५९ करोड १२ लाख ५० हजार, भौतिक पूर्वाधार विकास मन्त्रालयले पुल तथा बाटो निर्माण, परामर्श सेवा खरिद आदि कार्यमा रु.३५ करोड ५० लाख र सामाजिक विकास मन्त्रालयले दलित छात्रावास, प्रादेशिक छापाखाना, विद्यालय, क्याम्पस, अस्पताल भवन, रंगशाला, लगायतका निर्माण कार्यमा रु.६६ करोड बजेट व्यवस्था गरी आफैंले कार्यक्रम सञ्चालन गरेको छ । यसैगरी वागमती प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले भू-संरक्षण तथा तटबन्ध निर्माणलगायत विभिन्न ६३ कार्यमा रु.९ करोड ८ लाख ८९ हजार भुक्तानी गरेको छ । मातहत कार्यालयको कामको अनुगमन मूल्याङ्कन गर्ने निकाय आफैंले कार्यक्रम कार्यान्वयनमा संलग्न रहेको उचित देखिएन ।

१८६. **बढी भुक्तानी -** सार्वजनिक निकायले प्रचलित कानुनले तोकेबमोजिमको आधारमा मात्र खर्च गर्नुपर्दछ। प्रदेश नं. १ को पूर्वाधार विकास कार्यालय मोरङले नापी कितावमा उल्लिखित परिमाणभन्दा बढी परिमाणको विल तयार गरी रु.५० लाख ९१ हजार बढी भुक्तानी गरेको छ । प्रदेश नं.२ का कृषि विकास निर्देशनालय धनुषाले कार्यविधिमा तोकेभन्दा रु.१ करोड २६ लाख ८६ हजार बढी हुने गरी १९ संस्थालाई अनुदान दिएको छ । गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयले नमूना गाउँ कार्यक्रम सञ्चालन कार्यविधिअनुसारको स्थानीय निकायको २० प्रतिशत योगदानको रकम रु.६७ लाख ९४ हजारसमेत भुक्तानी गरेको तथा कर्णाली प्रदेशका कृषि विकास निर्देशनालयले कृषि सडक निर्माणमा मेसिनबाट हुने दरभन्दा बढी दरमा निर्माण कार्य गराई रु.६८ लाख १० हजार बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको उक्त रकम सम्बन्धितलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

१८७. **न्यून लागत सहभागिता -** वागमती प्रदेशका पर्यटन विकास आयोजनाले पूर्वाधार निर्माणको कार्यमा ९५ उपभोक्ता समितिको योगदान रु.१ करोड १५ लाख ७१ हजार, लुम्बिनी प्रदेशका जलस्रोत तथा खानेपानीसम्बन्धी २ कार्यालयका ५५ योजनाको रु.२७ लाख ६२ हजार, कर्णाली प्रदेशका कृषि सम्बन्धी ६ कार्यालयको योजनामा समितिको योगदान रु.१ करोड ३९ लाख, सुदूरपश्चिम प्रदेशको शिक्षा विकास निर्देशनालयले भौतिक संरचना निर्माणमा ४६ उपभोक्ता समितिको योगदान रु.११ लाख ४७ हजार तथा गण्डकी प्रदेशका खानेपानी तथा सरसफाई कार्यालय स्याङ्जाले सहलगानीअन्तर्गतको रु.९१ लाख २२ हजारसमेत रु.२ करोड ४७ लाख ४१ हजार उपभोक्ताको योगदान न्यून रहेको देखियो । उपभोक्ता समितिसँगको सम्झौताअनुसार लागत सहभागिताको रकम भुक्तानीमा कट्टा नगरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

१८८. **अधुरा ठेक्का -** भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत लुम्बिनी प्रदेशका ३ कार्यालयमा रु.२ अर्ब ६९ करोड ३३ लाख ७ हजारमा ठेक्का सम्झौता भएका ४६ ठेक्काहरू पटक पटक म्याद थप गर्दा पनि रु.१ अर्ब ८८ करोड ५६ लाख ५७ हजारको मात्र (७० प्रतिशत) काम गरी ठेक्का अधुरो रहेका छन् । कर्णाली प्रदेशका ७ कार्यालयमा गत विगतमा सम्झौता भई शुरु म्याद नाघेका रु.२ अर्ब २९ करोड ८४ लाख ६१ हजारका ६४ ठेक्कामा यो वर्ष रु.५० करोड २ लाख ५३ हजार (२१.७६ प्रतिशत) भुक्तानी भई ठेक्काको काम अधुरो रहेको अवस्था छ । यसैगरी सुदूरपश्चिम प्रदेश अन्तर्गत २ कार्यालयले २ निर्माण व्यवसायीसँग २०७६।३।२६ सम्म कार्य सम्पन्न गर्ने गरी रु.२४ करोड ४६ लाख ७१ हजारको ठेक्का सम्झौता गरेकोमा पटक पटक गरी ३०० प्रतिशतसम्म म्याद थप गर्दा समेत रु.१३ करोड ९१ लाख ९१ हजारको काम सम्पन्न गर्न बाँकी रहेको छ । तोकिएको म्यादमा

कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई ऐन र नियमावलीको उपर्युक्त व्यवस्थाअनुसार आवश्यक कारवाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

१८९. **त्रुटिपूर्ण निर्माण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क.२ मा त्रुटिपूर्ण डिजाइन गरेको कारण खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुनबमोजिम कारबाहीको भागिदार हुने व्यवस्था छ । पूर्वाधार विकास कार्यालयले गुल्मीको बडीगार्ड पुलको निर्माण कार्य २०७५।३।२७ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.५ करोड १७ लाख ८४ हजारमा सम्झौता भई यो वर्षसम्म रु.३ करोड १५ लाख ८० हजार भुक्तानी भएकोमा २०७४ असार र साउनमा आएको बाढीले पुलको क्याप पुरेको कारण देखाइ प्रथम पटक पुलको लम्बाई १.३ मिटर र उचाई २.४६ मिटर बढाई डिजाइन संशोधन गरेको थियो । संशोधित डिजाइनअनुसार पुल निर्माण गर्दै जाँदा २०७७ मा आएको बाढीले पुलको सुपर स्ट्रकचर पुनः भत्कन गई निर्माण कार्य बन्द भएको छ ।

पूर्वाधार विकास कार्यालय, जुम्लाले तिला खोला पक्की पुल २०७६।१२।३० मा रु.२ करोड ८८ लाख ७ हजारमा कार्य सम्पन्न गरेको छ । उक्त पुलको लम्बाई १५ मिटर नपुगेको कारण पुनः अर्को निर्माण व्यवसायीसँग सम्झौता गरी रु.१ करोड ५१ लाख १४ हजारमा कार्य सम्पन्न गरेको छ। शुरुमा भएको सम्झौता अनुसार प्रति मिटर करिब रु.४ लाख ६५ हजार लागेकोमा दोस्रो सम्झौता अनुसार झण्डै रु.१० लाख ८ हजार लागेकोले रु.८१ लाख ४५ हजार थप व्ययभार परेको छ । त्रुटिपूर्ण डिजाइन गर्ने परामर्शदातालाई जिम्मेवार बनाई गुणस्तरीय निर्माण कार्य गराउनुपर्दछ

१९०. **राजस्व बक्यौता -** प्रदेश नं. २ का प्रादेशिक अस्पतालले १९ व्यवसायीसँग सटर कवल भाडाबापत यो वर्षको अन्तसम्म रु.९१ लाख ९५ हजार लुम्बिनी प्रादेशिक अस्पतालले १८ सटरको भाडा रु.१९ लाख ६४ हजार र सुदूरपश्चिम प्रदेशका टीकापुर र सेती प्रदेशिक अस्पतालले सटर भाडा रु.१ करोड ७५ लाख ५८ हजारसमेत रु.२ करोड ८७ लाख १७ हजार असुल गर्न बाँकी देखिएको छ । नियमानुसार भाडा असुल नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई भाडा असुल गर्नुपर्दछ ।

१९१. **लेखापरीक्षण बक्यौता** -नेपालको संविधान तथा प्रचलित कानुनअनुसार सबै सरकारी कार्यालय, अन्य संस्था तथा समितिको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ । उक्त व्यवस्थाअनुसार प्रदेश नं. १ को २, वागमती प्रदेशको ५, लुम्बिनी प्रदेशको १, कर्णाली प्रदेशको १ र सुदूरपश्चिम प्रदेशको ५ समेत १४ निकायको २०७६।७७ को लेखापरीक्षण नभएकोले रु.२ अर्ब ४३ करोड ३० लाख ४८ हजारको लेखापरीक्षण बक्यौता रहेको छ ।

१९२. **लेखापरीक्षण र बेरुजू** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०७६।७७ को लेखापरीक्षण रकम र बेरुजू अङ्क निम्नानुसार रहेको छः

(रकम रु. लाखमा)

प्रदेश	ले.प. गरिएको कार्यालय संख्या	लेखापरीक्षण रकम	कुल बेरुजू रकम	पेस्की बाहेक बेरुजू रकम	बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
प्रदेश नं. १	१८३	४४५७०३	१२६५२	११७५४	२.८३	२.६३
प्रदेश नं. २	१२९	३१९८६२	१८०५९	१४१५९	५.६५	४.४३
वागमती	१९१	५१०९०६	७२५२	६५५९	१.४२	१.२८
गण्डकी	१५३	३०७४६९	६०४१	४५८४	१.९६	१.४९
लुम्बिनी	१८२	३९६४७९	९४७५	८७५८	२.३९	२.२१
कर्णाली	१२८	२३४३९५	८३४८	६८६६	३.५६	२.९३
सुदूरपश्चिम	१२९	२६७७७६	५७५१	४३०१	२.१५	१.६१
जम्मा	**१०९५**	**२४८२५९०**	**६७५७८**	**५६९८१**	**२.७२**	**२.२९**

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजू प्रदेश नं. २ को ५.६५ प्रतिशत र सबैभन्दा कम बेरुजू वागमती प्रदेशको १.४२ प्रतिशत रहेको छ ।

६. स्थानीय तह

स्थानीय तहको कानुन निर्माण गर्ने, स्थानीय आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान र सो स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवाप्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने आफूबाट सम्पादन भएका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने, आर्थिक सुशासन व्यवस्थापन गर्ने लगायतका कार्यहरू सम्पादन गरेका छन्।

१९३. **समग्र आय व्यय** - महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरण अनुसार यो वर्ष ७५३ स्थानीय तहहरूको कुल बजेट रु.४ खर्ब ६७ अर्ब ५६ करोड १० लाख रहेकोमा संघ र प्रदेशबाट हस्तान्तरण गरेको अनुदान रु.२ खर्ब ६५ अर्ब ९५ करोड, संघ र प्रदेश सरकार राजस्व बाँडफाँडबाट रु.५४ अर्ब १५ करोड, आन्तरिक राजस्व आय रु.३० अर्ब ५३ करोड र गत वर्षको मौज्दात रु.५० अर्ब ७९ करोडसमेत रु.४ खर्ब १ अर्ब ४१ करोड आय प्राप्त गरेको मध्ये रु.३ खर्ब २० अर्ब ६ करोड खर्च गरी रु.८१ अर्ब ३५ करोड मौज्दात रहेको छ । यो वर्ष लेखापरीक्षण भएका ६९४ स्थानीय तहहरूले पेस गरेको वित्तीय विवरणको एकीकृत तथ्याङ्कअनुसार मौज्दात समेत देहायअनुसार रु.४ खर्ब ८१ अर्ब ४६ करोड ६८ लाख आय र रु.३ खर्ब ९२ अर्ब ११ करोड ७० लाख व्यय भई रु.८९ अर्ब ३४ करोड ९८ लाख बाँकी रहेको देखिन्छ ।

(रु. लाखमा)

सि. नं.	प्रदेश	लेखापरीक्षण भएका स्थानीय तह	आय						व्यय				बाँकी मौज्दात
			गतवर्षको जिम्मेवारी	अनुदान	राजस्व बाँडफाँट	आन्तरिक आय	अन्य	जम्मा	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	जम्मा	
१	१	१३३	७३८८०	५०८१७०	९१०८५	३४०३३	१९६४८७	९०३६५५	३५३५४९	२३२१०३	१९८७५३	७८४४०६	११९२४९
२	२	१३१	१३१३८६	४७५२०९	७९२३७	२३८९७	१५६२९५	८६६०२४	२४१८६५	२०१४१६	२२६९९५	६७०२७६	१९५७४८
३	बागमती	९८	२२०३१३	४१९९९८	११६०२२	१०९०७१	१६२८४४	१०२८२४८	३२६९९०	२७१५२८	१३३३५४	७३१८७१	२९६३७७
४	गण्डकी	८५	४५५४२	२९८१५३	४८४९७	३४६६४	१०२७८१	५२९६३६	२२०६८९	१२०६६९	१०९१६०	४५०५१८	७९११९
५	लुम्बिनी	९५	६४१८६	३८९२५२	७३८७५	२८१४९	१११३०२	६६६७६३	२९०५७०	१७५३११	९५१५०	५६१०३१	१०५७३२
६	कर्णाली	७३	२५०१९	२२६३८२	३५१८६	४०१३	७१५७४	३६२१७४	१६७३२२	८६७५५	६२५३०	३१६६०६	४५५६७
७	सुदूरपश्चिम	७९	३५९६८	२७४७२१	४९२६५	११०८६	८७१२८	४५८१६८	२११२४७	१२६७६५	६८४५०	४०६४६२	५१७०६
	जम्मा	**६९४**	**५९६२९४**	**२५९१८८५**	**४९३१६७**	**२४४९१३**	**८८८४११**	**४८१४६६८**	**१८१२२३२**	**१२१४५४७**	**८९४३९२**	**३९२११७०**	**८९३४९८**

१९४. **आयोगको परामर्श** - प्रदेश लोक सेवा आयोगले स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धमा आकर्षित हुने विभिन्न ऐन कानूनमा भएको भन्दा परक कानून बनाई पदपूर्ति नगर्न ध्यानाकर्षण सहितको परिपत्र गरेको छ। यो वर्ष लेखापरीक्षण गरिएका ४१९ स्थानीय तहले १६ हजार ५३५ कर्मचारी ६ महिनाभन्दा बढी अवधिको लागि करारमा नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श लिएका छैनन् । विराटनगर महानगरपालिकाले कर्मचारी व्यवस्थापन सम्बन्धी ऐन तर्जुमा गरी अधिकृत स्तरमा मात्र २४ जनाको बढुवा गरी रु.३० लाख ९२ हजार थप व्ययभार पारेको, ललितपुर महानगरपालिकाले कर्मचारीको तह वृद्धि तथा ग्रेड थप गर्दा कानुन नबनाई एवं आयोगको परामर्श समेत नलिई रु ६० लाख ८१ हजार व्ययभार पारेको र हेटौडा उप-महानगरपालिकाले तह वृद्धि ग्रेड वृद्धि थप गरी रु.१५ लाख २६ हजार भुक्तानी गरेको छ ।

स्थानीय तहको लागि ६७ हजार ११९ कर्मचारी दरबन्दी स्वीकृत भएकोमा २०७७।०३।३१ सम्म निजामती सेवातर्फ ३२ हजार २२४ र अन्य सेवातर्फ १२ हजार ९७ समेत ४४ हजार ३२१ जनाको समायोजन भएको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी यो वर्ष ४१९ पालिकाले विभिन्न पदमा कर्मचारी करारमा राखी तलब भत्ता रु.३ अर्ब ३७ करोड ८७ लाख खर्च लेखेका छन् ।

पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । यो वर्ष १९४ स्थानीय तहले उल्लेखित पद वाहेकका पदमा ३ हजार ३९८ करारमा नियुक्ति गरी रु.७१ करोड ४० लाख ३५ हजार तलब भत्ता भुक्तानी गरेको अनियमित देखिन्छ ।

१९५. **कल्याण कोष तथा प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १४४ स्थानीय तहले वित्तीय समानीकरण अनुदानको रकम समेतबाट कर्मचारी कल्याण कोषमा रु.४३ करोड १२ लाख ७९ हजार ट्रान्सफर गरेका छन् । यो वर्ष २१४ स्थानीय तहले कानुन नबनाई कर्मचारी प्रोत्साहन भत्तामा रु.५३ करोड ५० लाख ५० हजार खर्च गरेको छ। यस्तो खर्च कानूनद्वारा व्यवस्थित गर्नुपर्दछ ।

१९६. **बजेट पेस** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहहरूले आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण आषाढ १० भित्र सभामा पेस गर्नुपर्नेमा २०७७ आषाढ १० गतेभित्र ५५२ स्थानीय तहले मात्र बजेट पेस गरेका छन्। तोकिएको समय भित्र बजेट **पेस** नगर्ने स्थानीय तहहरू मध्ये प्रदेश नं. १ का ३०, प्रदेश नं. २ का ७८, बागमती प्रदेशका २४, गण्डकी प्रदेशका १८, लुम्बिनी प्रदेशका १०, कर्णाली प्रदेशका १३ र सुदुरपश्चिम प्रदेशका २८ समेत तोकिएको समयभित्र बजेट पेस नगर्ने स्थानीय तहहरूको संख्या २०१ रहेका छन् । समयमै बजेट **पेस** तथा पारित नहुँदा भएको आम्दानी र खर्चले वैधता नपाउने भएकोले कानुनको पालना गर्नुपर्दछ।

१९७. **योजना सञ्चालन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यो वर्ष विवरण उपलव्ध गराउने ३९० स्थानीय तहले ८८ हजार २२१ योजना सञ्चालन गरी रु.६२ अर्ब ७८ करोड ८० लाख १३ हजार खर्च गरेका छन्। यसरी सञ्चालित योजना मध्ये रु.५ लाखभन्दा मुनिका ६२ हजार ७७२ (७१ प्रतिशत) र सो भन्दा बढीका २५ हजार ४४९ (२९ प्रतिशत) रहेका छन् । स्थानीय तहले स-साना टुक्रे योजनाको संख्या घटाउनु पर्दछ ।

१९८. **वार्षिक बजेट र खर्च** - महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरण अनुसार स्थानीय तहहरूको २०७६।७७ को कुल बजेट रु.४ खर्ब ६७ अर्ब ५६ करोड १० लाख रहेको छ । कुल बजेट मध्ये रु.३ खर्ब २० अर्ब ५ करोड ९६ लाख (६८.४५ प्रतिशत) खर्च भएको छ । कुल खर्च मध्ये चालु खर्च रु.१ खर्ब ९२ अर्ब ७६ करोड ३२ लाख (६०.२३ प्रतिशत), पुँजीगत खर्च रु.१ खर्ब २७ अर्ब १५ करोड ५४ लाख (३९.७३ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ रु.१४ करोड १० लाख (०.०४ प्रतिशत) खर्च भएको छ । कुल विनियोजनको तुलनामा ६८.४५ प्रतिशत मात्र खर्च भएकोले स्थानीय तहहरूको बजेट यथार्थतामा आधारित रहेको पाइएन।

१९९. **विनियोजनभन्दा बढी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ मा सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ । गाउँ/नगर सभाले विनियोजन गरेको भन्दा ४३ स्थानीय तहले रु.२८ करोड ४ लाख ६ हजार बढी खर्च गरेका छन। निर्धारित बजेटको सीमा नाघि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२००. **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १९३ स्थानीय तहले रु.८ अर्ब ९ करोड

९ लाख अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन् । अबण्डामा रकम विनियोजन गरी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२०१. **बक्यौता असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकमसमेत असुली गर्ने व्यवस्था छ । यो वर्ष १४७ स्थानीय तहबाट रु.८३ करोड ६३ लाख १० हजार असुल गर्न बाँकी रहेको छ। स्थानीय तहहरूले उठ्नुपर्ने रकमको लगत समेत तयार गरेका छैनन् । उठ्न बाँकी राजस्वको लगत तयार गरी असुल गर्नुपर्ने र प्राप्त हुन बाँकी रकमलाई वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्न छन्:

२०१.१. काठमाडौ महानगरपालिकाको छनौट भएका विभिन्न करदाताबाट रु.२५ करोड १९ लाख ४२ हजार, ललितपुर महानगरपालिकाले १९ करदाताबाट रु.३ करोड ३० लाख ८४ हजार कर र पोखरा महानगरपालिकाको रु.३ करोड २८ लाख ३० हजार समेत रु.३१ करोड ७८ लाख ५६ हजार सम्पत्ति कर असुल गर्न बाँकी देखिएकोमा यकिन गरी सम्पत्ति कर असुल गर्नुपर्दछ ।

२०१.२. काठमाडौं महानगरपालिकाले लेखापरीक्षणको क्रममा छनौटमा परेका करदाताहरूबाट मात्र विभिन्न वर्षको घर बहाल कर रु.१२ करोड ९० लाख ४६ हजार र व्यवसायकर रु.१ करोड ९२ लाख ५२ हजार, पोखरा महानगरपालिकाले तिर्नुपर्ने वहालकर ५० करदाताको नमूना परीक्षण गर्दा रु.१ करोड ८ लाख ७७ हजार दाखिला हुन बाँकी छ । पोखरा महानगरको रामघाट, गढीघाट लगायतका ४ घाटको नदीजन्य पदार्थको बिक्रीको लागि ४ फर्मसँग रु.१३ करोड ४० लाख ६० हजार प्राप्त गर्ने गरी सम्झौता भएकोमा रु.५ करोड ३७ लाख ३३ हजार मात्र दाखिला गरेकोले बाँकी रु.८ करोड ३ लाख २७ हजार असुल गर्नुपर्दछ ।

२०१.३. मकवानपुरगढी गाउँपालिकाले दहत्तर बहत्तरको ठेक्का लगाउनुपूर्व विभिन्न व्यक्ति तथा पक्षलाई कर असुल गर्न नगदी रसीद उपलब्ध गराई जिम्मेवारी दिएकोमा विभिन्न ६ निर्माण व्यवसायी तथा व्यक्तिले रु.२४ लाख ७२ हजार असुल गरेकोमा गाउँपालिकामा दाखिला नगरेकोले उक्त रकम १० प्रतिशत ब्याज सहित दाखिला गराउनु पर्दछ। पर्साका कालिकामाई, छिपहरमाई, धोविनी र पटेर्वा सुगौली गाउँपालिकाले पोखरी एवं लोडरको बहाल ठेक्का सम्झौता अनुसार रु.२ करोड ८९ लाख २२ हजार असुल गरेको छैन ।

२०२. **राजस्व छुट** - स्थानीय तहहरूले ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन तथा बिक्री गर्न ठेक्का बन्दोबस्त गरेकोमा कोभिड-१९ महामारी लगायतको कारण कार्यपालिका एवं सभाको निर्णयको आधारमा यो वर्ष ६० स्थानीय तहले रु.६० करोड २५ लाख छुट प्रदान गरेका छन् । ठेक्का सम्झौता गर्दा दैनिक सङ्कलन गर्न सक्ने परिमाण नखुलाएको एवं सम्झौता बमोजिम सङ्कलन र बिक्री गरेको अभिलेख नराखेको अवस्थामा ठेक्का अवधिको अनुकुल समयमा सम्झौता बमोजिमको परिमाण सङ्कलन र बिक्री गर्न सक्ने अवस्था रहेकोमा समेत महामारीको कारण देखाई राजस्व मिन्हा दिएको मनासिव देखिएन । यसरी छुट दिएको सम्बन्धमा छानबिन गरी छुट रकम असुल गर्नुपर्दछ।

२०३. **लेखापरीक्षण तथा बेरुजू फर्स्यौट** - कुल ७५३ स्थानीय तहमध्ये यो वर्ष ६९४ स्थानीय तहको रु.८ खर्ब १३ अर्ब ९५ करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । बक्यौता लेखापरीक्षणतर्फ ५ स्थानीय तहको २०७५।७६ को रु.३ अर्ब १० करोड ६० लाखको लेखापरीक्षण यो वर्ष सम्पन्न भएको छ । सो समेत यो वर्ष रु.८ खर्ब १७ अर्ब ६ करोड ५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

२०३.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले लेखापरीक्षण प्रतिवेदन प्रचलित कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले प्रतिवेदन छलफल र बेरुजू असुल फर्स्यौट एवं नियमित गर्न बाकी रहेको

छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ । यसरी गठन हुने लेखा समितिको प्रमुख जिम्मेवारी महालेखापरीक्षकको प्रतिवेदन हुनुपर्नेमा समितिको बनौट, सदस्य संख्या, कार्यक्षेत्र र जिम्मेवारीको सम्बन्धमा स्पष्ट गरेको छैन ।

२०३.२. विभिन्न कानुनमा लेखापरीक्षण प्रतिवेदनमा छलफल, समिति र बेरुजू फर्स्यौंटको सम्बन्धमा उल्लेख भएतापनि स्थानीय तहहरूले यस सम्बन्धी कार्यविधि सहितको कानुन नबनाएको अवस्थाले अनियमित बेरुजू फर्स्यौंट गर्ने सम्बन्धमा अस्पष्टता रहेको छ । कतिपय स्थानीय तहहरूले लेखा समितिमा छलफल गराई सभाबाट नियमित गरेको, कतिपयले कार्यपालिकामा छलफल गराई सोझै सभामा पेस गरी नियमित गरेको अवस्था छ । सभाले के-कस्ता बेरुजू नियमित गर्न सक्ने भन्ने सम्बन्धमा समेत स्पष्ट नभएकोले कानुनमा व्यवस्था नभएका सुविधा भुक्तानी भई असुल गर्नुपर्ने गरी औंल्याएका, कानुन विपरीत राजस्व छुट दिएका बेरुजू समेत नियमित गरी सम्परीक्षणको लागि पठाउने गरेका छन् । स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजू फर्स्यौंटको विधि र प्रक्रिया समेत खुलाई स्पष्ट कानुनी व्यवस्था गर्नुपर्दछ।

२०३.३. यो वर्ष लेखापरीक्षणको क्रममा बढी भुक्तानी गरेको, अग्रिम कर कट्टी नगरेको, सङ्घीय सञ्चितकोष दाखिला नगरेको लगायतका व्यहोरा औंल्याएपछि २९१ स्थानीय तहले रु.४३ करोड ७४ लाख १० हजार र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि २१६ स्थानीय तहले रु.२५ करोड ३८ लाख ५३ हजारसमेत रु.६९ करोड १२ लाख ६३ हजार असुली तथा दाखिला गरेका छन् । विगत वर्षको बेरुजू सम्परीक्षणको क्रममा २६९ स्थानीय तहबाट रु.४१ करोड ६९ लाख ३० हजार असुल भई यो वर्ष जम्मा रु.१ अर्ब १० करोड ८१ लाख असुल भएको छ । अन्तिम लेखापरीक्षणमा सबै कारोबारको परीक्षण नगरी नमूना छनौटको आधारमा केही कारोबारको परीक्षण गर्ने विद्यमान व्यवस्था रहेको हुँदा यसप्रकार बढी भुक्तानीलाई न्यूनीकरण गर्न आन्तरिक लेखापरीक्षणमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२०४. **विभाज्य कोष** - महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरणअनुसार विज्ञापन कर, मनोरञ्जन कर, दहत्तर बहत्तर शुल्क लगायत शीर्षकहरूबाट स्थानीय तहहरूको विभाज्य कोषमा रु.४ अर्ब ५९ करोड २४ लाखमध्ये रु.३ अर्ब ४० करोड ८ लाख बाँडफाँट भई रु.१ अर्ब १९ करोड १६ लाख बाँडफाँट नगरी सम्बन्धित स्थानीय तहकै खातामा रहेको छ । उक्त रकम बाँडफाँट गर्नुपर्दछ ।

२०५. **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटरजस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने, र मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था भएकोमा यो वर्ष २४६ स्थानीय तहले २ हजार २८८ योजनामा उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरी रु.२ अर्ब १ करोड १२ लाख १८ हजार खर्च गरेको, २८० स्थानीय तहले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, ओभरहेड टंकी निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने १ हजार २८० निर्माण कार्य उपभोक्ता समितिहरू मार्फत् गराई रु.३ अर्ब ९४ करोड २८ लाख ३७ हजार खर्च लेखेका छन ।

उपभोक्ता समितिमार्फत् कार्य गराउँदा यो वर्ष २१५ स्थानीय तहले सम्झौता बमोजिम रु.९ करोड ६१ लाख ६० हजार उपभोक्ता अंश कट्टी नगरी भुक्तानी दिएका छन् । उपभोक्ता समितिलाई निर्माण कार्यको लागत अनुमानमा रहेको ओभरहेड कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने मा २२ स्थानीय तहले उपभोक्ता समितिहरूलाई रु.४९ लाख ८९ हजार ओभरहेड समेत भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

२०६. **सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफ्नो पदको काम कारबाही सुरु गरेको मितिदेखि अनुसूची-१ मा उल्लेख भएबमोजिमको रकम मासिक सुविधाबापत पाउने व्यवस्था रहेको छ । यस वर्ष २८ स्थानीय तहले उक्त ऐनमा व्यवस्था नभएको पर्व खर्च रु.१ करोड ४३ लाख ८१ हजार, ४७ स्थानीय तहले पोशाक सुविधामा रु.१ करोड ९० लाख ७३ हजार तथा ऐनमा उल्लेख भए भन्दा फरक हुने गरी ८४ स्थानीय तहले सञ्चार अनुगमन घरभाडा यातायात इन्धन लगायतमा रु.३ करोड ६३ लाख ५७ हजार भुक्तानी दिएका छन् । यसैगरी ९३ स्थानीय तहले ऐनमा तोकीएको भन्दा फरक हुने गरी मासिक सुविधा वापत रु.५ करोड ९८ लाख ३६ हजार बढी भुक्तानी गरेका छन् । उक्त रकम असुल गर्नुपर्दछ। स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था नभएकोमा यो वर्ष १३१ स्थानीय तहले स्वकीय सचिव र सल्लाहकार नियुक्ति गरी रु.९ करोड २९ लाख १६ हजार पारिश्रमिक भुक्तानी गरेका छन् ।

२०७. **बैठक भत्ता** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ४ अनुसार अनुसूचीमा उल्लेख भएबमोजिमका न्यायिक समिति, विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यले मात्र बैठक भत्ता पाउने व्यवस्था छ । प्रदेश ऐनमा व्यवस्था नभएका र ऐनले नतोकेको अवस्थामा वडा, कार्यपालिका, गाउँ/नगर सभालगायतका बैठकमा १४७ स्थानीय तहले रु.७ करोड ६८ लाख ३९ हजार भत्ता खर्च लेखेका छन् । ऐनमा व्यवस्था नभएको सुविधा दिन मिल्ने देखिँदैन ।

२०८. **निवृत्तीभरण** - स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धी ऐन, २०७५ को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तीभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तिभरण वा यस ऐनबमोजिमको मासिक सुविधामध्ये एउटा मात्र पाउने व्यवस्था छ। यो वर्ष ३७ स्थानीय तहले निवृत्तिभरण पाउने पदाधिकारीलाई रु.३ करोड ६२ लाख ५ हजार पारिश्रमिक भुक्तानी गरेका छन् । यसप्रकार दोहोरो भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

२०९. **शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । यो वर्ष २४६ स्थानीय तहले शिक्षकको दरबन्दी मिलान नगरी स्वीकृत दरबन्दीभित्र नपरेका एवं गत विगतदेखि नै विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकको तलब भत्ताको लागि सशर्त अनुदानबाट रु.१ अर्ब ३५ करोड ५ लाख ८७ हजार निकासा गरेको अनियमित देखिन्छ ।

२१०. **बढी निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिकामा शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारित गराई तलब भुक्तानी गर्नुपर्ने उल्लेख छ । स्थानीय तहहरूले शिक्षकहरूको तलबी प्रतिवेदन पारित नगरेको, बढी ग्रेड भुक्तानी गरेको, दोहोरो निकासा दिएको, दरबन्दीभन्दा बढी शिक्षकहरूको तलब तथा अवकाश भइसकेका शिक्षकहरुको समेत निकासा दिएको देखिएको छ । रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च लेखुपर्नेमा ५४ स्थानीय तहले पहिले नै निकासा दिएकोमा पुनः दोहोरो निकासा दिएको र दरबन्दीभन्दा बढी शिक्षकको तलबभत्ता निकासा दिई यो वर्ष रु.७ करोड २९ लाख ९२ हजार बढी निकासा दिएको र २०२ स्थानीय तहले अवकाश भएका शिक्षकको तलबमा रु.४० लाख ३२ हजारसमेत रु.४ करोड ७० लाख २४ हजार बढी खर्च लेखेका छन् ।

यस वर्ष ८९ स्थानीय तहले पाठ्यपुस्तकमा रु.३ करोड ३१ लाख ३७ हजार र १०२ स्थानीय तहले छात्रवृत्तिमा रु.२ करोड ६३ लाख २१ हजार समेत रु.५ करोड ९४ लाख ५८ हजार बढी निकासा दिएका छन् । बढी निकासा दिनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

२११. **विद्यार्थी नभएका विद्यालय -** स्थानीय तहले शिक्षा क्षेत्रमा शिक्षक विद्यार्थीको अनुपात मिलाई विद्यालय व्यवस्थापन गर्नुपर्दछ । नार्पाभूमि गाउँपालिका, मनाङले फू आधारभूत विद्यालयमा बालविकास बाहेकका एक जना पनि विद्यार्थी नभएको अवस्थामा दुई स्थायी र एक करार शिक्षकलाई वार्षिक रु.१२ लाख ६५ हजार तलब र स्थानीय भत्ता र अन्य सुविधा वापतको रकम निकासा भएको छ । विद्यार्थी नभएको विद्यालयमा करारमा समेत शिक्षक नियुक्त गरी व्ययभार पारेको उचित देखिएन ।

यसैगरी मनाङकै डीस्याङ गाउँपालिका अन्तर्गतको डावल आधारभूत विद्यालयमा एकजना पनि विद्यार्थी नभएको अवस्थामा ८ जना स्थायी शिक्षकलाई वार्षिक तलब र स्थानीय भत्ता र अन्य सुविधा समेत रु.३५ लाख ८६ हजार भुक्तानी भएको छ । यसरी अध्यापन गर्न नियुक्त शिक्षकले वर्षैभरी एउटापनि कक्षा लिन नपर्ने अवस्थामा तलब भुक्तानी गर्नुपरेको छ । सम्भाव्यताको आधारमा विद्यालय एवं शिक्षक दरबन्दी मिलान गर्नुपर्दछ ।

२१२. **सामाजिक सुरक्षा कार्यक्रम -** नेपाल सरकारले ज्येष्ठ नागरिक, विधवा, पूर्ण अपाङ्ग, एकल महिला, बालबालिका, लोपोन्मुख/आदिबासी जनजातिसमेतलाई सामाजिक सुरक्षा भत्ता लगायत सुरक्षा कार्यक्रम अन्तर्गत स्थानीय तहलाई रु.६६ अर्ब १६ करोड ६७ लाख ९१ हजार निकासा गरेको छ । यस वर्ष १७० स्थानीय तहले नागरिकता नम्बर र जन्म मिति एउटै भएका लाभग्राहीलाई २ वा सोभन्दा बढी परिचयपत्र जारी गरेर दोहोरो हुने गरी र मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरी रु.२२ करोड ५६ लाख ९५ हजार बढी खर्च लेखेका छन् । यस वर्ष ३८ स्थानीय तहले केन्द्रीय सूचना प्रणालीमा नाम समावेश नभएका विभिन्न व्यक्तिलाई रु.७८ करोड ८९ लाख ३ हजार भत्ता वितरण गरेको छ । बढी भुक्तानी दिनेलनई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

२१२.१. पोखरा महानगरपालिकाले जेष्ठ नागरिकलाई मासिक रु.२०० थप गरी यो वर्ष रु.३ करोड ३९ लाख ४८ हजार भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२१२.२. सर्लाहीको हरिवन, महोत्तरीको वृन्दावन र धनुषाको गणेशमान चारनाथ नगरपालिकाले बैङ्कमा पठाएको रकममध्ये खर्च नभई बाँकी रहेको रु.२ करोड ७० लाख २६ हजार फिर्ता पठाएको छैन। कीर्तिपुर नगरपालिकाले विभिन्न ५ बैङ्कबाट फिर्ता हुन बाँकी रु.१ करोड ३२ लाख २६ हजार हालसम्म फिर्ता लिएको छैन। मोरङ्ग जिल्लास्थित उर्लाबारी नगरपालिकाले विभिन्न लाभग्राहीहरूलाई विभिन्न ६ बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी फरवार्ड फिड र रिभर्स फिडको विवरण लेखापरीक्षणको क्रममा परीक्षण गर्दा बाँकी देखिएको रु.४४ लाख २ हजार र सुन्दरहरैचा नगरपालिकाको बाँकी रु.८६ लाख ९७ हजार गरी रु.१ करोड ३० लाख ९९ हजार फिर्ता गरेको छैन । उक्त रकम फिर्ता प्राप्त गरी सङ्घीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ।

२१२.३. धनुषाको शहीदनगर नगरपालिकाले बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न निकासा रु.१३ करोड ७४ लाख ४९ हजारमध्ये सम्बन्धित लाभग्राहीको खातामा रु.१२ करोड ८८ लाख ९४ हजार जम्मा गरी बाँकी रहेको रु.८५ लाख ५५ हजार १० व्यक्तिहरूको नाममा व्यक्तिको खातामा रकम जम्मा गरेको छ । उक्त रकम असुल गरी सङ्घीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने तथा व्यक्तिको नाममा जम्मा गरेको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

२१३. **खरिद -** यो वर्ष ५२० स्थानीय तहले खरिद गुरुयोजना तथा ४९१ स्थानीय तहले वार्षिक खरिद योजना तयार गरेका छैनन् । यो वर्ष ५२९ स्थानीय तहले प्रतिस्पर्धा नगराई विभिन्न निर्माण कार्य एवं वस्तु तथा सेवा सोझै खरिद गरी रु.५ अर्ब ९२ करोड ५३ लाख ४६ हजार खर्च लेखेका छन्। ऐन नियमअनुसार प्रतिस्पर्धा हुनेगरी खरिद गर्नुपर्दछ ।

२१४. **सेवा खरिद -** यस वर्ष ४४७ स्थानीय तहले सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन एवं गुरु योजना तयारी कार्य बाह्य परामर्शदाताबाट गराई रु.१ अर्ब ३९ करोड १४ लाख ५४ हजार खर्च

गरेका छन् । परामर्श सेवाको लागत अनुमान तयार गर्ने नर्म्स समेत नभएको अवस्थामा यस्तो खर्च यथार्थमा आधारित रहेको समेत मान्न सकिएन ।स्थानीय तहले विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी परामर्श सेवा खरिद गर्नुपर्नेमा सो अनुसार गरेका छैनन् ।

२१५. **सवारी साधन खरिद** - अर्थ मन्त्रालयद्वारा जारी निर्देशिका, २०७४ मा नेपाल सरकारबाट उपलब्ध गराएको बजेटबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने व्यवस्था छ । यो वर्ष ३४३ स्थानीय तहले रु.१ अर्ब ३३ करोड २४ लाख ५५ हजारको सवारी साधन खरिद गरेका छन् । सवारी साधन खरिद नगरेका स्थानीय तहले सवारी साधन भाडामा लिई प्रयोग गरेको देखिन्छ । केही स्थानीय तहले आन्तरिक आयबाट सवारीसाधन खरिद गरे तापनि अधिकांशले वित्तीय समानीकरण अनुदान रकमबाट खरिद गरेकोले विकास निर्माण कार्यमा खर्च गर्नुपर्ने रकम सुविधा तथा उपभोगसम्बन्धी कार्यमा खर्च भएको छ । यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ।

यो वर्ष ५१ स्थानीय तहहरूले व्याक-हो लोडर, एक्साभेटर लगायतका हेभी मेशिनरी खरिद गरी रु.३३ करोड ५० लाख ५० हजार खर्च गरेका छन् । यस्ता साधनको आवश्यकता विश्लेषण र मर्मत संभार एवं सञ्चालन सीप क्षमतामा ध्यान नदिई खरिद गरेको कारण यी साधनबाट प्राप्त आम्दानीभन्दा सञ्चालन खर्च बढी हुने गरेको छ । यस्ता साधन खरिद गर्दा दिगो सञ्चालनमा ध्यान दिनुपर्दछ ।

२१६. **सूचना प्रविधिको प्रयोग** - स्थानीय तहहरूले हरेक वर्ष राजस्व, लेखा, जिन्सी व्यवस्थापन सम्बन्धी सफ्टवेयर खरिद गरी प्रयोगमा ल्याएका छन् । केही नगरपालिकाहरूले घर नक्सा पासको प्रक्रियालाई समेत सूचना प्रविधिमा आवद्ध गरेका, स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) ले लेखा अभिलेख र प्रतिवेदन गरेको अवस्था छ । सोको अतिरिक्त १६७ स्थानीय तहले विभिन्न प्रकारका जिन्सी व्यवस्थापन आन्तरिक आय लेखांकन एवं लेखा सम्बन्धी सफ्टवेयर खरिद गरी रु.१२ करोड ७६ हजार खर्च गरेका छन् । स्थानीय तहहरूमा सूचना प्रविधि सम्बन्धी अधिकृत स्तरको कर्मचारीसमेत कार्यरत रहेका छन् । सूचना प्रविधि क्षेत्रमा गरेको लगानी र प्रयासको बाबजुद सेवा प्रवाहमा अपेक्षित सुधार हुन सकेको छैन । खरिद गरेका सफ्टवेयरहरू पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन नसकेको, पूर्वाधारको कमी, दक्ष जनशक्तिको अभाव लगायतका अवस्थामा सुधार गरी सूचना प्रविधिको उच्चतम प्रयोगबाट सेवा प्रवाहलाई चुस्त बनाउनु पर्दछ।

२१७. **विविध तथा चालु प्रकृतिको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्च गर्दा मितव्ययिता अवलम्बन गर्नुपर्नेमा ४७१ स्थानीय तहले रु.१ अर्ब ३१ करोड ८८ लाख २० हजार खर्च गरेका छन् । त्यस्तै ६० स्थानीय तहले वडा सदस्य लगायतको जनप्रतिनिधि र कर्मचारीहरूको अवलोकन भ्रमणमा रु.७ करोड ७८ लाख ८० हजार खर्च गरेका छन् । पुँजी निर्माणमा सहयोग नहुने तथा उत्पादनमा वृद्धि नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा पुँजीगत शीर्षकमा विनियोजन गरी चालु प्रकृतिका कार्यमा १२९ स्थानीय तहले रु.३६ करोड ७७ लाख ८७ हजार खर्च गरेका छन् । पुँजीगत बजेटबाट चालू प्रकृतिका कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२१८. **वितरणमुखी खर्च** - रौतहटको ईशनाथ नगरपालिकाले साडी, कुर्था वितरणमा रु.१० लाख ९७ हजार र फतुवा विजयपुरले साडी तथा ग्याँस वितरणमा रु.८८ लाख ८६ हजार, मौलापुर नगरपालिका, रौतहटले ग्याँस चुल्हो सेट वितरणमा रु.५० लाख ५० हजार समेत रु.१ करोड ५० लाख ३३ हजार वितरणमुखी प्रकृतिका खर्च गरेका छन्। पर्साको कालिकामाई, विन्दवासिनी, छिपहरमाई, सखुवा प्रसौनी, सर्लाहीको विष्णु र बाराको प्रसौनी गाउँपालिकाले ग्याँससेट, ग्याँस चुल्हो, स्कुल व्याग, कोदालो, सुधारिएको चुलो, कम्बल, फिल्टर तथा अन्य अनुत्पादक सामग्री खरिद गरी वितरण गरेको आधारमा

रु.३ करोड ५७ लाख ६६ हजार खर्च गरेको छ। धनुषाको हंसपुर नगरपालिकाले गतवर्ष र यसवर्ष गरी रु.१४ लाख ९६ हजारको मोवाइल जनप्रतिनिधिलाई वितरण गरेको छ । लाभग्राहीको छनौटको आधार, वितरित सामानको उपयोग तथा अनुगमन समेत नगरी यस्ता कार्यमा खर्च गरेको छ । काठमाडौंको नागार्जुन नगरपालिकाले आगलागी नियन्त्रणमा टेवा पुऱ्याउने उद्देश्यले ६ हजार फायर एक्साटिङ्गयुसर र प्राथमिक उपचार बक्स निःशुल्क वितरण गर्ने कार्यको लागि रु.१ करोड ६९ लाख ४३ हजार खर्च गरेको छ ।यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२१९. **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन । यो वर्ष ४३६ स्थानीय तहले रु.६२ करोड ३ लाख १० हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । यसैगरी २२५ स्थानीय तहले विभिन्न संघ संस्था, समूह, क्लब लगायतलाई रु.२१ करोड २२ लाख ३६ हजार भुक्तानी गरेका छन । पर्व, जात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी व्यवस्था नभएकोले यस्ता अनुत्पादक तथा वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्दछ ।

२२०. **अनुदान वितरण -** स्थानीय तहहरूले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपुँजी तथा अनुदान उपलब्ध गराएका छन् । यो वर्ष १२८ स्थानीय तहले नाफा कमाउने उद्देश्यले स्थापित सहकारी संस्थालाई रु.२५ करोड ८० लाख ३३ हजार अनुदान उपलब्ध गराएका छन्। नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गरी सञ्चालन गर्नुपर्नेमा सहकारी संस्थालाई अनुदान उपलब्ध गराएको नियमसम्मत देखिएन। सो को अतिरिक्त काठमाडौं महानगरपालिकाले यो वर्ष २५ संस्थालाई विभिन्न निर्माण कार्य, जग्गा खरिद तथा सञ्चालन अनुदानको लागि कार्यक्रम स्वीकृत गरी एकमुष्ट रु.२२ करोड ६३ लाख ७६ हजार उपलब्ध गराएको छ । उक्त अनुदानबाट तोकिएको कार्य सम्पन्न भएको सुनिश्चित गर्नुपर्दछ।

२२१. **चेक बाउन्स -** बैंकिङ्ग कसुर सजायँ सम्बन्धी ऐन, २०६४ को दफा ३(ग) अनुसार आफ्नो खातामा रकम नभएको जानीजानी चेक काटी दिने कार्य बैंकिङ्ग कसुर भएकोले सोही ऐनको दफा ४ बमोजिम दण्ड सजाय हुने व्यवस्था छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः

२२१.१. बारा जिल्लाको जीतपुरसिमरा उप-महानगरपालिकाले दुधौरा खोलाको गिट्टी, ढुङ्गा, बालुवाको ठेक्का एक व्यवसायीले लिई रु.१ करोड २५ लाख २५ हजारको एकान्टपेयी चेक पेस गरेकोमा खातामा मौज्दात नभई चेक नसाटिएको कारण आय प्राप्त भएको छैन । उप-महानगरपालिकाले चेक नसार्टिंदा समेत असुलीको लागि थप प्रयास गरेको छैन ।

२२१.२. कोहल्वी नगरपालिका, बाराले लालबकैया खोलाको ठेक्का रकम असुली गर्दा एक निर्माण व्यवसायीबाट पेस भएमा रु.५६ लाखको २ थान चेक बाउन्स भएको छ । यसैगरी फतुवा विजयापुर नगरपालिका, रौतहटले लालबकैया खोलाको कबोल अङ्क रु.१ करोड ११ लाखमा १० प्रतिशत छुट दिई रु.९९ लाख ९० हजारको निर्माण व्यवसायीले पेस गरेको चेक बाउन्स भएकोले सम्झौता रकम रु.१ करोड ११ लाख समेत रु.१ करोड ६७ लाख असुल गर्नुपर्दछ। नगरपालिकाले बाउन्स चेक दिने व्यवसायीलाई कालोसूचीमा राख्न कारबाही प्रक्रिया अघि बढाउनु पर्दछ ।

२२१.३. मोरङ जिल्लाको लेटाङ नगरपालिका कार्यालयले नगरपालिकाभित्रका चिसाङ र तेली खोलाबाट नदीजन्य पदार्थ उत्खनन् र बिक्री गर्न एक व्यवसायीले मूल्य अभिवृद्धि कर सहित रु.१४ करोड ३० लाख ५८ हजार कवोल गरेकोमा ठेक्का बन्दोबस्त गर्दा एकमुष्ठ रकम बुझाएको देखाई रु.१ करोड २६ लाख ६० हजार छुट दिई बाँकी रु.११ करोड ३९ लाख ४० हजारमा मूल्य अभिवृद्धि कर समेत रु.१३ करोड ३ लाख ९८ हजार नगरपालिका खातामा दाखिला गराई पट्टा जारी गरेको पाइयो । ठेक्का

सकारकर्तालेे बुझाएको चेक बाउन्स भई मूल्य अभिवृद्धि कर वापतको रकम २०७७।३।३० मा मात्र आन्तरिक राजस्व कार्यालय विराटनगरको नाममा जम्मा देखाएको छ ।

२२२. **दिवा खाजा कार्यक्रम -** विश्वव्यापी रुपमा फैलिएको कोभिडको कारणले २०७६।१२।११ बाट लकडाउन भई विद्यालय बन्द रहेको अवस्थामा सबैला नगरपालिका, धनुषाले रु.१ करोड १३ लाख, सिराहा नगरपालिका, सिराहाले रु.१ करोड ३८ लाख, फतुवा नगरपालिका, रौतहटले रु.९७ लाख, गरुडा नगरपालिका, रौतहटले रु.७७ लाख, गणेशनाथ चारनाथ नगरपालिका, धनुषाले रु.८१ लाख समेत २८ नगरपालिकाले २०७७ वैशाख, जेष्ठ र आषाढ महिनामा वास्तविकता यकिन नगरी दोस्रो र तेस्रो चौमासिकको पुरै दिवा खाजा रु.१४ करोड २१ लाख ६८ हजार ५८२ विद्यालयलाई निकासा गरेका छन्। दुर्गा भगवती गाउँपालिका, रौतहटले रु.१ करोड २१ लाख ७१ हजार, यमुनामाई गाउँपालिका, रौतहटले रु.७४ लाख ९९ हजार, छिन्नमस्ता गाउँपालिका, सप्तरीले रु.५९ लाख ८६ हजार, जनक नन्दिनी गाउँपालिका धनुषाले रु.५५ लाख ९६ हजार, कौडेना गाउँपालिका सर्लाहीले रु.५४ लाख ७२ हजार समेत १३ गाउँपालिकाले १६६ विद्यालयहरूलाई २०७७ वैशाख, जेष्ठ र आषाढमा दोस्रो र तेस्रो चौमासिकको दिवा खाजाको रु.६ करोड ३ लाख ५६ हजार निकासा गरेको देखिएको छ।विद्यालय बन्द भएको अवस्थामा उक्त अवधिको खाजा रकम यकिन गरी असुल गर्नुपर्दछ।

दिवा खाजा रकम विद्यालयलाई निकासा दिँदा अभिभावकलाई नगदै वितरण गर्ने व्यवस्था नभएको अवस्थामा परोहा नगरपालिका, रौतहटले यो वर्ष अभिभावकलाई नगदै बुझाउने गरी दिवा खाजा वापत रु.१ करोड १७ हजार निकासा अनियमित देखिएको साथै अभिभावकले बुझेको भरपाई प्राप्त गरेको छैन ।

२२३. **लेखापरीक्षण रकम र बेरुजू -** स्थानीय तहको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत तथा स्थानीय तहगत विवरण निम्नानुसार रहेको छः

२२३.१. यो वर्ष ७ प्रदेशका ६९४ स्थानीयतहको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षण अंकको तुलनामा सबै भन्दा बढी बेरुजू प्रदेशमा नं २ मा १०.२७ प्रतिशत र सबै भन्दा कम गण्डकी प्रदेशमा २.७८ प्रतिशत बेरुजू रहेको छ ।

(रु.लाखमा)

प्रदेश नं.	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेस्की समेत बेरुजू रकम	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	१३३	१६१४१८०	५१२४८	६५२६	३.१७	२.७७
२	१३१	१४०४९१४	१४४३४२	२९९३२	१०.२७	८.१४
बाग्मती	९८	१५३९८०६	७३२७५	९४३५	४.७६	४.१५
गण्डकी	८५	९३४६१४	२५९८४	३७९७	२.७८	२.३७
लुम्बिनी	९५	११६३६०९	३७६६१	४६४०	३.२४	२.८४
कर्णाली	७३	६५३७६०	३२६९१	५४९३	५.००	४.१७
सुदूरपश्चिम	७९	८२८६६२	३७२१२	१०६७८	४.४९	३.२०

२२३.२. देशभरिका ७५३ स्थानीय तहमध्ये यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६९४ स्थानीय तहको रु.८ खर्ब १३ अर्ब ९५ करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट सब भन्दा बढी बेरुजू महानगरपालिकामा ७.३८ प्रतिशत र सबै भन्दा कम उपमहानगरपालिकामा ४.०४ प्रतिशत बेरुजू देखिएको छ ।

(रकम रु.लाखमा)

स्थानीय	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेस्की समेत बेरुजू रकम	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
महानगरपालिका	६	६२८७५५	४६३८३	४३९७	७.३८	६.६८
उपमहानगरपालिका	११	३७७४०६	१५२३१	२६२३	४.०४	३.३४
नगरपालिका	२६०	३७५९४५४	१८९६५८	४०५६८	५.०४	३.९७
गाउँपालिका	४१७	३३७३९३०	१५११४०	२२९१३	४.४८	३.८०

लेखापरीक्षणबाट रु.४६ अर्ब १२ करोड २१ लाख बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५ अर्ब ८८ करोड ९ लाख फर्स्यौट गरेकोले रु.४० अर्ब २४ करोड १२ लाख फर्स्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५ अर्ब ४४ करोड २९ लाख, नियमित गर्नुपर्ने रु.२७ अर्ब ७४ करोड ८२ लाख र पेस्की रु.७ अर्ब ५ करोड १ लाख बाँकी छ। त्यसैगरी ५ स्थानीय तहको २०७५।७६ को रु.३ अर्ब १० करोड ६१ लाखको लेखापरीक्षणबाट रु.५९ करोड ३४ लाख बेरुजू देखिएको छ ।

गत वर्ष सम्पन्न ७४३ स्थानीय तहको कुल बेरुजू रु.६९ अर्ब ८१ करोड ९ लाख रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रु.८ अर्ब २० करोड ६२ लाख फर्स्यौट भई बाँकी रहेको रु.६१ अर्ब ६० करोड ४७ लाखमा यो वर्ष ६९४ स्थानीय तहको रु.४० अर्ब २४ करोड १२ लाख, ५ स्थानीय तहको बक्यौता लेखापरीक्षणबाट रु.५९ करोड ३४ लाख समेत रु.१ खर्ब २ अर्ब ४३ करोड ९३ लाख अद्यावधिक बेरुजू रहेको छ ।

७. भविष्यमा गर्नुपर्ने सुधार

२२४. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य हासिल गर्नका लागि योजना र कार्यक्रमको तर्जुमा र सोको कार्यान्वयन, समन्वय तथा अनुगमन र मूल्याङ्कन गर्नका लागि संघ र प्रदेशका विषयगत मन्त्रालयमा र सबै स्थानीय तहमा उपयुक्त संरचना र विधिको व्यवस्था गरी सूचकाङ्कका आधारमा लक्ष्यसँग आबद्ध हुनेगरी बजेट कोड दिएर बजेट बिनियोजन गर्नुपर्ने तथा दिगो विकासका लक्ष्य मध्ये मानवीय र सामाजिक पक्ष प्रधान रहेका र आर्थिक वृद्धि गर्ने परिमाणगत लक्ष्यलाई कोभिड-१९ महामारीले असर पारेको हुँदा सोको लागि लगानीका श्रोतको प्रबन्ध गर्न, बढी प्रतिफल प्राप्त हुने रूपान्तरणकारी योजनामा ऋण समेत वैदेशिक सहायताको सदुपयोग गर्न, तीनै तहका सरकारमा अन्तरसम्बन्ध कायम गरी यसको कार्यान्वयनको प्रगतिको मापन र मूल्याङ्कन गर्न माइलस्टोन अनुसार सूचना तथा तथ्यांक उपलब्ध हुने व्यवस्था गर्नुपर्दछ । उक्त लक्ष्य हासिल गर्नको लागि अपुग हुने वित्तीय श्रोत सार्वजनिक र निजी क्षेत्रबाट परिचालन गर्ने एवं राजस्वको आकार वृद्धि गर्ने तथा वैशिक श्रोतको परिचालनबाट पूर्ति गर्नुपर्दछ। लक्ष्यको कार्यान्वयन गर्न संघमा समन्वय समिति र विषयगत समिति गठन गरिएपनि प्रदेश र स्थानीय तहमा संस्थागत संरचना निर्माण गर्नुपर्दछ ।

२२५. **बजेट व्यवस्थापन** - आर्थिक तथा कार्यात्मक वर्गीकरण अनुसारको बजेट अनुमान र सोको यथार्थ कार्यान्वयन अवस्थाको विश्लेषण गरी कार्यान्वयनयोग्य बजेट तर्जुमा गर्ने तर्फ प्रयास गर्नु पर्दछ ।राष्ट्रिय बजेट प्रणाली बाहिर रहने गरी विभिन्न कोष खडा गरी संसदीय निगरानी बेगर खर्च गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ । रकमान्तर गर्दा प्रचलित विनियोजन ऐनले तोकेको सीमाभित्र रहेर गर्ने एवं गैरबजेटरी अर्थ विविध वा अबण्डामा बजेट राखी पछि बाँडफाँट गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । रकमान्तरको सीमा लागू नहुने अनुदान संख्यामा ठूलो रकम विनियोजन गरी सोबाट अन्य अनुदान संख्यामा सार्ने प्रवृतिलाई वान्छनीय सीमा भित्र राख्नु आवश्यक देखिन्छ ।

२२६. **वैदेशिक सहायता** - राष्ट्रको खर्च आवश्यकता र उपलब्ध राष्ट्रिय स्रोतबाट नपुग हुने अवस्थामा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै वैदेशिक सहायता लिने प्रक्रियालाई थप पारदर्शी बनाउदै प्राप्त हुने

वैदेशिकसहायतालाई राष्ट्रिय बजेट प्रणाली र सञ्चितकोष मार्फत परिचालन गर्नु पर्दछ । शर्त सहितको वैदेशिकसहायता स्वीकार नगर्ने नीति अख्तियार गर्नु पर्दछ । विकास साझेदारबाट प्रतिवद्धता अनुसार विकास सहायता प्राप्त गर्न क्रियाशील रही सहायताको उपयोग क्षमता वृद्धि गरिनुपर्दछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु मार्फत् परिचालन हुने वैदेशिक सहायतालाई पारदर्शी र जवाफदेही बनाउन प्रभावकारी अनुगमन संयन्त्रको विकास गर्नुपर्दछ । सहायता व्यवस्थापन सूचना प्रणालीको पूर्ण उपयोग गर्दै गुणस्तरीय तथ्यांकको निर्माण र उपयोगमा ध्यान दिनुपर्दछ ।

२२७. **आयोजना व्यवस्थापन** - लागत-लाभ प्रविधिबाट आयोजनाहरुको विश्लेषण गरी आयोजना बैङ्क तयार गरेर प्रतिफलयुक्त आयोजनामात्र कार्यान्वयन गर्नुपर्दछ। आयोजनाको अनुगमन र मूल्याङ्कन कार्यका लागि आधुनिक विधिहरु प्रयोगमा ल्याउनुपर्दछ । संघ र प्रदेशबाट सञ्चालन हुने आयोजनामा आयोजना व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउनु तथा कार्य सम्पादन करारलाई प्रणालीलाई वृत्ति विकाससँग आवद्ध गर्नुपर्दछ । निश्चित सूचक र मापदण्डको आधारमा राष्ट्रिय गौरवका आयोजना घोषणा गर्ने तथा तोकिएको समय र लागतमा दक्षतापूर्वक आयोजना कार्यान्वयन गर्नुपर्दछ । पूर्व तयारीका कार्य सम्पन्न भएपश्चात मात्र निर्माणका लागि खरिद कारबाही अगाडि बढाउनुपर्दछ । निर्माण स्थलको पर्याप्त अध्ययन बेगर डिजाइन तयार गर्ने प्राविधिक तथा परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ । आयोजना कार्यान्वयनको लागि अन्तर निकाय समन्वय प्रभावकारी हुनुपर्दछ। आयोजना व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गर्न सर्टिफिकेशन कोर्सहरु सञ्चालन गर्नुपर्दछ ।

२२८. **सार्वजनिक खरिद व्यवस्थापन** - उपभोक्ता समितिबाट हुने निर्माण कार्यलाई निर्देशिका तयार गरी व्यवस्थित गर्नुपर्दछ । निर्माण व्यवसायीको क्षमता मूल्याङ्कन गरी खरिद सम्झौता गर्ने व्यवस्था गर्नुपर्दछ। निर्माणका नर्म्समा समयानुकूल सुधार एवं संशोधन गर्नुपर्दछ । सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद प्रणालीको चरणहरू र कार्यप्रक्रिया व्यवस्थित गर्न निर्देशिका जारी गरी अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ। सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेका बोलपत्र सम्बन्धी कागजातहरु प्रदेश र स्थानीय तहलगायतका निकायले समेत कार्यान्वयन गर्नुपर्दछ । निर्माण व्यवसायीलाई कार्यप्रति जिम्मेवार बनाउन खरिद सम्झौताअनुसार कार्य नगर्ने सयुंक्त उपक्रमका सबै साझेदार निर्माण व्यवसायीलाई कसुर अनुसारको अवधिसम्मको लागि कालोसूचीमा राख्ने व्यवस्था गर्नुपर्दछ। सार्वजनिक खरिद ऐन, नियमावली अनुकू नहुने गरि खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्राटुक्रा पारी सीमित प्रतिस्पर्धा तथा प्रतिस्पर्धा नगराई खरिद गर्ने, विशेष परिस्थिति उल्लेख गरी वा विदेशी सरकार वा सरकारको स्वामित्वमा स्थापित निकायमार्फत सोझै खरिद गर्ने परिपाटीलाई नियन्त्रण गरिनुपर्दछ ।सबै सरकारी कार्यालयमा विद्युतीय प्रणालीबाट बोलपत्र पेसगर्ने व्यवस्था अनिवार्यरुपमा लागू गर्ने र दातृ निकाय तथा राष्ट्रबाट गरिने खरिदमा समेत विद्युतिय खरिद प्रणाली प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२२९. **खर्च व्यवस्थापन** - चालू खर्च राजस्वको सीमाभित्र राख्ने र खर्चलाई प्रतिफलसँग आवद्ध गर्ने गरी व्यवस्थापन गर्नुपर्दछ । मन्त्रालय तथा विभागबाट हुनसक्ने कार्यका लागि पनि गठित कोष, परिषद, आयोग, बोर्डहरू औचित्य र सान्दर्भिकताको आधारमा त्यस्ता निकायहरू खारेज गर्ने, दोहोरोपन आउने देखिएमा गाभ्ने कार्य गर्नुपर्दछ । संघ, प्रदेश र स्थानीय तहवीच कार्यक्रम, विनियोजन र खर्चमा भएको दोहोरोपनालाई नियन्त्रण गर्नुपर्दछ । सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शनलाई परिमार्जन गरी कडाइका साथ लागू गर्नुपर्दछ । राजनैतिक नियुक्ति पाएका व्यक्तिहरूलाई दिइने सुविधा निजी सचिवालयमा दिइने कर्मचारीको संख्या, तह, सुविधा जस्ता विषयहरूमा पनि स्पष्ट मापदण्ड बनाउनु पर्दछ ।महँगो सवारी साधन खरिद गर्ने, सरकारी सवारी साधनहरु रातो प्लेटमा राख्ने र मर्मत गरी प्रयोग गर्न सकिने सवारी साधन मर्मत नगरी नयाँ खरिद गर्ने व्यवस्था अन्त्य हुनुपर्दछ ।योगदानमा आधारित निवृत्तिभरण प्रणाली, सरकारी कोषबाट तलब खर्च व्यहोर्ने विद्यालय र विश्व विद्यालयका शिक्षकहरू तथा स्थानीय तहका कर्मचारीहरुको लागि समेत लागू गर्नुपर्दछ ।

२३०. **अनुदान एवं सहायता** - संघ, प्रदेश र स्थानीय तहका बहुनिकाय मार्फत् अनुदान र आर्थिक सहायता वितरणको स्पष्ट कार्यक्षेत्र निर्धारण गरी अनुदान र आर्थिक सहायतासम्बन्धी ऐन तर्जुमा गरी लागू गर्नुपर्दछ ।नेपाल सरकारबाट आर्थिक सहायता वितरणमा वस्तुनिष्ठ मापदण्ड तयार गर्नुपर्दछ । उपभोगमा अनुदान र आर्थिक सहायता दिने परिपाटी अन्य गरिनुपर्दछ । संघ, प्रदेश र स्थानीय तहबाट समान प्रकृतिको अनुदान प्रदान गर्ने व्यवस्थामा पुनरावलोकन गरिनुपर्दछ ।अनुदानको लाभग्राही छनौटको स्पष्ट आधार निर्धारण गरी पारदर्शी तबरले छनौट गरिनुपर्दछ । लाभग्राहीको लागत सहभागिता नहुने गरी अनुदान दिने परिपाटी अन्त्य गरिनुपर्दछ। उत्पादन एवं नतिजामा आधारित अनुदान प्रदान गर्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

२३१. **राजश्व प्रशासनमा सुधार** - आर्थिक ऐन, विशेष ऐन, नियम, आदेश, अनुदान सहायता सम्झौता लगायतले राजश्व छुट दिएकोमा पारदर्शिता प्रवर्द्धन एंव सदुपयोग भएको सुनिश्चित गर्न प्रभावकारी अनुगमन गर्नुपर्दछ। गैरकर राजस्वको योगदान दरहरुलाई समयानुकूल पुनरावलोकन गर्नुपर्दछ । सबै कानुनी उपाय अवलम्बन गरी समयमा नै राजस्व वक्यौता असुली गर्नुपर्दछ । भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन अन्तर्देशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदानप्रदान गर्ने एवं भन्सार दरबन्दी व्याख्यालाई थप स्पष्ट गर्नुपर्ने देखिएको छ । एकीकृत कर संहिता तर्जुमा तथा कार्यान्वयन गर्नुपर्दछ । सामाजिक सञ्जाल, सोसियल मिडिया, भर्चुअल मिटिङ्ग प्लेटफर्म, अनलाईन व्यवसाय लगायत भौगोलिक सीमा विहीन स्वरुपले हुने विद्युतीय कारोबारमा नेपालको कराधार संरक्षण गर्दै नेपालबाट उत्पत्ति भएको कारोबारमा कर लिन कानुनी व्यवस्था मिलाउनु पर्दछ । कानुनी रुपमा नै कर लेखापरीक्षकले न्यूनतमरुपमा परीक्षण गरी प्रमाणित गर्नुपर्ने विषय निर्धारण गरी पेशागत दायित्व पालना नगर्ने कर लेखापरीक्षकलाई जिम्मेवार बनाई कारबाही गर्ने व्यवस्था हुनुपर्दछ । कर विवरणको नियमित अनुगमन गरी जोखिम पत्ता लगाउन कर परीक्षणमा कृत्रिम बौद्धिकताको प्रयोग गर्नुपर्दछ । कार्यान्वयनमा ल्याइएको केन्द्रीय बीजक अनुगमन प्रणाली साथै बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।आयात तथा आन्तरिक बजारमा हुने न्यून बिजकीकरण न्यूनीकरण गर्न आन्तरिक राजस्व विभाग, भन्सार विभाग तथा राजस्व अनुसन्धान विभागको एकीकृत अनुगमन संयन्त्रको विकास गर्नुपर्ने देखिन्छ ।

२३२. **सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग** - सार्वजनिक सम्पत्ति सूचना प्रणालीमा सबै सम्पत्तिको अभिलेख प्रविष्टि गर्नुपर्दछ । सरकारी जग्गा तथा वन क्षेत्रको लिज, उपयोग, भोगाधिकार दिने तथा खानी उत्खनन् लगायत प्राकृतिक स्रोत साधनको उपयोगलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने ढङ्गले व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ ।सरकारी, सार्वजनिक र गुठी जग्गाको अतिक्रमण हटाई त्यसको संरक्षण गर्नुपर्दछ । खारेज भएका वा चालु अवस्थामा नरहेका सार्वजनिक संस्थानको मेशिनरी औजार, जग्गा, भवन, तथा अन्य उपकरणहरुको सम्बन्धित निकायबाट लगत लिई सम्पत्ति व्यवस्थापन गरिनुपर्दछ ।

२३३. **संस्थान व्यवस्थापन** - नेपाल सरकारले शेयर लगानी गर्दा संस्थाको जारी पुँजी अनुसार नेपाल सरकारको हिस्सामा लगानी गर्ने र सो अनुसार शेयर संरचना कायम नभएको संस्थाहरुको हकमा छानबिन गरी कारबाही गर्नु पर्दछ। सार्वजनिक संस्थानले प्रदान गर्ने सेवा, प्रतिष्पर्धात्मक क्षमता, सञ्चालन लागत एवं संस्थानको सान्दर्भिकता विश्लेषण गरी हाल सञ्चालनमा रहेका संस्थानलाई खारेज गर्ने, मर्ज गर्ने, सञ्चालनको प्रारुप परिवर्तन गर्ने लगायतका विकल्पबारे सोच्नु पर्दछ नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारीको संख्या उपयुक्त आकारमा राख्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ। सार्वजनिक संस्थानमा आर्थिक अनुशासन कायम गर्न लेखाप्रणालीलाई वैज्ञानिक, पारदर्शी र अन्तर्राष्ट्रिय लेखामान अनुरुप बनाउन सबै संस्थानमा पूर्ण रुपमा नेपाल वित्तीय प्रतिवेदन मानहरु कार्यान्वयन गरिनुपर्दछ । निजीकरण गरिएका संस्थानको सम्झौतामा उल्लिखित प्रावधान कार्यान्वयन भए नभएको विषयमा सम्वन्धित निकायवाट अनिवार्य रुपमा वर्षको एकपटक अनुगमन गर्नुपर्दछ ।

२३४. **सेवा प्रवाह सुदृढीकरण** - सेवा प्रवाहलाई सहज, सरल, छरितो, गुणस्तरीय र सर्व सुलभ सेवा प्रवाहका लागि सार्वजनिक निकायहरुको सेवालाई विद्युतीय तथा मोबाईल गभर्नेन्ससँग आबद्ध गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्दछ ।सार्वजनिक सुनुवाइ र सेवाग्राही सेवा सन्तुष्टि सर्वेक्षण गरी प्राप्त सुझावहरू लागू गर्ने संस्थागत व्यवस्था गर्नुपर्दछ । सेवा प्रवाह सुदृढिकरण गर्न सार्वजनिक सेवाको गुणस्तर मापदण्ड निर्धारण गरी लागू गर्नुपर्दछ ।संघ, प्रदेश र स्थानीय तह तथा अन्य सार्वजनिक निकायले गर्नुपर्ने सेवाप्रवाह र उक्त सेवा प्रवाह गर्न सक्ने क्षमता समेतको स्थिति विश्लेषण गरी दोहोरोपन नहुने गरी आवश्यक जनशक्ति तथा स्रोत साधनको व्यवस्थापन गर्नुपर्दछ । संघ, प्रदेश र स्थानीय तहमा निजी तथा सार्वजनिक स्वास्थ्य सेवा प्रवाहको सञ्चालन मापदण्ड र शुल्ककको निर्धारण गरी अधिकार क्षेत्र अनुसार नियमित अनुगमन तथा नियमन गर्नुपर्दछ । सेवाग्राहीको बढी चाप रहने कार्यालयले प्रदान गर्ने सेवामा सेवाप्रवाह गर्ने कार्यविधि र प्रक्रियामा सरलीकरण गरी सूचना प्रविधि प्रणाली प्रयोग गरी फेसलेस सेबा प्रवाहको अबधारणा कार्यान्वयन गर्नुपर्दछ ।

२३५. **महामारी व्यवस्थापन** - महामारीको यथार्थपरक ढंगले जोखिम आंकलन गरी समयमा नै पूर्व तयारीका कार्यहरु गरिनुपर्दछ । कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि अपनाउनु पर्ने सावधानी तथा सतर्कताको लागि सूचना प्रवाहलाई प्रभावकारी वनाउनुपर्दछ । मानवीय जीवनलाई नै प्रधानता दिई सबैलाई खोपको समन्यायिक व्यवस्थापन गरिनुपर्दछ । सीमा नाकाहरुमा निगरानी राखी कोभिड परीक्षण,क्वारेन्टिन तथा आईसोलेसनको कार्यलाई प्रभावकारी वनाउईनुपर्छ । विपद् व्यवस्थापन गर्न संघ, प्रदेश तथा स्थानीय तहबीचको सहकार्यमा अभिवृद्धि गर्नुपर्दछ । कोभिड अस्पतालमा पर्याप्त पूर्वाधार र जनशक्तिको व्यवस्था मिलाउनुपर्छ । ल्याव परीक्षणको क्षमता एबं गुणस्तरमा अभिवृद्धि गर्नुपर्दछ । विशेष परिस्थितिमा खरिद कार्य गर्न छुट्टै कार्यविधि तयार गर्नुपर्दछ । विपद्को राहत उद्धार पुनर्स्थापन तथा पुननिर्माण प्रयोजनको लागि सहायता परिचालन गर्न एकद्धार नीति अवलम्बन गर्नुपर्दछ ।

२३६. **सूचना प्रविधिको उपयोग** - सार्वजनिक सेवाहरुलाई सर्वसुलभ, भरपर्दो, विश्वसनीय र कम खर्चिलो बनाउन उपलब्ध सफ्टवेयरको पूर्णरुपमा उपयोग गर्नुपर्दछ । विभिन्न सरकारी निकायबाट विकास गरिएका सबै सफ्टवेयर, लाईसेन्स सफ्टवेयर, मोबाइल एप्सको अनिवार्य रुपमा सरकारले तोकेको निकायमा दर्ता गरेर मात्र सञ्चालन गर्न पाउने गरी कानुनी व्यवस्था मिलाउनु पर्दछ ।विद्युतीय र डिजिटल कारोबार सञ्चालनलाई व्यवस्थित र विश्वसनीय बनाउन उपयुक्त कानुनी व्यवस्थाको तर्जुमाका साथै विद्युतीय हस्ताक्षर सम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । सरकारी एकीकृत डाटा सेन्टरलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप विकास गरी सबै सरकारी निकायले प्रयोग गर्ने अनिवार्य ब्यवस्था मिलाउनुपर्दछ ।

२३७. **लेखाङ्कन तथा प्रतिवेदन** - सबै तहका सरकारी निकायले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) को आधारमा वित्तीय विवरण तयार गर्नु पर्दछ । नेपाल सरकारको नगदमा आधारित लेखा प्रणालीलाई सुधार गरी प्रोदभावी आधारको लेखा प्रणालीमा रुपान्तरण गर्ने तर्फ आवश्यक पहल गर्नुपर्दछ । कम्प्युटरमा आधारित एकीकृत सरकारी लेखाप्रणाली (सिग्यास) लाई पूर्ण कार्यान्वयनमा कागजरहित लेखाप्रणालीको शुरुवात गरिनुपर्दछ । महालेखा नियन्त्रककार्यालय लगायतका निकायले वित्तीय विवरण प्रकाशन गर्दा महालेखापरीक्षकको राय सहितको लेखापरीक्षण प्रतिवेदन र प्रमाणित वित्तीय विवरणहरु संलग्न गरी प्रकाशन गर्ने व्यवस्था गर्नुपर्दछ । वित्तीय हस्तान्तरण अन्तर्गत अनुदान निकासा दोहोरो लेखाङ्कन नहुने गरी उपयुक्त विकल्प प्रयोगमा ल्याउनुपर्दछ । साथै बोर्ड, समिति लगायतलाई दिएको चालु प्रकृतिको अनुदानबाट पुँजीगत प्रकृतिको खर्च हुने र पुँजीगत प्रकृतिको अनुदानबाट चालुप्रकृतिको खर्च अबस्थालाई निराकरण गर्न समायोजनको व्यवस्था गरिनुपर्दछ ।

२३८. **आन्तरिक नियन्त्रण/लेखापरीक्षण** - आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा व्यवस्थापकीय तथा सञ्चालनगत जिम्मेवारीबाट स्वतन्त्र राख्न कानुनी र संरचनागत सुधार गर्नु पर्दछ। आन्तरिक लेखापरीक्षण कार्य कारोबारगत लेखाको जांचमा मात्र सिमित नरही निकायको जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली र शासकीय प्रवन्धका विषयहरुको मूल्यांकन समेत गर्ने

गरी सुधार गर्नुपर्दछ । स्थानीय तह लगायत विश्वविद्यालय, समिति, बोर्ड, संगठित संस्था लगायत सार्वजनिक संस्थामा प्रभावकारी आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्नुपर्दछ । आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्दै अन्तिम लेखापरीक्षण र आन्तरिक लेखापरीक्षणको बीचको समन्वय बढाउनु पर्दछ । सबै तहका सार्वजनिक निकाय र संगठित संस्थाहरुले आन्तरिक नियन्त्रण प्रणालीको विकास गर्नुपर्दछ । सबै तहका सार्वजनिक जवाफदेहीको पदमा बहाल पदाधिकारीहरुका लागि आचारसंहिता जारी गरी सोको कडाइका साथ परिपालना एवं अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ । कानुनी वा अन्य तरिकावाट तोकिएको जिम्मेवारी र जवाफदेहिता पालनालाई सवल बनाउन दण्ड तथा पुरस्कार गर्ने प्रणाली विकास गर्नुपर्दछ ।

२३९. **अन्तिम लेखापरीक्षण** - लेखापरीक्षण प्रक्रिया डिजिटलाइज्ड गरी कागजरहित लेखापरीक्षणको अवधारणा कार्यान्वयन गर्नुपर्दछ । साथै सम्बन्धित निकायको सुचना प्रविधिमा पहुँच स्थापना गरेर दूर लेखापरीक्षण (रिमोट अडिट) गर्नुपर्दछ । जोखिममा आधारित लेखापरीक्षणको अवधारणाको प्रभावकारी कार्यान्वयन गर्ने, कार्यमूलक लेखापरीक्षणको दायरा विस्तार गर्ने र परिपालनाको बेग्लै लेखापरीक्षण गरी प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुपर्दछ । लेखापरीक्षणमा पेशागत विशेषज्ञहरुको संलग्नता बढाउने तथा निर्माण कार्य लगायतका अन्य प्राविधिक कार्यको गुणस्तर जाँच गर्न कार्यालयको आफ्नै ल्याबको व्यवस्था गर्ने तर्फ विचार गर्नुपर्ने अवस्था छ। यसका लागि लेखापरीक्षण अभिलेखालय तथा उत्कृष्टता केन्द्रको स्थापना लगायतको भौतिक पूर्वाधारको व्यवस्था मिलाउनु पर्दछ । विद्यमान सङ्घीय संरचना अनुरुप प्रदेश तहसम्म कार्यालयको भौगोलिक उपस्थितिको लागि कार्यालयको विद्यमान सांगठनिक संरचना विस्तार गर्नुपर्ने देखिन्छ ।

महालेखापरीक्षकबाट **पेस** हुने वार्षिक प्रतिवेदन सबै तहको सम्वन्धित व्यवस्थापकीय अंगमा **पेस** गर्ने र समयमानै छलफल हुने व्यवस्था गर्नु पर्दछ । सार्वजनिक लेखा समिति तथा अन्य अंगले गरेका निर्णय तथा निर्देशनको डिजिटलाईज्ड अभिलेख तयार गर्नुपर्दछ । लेखापरीक्षण मानदण्ड, निर्देशिकाको आधारमा लेखापरीक्षण गर्दा पहिचान हुन नसकेका त्रुटि वा कमजोरीका विषयमा लेखापरीक्षण ऐन, २०७५ को दफा १४ बमोजिम समकक्षी पुनरावलोकन बाहेक लेखापरीक्षणको पुनरावलोकन गर्न नसिकने व्यवस्थावारे आम सरोकारवालालाई जानकारी गराउने लगायतका विषयमा आवश्यक समन्वय गर्नु पर्ने अवस्था छ । लेखापरीक्षणको विश्वसनीयता तथा प्रभावकारिता अभिवृद्धि गर्न नागरिक तथा नागरिक समाजका संस्थाहरुसंग सहकार्य गर्नुपर्दछ । बेरुजू हुन नदिने र भएमा पनि तोकिएको समयमा फर्स्यौट गरी आर्थिक अनुशासन कायम गर्न सहयोग गर्नु पर्दछ ।

२४०. **वित्तीय सङ्घीयता कार्यान्वयन** - सङ्घीयताको मर्म अनुरुप संघ प्रदेश र स्थानीयतहबाट विकास निर्माण श्रोत परिचालन र सेवा प्रवाह गर्न संविधानको अनुसूचीमा उल्लेख भएका संघ प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूची अनुसारका कानून सङ्घीय कानूनको विपरीत नहुने गरी निर्माण गर्ने, संघ प्रदेश तथा स्थानीय तहबाट आयोजना कार्यक्रम कार्यान्वयन गर्दा एकले अर्कोको क्षेत्राधिकारमा पर्ने आयोजना कार्यान्वयन नगर्ने व्यवस्था मिलाउनु पर्दछ । साझा अधिकार अन्तरगत सङ्कलन भएको राजस्व विभाज्य कोषमा दाखिला गरी बाँडफाँट गर्नुपर्दछ । अन्तर प्रदेशमा सञ्चालन हुने सडक, विद्युतीय प्रशारण लाईन, सिंचाई जस्ता परियोजना सञ्चालन गर्दा तीनवटै तहवीच समन्वय गरिनुपर्दछ । सुविधा, आर्थिक सहायता वितरण, सवारी साधन खरिदको लागि राष्ट्रियरुपमा नै मापदण्ड तोकी खर्च नियन्त्रण एवं एकरुपता कायम गर्ने स्वयंले निर्णय गरी अतिरिक्त सुविधा नदिने गरी सेवा सुविधामा एकरुपता ल्याउन संघले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ।

२४१. **प्रदेशतहको वित्तीय व्यवस्थापन** - सबै प्रदेशले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्ने, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गर्ने खर्चमा मितव्ययिता कायम गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गर्नुपर्दछ । परियोजना बैङ्क तयार गरी पुँजीगत खर्चलाई उपलब्धिमूलक बनाई विकास निर्माण तथा सेवा प्रवाहको अनुगमनका लागि प्रभावकारी अनुगमन संयन्त्रको विकास गर्नुपर्दछ । संगठन संरचना र कर्मचारी व्यवस्थापनमा पुनरावलोकन गरी एकीकृत कार्यालयको अवधारणा अनुसार कार्यालय स्थापना गरी कार्यसम्पादन

गर्नुपर्दछ । एक भन्दा बढी प्रदेशको साझा आर्थिक सरोकार, चासो एवं स्रोत उपयोग लगायतका विषयमा पारस्पारिक लाभ हासिल गर्न अन्तर प्रदेश सहकार्य र समन्वय हुनुपर्दछ ।

२४२. **स्थानीय तहको वित्तीय व्यवस्थापन** - स्थानीय तहमा स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गर्ने, दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी योजना छनौट तथा बजेट निर्माण प्रक्रियालाई वैज्ञानिक र प्रभावकारी बनाउने, बजेट पारित गरेपनि आफ्नै तवरले खर्च गर्ने र पछि अनुमोदन गर्ने क्रियाकलाप नियन्त्रण गर्नुपर्दछ। स्थानीय तहले उपभोक्ता समितिबाट भएको कार्य त्यसको गुणस्तर तथा लागत सहभागिता सम्बन्धमा प्रभावकारी अनुगमन, सबै स्थानीयतहले सब-नेशनल ट्रेजरी रेगुलेटरी एप्लिकेशन प्रयोग गर्नुपर्दछ । आन्तरिक आयको तुलनामा प्रशासनिक खर्च अत्याधिक रहेको पदाधिकारी र कर्मचारीका सुविधा सवारी साधन, इन्धन, बैठक भत्ता, अनुगमन लगायतमा हुने बढी खर्च नियन्त्रण गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीबाट सम्पादन भएको कार्य उपर देखिएको बेरुजूका सम्बन्धमा सभाबाट फर्स्यौट गर्दा स्वार्थ बाझिने अवस्था देखिएकाले आवश्यक नीतिगत एवं कानुनी व्यवस्थामा सुधार हुनुपर्दछ ।